# पहिलो परिच्छेद
# शोधपत्रको परिचय

## १.१ शोधशीर्षक

साहित्यकार गुरुङ रामप्रकाश समथिङको ‘याक्सा भित्रका कथाहरू’ कृतिको अध्ययन रहेको छ ।

## १.२ शोधार्थी

बिना अर्याल, स्नातकोत्तर तह दोस्रो वर्ष नेपाली, महेन्द्र रत्न बहुमुखी क्याम्पस इलाम ।

## १.३ शोधपत्रको प्रयोजन

प्रस्तावित शोधकार्य त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत महेन्द्ररत्न बहुमुखी क्याम्पस इलामको स्नातकोत्तर तहको नेपाली विषयको दोस्रो वर्षको दशौं-पत्रको प्रयोजनका लागि प्रस्तुत गरीएको छ ।

## १.४ समस्या कथन

नेपाली साहित्यमा कवि, आख्यानकार, खोज एवं अनुसन्धानकर्ताका रूपमा आफ्नो छुट्टै पहिचान स्थापित गर्न सफल भएका गुरुङ रामप्रकाश समथिङ नेपाली साहित्याका एक कशल साहित्यकार हुन् । उनी नेपाली सहित्यलाई संख्यात्मक र गुणात्मक दृष्टिले  उत्कृष्टता प्रदान गर्न लागिपरेका छन् । नेपाली कथा, कविता र उपन्यास विधामा उनको विशेष रुचि छ । उनका कविता, कथा, उपन्यास, खोज र अनुसन्धानात्मक कृतिहरू सबै उत्कृष्ट छन् । त्यस कारण उनको जीवनी, ब्यक्तित्व र कृतित्व तथा उनको ‘मान्छेको पिडा’ कथा संग्रहको अध्ययन तथा विश्लेषण गरी दुई वटा शोधकार्य भैसकेको छ । तर पनि उनको ‘याक्सा भित्रका कथाहरू’ कथा संग्रहको छुट्टै अध्ययन भएको पाइदैन । त्यसैले समथिङको ‘याक्सा भित्रका कथाहरू’ कथा संग्रहको अध्ययन र विश्लेषण गर्नु यस शोधकार्यको मुख्य समस्या हो । प्रस्तुत शोधकार्य सम्बद्ध समस्याहरू निम्नलिखित छन् । ती समस्याहरूलाई प्रश्नात्मक रूपमा तल प्रस्तुत गरीएको छ ।

क. गुरुङ रामप्रकाश समथिङको साहित्यिक यात्रा तथा चरणगत प्रवृति के-कस्तो रहेको छ?

ख. ‘याक्सा भित्रका कथाहरू’ कृतिको तत्वगत आधारमा संरचनापक्ष के कस्तो रहेको छ ?

ग.  गुरुङ रामप्रकाश समथिङले नेपाली साहित्य क्षेत्रमा के कस्तो योगदान प्रदान गरेका  छन् ?

घ. ‘याक्सा भित्रका कथाहरू’ कथा संग्रह भित्रका कथाहरूले सामाजिक परिवर्तनका निम्ति के कस्तो भूमिका खेलेका छन् ?

## १.५ शोधकार्यको उद्देश्य

शोधकार्यको क्रममा देखिएका प्रश्नहरूको उत्तर खोज्नु नै शोधकार्यको मुख्य उद्देश्य रहेको छ । त्यसकारण प्रस्तुत शोधकार्यको समस्याहरूलाई ब्यवस्थित एवं वैज्ञानिक ढङ्गले व्याख्या, विश्लेषण र समाधान गर्नको निमित्त निम्न लिखित उद्देश्यहरू राखिएका छन् ।

क. गुरुङ रामप्रकाश समथिङको साहित्यिक यात्रा र त्यसका चरणगत प्रवृत्तिहरूको अध्ययन गर्नु,
ख. 'याक्सा भित्रका कथाहरू' कथा संग्रहको तत्वगत आधारमा संरचना पक्षको विश्लेषण गर्नु,
ग. गुरुङ रामप्रकाश समथिङले नेपाली साहित्यको क्षेत्रमा पुर्याएका योगदानहरूको अध्ययन गर्नु,
घ. 'याक्सा भित्रका कथाहरू' कृति भित्रका कथाहरूले सामाजिक परिवर्तनका निम्ति खेलेका भूमिकाहरू औल्याउनु ।

**१.६ पूर्वकार्यको समीक्षा**

नेपालको पूर्वीक्षेत्र साविक मेची अञ्चल पाँचथर जिल्ला नांगिन गा.वि.स वडा नं २ हालको फिदिम नगरपालिका वडा नं १२ मा वि.सं २०२८ सालमा जन्मिएका समथिङले पाँचथरकै विभिन्न स्कूल तथा क्याम्पसमा स्नातक सम्मको शिक्षा हासिल गरे । परिवारको कमजोर आर्थिक अवस्थाका कारण त्यहाँ भन्दा माथि आफ्नो अध्ययनलाई निरन्तरता दिन सकेनन् । साहित्यमा बाल्यकालदेखिनै रुचि राख्ने समथिङले नेपाली साहित्यलाई आफ्नो अमूल्य कृतिहरूले सुशोभित गरेका छन् । त्यसमा पनि समथिङका कथाहरूले उच्चतम मुल्य बोकेका छन् । समथिङका मान्छेको पिडा कथा संग्रहको विषयलाई लिएर स्नातकोत्तर तहका एकजना बिद्यार्थीले अध्ययन तथा विश्लेषण गरीसकेका छन् । अन्य विश्लेषणहरू केवल परिचयात्मक रूपमा मात्र भएको पाइन्छ । यसै क्रममा समथिङका कथाका बारेमा भएका चिनारी, भुमिका र कृति विश्लेषणका केहि पूर्वकार्यहरूको तल चर्चा गरीएको छ ।

क. डुलुराज बस्नेतले 'पाँचथर शिक्षा दर्पण' (२०६६) मा "पाँचथर जिल्लामा रहेर आफूलाई विभिन्न साहित्यिक लेखरचनाहरू मार्फत चिनाउन सफल रहेका र उनका साहित्यिक कृतिहरूले समाजलाई सभ्य तथा सचेत बनाउन प्रयासरत रहेका छन्" भनी समथिङको समाजसुधारको चाहनालाई व्यक्त गरेका छन् ।

ख. पूर्वेली भण्डारी एकराज, बिष्फोटन चौमासिक पत्रिका - वर्ष ३, अंक ६ २०६६०/६७) मा समथिङको 'मेरो मात्रै भनेको त उसको पनि बुढी त उस्तै पो रैछे' भन्ने कविताको विश्लेषण गरेका छन् । उनले "समथिङ सामाजिक विषयवस्तुलाई लिएर कथालेखन कार्य अगाडि बढाइरहेका छन् ।" भनि उनका कथाहरूमा रहेको सामाजिक पक्षलाई केलाएका छन् ।

ग. भवानी तावा, बिष्फोटन चौमासिक साहित्यिक पत्रिका (बर्ष ३, अंक ६ २०६६/६७) मा समथिङको 'जड्याहा लोग्ने र दिनचर्या' मा " उनी एक कुशल साहित्यकार हुन र कथा लेखनमा समेत सकृय रहेका छन" भनी केही समीक्षा गरेको देखिन्छ ।

घ. रेणुकृष्ण अधिकारीले गुरुङ रामप्रकाश समथिङको जीवनी, व्यक्तित्व र कृतित्व नेपाली विभाग, मेची बहुमुखी क्याम्पस भद्रपुरको अप्रकाशित स्नातकोत्तर शोधपत्र २०६८ मा समथिङका नेपाली विषयका साहित्यिक र खोज अनुसन्धानमुलक कृतिहरूको संक्षिप्त परिचय दिएका

छन् । उक्त शोधकार्य साहित्यकारको जीवनी र ब्यक्तित्व सम्बन्धी मात्र भएकाले यहाँ उनको कृतिको शोधकार्य गरीएको छ ।

ङ. लक्ष्मी शेर्मा पापो, बिहानीको किरण त्रैमासिक साहित्यिक पत्रिका -बर्ष १९, अंक ४ २०६८) मा 'समथिङ- कविता संग्रह नियालेर हेर्दा' एक समीक्षात्मक लेख प्रकाशन गरेका छन् । यसमा "उनी विषेशत खोजमूलक लेख्छन् । साथै साहित्यिक सिर्जना पनि अविच्छिन्न रहेको छ । कतिपय लेख रचनाहरू मनोविश्लेषणात्मक पाइन्छ । उनी समाज, समुदाय, राष्ट्र समुन्नत देख्न चाहन्छन्" भनी उनको खोजमूलक कृतिको चर्चा गरेकी छिन् ।

च. नरेन्द्रप्रसाद चम्लागाइले गुरुङ रामप्रकाश समथिङको 'मान्छेको पिडा' कथा संग्रहको अध्ययन तथा विश्लेषण शीर्षकमा नेपाली विभाग म.र.ब. क्याम्पस इलाम स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र (२०६९) तयार पारेका छन् । यसमा उनले समथिङको 'मान्छेको पिडा' कथा संग्रहको विस्तृत अध्ययन तथा विश्लेषण गरेका छन् । यसमा उनले समथिङको उक्त कथा संग्रहको कृतिपरक रूपमा अध्ययन गरेका छन् । समथिङको 'याक्सा भित्रका कथाहरु' कथा संग्रहको अध्ययन तथा विश्लेषण नभएको हुँदा यो शोधकार्यमा समथिङको उक्त कृतिको अध्ययन तथा विश्लेषण गरीएको छ ।

छ. गौरी तमू , तमु संसार त्रैमासिक पत्रिका, (वर्ष १६, अंक ६१, २०७३/७४) मा 'मोफसलमा चम्किरहेका नक्षत्र गुरुङ रामप्रकाश समथिङ' शीर्षकको लेखमा समथिङको साहित्य यात्राको चर्चा गरेकी छिन । "पाँचथरमै रहेर साहित्यको क्षेत्रमा विश्वलाई नै चुनौती दिइरहेका समथिङले वि.सं २०७३ साललाई लेखन बर्ष घोषणा गरी २०७४ सालमा एकै पटक २२ वटा उपन्यास प्रकाशन गरी गिनिज बुक अफ वल्ड रेकर्डमा नाम लेखाउने तयारीमा रहेका छन्" भनेकी छिन् ।

यसरी साहित्य लेखन मार्फत नेपाली साहित्य छेत्रमा योगदान दिएका समथिङका बारेमा बिभिन्न विद्धान तथा समालोचकहरूले परिचयात्मक रूपमा जानकारी गराएका छन् भने उनको 'मान्छेको पिडा' कथा संग्रहको विश्लेषणात्मक अध्ययन पनि भैसकेको छ । तर समथिङको प्रकाशनको दृष्टिले चौबिसौं कृति तथा दोस्रो कथा संग्रह 'याक्सा भित्रका कथाहररु' कथा संग्रहको विस्तृत अध्ययन विश्लेषण र मुल्यांकन भैसकेको देखिदैन । त्यस कारण यस शोधकार्यमा समथिङको 'याक्सा भित्रका कथाहररु' कथा संग्रहको कृतिपरक अध्ययन, विश्लेषण र मूल्यांकन गरीएको छ ।

### १.७ शोधकार्यको औचित्य, महत्व र उपयोगिता

गुरुङ रामप्रकाश समथिङको 'याक्सा भित्रका कथाहरू' कथा संग्रहको हाल सम्म कसैले पनि अध्ययन विशलेषण नगरेको हुनाले समथिङको यस कथा कृतिको अध्ययनमा केन्द्रित भई

'याक्सा भित्रका कथाहरू' कथा संग्रहको वैज्ञानिक एवं ब्यवस्थित रूपमा अध्ययन, विश्लेषण तथा मूल्यांकन यस शोधकार्यमा गरीएको छ । यसले गर्दा आउने पिढीलाई यस कथा संग्रहका बारेमा बस्तुगत एवं प्रामाणिक जानकारी उपलब्ध हुन्छ । प्रस्तुत शोधपत्रको अध्ययन बाट समथिङको 'याक्सा भित्रका कथाहरू' कथा संग्रहका बारेमा जान्न इच्छुक ब्यक्ति तथा संघ संस्थाहरूका लागि व्यवहारिक रूपमा तथ्य प्रस्तुत गरीएकाले अनुसन्धानका क्षेत्रमा यसको महत्व रहेको छ । यसरी नै नेपाली साहित्यको कथालेखनको इतिहास मूल्याङ्कन गर्ने क्रममा यस शोधपत्रले समथिङलाई कथाकारका रूपमा स्थापित गर्न सहयोग पुऱ्याउनेछ । साथै यस शोधपत्रले 'याक्सा भित्रका कथाहरू' कथा संग्रहको चिनारी गराउन ठूलो सहयोग पुऱ्याउनेछ । यी विविध दृष्टिकोणले प्रस्तुत शोधकार्य औचित्यपूर्ण, महत्वपूर्ण र उपयोगी हुनेछ ।

**१.८. प्राक्कल्पना**

कथाकार समथिङले कविता, कथा, समालोचना, उपन्यास र लेख जस्ता क्षेत्रमा सशक्त रूपमा कलम चलाएका छन् । उनले नेपाली साहित्यको सिर्जना र समालोचना दुबै क्षेत्रमा उन्नत कृतिहरू दिएर नेपाली वाङमयलाई विकसित, उर्वर र उन्नत  बनाउन ठूलो योगदान दिएका छन् । नेपाली साहित्यको कथा विधालाई फस्टाउन नेपाली कथा विधामा नयाँ विरुवाको वीजारोपण गर्न र विकसित गराउन सर्जक समथिङका रचनाहरू सार्थक र प्रभावकारी देखिन्छन् । साहित्य साधक समथिङका कथाहरूले नेपालको शैक्षिक, राजनैतिक, सामाजिक, साँस्कृतिक, प्रशासनिक क्षेत्रमा देखिएका विकृति तथा विसंगतिलाई प्रष्ट्याउन सफल भएका देखिन्छन् ।

८.१ 'याक्सा भित्रका कथाहरू' कथा संग्रहमा नेपाली समाजको सामाजिक, आर्थिक र मनोवैज्ञानिक यथार्थवादको प्रयोग गरीएको छ ।

८.२ समथिङ एक सामाजिक यथार्थवाद, मनोबैज्ञानिक, मानवतावाद, नारीवाद, उत्तरआधुनिकतावाद जस्ता प्रवृत्तिलाई निरन्तरता दिने साहित्यकार हुन् ।

बौद्धिक व्यक्तित्वको बौद्धिक प्रदर्शन गरीएको 'याक्सा भित्रका कथाहरू' कथा संग्रहको आधारमा रामप्रकाश समथिङलाई एक सफल कथाकारको रूपमा चिनाइएको छ ।

**१.९ शोधकार्यको सीमाङ्कन**

नेपाली भाषामा प्रकाशित गुरुङ रामप्रकाश समथिङको 'याक्सा भित्रका कथाहरू' कथा संग्रह (२०७३) को कृतिपरक अध्ययन तथा विश्लेषण गरीने छ । साथै यस कथा संग्रह भित्र प्रकाशित कथाहरूको संरचना पक्ष तथा रचना विधानका आधारमा विश्लेषण गरीएको छ ।

**१.९.१ शोधविधि**

यस शोधकार्यलाई  व्यवस्थित रूपमा सम्पन्न गर्नका लागि वर्णनात्मक, व्ख्यानात्मक विधि, खोज तथा अनुसन्धान विधि, तुलनात्मक विधि, विश्लेषणात्मक विधि आदिको प्रयोग गरीने छ ।

### १.९.२ सामग्री संकलन विधि

शोध समस्याको समाधानका लागि शोधार्थीले संकलन गर्ने प्रमाण, बस्तुगत तथ्य, घटनाकार्य आदि संकलित सामग्री नै शोध सामग्री हुन् । शोधसँग सम्बन्धित सामग्रीहरू वैज्ञानिक ढंगले संकलन गर्ने काम नै मुलतः सामग्री संकलन विधि हो । अनुसन्धानका क्रममा संकलन गरीने सामग्रीलाई स्रोतका आधारमा दुई प्रकारका मानिन्छन् ।

**क. प्राथमिक स्रोत**

आफू स्वयम् सम्बन्धित क्षेत्रमा गएर सोभै संकलन गरीएका सामग्री लाई प्राथमिक स्रोतबाट संकलित सामग्री भनिन्छ । प्राथमिक सामग्री नै शोधकार्य को आधार स्तम्भ हुन्छ । यो बढी विश्वसनीय, भरपर्दो र यथार्थमा आधारित हुन्छ । यस्ता सामग्री प्राप्त गर्ने प्रमुख स्रोत सर्वेक्षण, अवलोकन, प्रश्नावली, अन्तवार्ता आदि हुन् ।

**ख. द्वितीय स्रोत**

द्वितीय स्रोतलाई सहायक स्रोत पनि भनिन्छ । यो अत्यन्त महत्वपूर्ण र आवस्यक सामग्री हो । कसैले गरीसकेको कार्य अर्थात पूर्वकार्यको सहारा लिएर प्राप्त गरेको पूर्व कार्यको विवरण वा संघ संस्थाले संकलन गरेका सामग्रीलाई आधार बनाएर संकलन गरीएका सामग्रीलाई द्वितीयक स्रोत बाट संकलित सामग्री भनिन्छ । यस प्रकारका सामग्री पुस्तक, लेख-रचना, शोधपत्र, डायरी, व्यक्तिगत विवरण, व्यक्तिगत पत्र, अप्रकाशित आलेख, अध्ययन प्रतिवेदन, समाचारपत्र आदि बाट संकलन गर्न सकिन्छ (शर्मा, २०६५ : १६) ।

प्रस्तुत शोध कार्य सम्पन्न गर्न पुस्तकालयीय विधि, क्षेत्रीय अनुसन्धान विधि अन्तर्गत सम्बन्धित स्रष्टाका परिवार, इष्टमित्रसँग प्रश्नावली तथा मौखिक अन्तवार्ता र पत्रपत्रिकाको प्रयोग गरीएको छ । त्यसै गरी स्रष्टालाई विशेष रूपमा चिन्ने प्राध्यापक एवं गुरुहरूबाट उनका बारेमा जानकारी लिइएको छ ।

### १.९.३ अध्ययन तथा विश्लेषण विधि

यस शोधकार्य सम्पन्न गर्नका लागि पुस्तकालयीय अध्ययन प्रक्रिया, वर्णनात्मक तथा विश्लेषणात्मक विधि, प्राथभिक तथा द्वितीयक स्रोत सामग्रीहरूको प्रयोग गरीएको छ । विभिन्न अनुसन्धान विधिहरू बाट प्राप्त सामग्रीहरूलाई आवश्यकतानुसार ब्याख्या, विश्लेषण र तुलना गरी प्रस्तुत गरीएको छ । कथाको परिभाषा, सामाजिक तथा मनोवैज्ञानिक पक्षहरू, संरचनापक्ष र तत्वहरूको अध्ययनका लागि पूर्वीय तथा पाश्चात्य समालेचना सिद्धान्तहरूको पनि प्रयोग गरीएको छ ।

### १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनाहरूलाई सुसंगठित र व्यवस्थित रूपमा तयार पार्न निम्न लिखित परिच्छेदहरूमा वर्गीकरण गरी अध्ययन, विश्लेषण गरीएको छ । साथै शोधपत्रको अन्तिम स्वरूप पनि निम्न लिखित परिच्छेदगत रूपमा विभाजन गरी सम्पन्न गरीएको छ ।

पहिलो परिच्छेद :- शोधपत्रको परिचय ।

दोस्रो परिच्छेद :- कथाको सैद्धान्तिक परिचय ।

तेस्रो परिच्छेद :- कथाकारको परिचय, साहित्यिक यात्रा तथा चरणगत प्रवृत्ति ।

चौथो परिच्छेद :- साहित्यकार गुरुङ रामप्रकाश समथिङको 'याक्सा भित्रका कथाहरू' कथा संग्रहको कृतिपरक अध्ययन तथा विश्लेषण ।

पाँचौ परिच्छेद :- उपसंहार तथा निष्कर्ष

### १.११ शोध समयावधि र लागत

| | |
|---|---|
| क. सामग्री संकलन | ३ महिना |
| ख. संकलित सामग्रीलाई सिलसिलेवार लेखन | १ महिना |
| ग. साफी गर्न | १५ दिन |
| घ. टंकण र शुद्धीकरण गर्न | १५ दिन |
| ङ. शुद्धीकरण गरी अन्तिम रूप दिन | १ महिना |

*

# दोस्रो परिच्छेद
# साहित्यकार रामप्रकाश समथिङको परिचय तथा साहित्यिक यात्रा

## २.१ साहित्यकार रामप्रकाश समथिङको परिचय

साहित्यकार रामप्रकाश समथिङको जन्म विक्रम सम्वत २०२६ साल माघ २९ गते बुधबारका दिन आमा स्व.जसमाया गुरुङ र बावु असलबहादुर गुरुङका तेश्रो सन्तानको रूपमा पाँचथर जिल्लाको नांगिन गा.वि.स. वार्ड न. ०२ हाल फिदिम नगरपालिका-१२ जरिङ्गे फूलबारी भन्ने गाउँमा भएको हो (समथिङ, २०६७ : ५) । निजको न्वारानमा पुरेतले जुराई दिएको नाम चेतप्रसाद, पछाडि आमा बावुले राखी दिएको नाम रामबहादुर र लेखनमा लागेपछिको नाम गुरुङ रामप्रकाश समथिङ हो । अत्यन्तै गरीब परिवारमा जन्म लिएका समथिङले आफ्नो जीवनको बाल्य अवस्थामा अत्यन्तै दुःख र कष्ट व्यहोर्नु परेका कुरा उनका प्रकाशित कृति समथिङका वितेका क्षणहरू (संस्मरण) बाट स्पष्ट थाहा पाउन सकिन्छ । समथिङको बाल्य अवस्थामा ठूलो हुँदासम्म पनि बोली नआएको कुरा थाहा हुन आउँछ । उनको लगभग ०८ वर्षको उमेरमा मात्र बोली फूटेको कुरा उनका उक्त प्रकाशित कृतिबाट थाहा पाइन्छ ।

समथिङ लगभग १० वर्षको उमेरदेखि मात्र घर नजिकैको पुलभञ्ज्याङ प्राथमिक विद्यालयमा कक्षा ०१ मा अध्ययन गर्न शुरु गरेको कुरा उनका समथिङका वितेका क्षणहरू ( संस्मरण) कृति मार्फत थाहा हुन्छ । उनले त्यस विद्यालयमा तीन कक्षासम्म अध्ययन गरेका थिए । त्यसपछि उनी कक्षा ०४ मा पढ्नको लागि श्री सिद्धदेवी माध्यमिक विद्यालय नांगिन पिपलबोटेमा नाम लेखाई पढाईलाई अगाडि बढाउन लागेका थिए । (त्यति बेला सानै कक्षादेखि थोरै भएपनि मासिक शुल्क तिर्नु पर्दथ्यो) तर दुर्भाग्यवंश विचरा समथिङले आफना आमा बावुको आर्थिक स्थिति कमजोरीका कारण कक्षा ०४ को मासिक शुल्क र परिक्षा शुल्क बुझाउन नसकेर अर्धबार्षिक परिक्षा दिन नपाई विद्यालयबाट रुदै-रुदै किताब कापी बोकेर घर फिर्नु परेको थियो । त्यस पश्चात उनी केही वर्ष घरमा नै बसेर घरमा पालिएका गाई, गोरु, भैसी र भेडाबाखाहरू चराउने र खेतीको काममा आमा र बावुलाई सघाउँदै आफ्नो दिनचर्याहरू विताउन थाले । उनलाई यति हुँदा पनि पढ्न रहर भने आफ्नो मनबाट हटेको थिएन । त्यसैले केही वर्ष पश्चात उनले फेरि आफ्नो घरमा आमा बावुलाई केबल विद्यालय जाने समय मात्र मागेर विद्यालयमा लाग्ने मासिक शुल्क, किताब, खाता, कलम र पोशाक सबै आफै व्यवस्था गर्ने गरी समय मागे । उनका आमा बावुले पनि ठिकै छ आफै व्यवस्था गरेर पढछ भनेर समय मिलाई दिए । त्यस पश्चात उनले एक चोटी कक्षा चारबाट कक्षा सातमा नाम लेखाई पढन शुरु गरे । त्यो

विद्यालयमा पढाईमा लाग्ने खर्चको लागि उनले विद्यालय विदाको दिनमा गाउँमा खेताला गएर कुखुराको चल्ला मागी त्यसैलाई ठूलो बनाएर बेच्ने र आफ्नो खर्च चलाउने काम गर्न थाले । यसरी कुखुराको चल्ला किन्दै र बेच्दै गर्दा त पछि-पछि उनी यति प्रख्यात भए कि नांगिन गा.वि.स.मा मात्रै होइन छिमेकी गा.वि.स. सिदिनको तालखर्कका मानिसहरूले पनि **कुखुरे साइला** भनेर चिनिन थाले । यसरी उनले आफ्नो विद्यार्थी जीवनमा धेरै ठूलो संघर्ष गरेर आफ्नो पढाईलाई विद्यालय स्तरमा अगाडि बढाउने काम गरेका थिए (समथिङ, २०६७ : ५) ।

साहित्यकार रामप्रकाश समथिङ विभिन्न सामाजिक संघ संस्थाहरूमा आवद्ध भई सामाजिक क्षेत्रमा समेत उत्तिकै संलग्न भएका छन् । उनले बि.सं २०४८ सालमा जिल्ला प्रहरी कार्यालय पाँचथरमा म्यादी प्रहरीमा जागरी खाए । त्यसै गरी वि.स. २०५२ साल भदौदेखि मानव अधिकार चेतना र विकास केन्द्र (हुकोडेक) नेपाल पाँचथरमा कार्यालय सहायक, कार्यक्रम संयोजक, लेखा संयोजक, बरिष्ठ सामाजिक परिचालक, फिल्ड संयोजक, सचिव हुदै कोषाध्यक्ष हालसम्म, द रेयूकाई नेपाल फिदिम उप शाखाको सह-सचिव २०५३, द रेयूकाई नेपाल शान्ति त्रैमासिक पत्रिका काठमाडौको सम्वाददाता-२०५४, नारी विकास संघ पाँचथरको लेखा संयोजक २०५५-२०५७, नेपाल रेडक्रस सोसाइटी पाँचथरको आजिवन सदस्य-२०५५ देखि हालसम्म, मानव अधिकार संयुक्त संरक्षण मञ्च पाँचथर संस्थापक सचिव-२०५५-२०५९, तमू छोंज धि. पाँचथरका सचिव २०५५-२०६५, सगर साहित्यिक त्रैमासिक विरगंजका आजिवन सदस्य २०५६ देखि हालसम्म, नेपाल पत्रकार महासंघ पाँचथर शाखाका सदस्य, कोषाध्यक्ष र दुई पटक केन्द्रिय पार्षद-२०५६-२०६७, बायोनिक इनर्जी प्रा.लि. पाँचथर शाखाका जिल्ला संयोजक २०५८, नेपाल वातावरण पत्रकार समूह पाँचथर शाखाका संस्थापक सचिव-२०५८, मानव अधिकार तथा शान्ति समाज पाँचथर शाखाका संस्थापक सचिव/सल्लाहकार २०५८-२०६१, क्षितिज नाट्य समूह केन्द्रिय समिति, पाँचथरका महासचिव २०५८-२०६०, नेपाल भारत मैत्री संघ पाँचथर शाखाका संस्थापक सचिव/सल्लाहकार-२०६४, पाँचथर सामाजिक सेवा केन्द्र (पासोसेक) नेपाल, पाँचथरका अध्यक्ष- २०६४, कञ्चनजंघा बचत तथा ऋण सहकारी संस्था लि. फिदिम, पाँचथरका सचिव-२०६४ देखि हालसम्म, र पाँचथर सामुदायिक पुस्तकालय फिदिम, पाँचथरका संरक्षक सदस्य-२०६६ देखि हालसम्म, नौलो साहित्यिक विहान प्रतिष्ठानको आजिवन सदस्य- २०६८ र सामुदायिक सेवा केन्द्र पाँचथरको आजिवन सदस्य- २०६९, जेष्ठ नागरीक जिल्ला संघको आजिवन सदस्य र हाल आएर समथिङ फाउण्डेशन नेपालको मुख्य संरक्षक–२०७३ गरी दर्जनौ संघ संस्थामा रही थुप्रै कार्य तथा अनुभवहरू साहित्यकारले बटुलेको देखिन्छ (समथिङ, २०६७ : ७) ।

**२.२ साहित्यकार रामप्रकाश समथिङको व्यक्तित्वको अध्ययन**

कुनै पनि कार्यमा सफलता हासिल गर्न जो कोहीलाई सहज हुँदैन । सबै प्रकारका कार्यमा सबैले सफलता प्राप्त गर्न पनि सकिरहेका हुँदैनन् । कुनैपनि व्यक्तिहरूलाई व्यक्तित्व निर्माणमा पनि सहजता हुँदैन । हरेक व्यक्तिमा रहेको अरुलाई प्रभाव पार्न सक्ने आन्तरिक तथा बाह्य क्षमता वा निजीपनलाई नै व्यक्तित्व भनिन्छ । व्यक्तित्व निर्माणमा बिशेष गरी दुई कुराहरू रहन्छन् । पहिलोः वंश परम्परा र समाजमा मानव घुलमिल हुँदै जाँदा मानिसको व्यक्तित्व बन्दै जान्छ । दोश्रोः परिवारको चालचलन, धर्म-संस्कार संस्कृति आदि तत्वहरूले पनि व्यक्तिमा हिसाबले सम्मान गर्दछन् । उनी अन्याय, अत्याचार, शोषण र दमन गर्नेहरूको चर्को विरोध गर्दछन् । साना, समाजमा हेपिएकाहरूलाई माया तथा स्नेह र उनीहरूलाई सक्दो सहयोग गर्नुपर्दछ भन्ने उनको धारणा छ । सामाजिक अन्याय र अन्धविश्वासमा परेर पिल्सिएकाहरूलाई सहयोग गर्दै पूँजीपतिहरूसँग कहिल्यै नझुक्ने बानी भएका समथिङ समग्रमा समाजका निम्न वर्गप्रति सहानुभूति राख्ने विचार भएका व्यक्तित्व हुन् ।

समथिङ अरुलाई सहजै विश्वास गर्नु आफ्नो कमजोरी पक्ष भएको महसुस गर्दछन् । यसरी अरुलाई सहजै विश्वास गर्दा आफूले जीन्दगीमा ठूलो धोका आएको उनी बताउँछन् । त्यस्तै अल्छे, कुनैपनि काममा मेहनत नगर्ने, आफ्नो काम लगाएर श्रमिकका श्रमको उचित मूल्याङ्कन नगर्ने आम्दानी भन्दा बढी खर्च गर्ने, पढाइलाई ध्यान नदिएर फेसन देखाएर हिंड्ने, आर्थिक कारोबार प्रष्ट नगर्ने, आफूले पाएको जिम्मेवारी पूरा नगर्ने, मादक पदार्थ खाएर जथाभावी बोल्ने अनि गाउँ-घर, छरछिमेक र इष्टमित्रहरलाई दुःख दिने जस्ता कूलत मार्गमा लागेका व्यक्तिहरूलाई समथिङ मन पराउँदैनन । उनको व्यक्तित्वलाई चिनाउनको लागि यहाँ बुदागत रूपमा विश्लेषण गरीएको छ (चम्लागाई, २०७१ : ७) ।

### २.२.१. सामाजिक व्यक्तित्व

साहित्यकार समथिङ सानै उमेरदेखि नै कसैसँग झै-झगडा नगर्ने एकदमै मिलनसार व्यक्ति हुन् । उनले कसैलाई दुःख दिने काम गरेको देखिदैन आफूभन्दा सानालाई सही मार्गदर्शन गर्ने र ठूलाबाट आफूले सही मार्ग दर्शन लिने उनको अत्यन्तै राम्रो बानी भएको देखिन्छ । समाजमा कसैले झै-झगडा गर्दै गरेका भए त्यहाँ गएर मध्यस्थता गर्ने उनको बानी छ । समाजमा भइरहेका अन्याय, अत्यचार, शोषण र दमनहरूको भण्डाफोर गर्न उनी सधैं जागरुक हुन्छन् । यसरी हेर्दा वास्तवमा उनको समाजसेवी व्यक्तित्व पनि एक महत्वपूर्ण व्यक्तित्व देखिन्छ । समाजका असहाय, निम्न बर्गका व्यक्तिहरू, असक्त र महिलाहरूको विशेष सम्मान गर्नुपर्ने कुरामा पनि समथिङ बढी जोड दिन्छन् । दुःखी गरीबजन प्रति सहानुभूति प्रकट गर्ने सामाजिक सद्भावका धनी समथिङ समाजसेवी भावनामा जसरी असाय र असक्तहरूका भावनाहरूलाई शिरोधार्य गर्दै शारीरिक रूपमा सवल सक्षम व्यक्तिहरूले मगन्ते रूप धारण गरेर हिंडेको देखे भने त्यस्ता व्यक्तिहरूलाई कर्मठ पाखुरीको सदुपयोग गर्न र स्वभिमानी नेपाली भएर बाँच्नुपर्ने कुराको सन्देश

दिन्छन् । गरीब, दुःखी र असहायले बगाएको पसिनाको कदर गर्दै उनी त्यस्ता व्यक्तिहरूलाई सम्मान गर्न चाहन्छन् (चम्लागाई, २०७१ : ८) ।

समाजसेवी गुरुङ रामप्रकाश समथिङले पाँचथर जिल्लाको सदरमुकाम फिदिम स्थित गढी मा.वि., फिदिम मा.वि. र पाँचथर बहुमुखी क्याम्पसमा अध्ययनरत लगभग २५ जना दृष्टिविहिन विद्यार्थीहरूलाई २०७१ सालदेखि बार्षीक रूपमा स्कूल कलेजको पोशाक र मासिक फि को हालसम्म व्यवस्थापन गर्दै आएकाछन् । त्यस्तै पाँचथर जिल्लाको सदरमुकाम फिदिममा लामो समयसम्म श्रमिकको रूपमा काम गर्ने जिते नामले चिनिने जितबहादुर तावा अचानक विरामी भएकोले उनलाई हेर्नेसम्म कोही नभएको अवस्थामा उनको जन्म गाउँ नांगिनसम्म पुऱ्याउने काम र उनलाई बस्नेसम्मको उज्यालो (सोलार) बत्ती सहितको घर समेत उनैको नेतृत्वमा बनाइ दिएका थिए ।

कहाँ त्यति मात्रै हो र ? समाजसेवी गुरुङ रामप्रकाश समथिङको नेतृत्वमा पाँचथर जिल्लाको साविक इम्बुङ गाउँ विकास समिति कोलबुङ भन्ने गाउँमा धनमाया तामाङ र हर्कबहादुर तामाङका एकै घरका नौ जना सन्तान मध्ये पाँच जना अपाङ रहेका र उनीहरू आर्थिक अभावका कारण आमा र बावुले अर्काको घरमा गएर काम गरेर ख्वाउनु पर्ने स्थिति रहेको । बस्नलाई सामान्य र साघुरो घर भएकोले उनैको सहयोगमा सोलार र टिभि सहितको घर निर्माण गरीदिए । उनीहरूको जिविकोपार्जनको लागि व्यापारसम्म सञ्चालन गरीदिएका छन् । पाँचथर जिल्लाको सदरमुकाममा कोही कसैलाई साह्रो गाह्रो सहयोग गर्नु पऱ्यो भने गुरुङ रामप्रकाश समथिङलाई खोज्ने गर्दछ ।

गुरुङ रामप्रकाश समथिङ आफ्नो क्षमताले भ्याएसम्म आर्थिक सहयोग गर्ने गर्दछ । मनोरञ्जनमा भन्दा पनि दैवीप्रकोप र पैसा अभावका कारणले पढन नपाएका र उपचार नपाएकाहरूलाई सहयोग गर्ने गर्दछ । आफूले तालिम दिदा होस् या लिदा होस त्यहाँबाट प्राप्त भएको रकमको पाँच प्रतिशत जिल्ला आकस्मिक प्रसुती चक्रकोषमा जम्मा गर्ने गर्दछन् उनी ।

'जन्ती जाँदा निम्तो हुन्छ तर मलामी जानलाई निम्तो हुदैन' त्यसैले मलामी जानलाई चिनीराख्नु पर्दैन । उनी फिदिम बजारमा जो सुकैको मृत्यु भएको होस् मलामी छुटाउने गर्दैनन् । उनको फेसबुक मै मलामी गएको दिन स्टाटस लेख्ने गर्छन 'आज पनि पर्म लाइयो' ।

साहित्यकारमा यो सामाजिक सेवाको भावना विद्यार्थी अवस्थादेखि नै जागरुक हुँदै आइरहेको देखिन्छ । समाजप्रति उत्तरदायित्व बोकेर समाजको उत्थानका लागि सम्भव भएसम्मको सहयोग र सद्भाव राख्नु पर्ने धारणा उनको छ । समाजको उन्नति नै राष्ट्रको उन्नति हो भन्ने भावना पनि साहित्यकारमा रहेको देखिन्छ । सामाजिक सेवा गर्नुपर्छ भन्ने भावना बोकेका समथिङ

उनी कर्ममा विश्वास राख्ने व्यक्ति हुन् । सामाजिक सेवा गर्नुपर्छ भन्ने भावना बोकेका समथिङ सर्वसाधारणका लागि पनि प्रिय व्यक्ति बन्न पुगेका छन् (अधिकारी, २०६६ : १९) ।

### २.२.२. साहित्यिक व्यक्तित्व

साहित्यकार रामप्रकाश समथिङले कविता, कथा, लेख तथा उपन्यास आदि विभिन्न साहित्यिक विधामा कलम चलाएको देखिन्छ । समथिङलाई साहित्यमा कलम चलाउनको लागि कसैको पनि प्रभाव र प्रेरणा मिलेको नभइ आफ्नै रहर र आन्तरिक उत्प्रेरणा बाट उनी यस छेत्रमा लागेको पाइन्छ । उनी जब एस.एल.सी. उर्तीण गरेर उच्च शिक्षा हासिल गर्नको लागि पाँचथर बहुमुखी क्याम्पसमा प्रवेश गरे । त्यतिबेला फिदिमको पुस्तक पसलहरूमा 'रङ्गमञ्च' भन्ने पत्रिका पाइन्थ्यो । उनले त्यो पत्रिका अध्ययन गर्दै जाँदा मुक्तक र कविताहरू पढ्न पाए । त्यही उनलाई प्रेरणाको विषय बन्यो । उनले पनि केही मुक्तक तथा कविता लेखेर प्रकाशन गर्ने विचार गरे । त्यसबेला पाँचथर बहुमुखी क्याम्पसमा 'अनेरास्ववियू' प्रारम्भिक कमिटिले 'विद्यार्थी सन्देश' भन्ने एउटा हस्तलिखित पत्रिका प्रकाशित गर्दथे । साहित्यकार समथिङले वि.स. २०४९ साल श्रावण १५ गते 'विद्यार्थी' नामक गद्य कविता लेखेर उक्त पत्रिकामा प्रकाशित गरी आफ्नो साहित्यिक यात्राको शुभारम्भ गरेका हुन् । तत् पश्चात उनलाई अझै मनोबल बढ्दै गएर अरु-अरु अंकमा 'विद्यार्थी र 'निमुखा नेपाली जनतालाई आज' जस्ता गद्य कविता प्रकाशित गरी आफ्नो साहित्यिक यात्रालाई अघि बढाएका हुन् । त्यस बेला पाँचथर क्याम्पसबाट प्रकाशन गर्ने हस्तलिखित भित्ते पत्रिकाका तीन वर्षसम्म प्रधान सम्पादकको जिम्मेवारी समेत बहन गरेका थिए । पाँचथर बहुमुखी क्याम्पसमा त्यसबेला 'नौलो साहित्यिक विहानी ' पाँचथरले साहित्यिक कार्यक्रम चलाउने गर्दथ्यो । त्यस कार्यक्रममा समथिङले पनि मुक्तक र गद्य कविता सुनाउने गरेको देखिन्छ । उनले वि.स. २०५६ सालमा पाँचथरबाट प्रकाशन हुने 'रोशनी साहित्यिक मासिक पत्रिका' मा 'दारी' शीर्षकको मुक्तक प्रकाशन गरेका थिए (अधिकारी, २०६६ : २१) ।

### २.२.३ कवि व्यक्तित्व

साहित्यकार रामप्रकाश समथिङले लेखेको पहिलो कविता 'विद्यार्थी' गद्य कविता हो । उक्त कविता वि.स. २०४९ साल श्रावण १५ गते पाँचथर बहुमुखी क्याम्पसमा अनेरास्ववियू' प्रारम्भिक कमिटिद्वारा प्रकाशित हस्तलिखित पत्रिका 'विद्यार्थी क्रान्ति' र निमुखा नेपाल जनतालाई आज' भन्ने दुईवटा गद्य कविता प्रकाशन गरेका छन् । यी तीनवटै कविता उनको समथिङ कविता सङ्ग्रहमा सङग्राहित भएको देखिंदैन । पछि गएर समथिङले वि.स. २०६० साल फाल्गुण २० गते 'दियो' त्रैमासिक साहित्यिक पत्रिकामा 'खै त ?' नामक गद्य कविता प्रकाशन गरेर आफ्नो कविता यात्रा अघि बढाएको देखिन्छ । यस्तै गद्य कविताहरूको संगालो 'समथिङ-कविता सङ्ग्रह'-२०६७

उनले कृतिका रूपमा प्रकाशित गरेका छन् । यस कृतिमा जम्मा १० वटा कविताहरू संग्रहित छन् । यो संग्रह उनको साहित्यिकको प्रारम्भिक चरण हो (चम्लागाई, २०७१ : १२) ।

### २.२.४ उपन्यासकार व्यक्तित्व

साहित्यकार गुरुङ रामप्रकाश समथिङले सबै भन्दा बढी कलम चलाएको विधा उपन्यास हो यद्यपि उनको हाल सम्मको साहित्ययात्राको उत्तरार्धमा मात्र यो कुरा थाहा पाउन सकिन्छ । उनले वि.सं २०७४ साल बैशाखमा एकैपटक २२ वटा उपन्यास प्रकाशन गराएका छन् । यसरी हेर्दा समथिङको विशेष रुचिको छेत्र उपन्यास भएको पुष्टि हुन्छ । एकै पटक यति धेरै उपन्यास प्रकाशित गराउनु नयाँ कुरा भएकाले उनी यस विषयलाई लिएर **गिनीज बुक अफ वर्ल्ड रेकर्ड** मा नाम लेखाउने तयारिमा छन् ।

### २.२.५ पत्रकार व्यक्तित्व

साहित्यकार समथिङको साहित्यसँगै पत्रकारिताको क्षेत्रमा पनि योगदान दिएका छन् । उनले पत्रकारिता सम्बन्धी गरेको योगदानको मूल्याङ्कन गर्दै नेपाल पत्रकार महासंघ जिल्ला शाखा पाँचथरले वि.स. २०६७ साल फाल्गुणमा उनलाई कदर-पत्र प्रदान गरी सम्मान गरेको छ भने नेपाल आदिवासी पत्रकार महासंघ पाँचथरले पनि २०६८ साल भदौमा प्रशंसा पत्र सहित सम्मान गरेको छ । उनले पत्रकारिताको क्षेत्रमा २०५६ सालदेखि हालसम्म नेपाल पत्रकार महासंघ जिल्ला शाखा पाँचथरका सदस्य, कोषाध्यक्ष र दुई पटक केन्द्रीय पार्षद, 'द रेयुकाई शान्ति त्रैमासिक पत्रिका' का सम्वाददाता पनि भएका छन् । २०५६ साल देखि 'सगर साहित्यिक त्रैमासिक पत्रिका' पर्साका आजिवन सदस्य समेत बनेका छन् । वि. सं. २०५८ देखि २०५९ सम्म नेपाल वातावरण पत्रकार समूह शाखा पाँचथरका संस्थापक सचिव र सचिव पदमा समेत रहेर काम गरेको देखिन्छ । यसरी पत्रकारिताको क्षेत्रमा समथिङले विभिन्न पदमा रहेर काम गर्दै आएकाले पत्रकारिता सम्बन्धी पनि योगदान रहेको देखिन्छ (चम्लागाई, २०७१ : १३)

## २.३ साहित्यकार रामप्रकाश समथिङको साहित्यिक यात्रा

साहित्यकार रामप्रकाश समथिङ सानै उमेरदेखि नै साहित्यको छेत्रमा सम्लग्न नभइ क्याम्पस तहदेखी मात्र साहित्य यात्रामा अगाडि बढेको पाइन्छ । यसरी हेर्दा "हुने विरुवाको चिल्लो पात" भन्ने प्रख्यात नेपाली उखान उनको जीवनमा लागु भएको पाइदैन । जब उनी एल.एल.सी. उत्तीर्ण गरेर उच्च शिक्षा हाँसिल गर्नका लागि पाँचथर बहुमुखी क्याम्पसमा प्रवेश गरे तब फिदिम बजारका पुस्तक पसलमा पाइने मासिक पत्रिका 'रङ्गमञ्च' अध्ययन गर्न थाले । त्यस पत्रिकाबाट समथिङलाई कुनै न कुनै लेख रचनाहरू लेख्न र प्रकाशन गर्न प्रेरणा मिल्यो । त्यस समयमा पाँचथर बहुमुखी क्याम्पसमा 'अनेरास्ववियू' प्रारम्भिक कमिटीले विद्यार्थी सन्देश' भन्ने हस्त लिखित

पत्रिका प्रकाशन गर्दथ्यो । त्यही पत्रिकाको बर्ष १ अंक १.१५ श्रावण २०४९ मा विद्यार्थी नामक शीर्षकको कविता प्रकाशन गरेर उनले साहित्यिक यात्राको शुभारम्भ गरेका हुन् । लेखनलाइ हेर्ने हो भने वि.सं २०४८ सालमा उनले 'दारी' नामक मुक्तक लेखेर आफ्नो साहित्ययात्राको सुरुवात गरेको थाहा पाइन्छ तर यो मुक्तक वि.सं २०५६ सालमा पाँचथर फिदिमबाट प्रकाशित हुने रोशनी साहित्यिक हवाइ मासिक पत्रिकामा प्रकाशित भएको थियो ।

कोही भन्छन् मेरो बोके दारी

त

कोही भन्छन् मेरो लट्टा दारी

त

कोही भन्छन् झ्याप्से दारी

त

मेरो लागि यही हो गरीखाने बारी

अझ

मेरा मायालुहरूको लागि

त

यही हो रमाउने फूलबारी (चम्लागाई, २०७१ : १५) ।

समथिङको साहित्यिक यात्रालाई चरणगत रूपमा यसरी अध्ययन गर्न सकिन्छ ।

क) प्रथम चरण वि. सं. २०४८ देखि २०६४ सम्म ।

ख) द्बितिय चरणः वि. स. २०६५ देखि २०६९ सम्म ।

ग) तृतिय चरण वि.स. २०७० देखि हाल सम्म ।

**क) प्रथम चरण वि. सं. २०४८ देखि २०६४ सम्म**

साहित्यकार गुरुङ्ग राम प्रकाश समथिङको साहित्य यात्राको सुरुवाती चरणका रूपमा यस समयलाई लिन सकिन्छ । वि. स. २०४८ सालमा सर्वप्रथम 'दारी' शीर्षकको मुक्तक लेखेरे उनले यस कार्यको श्रीगणेश गरेका थिए । त्यस्तै वि. स. २०४९ सालमा पाँचथरबाट प्रकासित हुने विद्यार्थी सन्देश मासिक (हस्तलिखित) पत्रिकामा 'विद्यार्थी' शीर्षकको कविता प्रकाशन गरेका थिए । लेखनको दृष्टिले 'दारी' मुक्तक प्रथम भएता पनि प्रकाशनको दृष्टिले उनको प्रथम कविता 'विद्यार्थी' हो । त्यस पश्चात उनेले सोहि पत्रिकामा क्रमस 'विद्यार्थी क्रान्ति' र 'निमुखा जनतालाई आज' शीर्षकको कविताहरू प्रकाशित गराएको देखिन्छ । त्यस्तै उनका अन्य कविताहरूमा 'खै त ?' (२०६१), 'गरीब हुनु रहर होईन बाध्यता हो' (२०६१) त्यस्तै कथा लेखनका क्षेत्रमामा 'म एच आइ भी संक्रमित हुँ' (२०६४) प्रकाशित गराएका छन् । यो कथा हाल उनको 'मान्छेको पिडा'

कथा सङ्ग्रहमा संङ्ग्रहित छ भने अन्य कविता र मुक्तकहरू फुटकर रूपमै रहेका छन् । यस समय उनको लेखनको सुरुवाती चरण भएका कारण यस समयमा उनी अभ्यासकै अवस्थामा रहेको थाहा पाइन्छ तर आफ्नो लेखनको पृष्ठभुमि भने दर्विलो बनाएका छन् । यस समयका कविताहरूमा उनी अलि बढी क्रान्तिकारी बनेका छन् । उनका कविताहरूमा आलोचनात्मक यथार्थबाद र समाजमा रहेको वर्गीय चिन्तनको झल्को पाइन्छ । त्यस्तै कथामा सामाजिक यथार्थबादी दृष्टिकोण रहेको पाइन्छ ।

**ख) द्वितीय चरण : वि.स.२०६५ देखि २०६९ सम्म**

समथिङका साहित्यिक यात्राको द्वितीय चरण निकै सशक्त र उर्वर देखिन्छ । यस चरणमा उनले थुप्रै फुटकर कविता तथा पुस्तकाकार कृतिहरू प्रकाशित गरेका छन् । प्रथम चरणको पृष्ठभुमि प्रयोग गर्दै यस चरणमा रचना गरीएका फुटकर कविताहरूमा 'रक्सी' (२०६५), 'मेरो मात्रै भनेको त यसको पनि बुढि त उस्तै पो रैछे' (२०६५), 'जड्याहा लोग्ने र मेरो दिन' (२०६५-६६), 'खै के थाहा ? आफ्नो त भविष्यको बुढा कस्तो होला' (२०६६), 'ओहो ? बाच्ने दिन त एक दिन घटिपो सकेछ' (२०६६), 'विदेश त गइयो तर अहिले कर्मलाई दोश दिदै बसेको छु' (२०६७), 'सायद म मरेको दिन' (२०६६) आदि रहेका छन् । यस्तै उनको यस समयमा प्रकाशित कथाहरूमा 'हिजोको धने आजको धन बहादुर सर' (२०६६) र 'जनयुद्ध र रामेको अधुरो सपना' (२०६८) रहेका छन् । यहा उल्लेखित दुई वटा कथाहरू हाल 'मान्छेको पिडा' कथा संङ्ग्रहमा सङ्ग्रहित छन् ।

यस समयमा उनले फुटकर कविता मात्र नभई अन्य कृतिहरू पनि प्रकाशित गरेका छन् । उनका प्रकाशित कृतिहरूमा विशेष गरी लेख, निबन्ध, कविता संङ्ग्रह, संस्मरण, कथा सङ्ग्रह तथा मुक्तक संङ्ग्रह पर्दछन् । यस्ता विविध विधाहरूमा कलम चलाएर उनले आफ्नो लेखनको क्षेत्रलाई फराकिलो पार्दै लगेका छन् । यस समयमा उनले लेख निबन्ध तथा खोजमुलक कृतिहरूको रचना बढी मात्रमा गरेका छन् । राजनीति, शिक्षा, सहकारी चेतना, साहित्य, यौन, सामाजिक परिचालन इत्यादि विषयहरूमा उनले आफ्ना लेखहरू रचना गरेका छन् । जसका अध्ययनबाट समाजमा सकारात्मक सुधार तथा आर्थिक समुन्नतिको कल्पना गर्न सकिन्छ । त्यस्तै उनले पाँचथरमा रहेका आदिवासी जनजाती लोपोन्मुख माझी जाति र दलित जातिका परम्परा संस्कृति, रहनसहन, भाषा र भेषभुषा इत्यादिको खोजी गरी त्यस सम्बन्धमा लेखहरू प्रकाशित गरेका छन् । जसबाट हाम्रा समाजमा रहेका विभिन्न जातिहरूका बारेमा जानकारी प्राप्त गर्न सकिन्छ । त्यस्तै उनको साहित्यक यात्राको द्वितीय चरणमा 'मान्छेको पिडा' (२०६४) नामक कथा संङ्ग्रह पनि प्रकाशित छ । समथिङ सामाजिक यथार्थवादी धारामा रहेर साहित्य सृजना गर्ने श्रष्टा हुन् । सामाजिक विकृति र विसंगतिको प्रस्तुति, जातिय भेदभावको प्रस्तुति, राजनैतिक परिवर्तन र

क्रान्तिचेतना, यौन मनोविश्लेषण, वर्गीय द्वन्द्वको चित्रण इत्यादि उनका यस चरणका प्रवृतिहरू हुन् । उनका यस चरणमा प्रकाशित कृतिहरू यस प्रकार रहेका छन् ।

| क्र.स. | कृति | प्रकाशन साल | पेज | | | मूल्य | प्रति | प्रकाशक |
|---|---|---|---|---|---|---|---|---|
| | | | अगाडि | बीच | जम्मा | | | |
| १ | छ सय एक सभाषद र नेपाल | २०६५ | ११ | २९ | ४० | ५० | ५०० | अनेरास्ववियू पाँचथर |
| २ | पाँचथरका आदिवासी जनजातिहरू | २०६६ | २४ | २२१ | २४५ | ४०० | ५०० | जिविस पाँचथर र जनजाति महासंघ |
| ३ | पाँचथर शिक्षा दर्पण | २०६६ | ४१ | ३३४ | ३७५ | ४०० | १००० | नेपाल राष्ट्रिय शिक्षक संगठन |
| ४ | प्रारम्भिक सहकारी शिक्षा | २०६६ | १२ | १३९ | १५१ | १०० | ६०६ | नवराज, टंक, नरेन्द्र, धनेन्द्र र मणीराज |
| **५** | **लभलेटरको लागि अचार (मुक्तक संग्रह)** | २०६६ | १० | ६८ | ७८ | ५० | ५०५ | गुरुङ तारा, सुदर्शन, प्रदर्शन र नरेश तुम्रोक |
| ६ | **दलित जातीय लेख संग्रह (लेख निबन्ध)** | २०६६ | १० | ७६ | ८६ | १०० | ५०५ | तारा, सुदर्शन, प्रदर्शन र नरेश तुम्रोक |
| ७ | पाँचथरका माझी जाति | २०६६ | १२ | ६६ | ७८ | १०० | ५०० | गुरुङ तारा, सुदर्शन र प्रदर्शन |
| **८** | **सेक्स, लेख र समथिङ (लेख निबन्ध)** | २०६७ | ६ | ६९ | ७५ | १०० | ५०५ | गुरुङ तारा, सुदर्शन र प्रदर्शन |
| ९ | विद्यार्थीहरूका आँखामा राम्रा शिक्षक | २०६७ | ७ | ६५ | ७२ | १०० | ५०५ | गुरुङ तारा, सुदर्शन र प्रदर्शन |
| १० | पाँचथर, पाँचथरका स्रष्टा र उहाँहरूका प्रकाशित कृतिहरू | २०६७ | ८ | ७४ | ८२ | १०० | ५०५ | गुरुङ तारा, सुदर्शन र प्रदर्शन |
| **११** | **समथिङ (कविता संग्रह)** | २०६७ | ७ | ६४ | ७१ | १०० | ५०५ | गुरुङ तारा, सुदर्शन र प्रदर्शन |
| १२ | गैरसरकारी संस्था, दर्ता र सञ्चालन | २०६७ | ७ | ९८ | १०५ | १०० | ५०५ | गुरुङ तारा, सुदर्शन र प्रदर्शन |
| १३ | दलित जाति सम्बन्धी सामान्य जानकारी | २०६७ | ७ | ७२ | ७९ | १०० | ५०५ | गुरुङ तारा, सुदर्शन र प्रदर्शन |
| **१४** | **समथिङका वितेका क्षणहरू (संस्मरण)** | २०६७ | ७ | ६५ | ७२ | १०० | ५०५ | गुरुङ तारा, सुदर्शन र प्रदर्शन |
| १५ | हाम्रो सामाजिक परिचालन | २०६८ | २२ | १७९ | २०१ | ३५० | ५५५ | मेची बुक्स एण्ड स्टेशनरी सप्लायर्स पाँचथर |
| **१६** | **मान्छेको पिडा (** | २०६९ | १० | ९८ | १०८ | १०० | ५५५ | गुरुङ तारा, सुदर्शन |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | **कथा संग्रह)** | | | | | | | र प्रदर्शन |

**ग) तृतीय चरण: वि.स. २०७० देखि हालसम्म**

वि.सं. २०७० साल देखि आज सम्मको समयलाई समथिङको साहित्य यात्राको तृतीय चरण मान्न सकिन्छ । यो समय उनी तथा नेपाली साहित्यका लागि उर्वर मानिन्छ । उनले यस समयमा 'त्यसै मैले लेख्न छाडे' (२०७२) र 'परदेशि विम्बहरू' (२०७२) जस्ता फुटकर कविताहरूको रचना गरेका छन् । यस समयमा संख्यात्मक तथा गुणात्मक रूपमा धेरै कृतिहरूको रचना भएको छ । लेख, यात्रा संस्मरण, कथा संङ्ग्रह र उपन्यास उनका यस समयका कृतिहरू हुन् । वि. सं. २०७४ साल बैसाखमा उनले एकै पटक २२ वटा उपन्यास प्रकाशन गराई साहित्यमा आफ्नो छुट्टै पहिचान बनाउन सफल भएका छन् । यो कार्य नेपाली साहित्यमा मात्र नभई विश्वमा साहित्य जगतमा नै नौलो कार्य भएका कारणले उनी **गिनीज बुक अफ वल्ड रेकर्ड** मा आफ्नो नाम लेखाउने तयारीमा रहेका छन् । उनका यस चरणका रचनाहरूमा सामाजिक यथार्थता मौलाएको देखिन्छ । चेलिबेटी बेचविखन, नेपालमा वृद्ध बृद्धाहरूको अवस्था बैदेशिक रोजगारीले ल्याएको विकृति, वर्गीय चिन्तन, भ्रष्टाचार जस्ता सामाजिक समस्याहरूलाई विषयवस्तु बनाई उनका कृतिहरू रचना गरीएको पाइन्छ । सहित्य यात्राको तृतीय चरणमा प्रकाशन गरेका कृतिहरू यस प्रकार रहेका छन् ।

| क्र.स. | कृति | प्रकाशन साल | पेज | | | मूल्य | प्रति | प्रकाशक |
|---|---|---|---|---|---|---|---|---|
| | | | अगाडि | बीच | जम्मा | | | |
| १ | तथ्याङ्कमा पाँचथर | २०७० | ९ | २०५ | २१४ | २०० | १००० | अनेरास्ववियू पाँचथर र करुणा छापाखाना |
| २ | सहकारीमा बचतको महत्व | २०७० | ११ | ६५ | ७६ | १०० | ५५५ | बचत तथा ऋण जिल्ला सहकारी संस्था ५ थर |
| ३ | समाज रूपान्तरणका लागि सामाजिक परिचालन | २०७० | १६ | ३५३ | ३६९ | ३३५ | १००० | सारथी प्रकाशन प्रा.लि. भक्तपुर |
| ४ | **समथिङको मेची महाकाली यात्रा ( यात्रा संस्मरण)** | २०७० | ८ | ११६ | १२४ | २०० | ५५५ | पाँचथर जिल्ला सहकारी संघ |
| ५ | दोस्रो संविधानसभा निर्वाचन-२०७० | २०७० | ११ | १३३ | १४४ | २०० | ५५५ | गुरुङ तारा, सुदर्शन र प्रदर्शन |
| ६ | **ओ माइ गड सेक्स (लेख निबन्ध)** | २०७१ | ७ | ८९ | ९६ | १०० | ५५५ | गुरुङ सुदर्शन र प्रदर्शन |
| ७ | **आइ लभ सेक्स (लेख निबन्ध)** | २०७२ | ६ | ६६ | ७२ | १०० | ५५५ | गुरुङ सुदर्शन र प्रदर्शन |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | **याक्सा भित्रका कथाहरू** | २०७३ | ७ | १५३ | १६० | १०० | ५५५ | गुरुङ सुदर्शन र प्रदर्शन |
| ९ | दुदर्शा (उपन्यास) | २०७४ | ६ | ६६ | ७२ | १०० | ५५५ | गुरुङ तारा, सुदर्शन र प्रदर्शन |
| १० | बेसहारा (उपन्यास) | २०७४ | ६ | ६६ | ७२ | १०० | ५५५ | गुरुङ तारा, सुदर्शन र प्रदर्शन |
| ११ | यातना (उपन्यास) | २०७४ | ६ | ६६ | ७२ | १०० | ५५५ | गुरुङ तारा, सुदर्शन र प्रदर्शन |
| १२ | जवानीको ज्वालामुखी (उपन्यास) | २०७४ | ६ | ६६ | ७२ | १०० | ५५५ | गुरुङ तारा, सुदर्शन र प्रदर्शन |
| १३ | जड्याकी स्वास्नी ( उपन्यास) | २०७४ | ६ | ६६ | ७२ | १०० | ५५५ | गुरुङ तारा, सुदर्शन र प्रदर्शन |
| १४ | जनयुद्धको उपहार ( उपन्यास) | २०७४ | ६ | ६६ | ७२ | १०० | ५५५ | गुरुङ तारा, सुदर्शन र प्रदर्शन |
| १५ | साहित्यकार ( उपन्यास) | २०७४ | ६ | ६६ | ७२ | १०० | ५५५ | गुरुङ तारा, सुदर्शन र प्रदर्शन |
| १६ | मृत्यु (उपन्यास) | २०७४ | ६ | ६६ | ७२ | १०० | ५५५ | गुरुङ तारा, सुदर्शन र प्रदर्शन |
| १७ | साउदी रियल ( उपन्यास) | २०७४ | ६ | ६६ | ७२ | १०० | ५५५ | गुरुङ तारा, सुदर्शन र प्रदर्शन |
| १८ | सौतेनी आमा ( उपन्यास) | २०७४ | ६ | ६६ | ७२ | १०० | ५५५ | गुरुङ तारा, सुदर्शन र प्रदर्शन |
| १९ | धनबहादुर सर ( उपन्यास) | २०७४ | ६ | ६६ | ७२ | १०० | ५५५ | गुरुङ तारा, सुदर्शन र प्रदर्शन |
| २० | खेल जवानीको ( उपन्यास) | २०७४ | ६ | ६६ | ७२ | १०० | ५५५ | गुरुङ तारा, सुदर्शन र प्रदर्शन |
| २१ | धनीरामको दशैं ( उपन्यास) | २०७४ | ६ | ६६ | ७२ | १०० | ५५५ | गुरुङ तारा, सुदर्शन र प्रदर्शन |
| २२ | टुटेको सपना ( उपन्यास) | २०७४ | ६ | ६६ | ७२ | १०० | ५५५ | गुरुङ तारा, सुदर्शन र प्रदर्शन |
| २३ | सेन्थेरेम (उपन्यास) | २०७४ | ६ | ६६ | ७२ | १०० | ५५५ | गुरुङ तारा, सुदर्शन र प्रदर्शन |
| २४ | माया (उपन्यास) | २०७४ | ६ | ६६ | ७२ | १०० | ५५५ | गुरुङ तारा, सुदर्शन र प्रदर्शन |
| २५ | विचरा ! जंगे कमरेड (उपन्यास) | २०७४ | ६ | ६६ | ७२ | १०० | ५५५ | गुरुङ तारा, सुदर्शन र प्रदर्शन |
| २६ | जित्या (उपन्यास) | २०७४ | ६ | ६६ | ७२ | १०० | ५५५ | गुरुङ तारा, सुदर्शन र प्रदर्शन |
| २७ | महलदेखि सडकसम्म (उपन्यास) | २०७४ | ६ | ६६ | ७२ | १०० | ५५५ | गुरुङ तारा, सुदर्शन र प्रदर्शन |
| २८ | कमरेड चट्टानको सपना (उपन्यास) | २०७४ | ६ | ६६ | ७२ | १०० | ५५५ | गुरुङ तारा, सुदर्शन र प्रदर्शन |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २९ | भ्रष्टाचारको कमाल (उपन्यास) | २०७४ | ६ | ६६ | ७२ | १०० | ५५५ | गुरुङ तारा, सुदर्शन र प्रदर्शन |
| ३० | साहसी आमा ( उपन्यास) | २०७४ | ६ | ६६ | ७२ | १०० | ५५५ | गुरुङ तारा, सुदर्शन र प्रदर्शन |
| ३१ | पाँचथरको स्थानीय नेतृत्व | २०७४ | ७ | १७१ | १७८ | ३०० | ५५५ | गुरुङ तारा, सुदर्शन र प्रदर्शन |
| ३२ | नेपालको स्थानीय नेतृत्व | २०७४ | ७ | १५५ | १६२ | ३५० | ५५५ | समथिङ फाउण्डेशन नेपालका लागि गुरुङ तारा, सुदर्शन र प्रदर्शन |

नेपालको इतिहासमा सायद कसैले पनि एकै पटक २२ वटा एउटै विधाको उपन्यास एकै पटक लेखेर अनि प्रकाशन गरेर विमोचन गरेको इतिहास छैन होला । तर उनले २०७४ साल बैशाख ०९ गते नेपालमा पहिलो नेपाली भाषामा विधावारिधी गर्ने बासुदेव त्रिपाठीलाई प्रमुख अतिथि बनाएर एकै पटक २२ वटा उपन्यास त्यो पनि नेपाली भाषामा विधावारिधी गरेका २२ जना डाक्टरहरूबाट काठमाडौमा विमोचन गराएर नेपालको साहित्यिक इतिहासमा इटा थप्ने काम गरे । कृति मात्रै हैन समथिङको साहित्यिक र समाचारमूलक अन्य फुटकर लेख रचनाहरू विभिन्न पत्र-पत्रिकामा प्रकाशित भइरहेको पाइन्छ ।

यसरी उनका हालसम्म ४८ वटा कृतिहरू प्रकाशन भइसकेका छन । उनका अन्य खोजमूलक तथा साहित्यका कृतिहरू पनि प्रकाशोन्मुक अवस्थामा रहेका छन् भन्ने कुरा लेखक सँगको कुराकानी बाट थाहा पाइन्छ ।

### २.४. समथिङका कथागत प्रवृत्ति

#### १. नेपालको दश बर्षे जनयुद्धको चित्रण

नेपालको राजनैतिक इतिहासमा नेपाल कम्युनिष्ट पार्टी माओबादीको दश बर्षे जनयुद्धको स्थान महत्वपूर्ण रहेको छ । राजनैतिक परिवर्तनका लागि गरीएको यस युद्धले नेपाली समाजमा पारेको सामाजिक, आर्थिक र मनोबैज्ञानिक प्रभावलाई समथिङले आफ्ना कथाहरूमा प्रष्ट्याउन खोजेका छन् । निर्दोष र निरिह व्यक्तिहरूले पाएको दु ख र यातनाको उदाहरणका रूपमा ‘हरि सर, पार्टी, यातना र मृत्यु’ कथाका पात्र हरि सरलाई लिन सकिन्छ । त्यस्तै जनयुद्धमा बालबालीकाको जर्वजस्ती प्रयोग गरी उनीहरूको आधारभुत बाल अधिकार समेत कुण्ठित पारिएको थियो । यस कुराको ज्वलन्त उदाहरणको रूपमा ‘जनयुद्धले उपहार दिएको जिन्दगी ’ कथाकी पात्र रेजिनालाई लिन सकिन्छ ।

#### २. जातीय द्वन्द्वको चित्रण

जातीय छुवाछुत नेपाली समाजमा जरा गाडेर रहेको रुढीवादी परम्परा हो । समथिङले यस परम्पराको बिरुद्धमा सशक्त रूपमा कलम चलाएको देखिन्छ । उनि यस परम्परालाई अत्यन्त

घृणित र तल्लो स्तरको मान्दछन् । दलित जातका मानिसहरूको पनि यस समाजमा समान अधिकार तथा दायित्व हुन्छ भन्ने तर्क उनका कथाहरूमा पाइन्छ । यस विषयको मुद्धलाई विभिन्न राजनैतिक दलका नेताहरूले गरीखाने भाँडोका रूपमा प्रयोग गरेको देखेर समथिङ चिन्तित भनेका छन् । यसको उदाहरणका रूपमा 'जनयुद्धमा दाँते साइलाको सपना' कथालाई लिन सकिन्छ ।

**३. नेपाली साहित्यकारहरू प्रतिको चिन्ता**

समथिङका कथामा नेपाली सहित्य र सहित्यकारहरू प्रतिको माया र आफ्नोपनको भाव छचल्किएको पाइन्छ । नेपाली साहित्यलाई माया गर्ने र बिना पारिश्रमिक अनवरत रूपमा साहित्य सिर्जनामा लाग्ने साहित्य सादकहरूको । भविष्यको चिन्ता उनका कथाका विषयवस्तु बन्न पुगेका छन् । यस बिषयको उदाहरणका रूपमा 'कसले जतन गरीदेला यी मेरा कितावहरू' कथालाइ लिन सकिन्छ ।

**४. सामाजिक यथार्थप्रतिको रुचि**

कथाकार समथिङ समाजकै यथार्थलाई टड्कारो रूपमा व्यक्त गर्दछन् । समाजमा रहेका ठुलाठालु, हाकिम, साहुमहाजन आदिको शोषण प्रवृत्ति, अन्याय, अत्याचार र व्यभिचार प्रवृत्तिले समाजमा कति नराम्रो नंग्रा गाडेको छ त्यसको चिरफार र व्यङ्ग्य विद्रोह गर्छन् । निम्न र निम्न मध्यम परिवारको कारुणिक अवस्था र यिनीहरू माथि समाजका ठालु वर्गले गर्ने शोषण दमनको उनी पर्दाफास गर्छन् । गरीब परिवारप्रति शोषण, अत्यचार र अनेक हिनता क्रियाकलापको चित्रण उनको कथामा पाइन्छ । जेहोस् समाजकै विकृति, विसङ्गती र रुग्णताजन्य अवस्थाको सटीक वर्णनद्वारा त्यस्ता प्रवृत्तिको अन्त्य हुनुपर्ने र समाज स्वस्थ र राम्रो हुनुपर्ने कुरामा जोड दिनु नै समथिङ्गको कथा लेखनगत उद्देश्य हो । उनी समाजकै यथार्थ प्रकट गर्दै समाजलाई सुन्दर पार्ने दृष्टि प्रस्तुत गर्दछन् । यसरी समाजको यथार्थ हेराई उनको कथाकरिताको मुल प्रवृत्ति हुन पुगेको छ ।

**५. समाजका विभिन्न स्थितिका व्यक्तिहरूको मनोविज्ञान पक्षको चित्रण**

यिनका पात्रहरू सामाजिक छन् र ती पात्रहरू एकै प्रकारका नभइ विविध खालका छन् । र तीनका मानसिकता पनि विविधतायुक्त पाइन्छ । जस्तै-यौनमनोविज्ञान र बालमनोविज्ञानलाई समावेश गर्ने काम यिनले विविध खालका पात्रद्वारा सम्पन्न गरेका छन् तर यी समसामायिक घटनाबाट उत्प्रेरित छन् । त्यसैले विविध मनोविज्ञानको प्रयोग गरेको पाइन्छ ।

**६. बालजगत्का समस्याहरूको चित्रण**

बालबालीकाका समस्या उत्पन्न हुने विविध कारणहरू हुन्छन् । ती कारण धेरैजसो सामाजिक समस्याबाट उत्पन्न हुन्छन् । 'सन्तोष, सौतेनी आमा र मृत्यु' शीर्षकको कथामा मातृवात्सल्य प्राप्त गर्ने समयमा टुहुरो भएको सन्तोषको नाजुक स्थिति, सौतेनी आमाको अन्याय,

अत्याचार र यातनाबाट भएको उसको कारुणिक मृत्युलाई मार्मिक रूपमा प्रस्तुत गरीएको छ । त्यस्तै 'पुछारे कान्छाको कन्तविजोग' शीर्षकको कथामा कमजोर आर्थिक स्थितिमा पुछारे कान्छाकी श्रीमतीले छोडेर गएका बच्चाहरूको लालनपालनको जिम्मेवारी बुढी हजुरआमाको काँधमा आउनु पनि ठूलो समस्या हो । यहाँ ती बालकहरूको भविष्यको चिन्ता देखिन्छ । यसरी वालकमा कुन कुराले मानसिक समस्या उब्जाईदिन्छ । त्यसको कारण के हो यहि कुराको राम्रो चित्रण उनको कथामा भएको हुन्छ ।

७. **यौनको आलोचनात्मक पक्षको चित्रण**

यिनका कथाहरूमा यौनको आलोचनात्मक पक्षको विश्लेषण गरीएको पाइन्छ । श्रीमान विदेश गएका श्रीमतीहरू तथा भर्खर किशोरावस्थामा प्रवेश गरेका किशोर किशोरीहरूले समाजमा विकृति भित्र्याउदै गरेको कुरालाई उनले आफ्ना कथाका विषयवस्तु बनाएका छन् । यस्ता विकृतिहरू समाजमा भित्रिन नदिन सामाजिक चेतना र शिक्षाको खाँचो रहेको उनको धारणा रहेको पाइन्छ ।

**८. रैखिक एवं वृत्ताकारीय कथानक ढाचा**

यिनका कथाहरू सहज रूपमा एकपछि अर्को हुदै आदि मध्य र अन्त्यको क्रममा राखिएको पाइन्छ । यद्यपी कतिपय कथाहरू अन्त्य बाट सुरु भइ बिचमा पुराना घटनाहरू भनिएर फेरी जहाँबाट कथा प्रारम्भ भएको थियो त्यहि पुगेर कथानक अन्त्य भएको पाउन सकिन्छ । बृत्ताकारिय ढाचाको उदाहरणका रूपमा 'रामबहादुरको प्यारो साथी – रक्सी' कथालाई लिन सकिन्छ ।

**९. सरल भाषाको प्रयोग**

यिनको भाषा सरल छ । पारिवरिक वातावरणको प्रभावले गर्दा बरु स्थानीय भाषाको प्रभाव परेको पाइन्छ । कतिपय ठाँउमा ठेट भाषाको समेत प्रयोग गरीएको पाइन्छ । त्यती भएर पनि यिनी दुर्बोध्य छैनन् र भाषालाई क्लिष्ट बनाउने प्रवृत्ति यिनमा पाइदैन ।

**१०. निम्न सामाजिक स्तरका पात्रहरूको प्रयोग**

यिनका कथामा रहने पात्रहरू अत्यन्त निम्न स्तरका रहेका छन् । साधारण किसान दैनिक बनिबुतो गर्ने मान्छे, कूलली, ज्यामी र विदेशिएका नेपाली युवाहरूलाई कथाका प्रमुख पात्रको रूपमा लिइएको छ । त्यसैले यिनका पात्रहरू सबै दु:खित, पिडित र सामाजिक समस्याबाट आक्रान्त भएका निम्न स्तरका छन् । यस्ता निम्न स्तरका पात्रका माध्यमबाट समाजका विद्यमान विसमता, असन्तुलन, विसंगती र समाजका अत्यन्त कारुणिक जीवनको चित्रण गरेका छन् । समाजका अध्यारा पक्षलाई देखाउने रुन्चे पात्रहरूको चयन गरी समाजको वास्तविक यथार्थलाई देखाएका छन् ।

**११. गाउँ र सहर दुवै क्षेत्र कार्यपीठिकाका रूपमा प्रयोग**

विशेषत यिनका कथामा गाउँ, सहर र विदेशलाई समेत कार्यपीठिका वनाएका छन् । यिनका कथामा सबै पात्रहरू गाँउमै जन्मिएर कामको शिलशिलामा सहर र विदेशी भूमिमा समेत रहेको पाइन्छ । कुनै कथामा भने ग्रामीण परिवेशमा नै समाएको पाइन्छ ।

**१२. सामाजिक गतिशीलतामा जोड**

समाज गतिशील हुनुपर्छ भन्ने धारणा समथिङ्ग परम्परागत अन्ध संस्कृति पूरानो विचारधारा आदिको अन्त्य गरेर समाजमा नयाँ आस्था र विश्वास प्राप्त गर्न आर्थिक विषमता रहित वर्गविहीन आदर्श समाज सिर्जनाका लागि गतिशील हुनुपर्ने विचारमा जोड दिन्छन् ।

**१३. नेपाली समाजको आर्थिक द्वन्द्वको जीवन्त चित्रण**

हाम्रो जीवन र समाज अर्थतन्त्रमा आधारित हुने हुँदा समाजमा रहेका आर्थिक पक्षलाई समथिङ बढी जोड दिन्छन् । अतः उनका कथा विशेषतः आर्थिक द्वन्द्व र सामाजिक ढाँचासँग सम्बद्ध हुन्छ । समाजमा धनी, गरीव, शोषक र शोषित दुई वर्ग छन् र तिनका बिचमा अन्तरद्वन्द्वपूर्ण स्थिति छ । समाजमा आर्थिक वितरण समान रूपमा हुन नसकेकाले नै प्रगति हुन सकेको छैन । समाजमा बढी भन्दा बढी दलित , पिडीत, गाँस बास र कपासका निम्ती रुने दु:खिहरू छन् । धनी र गरीब बीचको दुरीलाई अत्यन्त फराकिलो पार्ने तत्व अर्थ नै हो । यस्तो सामाजिक संरचनामा रहेको त्रुटिलाई आर्थिक क्रान्तिको माध्यमबाट हटाउदै जानु पर्छ भन्ने धारण समथिङले अफ्ना कथाका पात्रहरूको माध्यम बाट प्रष्ट पार्न खोजेको देखिन्छ ।

**१४. राजनैतिक चेतनाको पृष्ठभूमिमा सामाजिक समस्याहरूको प्रस्तुतिकरण**

उनले राजनैतिक चेतनालाई कलात्मक रूपमा प्रस्तुत गरेका छन् । “जनयुद्धमा दाँते साइलाको सपना” जस्ता कथामा राजनैतिक र जातीय चेतना बढी छ । तापनि विश्व राजनैतिक चेतनालाई कलात्मक र नाटकीय रूपमा प्रस्तुत गरीएको छ । यस्ता राजनैतिक चेतनाकै रूपमा नेपाली समाजको गरीबी र जातीय समस्यालाई मार्मिक तथा व्यङग्यपूर्ण बनाई प्रस्तुत गर्न सक्नु उनको कथाकारिताको सफलता हो । यसरी सामाजिक समस्यालाई राजनैतिक चेतनाको पृष्ठभूमिमा प्रस्तुत गर्न समथिङ निपूर्ण छन् ।

**१५. गरीबी र यसबाट उत्पन्न हुने जटिल समस्याको उठान**

गरीबी समथिङको कथाको मुख्य क्षेत्र हो । यसैले नेपालको वस्तविकतालाई बुझ्न गरीबहरूलाई नै हेर्नु पर्ने हुन्छ । त्यसैले समथिङ गरीब जीबनको चित्रणमा केन्द्रित छन् । आर्थिक विषमतामा आधारित समाज व्यवस्थाको विरोध गर्दै आर्थिक दवाबमा परेका गरीबहरूको कारुणिक जीवनको चित्रण गरेका छन् । सामन्ती वर्गको विरोध र व्यङ्ग्य गर्दै गरीब प्रति सहानुभूति राख्ने काम समथिङले गरेका छन् ।

**१६. वेदना, पीडा र अन्य संवेगहरूको समायोजन**

मानिस हृदय भएको प्राणी भएकाले समाजका हरेक कुराले उसको हृदयमा प्रभाव पार्दछ। त्यसैले मानिसमा वेदना, पीडा र अन्य विभिन्न संवेगहरू हुन्छन् र त्यस्ता संवेगहरूलाई पनि समथिङले आफ्ना कथामा घटनाका साथ साथै चित्रण गरेका हुन्छन् ।

**१७. नारी यौन समस्याको चित्रण**

समथिङको कथा 'पुछारे कान्छाको कन्तविजोग' मा आफ्ना श्रीमान कामका सिलसिलामा विदेश गएपछि स्वदेशमा बस्ने श्रीमतीको यौन चाहनाले उग्ररूप लिएपछि सामाजिक संस्कारलाई तोड्दै आफुखुसी गर्न थालेको घटनालाई उनले मार्मिक रूपमा प्रस्तुत गरेका छन् ।

**१८. स्थानीय भाषाको प्रयोग**

समथिङका कथाहरूमा नेपालको पूर्वी पहाडमा बसोबास गर्ने राई, लिम्बु जस्ता जनजातीहरूको जिब्रोमा झुण्डिएको भाषाको प्रयोग गरीएको पाइन्छ । ग्रामीण गाउँ बस्तिहरूमा प्रयोग गरीने यस्ता शब्दहरूको प्रयोगले कथा रोचक र आर्कषक बनेका छन् ।

निष्कर्षमा भन्नुपर्दा समथिङका सामाजिक यथार्थवादी कथामा ग्रामीण तथा शहरीया जीवनका तडकभडक आर्थिक दुरावस्था, मूल्यहीनता, नैतिकतामा परिवर्तन जस्ता सन्दर्भको प्रस्तुति पाइन्छ । त्यस्तै तल्ला वर्गका मानिसप्रति माथिल्ला वर्गका मानिसले गर्ने शोषण दमन जस्ता वर्गीय चेतनाहरू फेला पर्दछ । उनका यौनवादी दृष्टि, समाजवादी यथार्थ, सामाजिक यथार्थ, प्रकृतवादिता, नवयुगीन नवचेतनावाद, नारीवादिता जस्ता मिश्रित प्रवृत्तिहरू रहेको पाइन्छ । मनोविज्ञानको चित्रणको क्रममा रतिरागात्मकता र दमित विकृत कामवासनाको परिणतिको चित्रण पाइन्छ । आञ्चलिकता यिनका कथामा पाइने स्थानीय रङ्गको विशेषता हो । पहाडको सुन्दर चित्रण यिनका कथामा भेट्न सकिन्छ । उपर्यूक्त विशेषताहरूको सन्दर्भमा यिनी नवयुगीन एक उत्कृष्ट कथाकार हुन भनेर चिन्न सकिन्छ ।

*

# तेश्रो परिच्छेद

# कथाको सैद्धान्तिक पक्ष

## ३.१. पृष्ठभूमि

कथाको परम्परालाई पहिल्याउदै जाने हो भने अलिखित रूपमा रहेका लोककथासम्म पुग्न सकिन्छ । मानव सभ्यताको आरम्भसंगै मानिसले कथा भन्ने र सुन्ने क्रम पनि सुरु गरेको मान्न सकिन्छ । यसै क्रममा विकसित लोककथा र दन्त्यकथालाई आधुनिक कथाको विकासको पृष्ठभूमिमा हेर्न सकिन्छ । जेहोस् आज हामी जुन प्रकारका कथालाई कथाको संज्ञाले परिचित गराउँछौं त्यस्तो कथाको जन्म ईशाको उन्नाइसौं शताब्दीमा अमेरिकामा हथर्न र एड्गर एलेन पो.ले गरेका हुन् । त्यसैले आज कथाका नामले अविछिन्न रूपमा परिचित नेपालीमा यही प्राचीन लोककथा (Flok Talc) नभएर आधुनिककथा (Short Story) हो । यही (Short Story) लाई पर्यायवाची शब्दका रूपमा कथा भन्ने शब्दले नेपालीमा ठाउँ लिएको छ । कतिपय समीक्षकले (Short Story) को सोभ्को रूपान्तर गरी लघुकथा भन्ने नाम दिन्छन् । तर त्यो उपयुक्त छैन । बरु नेपाली कथा भन्ने शब्दले नै यसलाई चिनाइन्छ । लघु कथा चाहिँ हाल चलेको (Mani-Short Story) को पर्यायवाचि शब्दका रूपमा प्रयोग गर्न सकिन्छ (श्रेष्ठ, २०६८ : ६) ।

लिखित साहित्यको पूर्वपीठिकाका रूपमा रहेको लोकसाहित्यको लोककथालाई लिखित कथासाहित्यको विकासमा पृष्ठभूमिको रूपमा लिने ऐतिहासिक तथ्यलाई निर्विवाद रूपमा स्वीकार्न सकिन्छ । कथा साहित्यको विकास प्रक्रियालाई हेर्दा प्राचीन युगदेखि चलेको भन्ने र सुन्ने लोककथा त्यसपछि वीरगाथा युगमा चलेका गाथाचक्रको अनुकरणमा लेखिएका अलङकृत प्रवन्ध काव्य (महाकाव्य-खण्डकाव्य) समेतलाई कथासाहित्यको प्रारूप पहिल्याउने प्रसङ्गमा लिन सकिन्छ । प्राचीन पूर्वीय तथा पाश्चात्य साहित्यमा यस्ता अनेक महाकाव्य तथा आख्यानात्मक पद्यबद्ध र गद्य रचना देखापरे । जसमा कथा साहित्यको प्रारम्भिक चेष्टा आरम्भ भएको देख्न सकिन्छ ।

मध्य युगमा आएर प्राचिन पद्यबद्ध साहित्यले नयाँ मोड लियो । फलस्वरूप गद्यमा आएर अभिव्यक्त हुन थाल्यो । परिणामस्वरूप यसै गद्य विधाको उन्नतिसंगै कथा साहित्यको पनि थालनी र विकास भयो ।

पाश्चात्य समाज जब-जब मानव-मस्तिष्कको विवेकले सचेष्टता प्राप्त गर्दछ तव त्यहाँ नवजागरणको युग सुरु हुन्छ । यसै पृष्ठभूमिमा प्राचिन युगको प्रतिक्रियास्वरूप मध्ययुगको थालनी हुन्छ । मध्ययुगको मूल साहित्यिक  उपलब्धि पनि गद्य विधा नै हुनजान्छ । यस अवस्थामा गद्यमा वृत्तकथा तथा आख्यानहरू लेखिन्छन् जसलाई आधुनिक कथाको साहित्यको प्रारम्भिक उपलब्धी मान्न सकिन्छ ।

यस्तै मध्ययुगीन रोमाञ्चक अतिरञ्जक आख्यान परम्परावाट आधुनिक लामा-छोटा कथा साहित्यको जन्म हुन्छ । अठारौं शताब्दिदेखि यता भने कथा साहित्यका फाँटमा पनि कथा (Short Story) र उपन्यास (Novel) का विभिन्न अस्तित्व देखापर्छ । पारिभाषिक तात्पर्यका दृष्टिले पनि कथा साहित्य अन्तगर्तका कथा र उपन्यासका आकारप्रकारका आधारमा भिन्नाभिन्नै अर्थ प्रकट हुन्छन् (श्रेष्ठ, २०६८ : ७) ।

**३.२. कथाको परिभाषा**

यति भएर पनि १६ औं शताब्दियता पश्चिमी साहित्यबाट पूर्वीय साहित्यमा विस्तारै फैलिएको कथालेखनको प्रभाव आधुनिक आर्यभाषा र साहित्यमा परेको देखिन्छ । यहाँ पूर्वीय एव् पाश्चात्य विभिन्न विद्वानहरूले व्यक्त गरेका टिप्पणीहरू उद्धृत गरी कथाको स्वरूप निर्धारण गरीएको छ ।

क 'आवेग र उत्तेजनामा नलागीकन आफ्नो स्वतन्त्र अध्ययनद्वारा वचनमय तपस्या सिद्ध गर्न सकिने तथा सत्य, शिव र सुन्दर हुने आख्यानलाई कथा भनिन्छ' (श्रेष्ठ, २०५२ : १०) ।

महाभारत

ख 'आख्यायिका उच्छ्वासमा विभाजित भएको, मीठो संस्कृत गद्यमा लेखिएको, उदात्त अर्थ प्रदान गर्ने कतैकतै वस्त्र र अपरवस्त्र छन्दको प्रयोग भएको र नायक स्वयंद्वारा सत्य घटना वृत्तान्त वर्णन गरीएको आख्यायिका हो भने कथाचाहिँ वस्त्र र अपरवस्त्र छन्दरहित, उच्छ्वासमा विभाजित नभएको र नायक स्वयंद्वारा वृत्तान्त वर्णन नगरीएको हुन्छ ।'

भामह

ग 'आख्यायिका र कथा गरी गद्यका दूई भेद मानिए तापनि यी दुई समान विधा हुन् । एउटामा नायकले स्ववृतान्त भन्छ; अर्कामा भन्दैन । यो कुनै दुईमा भेदक तत्व होइन । वस्त्र र अपरवस्त्र छन्दको प्रयोग पनि भेदक लक्षण होइन । कथा र आख्यायिका एउटै जातिका दुईवटा नाममात्र हुन् ।'

दण्डी

घ 'दिपक, उपमा, श्लेषजस्ता अलङ्कारले अलङ्कृत भाषामा लेखिएको कथाले कसको मनलाई हरण गर्दैन यो त चञ्चल हाउभाउले युक्त भएकी तथा स्वयं अनायास नै शैयामा प्रवेश गरेकी अभिनवा बधूझैं हो ।'

वाणभट्ट

ङ 'परिकथा, खण्डकथा र संकलकथा गरी कथा तीनवटा छन् । अनेक वृत्तान्त वर्णनयुक्त रचनालाई परिकथा, एक देशीय वर्णनमात्रको खण्डकथा र विविध फलागमको उद्देश्य लिएर लेखिएको सकलकथा हो ।'

आनन्दबर्द्धन

च 'कथामा सरस वस्तु हुनपर्छ । गद्यमा लेखिएको तर कतैकतै आर्या छन्द र वस्त्र-अपरवस्त्र छन्दको प्रयोग भएको हुनुपर्छ । प्रारम्भमा पद्यद्वारा देवताहरूको नमस्कारात्म मङ्गलाचरण गरीएको एवम् दूर्जनको निन्दा र सज्जनको प्रंशंसा पनि गरीएको हुनपर्छ ।'

आचार्य विश्वनाथ

बाणभट्टको 'कादम्बरी' र 'हर्षचरित', दण्डीको 'दशकुमारचरित', सुबन्धुको 'वासवदत्ता', अम्बिकादत्त व्यासको 'शिवराज विजय' जस्ता रचनाहरू कथाकै नमूना हुन् । पश्चिमी साहित्यमा कथा भनेर सट् स्टोरीलाई लिइन्छ । यो प्राचीन कालदेखि नै ' इसवस् फेवल, प्यारावल ( वाइबल), न्यारेटिभ, इपिसड, टेल, एनेक्टु' आदि रचनासंगै विकसित भएको छ । पश्चिमी साहित्यमा व्यक्त कथासम्बन्धी परिभाषा यसप्रकार छन् ।

क 'एकै बसाइमा पढी सकिने, एकै प्रभावको सृजन ागर्ने र अनावस्यक तत्वहरूको परित्याग गरिएको स्वयंमा पूर्ण इतिवृत्त कथा हो' (अवस्थी, २०५५ : ४) ।

एडगर एलेन पो

ख 'पन्ध्रदेखि पचास मिनेटसम्मा पढिसकिने कुतूहलपूर्ण कलात्मक आख्यान नै कथा हो' ( अवस्थी, २०५५ : ५) ।

एच.जी। बेल्स

ग 'कथा कुनै एक चरित्रको जीवनको कुनै एक मार्मिक प्रसङ्गको सङ्क्षिप्त रस नाटकीय रूपमा गरीएको प्रस्तुतीकरण हो ।'

जे.डम्लू लीन

घ 'एक पल्ट तयार भइसकेको मानसिक स्थिरता भङ्ग नभई एकै बसाइमा सजिलैसित बढिसकिने आख्यानात्मक रचना कथा हो' (अवस्थी, २०५५ : ५) ।

हड्सन

ङ “कथा भनेको वास्तविक वा काल्पनिक घटनाको वा घटनासँग सम्बद्ध शृङ्खलाको वर्णन हो ।”

गुराल्किन

कथा सम्बन्धी हिन्दी र नेपाली समीक्षकहरूको टिप्पणी यस्तो रहेको पाइन्छ ।

क “कथा एउटा रचना रमणीय उद्यान होइन जहाँ थरी-थरीका फूल र बुटा-बुटी हुन्छन् । यो त एउटा फूलले सजिएको गमला हो ।”

प्रेमचन्द

ख कथा एउटा स्वतः पूर्ण रचना हो जहाँ एकै तथ्य वा प्रभावलाई अग्रसर गर्ने व्यक्ति केन्द्रित घटना वा घटनाहरूको आवश्यक उत्थान, पतन र मोडनका साथै पात्रहरूको चरित्र माथि प्रकाश पार्ने वर्णन हुन्छ ।

बाबु गुलाव राय

ग कथा एउटा सानो आँखिझ्याल हो, जहाँवाट एउटा सानो संसार चियाइन्छ ' (अवस्थी, २०५५ : ५) । लक्ष्मीप्रसाद देवकोटा

घ कुनै एउटा पात्रका जीवनको सङ्कटमय घटनालाई कलापूर्ण रीतिले लेख्नु नै कथा रचना हो ।”

गुरूप्रसाद मैनाली

ङ “कथा कलात्मक इतिवृत र अनन्त आभास दिएर पाठकमा चाख जगाइराख्ने घटनाको विवृतिसमेत गर्ने कृति हो” (अवस्थी, २०५५ : ५) ।

ईश्वर बराल

च “कथामा चरित्रचित्रण गर्दा यसले साधारण तथा सानो कुरामा निर्भर गर्दछ, यसले चरित्रको एउटा अङ्कमात्र राम्ररी देखाउँदछ, कथा पढ्न धेरै समय लाग्दैन किनभने यो सानो हुन्छ र छिट्टै पढी सकिन्छ ।”

बालकृष्ण पोखरेल

आज ज्ञानविज्ञान, मिथक समाज आदि क्षेत्र भित्रका जीवनका विविध घटनाक्रमहरूलाई आख्यान बनाई प्रस्तुत गर्ने गद्यविधा नै कथा हुन पुगेको छ । कथा मानव जीवनको शास्त्रीय विवेचना नभई चरित्रका माध्यमद्वारा सामाजिक जीवनलाई प्रस्तुत गर्ने छोटो, सरल तर स्वयंमा पूर्ण विधा हो (श्रेष्ठ, २०६८ : ६–८) ।

**३.३ कथाका संरचनागत तत्वहरू**

कथा रूप र अर्न्तवस्तुको सीमान्तकृत रूप हो । अर्थात कथालाई सबल र पूर्ण बनाउन त्यसको शैली, रूप, पात्र, घटना आदि थुप्रै संरचक घटनाहरूको आवश्यकता पर्दछ । यसमा निश्चित रूपमा यति नै तत्वहरू हुन्छन् भन्ने कुरामा मतमतान्तर देखिएको छ । तैपनि कथानक

पात्र, द्वन्द्व, परिवेश, जीवनदृष्टि, उद्देश्य, कौतुहल, भाषाशैली, शीर्षक आदि तत्वले कथाको संरचना पूर्ण भएको हुन्छ । यहाँ केही तत्वको उल्लेख यसप्रकार गरीएको छ ।

### ३.३.१. कथावस्तु

कथामा संरचक घटनाहरूमध्ये कथावस्तु वा कथानक स्थूल र सबल घटना हो । आख्यानात्मक विधामा यसलाई अनिवार्य तत्व भनिन्छ । कथामा विचार वा उद्देश्य प्रस्तुत गर्ने मूल आधार नै कथावस्तु हो । कथावस्तुमा घटनाहरू संश्लिष्ट भई शृङ्खलित रूपमा घटित भएका हुन्छन् तिनिहरू सूक्ष्म विन्दुवाट क्रमशः चरमोत्कर्षमा पुग्दछन् । यति भएर पनि कथाको कथाबस्तुले एउटा खास घटनाको प्रस्तुतिलाई मूल आधार बनाएको हुन्छ । अर्थात् जीवनको कुनै एक महत्वपूर्ण घटनालाई कथामा प्रतिविम्वित गरेको हुन्छ । कथानकमा कार्यकारण सम्बन्धका आधारमा घटनाहरूको प्रस्तुति हुने हुनाले कथाकारको तर्क, कल्पनाशक्ति र बौद्धिकताको प्रशस्त प्रयोगको सम्भावना रहन्छ । मनोविश्लेषण प्रधान कथाहरूमा क्षीण कथावस्तुको प्रयोग गरीन्छ । तैपनि कथावस्तुलाई पूर्णतः नकारिएको हुँदैन । अकथावादी यस अवस्थामा पनि मूर्त र ठोस कथावस्तु हुनु अत्यावश्यक छ । पात्र र घटनाबीच कार्यकारण सम्बन्ध प्रस्तुत गर्ने काम कथावस्तुले गरेको हुन्छ । यसरी पात्रको परिचय वा व्यक्तित्व मनस्थिति वा मनोदशा, परिवेश, स्थिति वा अवस्था आदिको वर्णनवाट कथावस्तुको निर्देशन गराइएको पाइन्छ ।

कथामा इतिहास पूराण यथार्थ समाज, कल्पना आदि कुनै स्रोतवाट कथावस्तु निर्माण गरीएको हुन्छ । कथावस्तुको विकासमा आदि मध्य र अन्त्यको सङ्गठन मिल्नुपर्छ । प्राय : पहिलो नै र पछि घटेका घटनालाई पछि नै कालक्रमिक रूपमा वर्णन गरेर अगाडि बढे यस्ता कथावस्तुलाई तत्क्षणीक कथारेखा भनिन्छ । घटेका घटनाको समयक्रम कथामा वर्णित घटनाक्रमको विन्याससंग नमिल्ने स्थितिलाई परिवर्तित कथारेखा भनिन्छ । यस्ता कुनै कथामा पूर्वद्दीप्ति देखिन्छ । यसरी हेर्दा कथावस्तु क्रमशः जटिल र रैखिक हुन पुग्दछन् (अवस्थी, २०५५ : ६) ।

### ३.३.२ चरित्रचित्रण

कथावस्तु आफै अगाडि बढ्दैन । चरित्रचित्रणले विभिन्न घटनाहरूसंगै कथावस्तुलाई अगाडि बढाउँदछन् । पात्रको उपस्थितिले जीवनका बाह्य र आन्तरिक प्रकृतिलाई प्रकट गर्ने गर्दछन् वस्तुप्रधान नभएका चरित्रकेन्द्रित कथामा त यसको अत्यन्त ठूलो महत्व देखिन्छ । जेहोस् कथामा कथावस्तुले मागे जति तर थोरै चरित्रहरूको उपस्थिति पाइन्छ ।

कथा भित्रका पात्रहरूको प्रत्यक्ष कार्य, संवाद र लेखकीय वर्णनवाट चरित्रचित्रण प्रस्तुत हुन्छ । चरित्र सम्बन्धी तथ्याङ्क जुटाई पात्रको शैलीवैज्ञानिक वर्गीकरण गर्न सकिन्छ । यसमा लिङ्ग,

(स्त्री, पुरुष), कार्य (प्रमुख, सहायक, गौण), प्रवृत्ति (अनुकूल, प्रतिकूल), स्वाभाव (स्थिर, गतिशील), जीवनचेतना (प्रत्यक्ष, नेपथ्य), आबद्धता (बद्ध, मुक्त) जस्त आधार लिई पात्रको विश्लेषण र मूल्याङ्कन गरीन्छ । कथावस्तु अनुकूल पात्रको चयन हुनुपर्छ (अवस्थी, २०५५ : ६) ।

### ३.३.३ परिवेश

परिवेशलाई देश, काल र वातावरण भनिन्छ । कथामा दृश्यात्मक पद्धति अपनाउदा देशकाल आउने गर्छ । चरित्रका क्रियाकलाप र घटनाको सन्दर्भसंग कथा वातावरणले चालचलन रीतिस्थिति, आचरण, स्वाभाव, भेषभूषा, सोचाई, रहनसहन, जीवनपद्धति, धार्मिक-साँस्कृतिक र राजनैतिक सन्दर्भ आदिलाई प्रतिबिम्वित गर्दछ । कथामा परिवेश समाख्यानात्मक र दृश्यात्मक जुनसुकै विधिवाट पनि प्रस्तुत हुन सक्छ । यसरी पात्र र कथावस्तु अनुकूलको जीवन्त परिवेशको आयोजना कथामा भएको हुन्छ (अवस्थी, २०५५ : ७) ।

### ३.३.४ उद्देश्य

अन्य साहित्यिक विधाभ्कै कथा पनि सोद्देश्य लेखिन्छ । जीवनको कुनै खास घटनाको चित्रण गर्नु नै कथाको उद्देश्य हो । उपदेश दिने, सत्यको उद्घाटन गर्ने, समय सापेक्ष विचार दिने, मनका तहहरूको विश्लेषण गर्ने, प्रगति वा व्यङ्ग्य प्रस्तुत गर्ने आदि काममा कथाकारको उद्देश्य स्पष्ट हुने गर्दछ । कुनै कथा केबल मनोरञ्जन, नैतिक उपदेश वा शिक्षा र कुनै सामाजिक परिवर्तनका लागि प्रगतिवादी विचार दिने उद्देश्यका हुन्छन् । जीवन र युगको सापेक्षमा उभिएर कथाले समाजका धार्मिक, राजनैतिक, सामाजिक, साँस्कृतिक, आर्थिक वैज्ञानिक आदि विषयको परिचय दिएको हुन्छ । यही जीवनको सत्यानुभूति कल्पना र शिल्पका मध्यबाट प्रस्तुत गर्नु नै कथाको उद्देश्य हो (श्रेष्ठ, २०६८ : ८) ।

### ३.३.५ कथनपद्धति

विषयलाई प्रस्तुत गर्ने ढङ्ग वा तरिका कथनपद्धति हो । कथामा आएका घटना पात्रका कार्यव्यापार तथा परिवेशलाई प्रस्तुत गर्ने विधिहरू समाख्यानात्मक र दृश्यात्मक गरी दुई प्रकारका हुन्छन् ।

समाख्यानात्मक विधि भनेको वर्णात्मक विधि हो । कथामा पात्रको परिचय, पृष्ठभूमि, कार्यव्यापार, सोचाई, मनका तर्क, क्रियाप्रतिक्रिया, घटनाले पारेको असर र त्यस्ता घटनावारे उसको अभिवृद्धिलाई कथाकार आफैले वणर्न गरेको पनि हुन सक्छ वा कथाभित्रका कुनै पात्रले पनि बयान गरेको हुन सक्छ । यस किसिमका वर्णनवाट कथ्य प्रस्तुत हुने विधि समाख्यानात्मक विधि हो । यस विधिमा समाख्यानात्मताले पात्रको भौतिक तथा मानसिक पृष्ठभूमिको बयान, कार्यहरूको वर्णन, टिप्पणी र मनभित्र पसेर पात्रका मानसिक वृत्तिहरूका केस्राकेस्रालाई केलाएर पाठकका सामु प्रस्तुत गर्दछ । विस्तृत वर्णन, विवरण, विश्लेषण आदिका माध्यमवाट पाठकले

पात्रको व्यक्तित्व, उसको जीवन दर्शन, कार्यप्रणाली र अवधारणाबारे चाल पाउँछ । समाख्याताको बयानप्रति विश्वस्त भएर त्यही आधारमा पात्रप्रति पाठकको धारणा बन्दछ । यसमा समाख्याताको बयान बाहेक पात्रबारे पाठकको आफ्नै मूल्याङ्कन गर्ने अन्य आधार हुँदैन । कथामा प्रस्तुत हुने यस्तो पद्धति समाख्यानात्मक पद्धति हो ।

दृश्यात्मक विधिमा संवादका माध्यमवाट पात्रहरूको कार्यव्यापारबारे पाठकलाई जानकारी प्राप्त हुन्छ । दृश्यात्मक विधिमा पात्रहरू कार्यप्रति आफैं अभिमुख पाउँछ र तिनिहरूका संवाद र कार्यकलापवाट पाठक आफैले मूल्याङ्कन गर्दछ । यस विधिमा पात्रहरूको कार्यव्यापार देखेपछि गरीएका विचारका आधारमा पाठकले पात्रको भौतिक तथा मानसिक पृष्ठभूमिवारे अनुमान गर्दछ । पात्रका मनभित्र रहेका वृत्तिहरूका केस्राकेस्रा आफै केलाउँछ र पात्रहरूका संवादका माध्यमवाट वस्तु र परिस्थितिवारे धारणा गराउँछ । संवादमा प्रस्तुत कथोपकथनका आधारमा पात्रको व्यक्तित्व, उसको मूल्याङ्कन गर्न कार्यप्रणाली र अवधारणावारे पाठकले आफैं ठम्याउँछ । हरेक विषयवारे मानसिक धारणा, आवेग, संवेग र मनोदशाको बोध पनि संवादलाई प्राप्त हुन्छ ।

यसमा घटनाहरूको छनोट, कथावस्तुको विकास र संक्षिप्त रूपमा दृश्यलाई पाठकका सामु राखिन्छ । एकै कथामा समाख्यानात्मक तथा दृश्यात्मक दुवै विधिहरूको प्रयोग हुन सक्छ । “चिताको ज्वाला” मा गोरेप्रति विधवाको समर्पणभाव, “हारजित” मा घुरहू र मनोहरको प्रतिष्ठागत द्वन्द्व “फुटपाथ मिनिष्टर्स” मा जघने र टिकिलाई आफूतिर आकर्षित पार्न गरीएका भिडन्त, मार्‍यो च्याङ्बाले मार्‍यो, असिनामा पार्‍यो” मा बाबु र छोराका बीचको दृष्टिकोण - भिन्नता, “खीर मा खीरबारे विभिन्न पात्रका मान्यता र सोचाई दृश्यात्मक विधिवाट प्रस्तुत गरीएका छन् भने “मधेसतिर” मा गोरे र विधवाको भित्री र बाहिरी व्यक्तित्वको परिचय समाख्यानात्मक विधिवाट दिइएको छ (श्रेष्ठ, २०६८ : ९) ।

**३.३.६ दृष्टिबिन्दु**

कथामा पात्रको स्थिति वा भूमिकाको प्रस्तुतिकरण गर्ने शैली दृष्टिबिन्दु हो । कथाकारले प्रथम पुरुष (म, हामी) पात्रको माध्यमवाट कथावस्तु अगाडि बढाउ द्वन्द्व न पनि सक्छ भने तृतिय पुरुष (उ, उनी, उहाँ)को प्रयोगले प्रस्तुत गर्न पनि सक्छ । कथा भन्नेको हो अथवा कसको कथा भनको छ भन्ने छुट्याउन दृष्टिबिन्दरको आधार लिइन्छ । यसैका आधारमा दृष्टिबिन्दु आन्तरिक दृष्टिबिन्दु (प्रथम पुरुष) र वाह्रय गरी दुई प्रकारका छुट्याउन सकिन्छ । दृष्टिबिन्दुको सम्बन्ध कथावस्तु र पात्रसंग हेर्ने हुनाले कथाकारले यसको कुनै एक वा बढी पात्रहरूलाई दृष्टिबिन्दुका रूपमा चयन गर्दछ । यसरी पात्रको कार्यव्यावारलाई पाठक सामू प्रस्तुत गर्ने यस्तो पद्धतिलाई दृष्टिबिन्दु भनिन्छ (अवस्थी, २०५५ : ८) ।

**३.३.७ भाषाशैली**

अन्य विधाझैं कथाको पनि बाँच्ने आधार भाषाशैली नै हो । साहित्य भाषा र कलाको समन्वित प्रस्तुति हुनाले कथामा पनि सहज, सरल, प्रवाहमय र मार्मिक भाषाको प्रयोग अनिवार्य हुन्छ। नविन र आकर्षक शैलीको प्रयोग हुदा कथाको भाषीक प्रयोग उत्कृष्ट बन्न जान्छ। कथामा भाषाको व्याकरणिक र कोषिय नियमको अतिक्रमण हुन्छ । कथामा उखान-टुक्का, उक्ति-सुक्ति, झर्रा शब्दयुक्त सरल कथ्यभाषाको सामाजिक यथार्थवादी कथालाई चिनाएको हुन्छ । कसैले आलङ्कारिक पात्रको स्वाभाव, विचार बौद्धिक स्तर आदिलाई ध्यानमा राखी कथामा संवादको भाषा बनाउनु पर्दछ।

अभिव्यक्तिको तरिका शैली हो। शैली भाषीक र साहित्यक गरी दूई प्रकारका हुन्छन् । साहित्यिक शैलीको पनि प्रयोग पाइन्छ । भाषालाई मिठासपूर्ण तथा सुन्दर बनाउने र कृतिमा कथाकारको आफ्नोपन चिनाउने काम यसैले गर्दछ। कथामा यी तत्वहरूका अतिरिक्त संवाद (कथोपकन), शीर्ष, द्वन्द्व आदि तत्वको पनि चर्चा गरीएको पाइन्छ। पात्रको बौद्धिक स्तर सुहाउँदो र संक्षिप्त संवादले कथाको कौतुहलता बढाउँदछ। केन्द्रीय कथ्य वा पात्रसंग सम्बद्ध र बाह्य द्वन्द्व देखाएर पनि कथालाई मार्मिक बनाउन सकिन्छ । यसरी कथामा भाव, बिचार वा अनुभुतिलाई अभिव्यक्त गर्ने तौरतरिका वा ढाँचा लाइ शैली भनिन्छ। यी दुई प्रकारका हुन्छन्।

**क. रैखिक ढाँचा**

कथाकारको खास कुनै दर्शन, विचार वा दृष्टिलाई सिद्ध गर्न कथात्मक रूपमा प्रस्तुत गर्दा उसले कथाको आरम्भ, मध्य हुँदै अन्त्य सम्म पुग्नु पर्ने हुन्छ । यसरी आदि मध्य र अन्त्यको श्रृङ्खलामा वा क्रममा अवद्ध कथाको ढाँचा रैखिक ढाँचा हो । यो परम्परागत शैलीको ढाँचाहो यसमा कथाकारले कथालाई आरम्भ वा आदि देखि मध्य हुँदै अन्त्य सम्म जाँदा प्लस प्वाइन्टहरूलाई आधार लिएर अघि बढाउँछ । यस खालको कथा ढाँचामा कथानकको सघनता पाइन्छ।

**ख वृत्ताकारीय ढाँचा**

आधुनिक शैलीको वृत्ताकार्य ढाँचामा कथानकको एउटा रेखा त हुँछ तर रैखिक ढाँचामा झैं कथानकको सघनता पाइदैन । यसमा कथाकारले आफ्नो बिचारका अनुभूतिहरूलाई घुमाएर प्रस्तुत गरेको हुन्छ । त्यसैले यसमा विचारहरू घुमेका हुन्छन्। यो कथाको अधुनिक शैली हो। यस ढाँचामा अवलम्बित कथालाई कथाकारले गोलाकार रेखामा अगाडि बढाउँछ (श्रेष्ठ, २०६८ : ९)।

**३.३.८ शीर्षक**

कथामा शीर्षक पनि अनिवार्य तत्व हो । शीर्षकले नै कामको सारलाई बुझाउँदछ । कथामा शीर्षक सुहाउँदो हुनपर्दछ। कथाको मूल भावलाई नै शीर्षकले जनाउँछ। शीर्षक आकर्षक

हुनुपर्दछ जसले कथामा सुन्दरता थप्ने काम गर्दछ । त्यसैले कथामा शीर्षकको अति आवश्यक पर्दछ । शीर्षक विनाको कथाको कल्पना समेत गर्न सकिदैन (अवस्थी, २०५५ : ५) ।

### ३.४ कथाका रचनागत तत्वहरू

रचनाका आधारमा पनि कथाको अध्ययन विश्लेशण गर्न सकिन्छ । जसका तत्वहरूलाई यहाँ प्रस्तुत गरीएको छ ।

#### ३.४.१. रुचिक्षेत्र

विषयले मात्र कथामा विविधता ल्याउदैन । एउटै विषयमा पनि विभिन्न रुचि भएका कथाकारले विभिन्न कथा रचना गर्न सक्छन् । जस्तै मैनालीको रुचिक्षेत्र सामाजिक छ भने कोइराला र गोठालेको मनोवैज्ञानीक । वास्तवमा कथाकारले लिएको विषयवस्तुलाई पुष्टि गर्ने र सत्य रूपमा देखाउने क्रममा उसले समाजको जुन क्षेत्रमा राख्दछ त्यही नै रुचिक्षेत्र हो । समाज एउटा व्यापक क्षेत्र हो भने यसका एक क्षेत्रलाई आफ्नो रुचिक्षेत्र बनाई कथाकारले कथा प्रस्तुत गरेको हुन्छ । कथाकारले रुचिक्षेत्रका आधारमा आफ्ना विषयवस्तुलाई घटना र चरित्रको अन्योल क्रियातद्वारा अनि शैली र कार्यपीठिकाको सहयोग लिई प्रस्तुत गरीन्छ (श्रेष्ठ, २०६८ : १९६) ।

#### ३.४.२ रीतिक्षेत्र

कथाकारले लिएको बिषयबस्तुलाई पुष्टि गर्न प्रयोग गरीएको क्षेत्र , सिद्धान्त, वाद, आदिलाई रीतिक्षेत्र भनिन्छ जसमा कुन सिद्धान्तको प्रोयोग भएको छ त्यो नै उसको रीतिक्षेत्र हो । कथामा सामजिक, ऐतिहासिक, पौराणिक विषयवस्तुलाई यथार्थवादी स्वच्छन्दतावादी, प्रकृतिवादी, अस्तित्ववादी आदि तरिकावाट प्रस्तुत गर्न सकिन्छ । यस्तो खाले प्रवृतिलाई रीतिक्षेत्रमा लिइन्छ । प्रचलित विभिन्न वादहरूलाई आदर्शवादी, प्रकृतिवादी, प्रतीकवादी आदि हुन सक्छन् (श्रेष्ठ, २०६८ : १९६) ।

#### ३.४.३ सारवस्तु

कथामा प्रस्तुत केन्द्रिय वा आधारभूत विचार नै सारवस्तु हो । यसलाई समान्यीकरण गरेर सत्य मानी कथामा नाटकीकरण गरीएको हुन्छ । कथाकारले कथामा लक्ष्य गरेको निर्दिष्ट सत्यको बोध स्पष्टसंग गर्नु नै त्यस कथाको सारवस्तु हो । यस सारवस्तुलाई कथात्मक रूपमा सिद्ध गर्न कथा शिल्पीहरूले कथानक र पाठकको अन्योल क्रियालाई मध्यम बनाउनका साथै शैली कार्यपीठिका आदिको पनि प्रशस्त सहयोग लिन्छन् । यसरी सारवस्तु भनेको कथाभित्र निहित कथाकारले अभिप्रायलाई वहन गर्ने आधारभूत विचार हो जसले कथालाई एकताबद्ध गर्दछ । सारवस्तु नै कहिलेकाहीँ विषयवस्तु हुनसक्तछ तर विषयवस्तु नै चाहिँ सारवस्तु होइन । यसैगरी सारवस्तु भनेको नीति शिक्षा पनि होइन यो त मानवीय मूल्य तथा यसका कुनै पक्षलाई कलात्मक ढङ्गमा प्रस्तुत गर्नुसंग सम्बद्ध कुरा हो । सारवस्तु दुईप्रकारका हुन्छन् -

1. प्रसङ्ग विषयवस्तु -कुनै समय तथा स्थान विशेषमा सीमित,

२. विश्वसनीय-सामूहिक मानवका विश्वव्यापी सत्यलाई खोज गर्ने परम्परागत र आधुनिक कथालाई हेरेर सारवस्तु प्रस्तुत गर्ने दुई किसिमका तरिका हुन्छन् भन्न सकिन्छ

१. विचार वाक्य वा प्रत्यक्ष पद्धति,

२. अप्रत्यक्ष वा प्रतीकात्मक विम्वात्मक पद्धति ।

सारवस्तुलाई सोझै शब्दबाट गर्ने वा विचार वाक्यको रूपमा राख्ने परम्परागत ढाँचाको पद्धति प्रत्यक्ष हो भने यसलाई कथामा प्रछन्न पारी त्यो खोज्ने वा पत्ता लगाउने जिम्मेवारी पाठकलाई सुम्पिने आधुनिक ढाँचा कथाकारहरूको पद्धति हो । आधुनिक कथाकारहरू सारवस्तुलाई प्रतीक र बिम्बका रूपमा राख्दै कुनै एक केन्द्रिय प्रतीक बिम्बद्वारा प्रकट गर्दछन् जो कथालाई मर्मस्पर्शी बनाउन सहायक बन्दछ । परम्परावादी कथाकारहरू चाहिँ प्रत्यक्ष रूपले एक वा बढी वाक्यमा सारवस्तुलाई प्रकट गर्न रुचाउँछन् सारवस्तुलाई प्रत्यक्षभन्दा अप्रत्यक्ष रूपले राख्दा नै कथामा कलात्मकता आउने हुनाले आजका कथामा विचार वाक्य पाइँदैन भने सारवस्तु कै पनि नगण्य भूमिका रहेको देखिन्छ (श्रेष्ठ, २०६८ : १२) ।

**३.४.४ कथानक ढाँचा**

शैली अन्तर्गत पर्ने यो कथानक ढाँचा परम्परागत शैलीमा लेखिएका कथामा पाइन्छ । कुनै पनि परम्परागत शैलीमा लेखिएका कथामा आदि, मध्य र अन्त्यको योजनाबद्ध ढाँचा रहेको हुन्छ । यो आदि, मध्य र अन्त्यको क्रमिक श्रृखलामा कथाका घटना र कार्यव्यापारलाई मिलाएर राख्नु नै कथानक ढाँचा हो ।

कथामा कुनै एक खास मुख्य समस्या हुन्छ, एउटा मुख्य पात्र पनि हुन्छ । त्यो पात्र र घटनाको अन्तरक्रियाद्वारा कथानकको विकास गरीएको हुन्छ । कुनै एक खास विन्दुवाट सुरु हुन्छ र क्रमिक रूपले अघि बढ्दै गएर निश्चित विन्दुमा टुङ्गिन्छ भने त्यो विन्दु कथाको समस्या नै हो । त्यो मख्य समस्यासंग जुझ्दै अघि बढेको मुख्य पात्र र कथाको समस्या नै हो । त्यो मुख्य पात्रको मुख्य चिनारी गराइएको अवस्था कथाको आरम्भ हो । कथामा रहेको त्यो मुख्य समस्यासंग पहिचान गराएपछि त्यसका विषयमा कथाकारले विश्वास पनि दिलाउनु पर्ने हुन्छ । मुख्य समस्याको बारेमा विश्वास दिलाएको ठाउँ कथाको मध्य हो । कथाको मध्यमा मुख्य समस्याहरू आउँछन् मध्यमा मुख्य समस्यासंगै सम्बन्धित भएर अन्य समस्याहरू आउँछन् । मुख्यपात्र त्यो मुख्य समस्या समाधानार्थ त्यससंग जुट्दै अघि बढ्दा नै यी विभिन्न समस्याहरू आउँछन् र समस्याको समाधानमा बाधा र व्यवधानहरू उत्पन्न हुन्छन् । ती व्यवधानका रूपमा आउने समस्याहरूले तनावको सिर्जना गरीदिन्छ । यस तनावपूर्ण स्थितिमा कथाको मुख्य पात्रले समस्याका सामाजिक मूल्य र मानकसंग नै सङ्घर्ष गर्नुपर्ने हुन्छ । वास्तवमा त्यो समस्या सामाजिक मूल्य र मानक अनुरूप हुनुपर्दछ । यसरी कथामा त्यो खास अभिप्राय मध्य मै भनिएको

हुन्छ आदि त कथाको पृष्ठभूमि मात्रै हो । मुख्य पात्रले जव यी व्यवधान सङ्घर्ष वा समस्यासंग जुझेर अन्त्यमा द्वन्द्वरहित अवस्थामा पुगेर समाधानको विन्दु प्राप्त गर्दछ त्यो कथाको अन्त्य हो । यसरी कथाभित्र रहेका मुख्य समस्याको समाधानको विन्दु अन्त्य हो । यहाँ समस्या वा कथानकलाई आदि:मध्य र अन्त्यको क्रमिक श्रृङ्खलामा राखेर प्रस्तुत गर्नू नै कथानक ढाँचा हो ।

कथानक ढाँचा अनेक विधा हुन्छन् तापनि परम्परागत शैलीका कथामा रैखिक ढाँचा रहेको हुन्छ । रैखिक ढाँचाका पनि परिवर्तित र तत्क्षणिक गरी दुईप्रकार हुन्छन् । आदि, मध्य र अन्त्यको क्रमिक श्रृखलामा आवद्ध तत्क्षणिक हो भने त्यसको व्यतिक्रमिक अवस्था परिवर्तित हो ।

**३.४.५ अर्थसापेक्ष**

कुनै कथामा भन्न खोलिएको कुरा सोझो रूपमा व्यक्त गरीएको हुन्छ भने कुनैमा प्रतीकका माध्यमले वा कुनैमा बृहद् प्रतीकका माध्यमवाट गरीएको हुन्छ । यसैले खासगरी अर्थसापेक्ष वा अर्थका तह तीनवटा मानिन्छन्: (१) अभिधात्मक, (२) प्रतीकात्मक ३ अन्योक्तिमूलक । यिनै आधारमा अर्थ सापेक्ष हेर्न सकिन्छ (श्रेष्ठ, २०६८ : १९७) ।

**३.४.६ रूपविन्यास**

कथावस्तुलाई एउटा निश्चित आकार प्रधान गरीसकेपछि कथाकारले त्यसलाई सुन्दर बनाउन प्रयोग गर्ने युक्ति नै रूप विन्यास हो । यस भित्र कथाका शुष्म तत्वहरू पर्दछन् जस्तै : पद्विन्यास, विम्ब विधान, व्याङ्ग्य, प्रतिक विधान, तुलना, शीर्षक आदि । कथाको भाषिक एवम् शिल्प-शैलीगत निर्माणमा सहायता गर्ने तत्वहरू यसमा पर्ने भएकाले तत्क्षण यसले पाठक वर्गलाई प्रभावित पार्नेकाम गर्दछ । कथाबाट अर्थ, सारवस्तु, कथावस्तु आदिलाई पृथक गरेर हेर्दा त्यसमा बाँकी जे देखिन्छ, त्यही नै रूप विन्यास हो । साहित्यमा प्रतीक मूर्त वस्तुका रूपमा देखाइन्छ र त्यस वस्तुले कुनै अमूर्त कुरालाई जनाउँछ । यसरी प्रतीक अमूर्तको मूर्त विधान हो । कथामा यसले संरचना पक्षलाई नै अझ बढी सम्वेद्य बनाउने अथवा पात्रको स्थितिलाई बोध गराउने भूमिका खेल्दछ । विम्ब शब्दको प्रयोग साहित्यमा मानसिक तस्विर भन्ने अर्थमा प्रयुक्त हुन्छ । कुनै वस्तुको रूप, रङ्ग, गुण वा आकारको इन्द्रीय ग्राहय अनुभुतिको सञ्चारण पाठकमा गर्नु नै विम्बको मुख्य धर्म हो । विम्बले पनि रूप विन्यास पक्षमा महत्वपूर्ण भूमिका खेल्दछ (श्रेष्ठ, २०६८ : १०) ।

## ३.५. नेपाली कथाको ऐतिहासिक विकासक्रम, प्रमुख मोड, धारा र प्रवृत्ति

### ३.५.१ पृष्ठभूमि

संस्कृत, प्रकृत र अपभ्रंषकालीन धार्मिक, नैतिक, शृङ्गारिक कथाहरूमा सामाजिकताको सूक्ष्म अङ्ग पाइन्छ । यस्तै अवधी, हिन्दी, फारसी कथाहरूमा शृङ्गारिक र जासुसी प्रवृति पनि प्रस्तुत भएको देखिन्छ । प्राचिन विकसित महाकाव्य भित्रका कथा उपन्यासहरूमा अस्वभाविक र भोगाइ

भन्दा टाढाको जीवन अभिव्यक्त भएको पाइन्छ । यसै पृष्ठभूमिको प्रभवलाई आत्मसात गर्दै नेपाली कथा देखापरेको छ ।

माध्यमिक कालीन नेपाली कथाहरूमा जासुसी, तिलस्वी, धार्मिक, पौराणिक, नैतिक, औपदेशिक, कौतुहलमय, साहसिक तथा वीरतापूर्ण र शृङ्गारिक मनोविनोदी सामाजिक-ऐतिहासिक प्रवृत्ति प्रमुख थियो । पछि युरोपेली नवीन कथा परम्पराको क्रमशः बङ्गाली हुदै नेपालीमा पनि प्रवेश गऱ्यो । तिनैका अनुदित-रूपान्तरीत केही कथाहरू “कथासरित सागर” “अरेवियन नाइट्स” आदि पत्रिकामा प्रकाशित भएका छन् । यिनैमा आधुनिक नेपाली कथा मूल्य एवम् चिन्तनका झिल्का भेटिन्छन् । “गोरखापत्र”, “गोर्खे खवर कागज” “सुन्दरी” “माधवी” आदि पत्रिकाले भन्दा गोरखासंसार (१९८३) ले नै मौलिक नेपाली सामाजिक  कथाको आह्वान गर्न थाल्दछ । नेपाली युवाहरूमा विस्तारै शैल्पिक चेतना आउनाले र अङ्ग्रेजी, हिन्दी, बङ्गाली आदि साहित्यसंगको परिचयले नवीन वातावरण सृजना हुन्छ । यसरी आधुनिक, सामाजिक कथा लेखन नेपाली कथा यात्रामा भित्रिएको पाइन्छ ।

नेपाली कथा साहित्यको विकासमा पूर्वीय र पश्चात्य दुवै क्षेत्रको प्रभाव देखिन्छ । संस्कृत गाथा, आख्यान तथा आख्यायिकावाट मात्र होइन अंग्रेजीका Story Tale, Short Story आदिले पनि नेपाली कथालेखनलाई प्रभावित तुल्याएका छन् । नेपाली लोककथा, आहान, कथाकुथुङ्री कहानी, किस्सा, दन्त्यकथा आदिको नाममा नेपाली समाजमा पनि दैनन्दिनका घटना समस्याको चित्रण गर्दै मनोदशाको उद्घाटन गर्न थालिएको पाइन्छ । विभिन्न पत्रपत्रिकाको माध्यमवाट नेपाली कथा लेखनमा विस्तारै नवीन शैली एवम् सामाजिक निरिक्षणको प्रवृति आएको देखिन्छ । फलस्वरूप “तरुण गोर्खा” (१९५८) “जन्मभूमी” (१९७९) “गोर्खाली” आदिमा प्रवासी नेपाली साहित्यकारहरू सक्रिय हुन थाल्दछ । यिनै पत्रिका भित्रका कथाहरूले आधुनिक कथाको स्वरूप निर्धारण गर्ने प्रयास गरेको पाइन्छ (श्रेष्ठ, २०६८ : १९) ।

**३.५.२ प्राथमिक काल (वि.सं. १८२७-१९५७)**

“नेपाली भाषाको अभिलेखीकाल (**ताम्रपत्र, शिलापत्र आदि अभिलेख**) र ग्रन्थ लेखन काल ( **औषधिमुलो, ज्योतिषशास्त्र आदि ग्रन्थ**) लेखनयात्रा पार गरेपनि विधागत स्पष्टता देखाइसकेको थिएन । पछि केही साहित्य निकट रचनाहरू लेखिन थाले र यस युगको श्रीगणेश शक्तिबल्लभ अर्यालको **“महाभारतको विराटपर्व”** (१८२७) वाट हुन्छ । यसपछि संस्कृत, अंग्रेजी, अरबी, फारसी आदि भाषा-साहित्यवाट नेपाली अनुवाद-रूपान्तरण प्रचलन देखा पऱ्यो । भानुदत्त शर्माको **हितोपदेश मित्रलाभ** (१९३३) रामचन्द्र  उपाध्ययको **“लक्ष्मी धर्म संवाद”** (१८५१) शक्तिबल्लभ अयार्लको हास्यकदम्ब (१८५५), नाम अज्ञात भएका **“स्वस्थानी ब्रतकथा”**(१८७८-८८) र पिनासको कथा (१८७२), हीन व्याकरणी विद्यापतिको **“गीतागोविन्द”**, (१८८८) आदि यसैका

उपज हुन् । त्यसैका उपज भवानीदत्त पाण्डेको "**मुद्राराक्षस**" (१८९२) सुन्दर नन्द बाँडाको "**अध्यात्म रामायण**" (१८९६) नाम अज्ञात भएको जङ्गबहादुरको बेलायत यात्रा (१९०७) "**सत्यनारायण ब्रतकथा**" (१९४८) आदि रचनाहरू देखा पर्दछन् । यसका अतिरिक्त अङ्ग्रेजीवाट अनुदित्त प्रमुख कृतिहरू "**सेरामपुरको वाइवल**" (१८८४) पादरी **गङ्गाप्रसादको** "**वाइवल**" (१९४०)र भारतीय भाषावाट अनुदित "**मुन्सीका तीन आहान**" (१८७३) वीरवल चातुरी नाम अज्ञात भएको सत्र सेनको कथा (१९५५) जस्ता रचनाहरू नेपाली भाषामा लेखिएको पाइन्छ ।"

प्राथमिककालिन यी कथाहरू इतिवृतात्मक, मनोरञ्जनात्मक, अनौठा (Fantasy) घटना-पात्रको संयोजन भएका नैतिक-धार्मिक भावना जगाउने प्रवृतिका देखिन्छन् । छिटफुट नेपाली वातावरण पाइए पनि अनुदित र रूपान्तरित यस्ता कथाहरूमा भोगाइको यथार्थ वातावरण पाइदैंन । कथा सम्पूर्ण वास्तविक होइनन् । कथात्मक सूत्र भएका आख्यानात्मक यस्ता कृतिमा विधागत सचेतना पनि पाइदैन । समायोजन उपदेश, धर्म, शिक्षा, मनोरञ्जन र भाषिक नमूना प्रस्तुत गर्ने अभिव्यक्तिलाइ मनोरञ्जन र नीतिमूलक सन्देश दिइन्छ । यसरी संस्कृत, अरबी, फारसी, अङ्ग्रेजी आदि साहित्यका रचनालाई कथा स्रोत बनाई रचिएका यी रचनाहरूमा पूर्ण रोमाञ्चकता, उत्सुकताको जागरुकता, संवेग आदि विशेषता पाइन्छन् (अवस्थी, २०५५ : १२) ।

**३.५.३ माध्यमिककाल (वि.सं. १९५८-१९९१)**

माध्यमिककालको **थालनी "गोरखापत्र"** (१९५८) को प्रकाशनवाट हुन्छ । यस चरणमा आख्यानात्मक मात्र नभई खिस्सा, कहानी आदि कथाकै रूपहरू देखा पर्दछन् र त्यस्तै वनारस, दार्जिलिङ्ग, खर्साङ आदि भारतीय भूमिवाट प्रकाशित **सुन्दरी** (१९६३) **माधवी** (१९६५) **गोखाली** (१९७२) **चन्द्रिका** (१९७५) **तरुण गोरखा, जन्मभूमि, गोर्खा संसार,** (१९८३) जस्ता पत्रिकाहरूले यस कालका कथालाई विकसित तुल्याउने काम गरेको छैन । गोरखापत्रले **पञ्चकप्रपञ्च** (१९६२) **माला** (१९६८), **सुकूलगुण्डाको कहानी (१९७६) हीराको औंठी** (१९७०) **हृदय परीक्षा** (१९७२) जस्ता सामाजिक कथाहरूका अतिरिक्त **धर्मात्मा** (१९६८) **स्वर्गको साँचो** (१९७०) **विरक्त विज्ञानन्द** (१९७०) **कर्मको फल** (१९७८) जस्ता धामिक एवम् पौराणीक कथाहरूमात्र होइनन् एक बिचित्रको जासुसी (१९७१) **भूतलिला** (१९७३) जस्ता जासुसी तथा उटपट्याङ, मनोरञ्जनात्मक र नैतिक कथाहरू पनि गोरखापत्रमा प्रकाशित भएका छन् । त्यसपछि माधवी पत्रिकामा सुन्दरीभूषण, कलावती, विलासिनी जस्ता कथाहरूले नारी जीवनका समस्यालाई चिनाएका छन् । त्यसै गरी माधवीमा प्रकाशित एक औपदेशिक कथा, राममणि आ.दी. का पतिब्रत प्रभाव (१९६५) माध्यमिक कालको पछिल्लो चरणमा सूर्यविक्रम ज्ञवालीको देवीको बली (१९८३), रूपनारायण सिंहको "**परिवर्तन र अन्नपूर्णा**" (१९८४) शिखरनाथ सुवेदीका "**पिनासको कथा**", राममानसिहको एउटा

**गरीब सार्कीको छोरी** (१९८६) प्रेमसिहंको **करणीको फल** (१९८६) जस्ता सामाजिक विषयका कथाहरू देखा पर्दछन् ।

माध्यमिक कालको प्रथम चरणका कथाहरूमा नेपाली सामाजिक परिवेश सूक्ष्म रूपमा प्रस्तुत हुन थालेको छ । मानवेत्तर पात्रको प्रयोग गरी मानवीय जीवन चिनाउने र धार्मिक, पौराणिक, नैतिक, औपदेशिक, साहसिक, जासुसी मनोरञ्जनात्मक आदि विविध उद्देश्य लिएर विभिन्न स्रोतवाट कथावस्तु तयार गर्ने काम यति बेला कथामा भएको छ । प्राचिन कालकै अनुवाद-रूपान्तरण र मनोरञ्जनात्मक एवम् अलौकिक वर्णनलाई निरन्तरता दिइए पनि विधागत स्पष्टता त यति बेला कथामा राम्रैसंग देखापरेको छ । मुख्यतः सामाजिक रीतिस्थिति, आर्थिक अवस्था, साँस्कृतिक मान्यता आदिको वर्णन तथा आदर्शको चित्रण र नैतिकता यति बेलाका कथाको मूल विशेषता बनेको हो । माध्यमिक कालको पछिल्लो चरणमा भने सामाजिक विषयवस्तुलाई सामवेश गराएर माध्यम वर्गिय नेपाली समाजको चित्रण गर्दै दुःखित पिडितहरूवाट शृङ्गारिक भावनालाई पनि कथाहरूले महत्वका साथ प्रस्तुत गरेको पाइन्छ । जीवन-जगत्, विज्ञान-प्रविधि समाज-संस्कृति आदिका मूल्यहरू पहिचान गर्ने काम यस विज्ञान-प्रविधि, समाज-संस्कृति आदिका मूल्यहरू पहिचान गर्ने काम पनि यस कालमा कथाहरूले गरेका छन् । यी कथाहरूले माध्यमिक कालीन जासुसी , नैतिक, धार्मिक, प्रवृत्तिलाई बिदा दिंदै नेपालीपन प्रस्तुत गरेका छन् । नेपाल बाहिरका नेपालीहरूको आर्थिक, सामाजिक, धार्मिक, साँस्कृतिक अवस्थाको चित्रण गर्नुका साथै जीवन निर्वाहमा देखा परेका विसङ्गतीहरू पनि खोतलिएका छन्. । यी कथाहरूले सामाजिक जीवनका चित्रहरू खिचेर आदर्शमय समाज स्थापना गर्नुपर्ने कामना गर्दछन् । नेपाली कथामा आधुनिकता ल्याउने पृष्ठभूमिको निर्माण यसै चरणले गरेको देखिन्छ । अन्नपूर्ण कथा यथार्थमा आधारित छ । यसमा एउटी छोरीको सामाजिक अवस्था चित्रित छ । एउटी गरीब सार्कीकी छोरी कथाले गरीबी, जातीय एवम् लैङ्गिक विभेद र महिलाका विसङ्गत पक्षमाथि व्यङ्ग्य गरेको छ । करणीको फल मा पनि विसङ्गत समाजकै चर्चा पाइन्छ । यी सबै प्रयासहरू आधुनिकता तर्फका सङ्क्रमण कालीन प्रयासहरू मानिन्छन् । पूर्ववर्ती चरणलाई तीन कालखण्डमा बाँड्न सकिन्छ (अवस्थी, २०५५ : १३) ।

### ३.५.४ आधुनिक काल (वि.सं. १९९१ देखि हालसम्म)

१९९२ सालको नासो कथादेखि सामाजिक यथार्थवादको थालनी भएको आधुनिक नेपाली कथामा विभिन्न मोड र घुम्तीहरू आएका छन् । यस क्रममा विश्वेश्वरप्रसाद कोइरालाको चन्द्रवदन (१९९२) देखि मनोवैज्ञानिक यथार्थवाद, रमेश विकलको गरीव (२००६) मार्फत समाजवादी यथार्थवादी धारा, इन्द्रवहादुर राईको खीर (२०१९) कथा मार्फत प्रयोगवादी धारा र २०४० को दशकदेखि समसामयिक नेपाली कथा धाराको थालनी भएको भेटिन्छ । आधुनिक कथा

भन्नाले यिनै मोड र घुम्तिका विकशित कथा र कथाकारको लेखन यात्रालाई अलगअलग रूपमा अध्ययन गर्नुपर्दछ । आधुनिक कथालाई तीन चरणमा निम्न ञअनुसार देखाउन सकिन्छ (अवस्थी, २०५५ : १३) ।

### ३.५.४.१ प्रथम चरण (वि.सं.१९९१-२०१९)

नेपाली आधुनिक कथाको प्रथम चरणको रूपमा वि.सं. १९९२ सालको नासो कथा प्रकाशित भएपछिको समयदेखि लिएर इन्द्रवहादुर राईको नेतृत्वमा भएको तेस्रो आयामका कथाहरू लेखिन थालिएका समयसम्मको अवधी प्रथम चरण हो । यस प्रथम चरणममा आधुनिक कथामा निम्नलिखित धाराहरू रहेका छन्

क) सामाजिक यथार्थवादी धारा

ख) मनोवैज्ञानिक यथार्थवादी धारा र

ग) समाजवादी यथार्थवादी धारा

**क. सामाजिक यथार्थवादी धारा**

सामाजिक जीवनका घटनाहरूलाई यथार्थपरक ढङ्गले प्रस्तुत गरी समाज जस्तो छ त्यस्तै रूपमा प्रस्तुत गर्नु नै सामाजिक यथार्थवादी धाराको विशेषता हो । आधुनिक नेपाली कथाको इतिहासको प्रारम्भ सामाजिक यथार्थवादबाट भएको हो । कथाकार गुरूप्रसाद मैनाली यस धाराका प्रथम अधिष्ठाता भएकाले उनलाई प्रथम आधुनिक कथाकार मानिएको हो । उनको यथार्थवादी दृष्टिकोणको विस्तार आदर्शबाद सम्म भएको हुँदा आदर्शोन्मुख यथार्थवाद उनको मूल प्रवृत्ति भएको छ । यस धाराका अन्य कथाकारहरूमा पुष्कर समशेर, बालकृष्ण सम, इन्द्र सुन्दास, पूर्णदास श्रेष्ठ, हृदयचन्द्र सिंह प्रधान, रूपनारायण सिंह, शिवकुमार राई, शङ्कर कोइराला, दौलतविक्रम विष्ट, लिलवहादुर क्षेत्री , माया ठाकुरी आदि हुन् (अवस्थी, २०५५ : १५) ।

**ख. मनोवैज्ञानिक यथार्थवादी धारा**

नेपाली कथामा पाश्चात्य प्रभावलाई भित्रयाएर आधुनिकताको परिमितिलाई धेरै फराकिलो तुल्याउने यस धाराका प्रथम प्रधिष्ठाता विश्वेश्वरप्रसाद कोइराला हुन् । फ्रायड, एडलर र युङ्गका मनेवैज्ञानिक सिद्धान्तबाट प्रभावित भई नेपाली साहित्यमा कथा लेख्ने परम्पराको सुरुवात गर्ने काम शारदा पत्रिका मार्फत चन्द्रवदन कथा प्रकाशित भएपछि यस धाराको सुत्रपात भयो । मानिसका मनोयथार्थिक पक्षको उद्घाटन गर्ने क्रममा यौनलाई गहिरोबाट पर्यवेक्षण गरीएको छ । मनोस्नायु विकृतिको सिकार भएका पात्रहरू अथवा असामान्य मनस्थिति भएका पात्रहरूको यौनजन्य संवेदना र अनुभुतिलाई कथाकारहरूले व्यक्त गरेका छन् । कोइरालाले सुरुवात गरेको मनोवैज्ञानिक यथार्थ धारामा कथा लेख्ने कथाकारहरूमा गोबिन्द मल्ल 'गोठाले', भवानी भिक्षु, विजय मल्ल, केशवलाल कर्माचार्य, देवकुमारी थापा, पोषण पाण्डे, प्रेमा शाह, कुमार ज्ञवाली लगायतका रहेका छन् (अवस्थी, २०५५ : १६) ।

**ग. समाजवादी यथार्थवादी (प्रगतिवादी) धारा**

यथार्थवाद सदैव जनसाहित्यको पक्षधर रहेको हुन्छ । साहित्य वर्गीय हुन्छ र यसको वर्गवोध गराउनु पर्दछ भन्ने मान्यतामा समाजवादी र यथार्थवादी कथा छन् । धनी वर्गका विरुद्ध गरीव वर्गहरू एकजुट भई वर्ग सङ्घर्षमा जानु पर्छ भन्ने आशयका कथाहरू समाजवादी यथार्थवादी धारा अन्तर्गत पर्दछन् । यसलाई प्रगतिवादी धारा पनि भनिन्छ । वि.सं. २००६ सालमा रमेश विकलद्वारा लिखित 'गरीब' कथाबाट यस धाराको प्रारम्भ भएको हो । यस धारामा अन्य कथाकारहरू डि.पि अधिकारी, भवानी घिमिरे, कृष्णप्रसाद सर्वहारा, खगेन्द्र संग्रौला, नारायण ढकाल, घनश्याम ढकाल, हरीहर खनाल, ऋषिलाल बराल आदि हुन् (अवस्थी, २०५५ : १६) ।

**३.५.४.२ द्वितीय चरण नवयुग (वि.सं २०२०-२०३५)**

"वि.सं.२०२० को दशकदेखि आधुनिक नेपाली कथाको इतिहाँसमा नयाँ धाराको थालनी भयो जसलाई नवयुग भनिन्छ । आधुनिक नेपाली कथामा नवयुगको नव लेखनको एउटा शिलशीला हो । यस धाराले कथाको रचना विधानमा क्रान्ति ल्याई पाठक वर्गलाई आफ्नै समाज, राष्ट्र र परिवेश बारे गम्भिर मनन् गर्ने अवसर प्रदान गर्दछ । नवयुगीन कथामा मूल्य द्वन्द्व नैतिकता, अनैतिकता, इमान्दारी र अइमान्दारी बीचको द्वन्द्व नै मूख्य द्वन्द्व हो । नवीन विषयको यात्रा क्रममा यसले कथाको संरचानालाई भिन्न तुल्याई दिएर पाठक वर्गको चेतना, संवेग र बैद्धिकतालाई छुने प्रयास गरेको छ । यसले परम्परागत लेखन शैलीलाई चुनौती दिएर जीवन-दर्शन तथा अमूर्त चिन्तनप्रति पाठकको ध्यान तान्ने उद्धेश्यमा आफूलाई प्रतिवद्ध पारेको छ । सङ्क्षेपमा भन्नु पर्दा आधुनिक नेपाली कथा परम्परामा नवयुगले विश्व संस्कृतिको नेपाली सस्करणका रूपमा अवतरित भएको हो भन्नु युक्तिसंङ्गत हुन्छ । यसै चरणमा प्रयोगवादको समेत विस्तार भएको पाइन्छ । नवयुगीन कथामा प्रयोगवादी कथा लेखन अघि बढेको पाइन्छ र प्रयोगवादी लक्षण आयामिक कथा, कथाहीन कथा, अकथा र स्वैर काल्पनिक प्रयोग जस्ता विविध प्रयोगवादी लेखन भएको छ । इन्द्रबहादुर राइको खीर (२०१९) कथाबाट प्रयोगबादको थालनी भएको हो । यस धाराका कथाकारहरूमा परशु प्रधान, ध्रुवचन्द्र, शैलेन्द्र शाकार, मनु ब्राजकी, ध्रुव सापकोटा, मोहनराज शर्मा, गोपाल पराजुली, अशेष मल्ल, भाउ पन्थी आदि रहेका छन्" (अवस्थी, २०५५ : १८) ।

**३.५.४.३ तृतीय चरण-समसामयिक धारा (वि.सं. २०३६ देखि हालसम्म) :**

"समसामयिक युगको थालनी वि.सं. २०३६ देखि वर्तमान समयसम्म मानिएको छ । परम्परागत ढाँचा भन्दा पृथक नवयुगीन कथा प्रयोगवादी कथा लेखन भन्दा नवीन भएर देखा परेको छ । परम्परागत मूल्य, मान्यताभन्दा पृथक अस्तित्वको खोजी राष्ट्रिय परतन्त्रताभन्दा स्वतन्त्रताको र प्रजातन्त्रिक मूल्य र मान्यताको संवरणमा कथा जागरुक भएको भेटिन्छ । युगीन

जटिल परिस्थिति र विज्ञानको यन्त्रिकरणले मानव जीवन सुङ्कटग्रस्त विवश र निरीह एवम् एक्लो बन्दै गएको स्थितिको चित्रण गर्ने परिपाटीको विकास भएको छ । समकालिन नेपाली कथाकारहरूले स्वैर कल्पनालाई एउटा शैली बनाएर जीवन मूल्यलाई भावना र भावुकता होइन तार्किक विचारको कोणबाट तौलने काम गरे । स्वैर कल्पनालाई व्यङ्ग्य, प्रतीक र मिथकमा प्रयोग गरेर वास्तवमा यथार्थकै आग्रह बढी राखे । नेपाली कथाको यो चरण वर्तमान स्थिति हो । यो नै समसामयिक धारा पनि हो । विभिन्न चुनौतीको सामना गर्नु आजको कथाको आवस्यकता बनेको छ । राजनैतिक अग्रगमन र प्रतिगमनका, घात प्रतिघातले उब्जाएको मानसिक अन्तर्वेदन र सामाजिक स्थितिलाई कथाकारहरू कथा लेख्नमा सक्रिय रहेका छन् । यस धाराका कथाकारहरूमा नयनराज पाण्डे, जनार्दन जागरुक, अनुक्रमराज शर्मा, रत्न प्रजापती, आमोददेव भट्टराई, हरिहर पौडेल, राजेन्द्र पराजुली, महेश विक्रम शाह, रमेश क्षितिज, रोशन थापा 'नीरव', किशन थापा 'अधीर' आदि रहेका छन्" (अवस्थी, २०५५ : २०) ।

निष्कर्षमा भन्नुपर्दा आधुनिक नेपाली कथाको प्रस्थानविन्दु 'शारदा' पत्रिका वि.सं. १९९२ मा प्रकाशित गुरूप्रसाद मैनालीद्वारा लिखित 'नासो' कथाबाट प्रारम्भ भई वर्तमान समयसम्म निरन्तर चलि रहेको छ । विभिन्न धारामा आधारित भएर कथाहरू सृजना भएका छन् जुन समय अनुसार परिवर्तन हुँदै आधुनिक नेपाली कथा अगाडि बढेको छ । सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक आदि पक्षको यथार्थ रूपले फोटो खिच्दै विभिन्न आरोह अवरोहका साथ यो युग अगाडि बढेको छ ।

### ३.६ कथाको वर्गीकरणका आधारहरू

समाज सापेक्ष रूपमा विकसित हुँदै आएको कथाले प्रारम्भदेखि आजसम्म आउँदा अनेक स्वरूप बदलिदो छ । विषय र शैलीका दृष्टिले पनि यसमा एकरूपता पाइन्न । कथाको वर्गीकरणको प्रसङ्गमा के भन्न सकिन्छ भने कथा यति नै प्रकारका हुन्छन् भनेर किटान गर्न सकिदैन र कथाको वर्गीकरणमा पनि विभिन्न समीक्षकले आ-आफ्नै तरिका, दृष्टिकोण वा धारणा प्रस्तुत गर्दै कथाका विषयलाई मात्र, शैलीलाई मात्र वा उद्देश्यलाई मात्र आधार वनाएर प्रकारगत विभाजन गर्न सकिन्न । त्यसैले कथाको वर्गीकरण गर्दा निम्न प्रकारका आधारहरूलाई लिई वर्गीकरण गरिएको देखिन्छ (१) रुचिक्षेत्रका आधारमा, (२) रीतिक्षेत्रका आधारमा, (३) शैलीका आधारमा र (४) दृष्टिविन्दुका आधारमा (श्रेष्ठ, २०६८ : १४) ।

#### ३.६.१ रुचिक्षेत्रका आधारमा

विषयको मात्र कथामा विविधता ल्याउने होइन । एउटै विषयमा पनि विभिन्न रुची भएका कथाकारले विभिन्न कथा रचना गर्न सक्छन् । त्यसैले कथाको विषयलाई कथाकारको रुचिक्षेत्रसंग गाँसेर हेर्नुपर्ने हुन्छ । प्रत्येक कथाकार कुनै पनि विषयवस्तु प्राप्त गर्ने वित्तिकै आफ्नो रुचिअनुसार

त्यसलाई समाजशास्त्रीय, मनोवैज्ञानिक र दार्शनिक रूपले प्रस्तुत गर्न सक्छ । तसर्थ कथाको वर्गीकरण गर्दा रुचि क्षेत्रको वर्गीकरणका आधारमा गर्नुपर्ने हुन्छ । जस्तै मैनालीको रुचिक्षेत्र सामाजिक छ भने कोइराला र गोठालेको मनोवैज्ञानिक । यसको आधारमा वर्गीकरण गर्दा कथाहरू सामाजिक, मनोवैज्ञानिक, ऐतिहासिक, पौराणिक, राजनैतिक, दार्शनिक आदि हुन सक्छन् (श्रेष्ठ, २०६८ : १४) ।

**३.६.२ रीतिक्षेत्रका आधारमा**

कथाहरू सामाजिक हुँदैमा यथार्थवादी हुन सक्दैनन् । नेपालीमा गुरूप्रसाद मैनाली प्रथम सामाजिक कथाकार हुन् । किनभने उनले सामाजिक विषयलाई यथार्थवादी ढङ्गले प्रस्तुत गरे । गोर्खा संसारमा प्रकाशित सूर्यविक्रम ज्ञवालीको “देवीको बली” यथार्थवादी हुनसकेन । किनभने माध्यमिक कालमा सामाजिक कथाहरूमा जुन विषयवस्तु लिए पनि त्यसलाई आर्दशमा टुङ्ग्याइन्थ्यो र यसको प्रभाव उपर्युक्त कथामा व्यापक रूपमा रहेको छ । यो माध्यमिक कालीन प्रवृत्तिको अवशेषको रूपमा रहेको प्रभाव हो । त्यसैले उनले गद्यमा पद्य पनि दिने र आर्दशको जलप कथामा दिने काम गरेको छन् । अतएव उनी आर्दशोन्मुख यथार्थवादी कथाकार हुन् । जुनसुकै सामजिक, ऐतिहासिक, पौराणिक विषयवस्तुलाई यथार्थवादी स्वच्छन्दतावादी, प्रकृतिवादी, अस्तित्ववादी आदि तरिकावाट प्रस्तुत गर्न सकिन्छ । यस्तो खाले प्रवृतिलाई रीतिक्षेत्रमा लिइन्छ । प्रचलित विभिन्न वादहरु आदर्शवादी, प्रकृतवादी, प्रतीकवादी आदि हुन सक्छन् ।

नयाँ समालोचनाको शब्दावलीमा सामाजिकतालाई सामाजिक जीवनको बारेमा लेखिएको र मनोवैज्ञानिकलाई मानसिक समस्याको वारेमा कथा लेखिएको भन्ने गरीन्छ । कुनै पनि साहित्यक रचनालाई त्यसरी यथार्थवादी मनोवैज्ञानिक भनेर छाप लगाउन मिल्दैन । नासो शैलीका आधारमा घटना प्रधान कथा हो । त्यसवेला लेखिएको सम्पूर्ण कथाहरू घटनाप्रधान थिए । घटनालाई प्रधानताका साथै नासोमा चरित्रको सुस्पष्ट  चित्रण पनि भएको छ । नासोमा सुभद्रालाई आदर्श हिन्दू नारीका रूपमा देखाइन्छ भने परालको आगोको शैली कथा भरी एकनासको छ । त्यस्तै कथामा भावना संवेग अर्मूत विधान पनि हुन्छन् । अतएव कथालाई यही नै हो भनेर एउटै रूपमा किटान गर्न सकिदैन । यही समस्याको कारणले  गर्दा नै कसैले भिक्षुका कथालाई स्वच्छन्दतावादी भनेका छन भने कसैले मनोवैज्ञानिक  ।

इन्द्रबहादुर राईका कथाहरू प्रयोगवादी हुन् । प्रचलित भन्दा फरक शैलीमा लेखिएका कथालाई प्रयोगवादी भनिन्छ । कथामा शैलीमात्र भएर पनि हुँदैन । जस्तो विषयवस्तु छ त्यस्तै प्रकारको शैली प्राप्त गरेको हुनुपर्दछ । गोठालेका कथामा व्यक्त हुने जीवन  मिही भएकाले तिनमा शैली पनि त्यस्तै छ । कथामा शैली प्रधान र विषयवस्तुको गौणता रहन्छ (श्रेष्ठ, २०६८ : १४) ।

**३.६.३  शैलीका आधारमा**

शैली भनेको विषयवस्तुलाई प्रस्तुत गर्ने एक प्रकारको ढाँचा हो । जुन विषयवस्तु र त्यसको प्रस्तुतिको माध्यम भाषासंग सम्वद्ध हुन्छ । शैलीका आधारमा पनि  कथाहरू धेरै प्रकारका हुन्छन् । कुनै कथाकारहरू घटनाप्रधान कथाहरू लेख्छन् । त्यस्तै कुनै कथाकारहरूमा चरित्र प्रधान कथाहरू देखिन्छन् । कुनै कथाहर संवादात्मक हुन्छन् । बालकृष्ण समका कथाहरू सम्वादात्मक छन् र उनका कथा यस्ता हुनुमा नाटकवाटे प्रभाव परेको छ । साथै कुनै कथाहरू पत्र शैली र डायरी शैलीमा पनि प्रस्तुत गरीएका हुन्छन् । यसरी शैलीका आधारमा घटनाप्रधान तथा चरित्रप्रधान सम्वादात्मक आदि किसिमका हुन्छन् । संक्षेपमा कथालाई निम्न रूपमा हेर्न सकिन्छ ।

१. अभिव्यक्ति प्रणालीका आधारमा (१) वर्णात्मक (२) डायरी शैली
२. रचना विधानका आधारमा   १) घटना प्रधान , ३) पत्रात्मक, ४) नाटकीय
३. परम्परागत र आधुनिक शैलीका आधारमा १) परम्परागत शैली कथा   २) आधुनिकशैली कथा
४. कथानक ढाँचाका आधारमाः  १) रैखिक,   २) विपरीत रैखिक
५. शब्द प्रयोगका आधारमा- १) संस्कृत शब्दहरू, २) स्थानीय शब्दयुक्त
६. अर्थका तहका आधारमा- १) अभिधात्मक, २) अत्योक्तिमूलक, ३) प्रतिकारात्मक (श्रेष्ठ, २०६८ : १५) ।

### ३.६.४ दृष्टिविन्दुका आधारमा

कथामा कथ्य विचार वा दृष्टिकोणलाई सोझै प्रस्तुत नगरी वस्तु, पात्र र परिवेशका माध्यमवाट व्यक्त गरीन्छ । कथा लेखन निम्ति कथालाई कसरी प्रस्तुत गर्ने सोको निश्चित धारणा बनाइन्छ । लेखकले कथामा विशेषलाई जोडेर प्रस्तुत गर्दछ । यसले पात्रलाई केन्द्रविन्दु  बनाउँछ । यस क्रममा पात्र म पात्रका रूपमा पनि आउन सक्छ र ऊ वा त्यो का रूपमा पनि आउन सक्छ । विशेषत कथाका परिवेश र कार्यव्यापार कसको माध्यमवाट कोद्वारा प्रस्तुत गरीने सोको निर्णय दृष्टिविन्दु स्थापन मार्फत गरीन्छ । कथा भन्ने को हो र कसले कथा भनिरहेको छ सो कुरा दृष्टिविन्दुले छुट्याउँदछ । यस किसिमका दृष्टिविन्दु प्रथम पुरुष दृष्टिविन्दु र तृतीय पुरुष दृष्टिविन्दु गरी दुई किसिमका हुन्छन् (श्रेष्ठ, २०६८ : १३) ।

### क. प्रथमपुरुष दृष्टिविन्दु

म पात्रबाट कथाको समाख्यान हुने र कथाकार सोझै समाख्याता नहुने दृष्टिविन्दु प्रथम पुरुष दृष्टिन्दि हो । कथाको समाख्याता कथा भित्र कै पात्र हुने यस  दृष्टिविन्दुलाई आन्तरिक दृष्टिविन्दु पनि भनिन्छ । यसमा म पात्रले आफ्नो कथा भनिरहने गर्दछ र अरु पात्रको पनि बयान गर्दछ र म पात्र नै सर्वोसर्वा हुन्छ । यसैका माध्यमवाट कथाकारले कथात्मक विचार प्रस्तुत गर्दछ । प्रथम पुरुष दृष्टि बिन्दुलाई केन्द्रिय र परिधीय गरी दुई भागमा विभाजन गर्न सकिन्छ ।

केन्द्रिय दृष्टिविन्दुमा स्वयम् कथाकार वा अरु कुनै पात्र म को रूपमा मुख्य पात्र रही कथा प्रस्तुत हुन्छ । यस दृष्टिविन्दुबाट कथित कथामा मुख्य पात्रको आन्तरिक स्थितिको चित्रण सूक्ष्मताका साथ प्रस्तुत हुन्छ । परिधीय दृष्टिविन्दुमा पनि म पात्र त रहन्छ तर कथामा त्यसको स्थान गौण वा तटस्थ रहन्छ । यस्तो दृष्टिविन्दुबाट लेखिएको कथामा मुख्य कथाको केन्द्र अर्कै पात्र बनेको हुन्छ र म पात्रले त्यही पात्रलाई केवल पस्तुत गर्ने माध्यम भएर भूमिका खेल्दछ ।

**ख. तृतीय पुरुष दृष्टिविन्दु**

कथाको समाख्याता म पात्र नहुने ऊ त्यो वा कुनै व्यक्तिको नामवाट कथा भनिने कथाकार स्वयं पत्र परिवेश र वातावरणको समाख्याता बन्ने तृतीय पुरुष दृष्टिविन्दु हो जसमा कथाको दृष्टिविन्दु वाह्य दृष्टिविन्दु हुनेगर्छ ।

बाह्य दृष्टिविन्दु सर्वज्ञ र सीमित गरी दुई किसिमको हुन्छ । घटना पात्र  कार्यव्यापार विश्लेषण वर्णन, टिकाटिप्पणी,मूल्याङ्कन गरीने दृष्टिविन्दु सर्वज्ञ दष्टिविन्दु हो भने सबै पात्रका चिन्तन अभिवृद्धि र वैचारिकताको वर्णन नगरी कथाका केही पात्रको भित्री बाहिरी संसारको वर्णन गर्ने सीमित दृष्टिविन्दु हो (श्रेष्ठ, २०६८ : १३) ।

**३.७. साहित्यका अन्य विधासंग कथाको सम्बन्ध**

साहित्यका विभिन्न विधाहरूमध्ये कथा एक स्वतन्त्र विधा हो । यसर्थ अन्य विधासंग यसका कतिपय विशेषता मिल्दाजुल्दा पनि छन् भने भिन्दै विशेषता पनि छन् । भिन्दाभिन्दै विशेषताले यसको विधागत रूपमा निकटताको सम्बन्ध स्थापना गर्नमा सहायता पुऱ्याउँछन् । यस किसिमका भिन्नता एंव मिल्दाजुल्दा विधागत विशेषतालाई यसरी हेर्न सकिन्छ ।

**३.७.१. कथा र उपन्यास**

कथा र उपन्यास दुवै आख्यानात्मक विधा हुन् । दुवैमा कथानक पात्र र परिवेशको समानता पाइन्छ । दुवैको गठन स्थूल हुन्छ । दुवैलाई गद्यात्मक भाषामा प्रस्तुत गरीन्छ । यी विधामा वर्णनात्मक, विवरणात्मक र ब्याख्यानात्मक शैली एंव प्रथम पुरुष, तृतीय पुरुष दृष्टि हुनसक्छ । दुवै विधामा समाख्याता वा कथावाचक  पात्र र स्रष्टा दुवै हुनसक्छन् । जसरी नाटक र एकाङ्की बीच रहेको हुन्छ । कथामा कथालाई अघि बढाउनुपर्छ । यी दुवै विधा आधुनिक युगका देन हुन् र पाश्चात्य मुलुकबाट नेपालमा आएका हुन् । साथै नेपालीमा कथा र उपन्यासको प्रारम्भिक विन्दु एकै रहेको हुनाले पनि यी दुईबीच वंशाणुगत सम्बन्ध रहेको छ । यी दुईको बीचमा रहेको समानताका आधारमा कथालाई लम्ब्याएर उपन्यास बनाउन सकिन्छ र उपन्यासलाई छोट्याएर कथा बनाउनु सकिन्छ  भन्न मिल्दैन । कथा लम्ब्याएको उपन्यास होइन न त उपन्यास छोट्याएको कथा नै हो बरु यी दुवै त भिन्न स्वायत्तपूर्ण  स्वतन्त्र साहित्यक विधा हुन् । यस प्रकार यी केही समानता भए  पनि यिनिहरूका बीच ठूलो भिन्नता पनि रहेको छ । कथाको

आकृति आयान लघुकाय हुन्छ भने उपन्यासको आकृति आयाम विशालकाय हुन्छ । कथाले जीवनको सानो आयमलाई प्रस्तुत गर्छ भने उपन्यासले विशाल सेरोफेरोलाई प्रस्तुत गर्छ । कथाको आकार सानो हुने हुनाले यसमा थोरै पात्र हुन्छन् र खास एक-दुई मात्र पात्रको सङ्घर्षलाई देखाइएको हुन्छ । उपन्यास ठूलो हुने हुनाले यसमा धेरै पात्र हुन्छन् र अनेक पात्रका जीवनका गतिविधि तिनको मनोदशा एंव सङ्घर्षलाई देखाइएको हुन्छ । उपन्यास जीवनको विशाल कार्यव्यापारको सानो सुन्दर पुष्पवाटिका हो । यस प्रकार कथा र उपन्यासबीच तत्वगत भिन्नता पनि रहेको छ । जेहोस् यिनै सन्दर्भमा यी दुवै विधाको स्वतः एंव निकट सम्बन्ध प्रकट हुन्छ (श्रेष्ठ, २०६८ : १७) ।

### ३.७.२ कथा र निबन्ध

निबन्ध मूलतः व्यक्तिप्रधान रचना हो । निबन्धमा निबन्धकारले वैयक्तिकतालाई र बौद्धिकतालाई तन्मयताका साथ प्रस्तुत गर्ने भएकोले यो वैयक्तिक विषयप्रधान रचना हो भने कथा निर्वैयक्तिक कलाप्रधान रचना हो । निबन्धमा कथाको ढाँचा आवश्यक हुदैंन तर कथा अकथा हुनसक्ने कलाप्रधान रचना हो । निबन्धमा कथाको ढाँचा आवश्यक हुन्छ । निबन्धमा कल्पनाको उन्मुक्त उडान हुन्छ भने कथामा यथार्थको आग्रह हुने भएकोले यो विश्लेषणात्मक हुन्छ । निबन्ध बढी काव्यात्मक हुन्छ भने कथा मनतात्विक एंव घटना विश्लेषणयुक्त रचना हो । यी फरक-फरक विधा हुन् तापनी यी दुईबीच समान सम्बन्ध पनि रहेका छन् ।

दुवै विधा गद्य साहित्यका कलात्मक रचना हुन् । दुवैको आकार सानो हुन्छ । दुवैमा एक विषय वा समस्याको प्रवलता रहन्छ । युरोपमा दन्त्यकथा र कथात्मक निबन्धको सम्बन्धद्वारा आधुनिक कथाको जन्म भएको हो भनिन्छ ।

त्यसैले निबन्धसँग कथाको रक्तनाता रहेको भनिन्छ । देवकोटाको कविराजको च्याग्रेखच्चर, समको त्यो पानी आदि नेपालीका कथात्मक निबन्धहरू हुन् । कथात्मक निबन्धका पात्रका माध्यमवाट कथाकारले आफ्नो कथालाई प्रस्तुत गरेका हुन्छन् । कथा र पात्र हुनाले नाताले पनि त्यस्ता कलात्मक निबन्धसंग कथाको नजिकको सम्बन्ध छ ।

विशुद्ध निबन्धसंग पनि कथाको सम्बन्ध हुन्छ । निबन्धमा खास एउटा विचार हुन्छ र त्यसलाई निबन्धमा जस्तै विचार हुन्छ । त्जभ्क प्रतिपाद्य कथाको आत्मा हो र पूरानो शब्दावलीमा शन्देश हुन्छ । निबन्धमा पात्रलाई ल्याई नाटकिकरण गरेर कथालाई अघि सार्नु पर्दछ । यसप्रकार विषयलाई सिधै प्रतिपादन गर्ने आग्रह निबन्धमा हुन्छ भने पात्र र परिस्थितिका बीच अन्तर्क्रिया गराएर कथालाई राखिएको हुन्छ । देवकोटाले यसलाई सिधै प्रस्तुत गरेका छन् तर यदि कुनै कथाकारले विषयको नाटकीकरण गर्न सकेन भने त्यस कथालाई कलाका रूपमा लिइँदैन ।

निष्कर्षमा जसरी  निबन्धमा विचार हुन्छ त्यसरी नै कथामा पनि विचार हुन्छ  तर कथामा विचारलाई प्रस्तुत गर्ने तरिका निबन्धमा भन्दा फरक हुन्छ यसर्थ यसप्रकार विचारको विद्यमान दुवैमा हुने हुनाले पनि यी दुवैको सम्वन्धलाई स्पष्ट पार्दछ ।

आजभोलिका कथामा निबन्धात्मकता पाइन्छ र यी बढी पत्रिकामा प्रकाशित हुन्छन् । शंकर लामिछानेले अर्धमुद्रित नयन र डुब्न लागेका घाम शीर्षकको निबन्ध भनी लेखेर पठाएको रचना सम्पादकले कथाका रूपमा छापिदिए । यस आधारमा पनि यी दुईका बीच निकट सम्बन्ध छ भन्ने कुरा प्रष्ट हुन्छ । तेस्रो आयामका पनि यी दुईका बीच निकट सम्बन्ध छ भन्ने कुरा स्पष्ट हुन्छ । तेस्रो आयामका इन्द्रबहादुर राईका कथामा पनि विचारको प्रधानता पाइन्छ । जस्तै “खीर” मा कथाकारले स्थापित घटनावाट दुहेर विचार निकालेर लेखेको देखिन्छ । उनले यसमा हाम्रो जीवन आदर्शविहिन छ भन्ने विचार प्रस्तुत गरेका छन् । २०२० साल यताका कथाहरूमा यस्तै विचार दिने काम भएको पाइन्छ । विचार, धारणा वा दृष्टिकोण दिने प्रक्रियामा यस्तै विचार दिने काम भएको हुन्छ त्यही भूमिका कथाकारको पनि हुन्छ ।

कथा र निबन्ध वस्तु, शैली र दृष्टिविन्दुका दृष्टिले भिन्न छन् । कथामा वस्तु कुनै घटना, सन्दर्भ र प्रसङ्ग हो र यसैका माध्यमवाट कथाकारको दृष्टिकोण निर्माण हुन्छ भने निबन्धमा स्रष्टाको निजी अनुभव, भावना र विचार नै वस्तुतत्व हो । यहाँ आख्यानको प्रस्तुतिकरण हुने गर्दछ । निबन्ध भाव प्रधान हुन्छ भने कथा विषयप्रधान हुन्छ । निबन्धको शैली विश्लेषणात्मक हुन्छ भने कथाको शैली वर्णनात्मक, विवरणात्मक र व्याख्यानात्मक हुन्छ । निबन्धमा विश्रृङ्खलित भाव विधान हुन्छ । यी केही साःक्ष्यका आधारमा स्पष्ट हुन्छ निबन्ध र कथा भिन्न भिन्न विधा हुन् र यिनको आ-आफ्नै स्वायत्तपूर्ण अस्तित्व छ (श्रेष्ठ, २०६८ : १७) ।

**३.७.३ कथा र नाटक**

नाटक पाठ्य पनि हो तापनि यो मूलतः अभिनेय विधा हो र अनेक पक्षको प्रदर्शन गरीन्छ र नाटकमा धेरै पात्रहरू हुन्छन् । जीवनका अनेक पक्षको प्रदर्शन गरीन्छ र विविध मनोदशा एंव घटनाहरूको वारेमा प्रकाश पारिन्छ । शिल्पगत  प्राविधिक कठिनाइले गर्दा रङ्गमञ्चमा अभिनेय हुनसक्ने घटनामात्र नाटकका दर्शक अगाडि प्रस्तुत हुन्छन् र अन्य घटना वा दृश्यको आत्मविश्लेषण गर्ने मौका पात्रले यदाकदा मात्र पाउँछ तर कथामा पात्रको प्रशस्त विश्लषण गर्न सक्छ । कथा र नाटकमा भेद भए तापनि यी दुई विधाका बीचमा अन्तर्सम्बन्ध पनि रहेको हुन्छ ।

कथाको विकासका लागि नाटकले निकै सघाउ पुऱ्याएको पाइन्छ । कथामा नाट्य विधाको स्वाद लिन पनि पाइन्छ  । पात्र, परिस्थिति र सम्वादले पनि नाटकको स्वाद दिन्छन्  आधुनिक कथामा कथाको गति मन्द हुँदा त्यहाँ दृश्य देखाउने प्रवृति पाइन्छ । नासो कथामा देविरमणको विवाह भएको र बच्चालाई भात खुवाइएको अनि पशुपतिनाथमा सुभद्राको उपस्थितिको दृश्य

देखाइएको छ । दृश्य भन्नासाथ स्थान आउँछ र कुनै स्थानमा मात्र दृश्य देखिएको पाइन्छ । नासो कथालाई ध्यानमा राख्दा कथामा आउने कथाको ति आगन, पशुपतिनाथ जुनसुकै पनि हुन्छ यसरी आधुनिक कथामा कथाको गति ज्यादै मन्द हुन्छ । कथाकारले प्रयोग गर्ने खास पद्धत्तीलाई दृश्यात्मक पद्धती भनिन्छ र यो पद्धति कथामा हुनुको फलस्वरूप नाटकसंग गहिरो रूपमा सम्बन्ध रहेको छ भन्न सकिन्छ । साथै नाटकमा हुने अन्विति त्रय (स्थान समय र कार्य) यो परिपालन कथामा पनि हुन्छ । कथामा जति दिनमा जुन काम गर्नुपर्ने हो त्यति दिन मै त्यो काम भएको देखाइन्छ । यसप्रकार आधुनिक कथामा दृश्यात्मक पद्धतिको प्रयोग हुन्छ र दृश्य भन्नासाथ कुनै स्थान र समयको आवश्यकता हुन्छ । अतः एव नाटकमा हुने अन्विति त्रय यसमा पनि हुनाले यिनिहरूका बीच गहिरो नाता छ ।

आधुनिक कथाहरूलाई पटकथाको रूप दिई प्रस्तुत गर्ने गरेको पाइन्छ । यो अवस्था कथामा नाटकीय गुण भएकोले नै कथालाई पटकथाको रूपमा प्रस्तुत गर्न सकिने स्थिति भएको हो । उपर्युक्त कारणहरूवाट कथा र नाटकबीच नजिकको सम्बन्ध छ भन्ने कुरा स्पष्ट हुन्छ ।

यस्तै कथामा घटना, पात्र, परिवेशको बखानका माध्यवाट कथ्यवस्तुको प्रस्तुत हुन्छ भने यसमा समख्याताले कुनै न कुनै घटना पात्र परिवेशको र कार्यव्यापारको वर्णन गर्दछ । नाटकमा अभिनेय हुने गरी कार्यव्यापार प्रस्तुत गरीन्छ । यसमा समाख्याता हुँदैन । जेहोस् यिनै कतिपय भिन्नता र मिल्दाजुल्दा विशेषताका आधारमा नाटक र कथाको नजिकको सम्बन्ध एंव भिन्न-भिन्न विधागत अस्तित्व रहेको स्पष्ट हुन्छ (श्रेष्ठ, २०६८ : १८) ।

**३.७.४ कथा र कविता**

कवितामा लयको विशिष्ट स्थिति रहन्छ । कविता छन्दमा लेखिएको हुन्छ तर कथा छन्दमा लेखिदैन । कविता गद्यमा पनि लेखिन्छ तर गद्यमा लेखिने कवितामा पनि एक प्रकारको लयात्मक चेतना विद्यमान हुन्छ, जसले गर्दा गद्य कवितालाई साहित्यका अन्य विधावाट छुट्याउँछ । कतिपय कविताहरू संवादात्मक शैलीमा लेखिएका हुन्छन् । रिमालको “आमाको सपना” यस्तै शैलीमा लेखिएको कविता हो । कतिपय कविताहरू कथात्मक शैलीमा पनि लेखिएको हुन्छन् । चिनियाँ कवि लू सुनका र रुसी कवि पुस्किनका यस्तै कथात्मक शैलीमा लेखिएका अनेकौं कविताहरू पाइन्छन् । यसरी कथात्मक साझा तत्व भएर रहेको हुन्छ ।

कवितामा हुने भावनालाई कथामा पनि हाल्न सकिन्छ । कविताको स्वाद दिने कथाहरू पनि आजभोली लेखिएका पाइन्छन् । मनुब्राजाकीका कथाहरूले पनि कविताको स्वाद दिन्छन् । कविले जस्तै कथाकारले पनि भावना र अनुभूतिलाई दिन सक्छ र गीति कविताले जुन एकाकी प्रभाव दिन्छ त्यो प्रभाव अहिले कथाले पनि दिन्छन् (श्रेष्ठ, २०६८ : १८) ।

निष्कर्षमा भन्नुपर्दा हालका कथामा कथाकारले विचार दिन्छ र ती कथाहरू कथात्मक निबन्ध हुन्छन् । पहिलेका कथाकारहरू सन्देश दिने गर्थे तर अहिलेका कथाकारहरू विचार दिएर कथा लेख्छन्  यसैले निबन्धको स्वाद कथामा पाइन्छ । अथवा कथात्मक निबन्धतिर ढल्केको अहिलेको कथा निबन्ध कथा हो र यसले निबन्धको स्वाद दिन्छ ।

कथामा हुने पात्र परिस्थिति र संबादले गद्यमा लेखिएको नाटकको स्वाद दिन्छन् अथवा कथामा प्रयोग हुने दृश्यात्मक पद्धतिको गद्यमा लेखिने  नाटकको स्वाद दिन्छन् । आधुनिक कथाले पनि कथा जसरी जन्मेको र हुर्केको थियो त्यस पद्धतिलाई आधुनिक कथाले पनि छोडेको छैन । समाजका जटिलता, सभ्यता आदिलाई प्रतिबिम्बित गर्ने काम अहिलेका कथाकारहरूले पनि गरेका छन् । उनीहरूले समसामयिक यथार्थ जीवनलाई र समाजलाई अध्ययन गरी इतिहासलाई व्यक्त गरेका छन् । यसरी आधुनिक कथाकारहरूले लेख्ने कथाको रूप त्यस्तै हुन्छ तर कथाकारले आफ्नो धारणाअनुसार कुनै कथा निबन्धतिर, कुनै कथा नाटकतिर, कुनै गीत कवितातिर र कुनै स्थानीय साामजिक इतिहासतिर बढी ढल्केका हुन्छन् । यदि कुनै सन्तुलित कथाकार छ भने यी माथि लेखिएका चारवटा विधालाई बराबरी रूपमा छोएर पनि कथा लेख्न सक्छ ।

कथा र उपन्यसमा त्यति अन्तर छैन । समालोचकहरूले उपन्यासलाई जसरी नाटक भनेका छन् । उपन्याससंग नाटकको नजिकको सम्बन्ध भएर नै उनीहरूको यसो  भनेका हुन् यस्तै कथालाई पनि नाटकसंग नजिकको सम्बन्ध हुने भएकोले जेवी नाटकको संज्ञा दिन सकिन्छ (श्रेष्ठ, २०६८ : १९) ।

*

# चौथो परिच्छेद
# कथाकार गुरुङ्ग रामप्रकाश समथिङको 'याक्सा भित्रका कथाहरू' कथा संङ्ग्रहको विश्लेशण

## ४.१ 'हरि सर, पार्टी, यातना र मृत्यु' कथाको विश्लेशण मूल्याङ्कन

कथाकार सोधनायक गुरुङ्ग रामप्रकाश समथिङको दोस्रो कथा संग्रह 'याक्सा भित्रका कथाहरू' कथा संग्रहमा संग्रहित पहिलो कथा 'हरि सर, पार्टी, यातना र मृत्यु' हो । यस कथाले नेपाल कम्युनिष्ट पार्टी माओवादीको दशवर्षे जनयुद्धको पीडा, व्यथा र यातनालाई समेटेको छ । अपहरण, यातना र हत्याको कारुणिकतालाई समेट्न सफल यो कथाभित्र मानिसको मनभित्रको इर्ष्या, डाहजस्ता मनोविश्लेषणीय पक्षलाई उजागर गरेको छ । मानिसको क्रुरता तथा युद्धका समस्यालाई प्रस्तुत गर्न सफल यो कथा त्यस समयको दस्तावेज हो भन्न सकिन्छ । मूलतः यो कथा गाउँका एक कर्मठ, इमान्दार तथा विद्धान हरि सरको जिन्दगीमा आधारित छ । मुख्य पात्रका रूपमा हरि सर तथा सहायक पात्रका रूपमा कमाण्डर, लडाकु र सैनिकहरूको मनोविश्लेशण कलात्मक रूपमा गरीएको छ । युद्धका घटना वर्णन, यातना वर्णन तथा मुख्य पात्रहरूको मनोविश्लेशणले कथा कारुणिक बन्न पुगेको छ । समग्रमा यस कथालाई यहाँ प्रसंग अनुसार विभिन्न कोण तथा सन्दर्भबाट विश्लेशण गर्ने प्रयास गरीएको छ ।

### ४.१.१ संरचना पक्षका आधारमा 'हरि सर, पार्टी, यातना र मृत्यु' कथाका विवेचनाः

यो कथा घटना प्रधान र त्यसमा पनि चरित्र प्रधान रहेको छ । एक विद्यालय शिक्षकको केन्द्रियतामा कथा अगाडि बढेको छ । यस कथामा लामाछोटा गरी जम्मा ८१ वटा अनुच्छेद रहेका छन । जम्मा २५ पृष्ठको बाह्य संरचनामा पुरा गरीएको यो कथा तुलनात्मक रूपमा लामो देखिन्छ । आन्तरीक संरचनातर्फ दृष्टि दिने हो भने प्रभावकारी कथा वस्तु छ तर पात्र संयोजन केही कमजोर देखिन्छ । हरि सरको मुख्य कथा सुरुदेखि अन्त्यसम्म सरसर्ती अगाडि बढेको छ । यसमा सहायक कथावस्तु देखिदैन भने घटनाहरूको वाहुल्यता देखिन्छ ।

**४.१.१.१ कथावस्तुः**

गाउँका नजरमा तथा ससाना नानीहरूको दृष्टिमा अन्त्यन्त प्यारा हुन्छन् हरि सर । गाँउकै निम्न माध्यमिक विद्यालयका नेपाली शिक्षक अन्यन्त सालिन, भद्र, तथा नानीहरूलाई सकारात्मक अनुशासनको माध्यमद्वारा उनी शिक्षण गर्ने गर्छन् । घर गाउँ तथा विद्यायल सधैं सफा राख्नुपर्छ भन्ने मात्र हैन कि उनी आफै त्यस कार्यमा अग्रसर भएर लाग्छन् । वास्तवमा नम्रता, इमान्दारीता तथा सरसफाईको पर्यायनै थिए हरि सर । गाउँका अभिभावकहरू सँग हाँसेर बोल्ने, स्कूलका विषयमा छलफल गर्ने तथा हरेक हिसाव किताबलाई पारदर्शी तरिकाले अभिभावक समक्ष प्रस्तुत गर्ने इत्यादि अनेक राम्रा गुण हुन्छन् हरि सरमा । उनका बाबु पनि त्यसै स्कूलका प्रधानाध्यापक भइसकेका हुन्छन् । त्यसपछि उनले पनि त्यसै स्कूलमा जागरी खाएका हुन्छन् । खान लाउन पुग्ने परिवार हुन्छ हरि सरको । गाउँमा कसैलाई खाचो पर्दा उनी कहिल्यै पछि नहट्ने किसिमका हुन्छन् ।

विस्तारै समयले कोल्टे फेर्दै जान्छ । नेपालमा वि.स.२०५२ सालबाट नेपाल कम्युनिष्ट पार्टी माओवादीले जनयुद्ध प्रारम्भ गर्छ । युद्धको सबैभन्दा वढी प्राथमिकताको क्षेत्र गाउँनै हुन्छ । यसकारण युद्धको चपेटामा पनि गाउँलेनै वढी परेका हुन्छन् । १२ वर्ष देखि माथिका वालवालिका तथा युवायुवतीलाई युद्धमा सामेल गराईएको हुन्छ । आफ्नो इच्छा होस् या जबरजस्ती कुनै मतलव राखिदैन । यसकाराण गाउँका अलि हुनेखाने तथा पैसावलहरू रातारात गाउँका जायजेथा बेचेर सहर पस्न थाल्छन् । सारा गाउँनै आतंकित भएको हुन्छ  तर हरि सरले गाउँ छोड्नु ठिक सम्झदैनन् । उनी त्यहि विद्यालयमा आफ्नो पेशालाई निरन्तरता दिइरहन्छन् ।

त्यस बखत नेपालको शिक्षा प्रणालीको माओवादीपक्षबाट विरोध हुन थाल्छ । हाम्रो शिक्षा प्रणालीलाई बुर्जुवा शिक्षा भनिन थाल्छ । यसको विरोधमा माओवादी कार्यकर्ता आएर जवर्जस्ती जनवादी शिक्षा दिन थाल्छन् । विद्यालयबाट विद्यार्थीहरू अपहरण गरी युद्धमा सामेल गराउन थालिन्छ । यसबाट हरि सर धेरै नै चिन्तित हुन थाल्छन् ।

हरि सर बुद्धिमान तथा गाउँकै प्यारो भएका कारणले उनलाई पार्टीमा सामेल गराउन पाए पार्टीको संगठन विस्तारमा यसले सहयोग गर्नेथियो भन्ने ठानेर पार्टीभित्र कुरा चल्न थाल्छ । फकाएर, धम्काएर वा जवरजस्ती अपहरण गरेर कसरी हुन्छ हरि सरलाई पार्टीमा सहभागी गराउनु पर्छ भनी एउटा लडाकुको टीम हरि सरलाई लिन उनको घर पुग्छन् । हरि सरले उनीहरूलाइृ नचिनेपछि लडाकुमध्येका एक जनाले आफूहरू यो देशलाई शान्ति प्रदान गर्न होमिएका र पुरानो राज्य प्रणालीलाई परिवर्तन गरी नयाँ बनाउन लागेका माआवादी पार्टीका लडाकु सैनिकहरू भएको तथा आफुहरूलाई हरि सरलाई लिएर आउनु भन्ने कमाण्डरको आदेश भएको जानकारी दिन्छ । उसले हरि सरको विरुद्धमा पार्टीमा उजुरी परेको कुरा पनि जानकारी

गराउँछ । आफूहरूले कमाण्डरको आदेश मान्नुपर्ने तथा जसरी भएपनि हरि सरलाई नलगी नछोड्ने कुरा बताउँछ । परिवारका सबै सदस्यहरू डराउँछन्, नलान विन्ती गर्छन तर उनीहरूले हरि सरलाई लिएरै जानछन् ।

उनलाई पाँच घण्टाको लगातार हिडाइपछि सैनिक सिविरमा पुर्‍याइन्छ । त्यहाँ सबैजना कम्व्याक ड्रेस लगाएका युवायुवतीहरू आ-आफ्नो काममा व्यस्त हुन्छन् । उनलाई लछारपछार पार्दै एउटा कोठामा छिराइन्छ । त्यहाँ चालीस-पैतालीस वर्षका मानिस हुन्छन् । सायद उनीनै कमाण्डर हुन्छन् । उनलाई ल्याउने मध्येका एकजना लडाकूले उनी नै हरि सर भएको जानकारी गराउछन् । हरि सरले कमाण्डरलाई उजुरीका बारेमा सोधेपछि कमाण्डरले धेरै उजुरी परेको छ भोलि छलफल गर्ने भन्दै एउटा कोठाका थुन्ने आदेश दिन्छ ।

उनलाई रातभर भोकै थुनिन्छ । रातभर उनले परिवार सम्झनछन्, स्कूल सम्झन्छन् । आफुले कुनैपनि अनैतिक काम नगरेको भएपनि किन यस्तो उजुरी पर्‍यो भन्दै रातभर सोचमा परिरहन्छन् । उनलाई एकछाक खान दिदै त्यसै कोठामा थुनेर राखिन्छ । तीन दिनपछि उजुरीका विषयमा छलफल गर्न भनी कमाण्डरका सामु उपस्थित गराईन्छ । उनलाई तीनवटा उजुरी परेको हुन्छ । पहिलो विद्यालयको पन्ध्रदेखि अठारलाख रूपैंया हिनामिना गरेको, दोस्रो बालिकाहरूलाई यौन शोषण गरेको र तेस्रो पार्टीका विषयमा सरकारमा उजुरी गरेको । यी सम्पुण कुरा सरासर झुठो भएको भनी हरि सरले प्रतिवाद गर्छन तर उनका सामु कि त पार्टीमा पूर्णकालिन कार्यकर्ता हुनुपर्ने कि मृत्युदण्ड स्वीकार्नुपर्ने विकल्प रोज्न लगाइन्छ । उनले पनि मर्नु भन्दा कार्यकर्ता हुनु जाती भनि पूर्णकालिन कार्यकर्ता भएर बस्ने जानकारी दिन्छन् । यसपछि पार्टीमा खुसीयाली छाउँछ ।

यसरी एक इमान्दार शिक्षकलाई जवर्जस्ती पार्टी प्रवेश गराइन्छ । यसपछि हरि सरको भूमिगत जीवन सुरु हुन थाल्छ । घरमा आफू ज्युँदो र सकुशल भएको खवर पठाई उनीहरू सुदुपश्चिम तिरको यात्रामा लाग्छन् । पार्टीमा रहेर हरि सरले आफ्नो जिम्मेवारी इमान्दारीताका साथ पुरा गर्दै हुन्छन् । उनी जिल्ला इन्चार्जका रूपमा काम गर्न थाल्छन् । एकपटक भारतमा केन्द्रिय स्तरको बैठक हुदै गरेको समयमा प्रहरीले सम्पूर्ण नेता कार्यकर्तालाई पक्राउ गर्छ । संयोगबस हरि सर बाहिर भएको कारण पक्राउमा पर्दैनन् । उनी नेपाल आएपछि आफ्नै पार्टीका कार्यकर्ताहरूले उनलाई पक्रेर लान्छन् । पार्टीका नेता कार्यकर्तालाई भारतमा पक्राएको आरोप उनलाई लगाईएको हुन्छ तर उनले त्यसो नगरेको बताएपनि कसैले उनको कुरा सुन्दैनन् । उनलाई सोह्र महिने श्रम सिविरमा राखेर सोधपुछ गर्ने निर्णय सुनाइन्छ । उनलाई त्यहाँ यातना दिन थालिन्छ तर उनले आरोप स्वीकार गर्दैनन् । उनलाई चारपाटा मुडेर डोरीले बाँधेर हिडाउन थालिन्छ । उनलाई त्यहाँ जसले आएर कुटेपनि कसैले केही भन्दैन । भारी बोकाउने, कुट्ने, ढुङ्गामा

घिसार्ने जस्ता यातना दिन थालिन्छ । यातनाका कारण उनको शरिर कमाजोर हुदै जान्छ । उनी रोगी र केही गर्न नसक्ने हुन्छन् । माओवादीका कार्यकर्ताहरूले हरि सरको मृत्यको चिठी लेखेर घरमा पठाउछन् । जसको कारणले गाँउनै शोकमग्न हुन्छन् ।

समयसँगै हरि सरको सोह्र महिने श्रम सिविरको समय पनि सकिन्छ । उनलाई लागेको आरोप पनि पुष्टि हुन सक्दैन । यसपछि उनलाई सिविरबाट छोडिन्छ । उनी आफ्नो घरमा आउछन् तर घरमा कसैले पनि उनलाई चिन्दैनन् । उनले आफूलाई चिनाउदै घरबाट लगेदेखिको सम्पूर्ण वृतान्त सुनाउछन् । उनी यातनाका कारणले अत्यन्त कमजोर र रोगी भएका हुन्छन् । यसको केही समयपछि उनको मृत्यु हुन्छ । पार्टीमा लगानी गरेको आठ वर्षलाई विर्सेर सोह्र महिना श्रम शिविरमा राखेर यातना दिएकै कारण एक शिक्षक, एक कर्मठ कार्यकर्ता र परिवारका अभिभावकले यो संसार त्याग्नु पर्छ ।

**४.१.१.२ पात्र विधानः**

यो कथा घटना प्रधान कथा हो । लगभग दश वर्षको समयलाई समेटेको यस कथाले त्यस अवधिको सशस्त्र द्वन्द्व र त्यसमा भएका अमानवीय र क्रुर कार्यलाई प्रष्ट पारेको छ । यस कार्यलाई प्रष्ट पार्न हरि सरको निकै ठूलो योगदान रहेको छ । यस क्रममा पात्रीय अन्तरद्वन्द्व, पीडा, व्यथा र विच्छिप्तताको विषय अवस्थाको चित्रण भएको छ । पात्रीय भूमिकाका दृष्टिकोणले यस कथामा प्रमुख पात्रका रूपमा हरि सर रहेका छन् भने सहायक भूमिकामा कमाण्डर, लडाकु र सैनिकहरू रहेका छन् । त्यस्तै गौण पात्रका रूपमा गाउँले हरि सरकी श्रीमती, छोरी कमला रहेका छन् । शैली वैज्ञानिक दृष्टिले कार्य भूमिका, प्रवृति, जीवन चेतना, लिङ्ग, आसन्नता, आवद्धताका दृष्टिले पात्रीय अवस्था, स्थिति र यथार्थलाई निम्नानुसार वर्गीकृत गरेर हेर्न सकिन्छ ।

| क्र.स. | पात्र | कार्य भूमिका | प्रवृति | स्वभाव | जीवन चेतना | लिङ्ग | आसान्नता | आवद्धता |
|---|---|---|---|---|---|---|---|---|
| १ | हरि सर | प्रमुख | अनुकूल | स्थिर | व्यक्तिगत | पुरुष | मञ्चीय | बद्ध |
| २ | कमाण्डर | सहायक | प्रतिकूल | स्थिर | वर्गीय | पुरुष | मञ्चीय | बद्ध |
| ३ | लडाकु | सहायक | प्रतिकूल | स्थिर | वर्गीय | पुरुष | मञ्चीय | बद्ध |
| ४ | सैनिक | सहायक | प्रतिकूल | गतिशील | वर्गीय | पुरुष | मञ्चीय | बद्ध |
| ५ | हरि सरकी श्रीमती | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | स्त्री | मञ्चीय | बद्ध |
| ६ | कमला | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | स्त्री | मञ्चीय | बद्ध |
| ७ | गाउँले | सूच्य | प्रतिकूल | गतिशील | वर्गीय | | नेपथ्य | मुक्त |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | विद्यार्थी | सूच्य | अनुकूल | स्थिर | वर्गीय | | नेपथ्य | मुक्त |
| ९ | नेता | सूच्य | प्रतिकूल | गतिशील | वर्गीय | पुरुष | नेपथ्य | मुक्त |
| १० | कार्यकर्ता | सूच्य | प्रतिकूल | स्थिर | वर्गीय | | नेपथ्य | मुक्त |
| ११ | हरि सरका बाबु | सूच्य | अनुकूल | स्थिर | व्यक्तिगत | पुरुष | नेपथ्य | मुक्त |
| १२ | डाक्टर | सूच्य | अनुकूल | स्थिर | वर्गीय | पुरुष | नेपथ्य | मुक्त |
| १३ | प्रहरी | सूच्य | प्रतिकूल | स्थिर | वर्गीय | | नेपथ्य | मुक्त |

❖ **प्रमुख पात्र**

**हरि सर**

हरि सर यस कथाको केन्द्रिय पात्र हुन् । कथाका सम्पूर्ण घटनाहरू उनकै केन्द्रियतामा घटित भएका छन् । हुनेखाने परिवारमा हुर्किएका हरि सर गाउँकै हेडमास्टरका छोरा हुनका साथै पछि उनीपनि त्यसै विद्यालयका शिक्षक भएर काम गरेका छन् । शिष्ट, शालिन र इमान्दार भएपनि त्यस समयको बाध्यतामा परि उनले माओवादी पार्टीको कार्यकर्ता भएर काम गर्नुपरेको छ । सम्पूर्ण परिवारलाई त्यागेर सुदरपश्चिमको विकट ठाउँमा बसेर पनि उनले आफ्नो जिम्मेवारीलाई इमान्दारीताका साथ पुरा गरेका छन् तर आफ्नै पार्टीका साथीहरूको गलत आरोप तथा इर्ष्यात्मक प्रवृतिको शिकार भएका हरि सरले विभिन्न यातना भोग्नुपरेको छ । गर्दै नगरेको गल्तीको सोधपुछ भन्दै सोह्र महिने श्रमसिविरमा राखी उनलाई दिइएको यातना एकदमै दुःख लाग्दो तथा दर्दनाक छ । उनी यस कथामा एकदमै पिडित पात्र भएर उपस्थित भएका छन् । उनी स्थिर चरित्रका छन् । आफुले नगरेको गल्ती कति पीडा र यातना दिएता पनि स्वीकार्न चाहेका छैनन् । यसैकारण यातना पाएर अन्त्यमा उनको दुःखद निधन भएको छ ।

यस कथामा हरि सर अनुकूल तथा स्थिर चरित्र भएका व्यक्ति भएर देखापरेका छन् । वि.स. २०५२ सालदेखि लगभग दश वर्षको अवधिमा भएको द्वन्द्व र त्यसले पारेको प्रभावलाई हरि सरको माध्यमबाट उजागर गर्न खोजिएको छ । सोभ्ना साभ्ना तथा इमान्दार व्यक्तिहरू प्रति भ्रुठा आरोप लगाएर र ज्यान मार्ने धम्की दिएर जवर्जस्ती पार्टी प्रवेश गराउने प्रवृतिको भण्डाफोर गरीएको छ । साथै हरि सरजस्ता इमान्दार तथा कर्तव्यनिष्ठ व्यक्तिको कामको मूल्याङ्कन नगरी कारवाही गर्ने तथा कारवाहीको नाममा भएको यातनाको भ्रल्को यस कथामा प्रस्तुत छ । मानिसको मनभित्रको इर्ष्या तथा अर्कालाई अगाडि वढ्न नदिने प्रवृतिको चित्रण पनि यहाँ गरीएको छ । समग्रमा भन्नुपर्दा हरि सरको माध्यमबाट युद्धकालिन समयको एक दशकको समयलाई इतिहासको रूपमा प्रस्तुत गरीएको छ र यो कथा उत्कृष्ट घटना प्रधान कथा बन्न पुगेको छ ।

## ❖ सहायक पात्र

**कमाण्डर**

कमाण्डर यस कथाको सहायक पात्र हो । हेर्दा चालीस-पैतालीस बर्षको जस्तो देखिने ऊ यस कथाको प्रतिकूल पात्र हो । हरि सरलाई जबर्जस्ती अपहरण गर्न लगाएर पार्टीमा प्रवेश गराउने कमाण्डर पार्टी प्रति प्रतिवद्ध देखिन्छ । हरि सरलाई विविध झुठा आरोपहरू उसले नै लगाएको छ । साथै कि त पार्टीको पूर्णकालिन कार्यकर्ता हुनुपर्ने कि त मृत्युदण्ड स्वीकार्नुपर्ने भन्ने विकल्प राखी हरि सरलाई बाध्यात्मक परिस्थितिमा पार्टी प्रवेश गराउन उसले मुख्य भूमिका खेलेको छ । उसको बोली र व्यवहार एकदमै अशिष्ट तथा रुखो देखिन्छ ।

यसरी हेर्दा कमाण्डर वुजुक व्यक्ति देखिएता पनि व्यवहारमा त्यस्तो नभएको पार्टीमा प्रतिवद्ध व्यक्ति हो । कमाण्डरका माध्यमबाट त्यस समयमा पार्टीका कमाण्डरहरूले कसरी सोझा सिधा जनतालाई वाध्यतामा पारेर माओवादी पार्टीमा सामेल गराउथे भन्नेकुरा देखाईएको छ । हातमा बन्दुक भएपछि ज्यानको माया नगर्ने पाशविक प्रवृतिको चित्रण कमाण्डरका माध्यमबाट गरीएको छ । समग्रमा भन्नुपर्दा कमाण्डर सहायक, प्रतिकूल तथा स्थिर चरित्र भएको पात्र हो ।

**लडाकु**

यस कथामा लडाकुहरू थुप्रै भएता पनि एकजना लडाकुको भुमिका वर्णनयोग्य छ । ऊ हरि सरलाई अपहरण गर्न गएको हुन्छ । हरि सरले उनीहरूको परिचय माग्दा उसले आफूहरू देशलाई शान्ति दिलाउन हिडेका हौं भनी आफ्नो परिचय दिएको छ । यसरी हेर्दा उक्त लडाकु पार्टी प्रति बफादार देखिन्छ । फकाएर वा धम्काएर जसरी भएपनि ऊ आफुलाई सुमपिएको काम सिद्ध गर्ने प्रवृतिको देखिन्छ । लडाकुको माध्यमबाट त्यस समयका सम्पूर्ण माओवादी लडाकुहरूको वर्गीय झल्को दिइएको छ ।

**सैनिकहरू**

यस कथामा सैनिकहरूको भूमिका पनि उल्लेखनीय छ । हरि सरलाई यातना दिएर मृत्युको मुखमा पुऱ्याउन सैनिकहरूको इर्ष्यात्मक सोचाइले काम गरेको छ । उनीहरूले नै हरि सरलाई भारतमा नेताहरू पक्राउ गराएको झुठो आरोप लगाई सोह्र महिने श्रम सिविरमा राख्न बाध्य गराएका छन् । श्रम सिविरमा पनि सैनिकहरूले नै हरि सरलाई विविध कष्टकर शारीरिक र मानसिक यातना दिएका छन् । गद्दार, पार्टी द्रोही जस्ता अपशव्द प्रयोग गरेका छन् । यसरी सैनिकका माध्यमद्धारा कथामा त्यस समयका माओवादी पार्टीका आलाकाचा सैनिकहरूको प्रवृति प्रस्तुत गरीएको छ । साथै अपरिपक्क तथा इर्ष्यात्मक सोच भएका मानिसहरूको हातमा शक्ति पर्योभने विकास होइन विनाश हुन्छ भन्ने कुराको सैनिकहरूका माध्यमबाट प्रस्तुत गरीएको छ ।

## ❖ गौण पात्र

यस कथामा हरि सरकी श्रीमती तथा छोरी कमला गौण पात्रका रूपमा उपस्थित भएका छन् । उनीहरूको भूमिका आ-आफ्नो स्थानका रहेर कथानकलाई अगाडि बढाउनमा महत्वपूर्ण रहेको छ । कथामा गाउँलेहरू, विद्यार्थीहरू, हरि सरका बाबु, नेता, कार्यकर्ता तथा डाक्टर जस्ता सूच्य पात्रहरूको समेत प्रयोग भएको छ । यी पात्रहरूले कथाको घटनाक्रमलाई अगाडि बढाउन सहयोग गरेक छन् ।

### ४.१.१.३ परिवेश

यस कथामा ग्रामीण परिवेशको प्रयोग भएको छ । हरि सरको गाउँ र विद्यालयको वरपरको चित्रण पाइन्छ । त्यस्तै द्वन्द्वात्मक परिवेशको रूपमा सैनिक शिविर, श्रम शिविर तथा पार्टीका सभाहरू भएको ठाउँलाई लिइएको छ । त्यस्तै युद्धका क्रममा पशिक्षणको केन्द्र बनाइएको सुदुरपश्चिम क्षेत्र र नेताहरूको बैठक बसेको ठाउँ भारत इत्यादि प्रयोग भएको छ । यी विविद परिवेशको असरका रूपमा कथाका घटनाक्रमहरू घटित भएहा छन् ।

यस कथामा निश्चित समयको प्रयोग भएको छ । जनयुद्ध सुरु भएको वि. स.२०५२ साल, हरि सरले पार्टीमा काम गरेको आठ बर्ष, श्रम शिविरमा यातना भोगेको सोह्र महिना र त्यसको केही समय पछिको उनको मृत्यु गरी लगभग दश-एघार वर्षको बीचमा यी सम्पूर्ण घटनाहरू घटित भएका छन् । यसरी हेर्दा दश वर्षको नेपालको जनयुद्धकालीन समय र नेपालको ग्रामीण परिवेशको चित्रण यस कथामा गरीएको पाइन्छ ।

### ४.१.१.४ उद्देश्य

'हरि सर पार्टी यातना र मृत्यु' याक्सा भित्रका कथा संग्रहको उत्कृष्ट कथा हो । यस कथाको शीर्षकबाट नै कथाले दिन खोजेको उद्देश्य बुझ्न सकिन्छ । हरि सरले विद्यालयमा पढाउँदा पढाउँदै जवर्जस्ती पार्टीमा लाग्नु परेको कारण कैयौं विद्यार्थीको भविष्य अन्योलमा परेको बुझ्न सकिन्छ । त्यस्तै पार्टीमा इमान्दारीताका साथ काम गरेता पनि सैनिकहरूको इर्ष्याका कारण उनले भयानक यातना पाउनु परेको छ र अन्त्यमा त्यसै यातनाका कारण अकालमा ज्यान समेत गुमाउनु परेको छ । यस घटना क्रमलाई सरसर्ती हेर्दा नेपालको २०५२ देखि २०६२ विचको १० वर्षे सशस्त्र द्वन्द्वको अवस्था चित्रण गर्न खोजिएको छ । त्यस समयको स्थिति, अपहरण, यातना, हिंसा, हत्या र नभएका आरोप प्रत्यारोपहरू लगाई दुःख दिने प्रवृति साथै गाउँघरका सोझा सिधा मानिसहरू डराएर बाँच्नुपर्ने अवस्थाको कुशल चित्रण कथामा पाइन्छ ।

यस कथामा नेपाली खोक्रो राजनीतिको झल्को पाइन्छ । नेता तथा ठूला मानिसहरूको अदुरदर्शी दृष्टिकोणका कारण जनताले दुःख पाउनु परेको छ । इमान्दार, लगनशील र खराव सोच भएका मानिसहरू वीचको भिन्नता छुट्याउन नसक्दा हरि सर जस्ता कैयौँले अकालमा ज्यान गुमाउनुपरेका यथार्थता कथामा प्रस्तुत गरीएको छ । आलाकाँचा तथा अदुरदर्शी मानिसहरूको

हातमा शक्ति पर्दाको नतिजा हरि सरको मृत्युलाई देखाएर राजनैतिक व्यक्तिहरूलाई इमान्दारीता र कर्तव्य परायणताको पाठ सिकाउन यो कथा सफल देखिन्छ ।

**४.१.१.५ भाषाशैली**

यस कथामा प्रयोग गरीएका भाषामा स्थानीय मातृभाषाको प्रयोग बढी रहेको पाइन्छ । यस कथामा सहज रूपमा बोलीचालीको समयमा प्रयोग गरीने भाषाको प्रयोग गरीएको छ । यहाँ कुनै पनि तार्किक भाषाको प्रयोग गरीएको पाँईदैन । कथ्य जस्तो तर सहज स्वभाविक भाषाले कथामा रोचकता, कौतुहलता र स्वभाविकता बढाएको छ । वर्णनात्मक शैलीमा अगाडि बढेको घटना प्रधान प्रस्तुत कथामा पात्रहरूबीचको संवादले अत्यन्त मार्मिक एवम् आकर्षक भावलाई अभिव्यक्त गरेको छ । सरल संवाद कथानक विकासको प्रमुख आधार बनेको छ । ठाँउ ठाँउमा स्थानीय मातृभाषाका शब्दावलीको स्वभाविक प्रयोग पनि कथामा पाईन्छ । कतिपय ठाँउमा ठेट नेपाली शब्द, उखान, टुक्का, बिम्ब, प्रतीक आदिको संयोजन पनि भएको पाइन्छ । समग्रमा भन्नुपर्दा कथाको भाषाशैली स्वाभाविक देखिन्छ । छोटा र सरल वाक्यले गर्दा कथा जो कोहीलाई बुझ्न सजिलो भएको छ । स्थानीय स्तरका सामान्य शिक्षित पात्रका लागि कठिन नहुने भाषा शैलीको प्रयोग यस कथामा पाईन्छ ।

**४.१.१.६ दृष्टिविन्दु**

यस कथामा कथाकार गुरुङ्ग रामप्रकाश समथिङको दर्शन पात्रका रूपमा हरि सर उपस्थित भएका छन् । उनकै केन्द्रियतामा कथानक सुरुदेखि अन्त्यसम्म निर्माण भएको छ । यहाँ हरि सरको जीवनका घटनाहरूको प्रस्तुतिकरण तृतिय पुरुषीय दृष्टिविन्दुका माध्यमबाट भएको छ । हरि सरलाई 'ऊ' भनी सम्बोधन गरी कथा प्रस्तुत गरीएको कारण यो बाह्य सिमित दृष्टिविन्दु हो । भाषाशैलीमा कतै कतै संवादको प्रयोग पाइन्छ । यसका कारण कथानक बढी रोचक बनेको छ । जस्तै हरि सर र लडाकुवीच भएको संवाद, हरि सर र कमाण्डरवीच भएको संवाद तथा हरि सर र सैनिकवीच भएको संवाद इत्यादि । ग्रामीण स्तरका जनता तथा लडाकुहरूको दैनिकीलाई प्रस्तुत गरीएको छ । यहाँ सामाजिक यथार्थ तथा युद्धका भाषाहरूलाई उतार्ने क्रममा यथार्थवादी ढंगले बाह्य दृष्टिकेन्द्रद्धारा कथाको कथ्य प्रस्तुत गरीएको छ । ...................

**४.१.१.७ शीर्षक सार्थकता**

यस कथाको शीर्षक 'हरि सर, पार्टी, यातना र मृत्यु' रहेको छ । यस कथाको शीर्षकबाट नै कथाको सम्भाव्य परिणामलाई बताउन खोजिएको छ । हरि सर जस्तो इमान्दार तथा मेहेनती शिक्षक जवर्जस्ती माओवादी पार्टीमा लाग्नुपरेको वाध्यता, पार्टीमा काम गर्दा गर्दै नगरेको कामको आरोप खेपेर यातना भोग्नु परेको तथा त्यस यातनाकै कारण उनको मृत्यु भएको घटनाक्रम यस कथामा रहेको छ । त्यस्तै विद्यलयको परिवेशबाट अचनाक पार्टीगत परिवेशमा प्रवेश भएको हरि

सरको जीवन र त्यसपछिको यातनाका कारण उनको अकालमा मृत्यु हुनुले यस कथाको कथानक पात्र तथा परिवेश अनुसारको शीर्षक अभिधात्मक रूपमा सार्थक देखिन्छ ।

### ४.१.२ रचना विधानका आधारमा 'हरि सर, पार्टी, यातना र मृत्यु' कथाको अध्ययन

यहाँ रचना विधानका आधारमा कथालाई विभिन्न शीर्षकमा विभाजन गरी प्रस्तुत गरीएको छ जो निम्नानुसार रहेका छन् ।

#### ४.१.२.१ रुचिक्षेत्र

यस कथामा नेपालको दशवर्षे जनयुद्धको समयलाई रुचिक्षेत्र बनाईएको छ । यस समयमा भएका युद्ध, अपहरण, यातना, हत्या इत्यादि वर्णनका लागि हरि सर जस्तो एक मेहेनती तथा इमान्दार निम्नमाध्मिक विद्यालयका शिक्षकको चरित्रलाई लिइएको छ । हरि सर विद्यालयका शिक्षक, परिवारका अभिभावक तथा गाउँकै समाजसेवी व्यक्तित्व हुन् । सामान्य रूपमा इमान्दारीताका साथ जीवनयापन गर्न चाहेता पनि उनलाई अपहरण गरी पार्टीमा प्रवेश गराइन्छ । त्यहा उनले नगरेको कामका लागि कठोर यातना सहनु परेको छ । उनको पीडा, व्यथा, छटपटी तथा मानसिक द्वन्द्वको उदाहरण कथामा प्रस्तुत गरीएको छ ।

#### ४.१.२.२ रीतिक्षेत्र

यस कथाको रीतिक्षेत्र सामाजिक यथार्थवादमा रहेर तत्कालीत समयको युद्धजन्य समाजको प्रस्तुतिकरण हो । विशेषगरी त्यस समयको इच्छा विपरीत पार्टीमा सामेल हुनुपर्ने बाध्यात्मक परिस्थिति तथा युद्धले आजित भएका गाउँबासीको अवस्थाको चित्रण भएको पाइन्छ । युद्ध तथा यातना पिडित हरि सरको आन्तरिक द्वन्द्व तथा युद्धको बह्य द्वन्द्वको प्रस्तुतिकरण यस कथामा पाइन्छ ।

#### ४.१.२.३ सारबस्तु

यस कथाका पात्र हरि सर एक इमान्दार तथा मेहेनती, सबै गाउँले तथा विद्यार्थीको आँखामा बस्न सफल शिक्षक हुन् । गाउँकै विद्यालयमा अद्यापन गराउदा गराउदै अचानक माओवादीका लडाकुहरूले उनलाई अपहरण गरेर लगेका छन् । त्यसपछि उनी नचाहादा नचाहादै पनि माओवादी कार्यकर्ता हुन पुग्छन् । आठ वर्षपछि उनलाई झुठो आरोप लगाईन्छ  र सोह्र महिने श्रम शिविरमा राखेर यातना दिइन्छ । यति लामो समय सम्म यातना सहदा पनि उनले आफूमाथि लगाइएको आरोप स्वीकार्दैनन् र सोह्र महिना पछि उनलाई छोडिन्छ तर श्रम शिविरमा पाएको यातनाका कारण उनी अन्यन्त कमजोर बनेका हुन्छन् । यसैकारण उनको मृत्यु हुन पुग्छ ।

यहाँ नेपालको युद्धकालीन समयको परिस्थिति दर्शाइएको छ । त्यस समयको राजनैतिक अपरिपक्वताका कारण एक इमान्दार शिक्षकले अनाहकमा ज्यान गुमाउनुपरेको बाध्यात्मक परिस्थिति कथामा प्रस्तुत छ । वास्तवमा युद्धले कसैको पनि भलो गर्दैन र यसको परिणाम अति नै

भयावह हुन्छ । यसै कुरालाई यस 'हरि सर, पार्टी, यानता र मृत्यु' कथामा पुष्टि गरीएको छ साथै युद्धकालीन समयका सैनिकहरूको भाषा तथा संवादलाई कलात्मक रूपमा प्रस्तुत गरीएको छ ।

**४.१.२.४ कथानक ढाँचा**

यस कथाको कथानक ढाँचा रैखिक छ । आदि, मध्य तथा अन्त्यको सिलसिलामा कथानककीय योजना क्रमको निर्वाह गरीएएको छ । हरि सरको विद्यालय, सामाजिक र पारिवारीक जीवनको वर्णन, युद्धमा लडाकुको वाध्यता यातना, भोगाई र मृत्यु जस्ता घटना एक पछि आर्को गर्दै रैखिक रूपमा आएका छन् । यस कथामा वर्णनात्मक र संवादात्मक पद्धतीको प्रयोग भएको पाइन्छ । हरि सरको जीवनयापनको तरिका, गाउँघर, विद्यालय र गाउँलेहरूको स्वभाव इत्यादि वर्णनात्मक रूपमा आएका छन् । हरि सरले पार्टीमा लाग्नुपरेको वाध्यता प्रशिक्षण तथा यातनाका घटनाक्रमहरू संवादात्मक रूपमा प्रस्तुत भएका छन् । सैनिक शिविर र श्रम शिविरका लडाकु र सैनिक शिविरका गतिविधिहरू दृष्यात्मक रूपमा, युद्धका घटनाहरू तथा भारतमा भएको बैठकमा नेताहरूलाई पक्राउ गरीएको कुरा संक्षेप्पात्मक रूपमा प्रस्तुत छ । यसकारण कथामा घटनाक्रम अनुसार कतै वर्णनात्मक, कतै संवादात्मक, दृष्यात्मक तथा संक्षेपात्मक विधिको सन्तुलन मिलाई प्रस्तुत गरीएको छ ।

**४.१.२.५ अर्थ सापेक्ष :**

यस कथाको अर्थ सापेक्ष अभिधात्मक रहेको पाइन्छ । यो कथा पाठकले सजिलै र सोझो रूपमा बुझ्न सक्ने खालको बनेको छ । सामान्य पढ्न सक्ने पाठकलाई समेत बुझ्नलाई सजिलो भएको छ । यस कथामा निश्चिन पात्र र सुहाँउदो घटनाक्रमको संयोजन गरेर कथाबस्तुलाई प्रत्यक्ष रूपमा बुझ्न सक्ने गरी अभिधात्मक अर्थकोटीमा कलात्मक ढंगले प्रस्तुत गरीएको छ । स्थानीय भाषको बढी प्रयोग भएको पाइन्छ । यसमा ठेट नेपाली शब्दको समेत प्रयोग भएको पाइन्छ । कथानक शीर्षक सँग मेल खाई एक विद्यालय शिक्षकको अपहरणका माध्यमद्वारा युद्धमा सामेल गराएर झुठो आरोपमा यातना सहनु परेको कारण अकालमै ज्यान गुमाउनु परेको दर्दनाक पीडा कथामा प्रस्तुत गरीएको छ ।

**४.१.२.६ रूपविन्यास पक्षः**

कथावस्तुलाई एउटा निश्चित आकार प्रदान गरीसकेपछि कथाकारले कथालाई सुन्दर बनाउन प्रयोग गर्ने युक्तिनै रूप विन्यास हो । यस भित्र कथाको सुक्ष्म तत्वहरू पर्दछन् । यस कथामा सरल र सहज भाषाको प्रयोग गरीएको छ । कथानक ढाँचा आदि, मध्य र अन्त्यको क्रममा अगाडि बढेको छ । यस कथामा सवृत्त पक्षलाई जोड दिइएको छ साथै व्यङ्ग्यको समेत प्रयोग गरीएको छ । कथामा एक शिक्षकको पार्टीगत यात्रा, यातना तथा मृत्युको कथानकसँग

अभिधात्मक रूपले मेल खाने शीर्षक दिइएको छ । यस कथामा सहर, स्कूल, हेडसर, खतरा, कमाण्डर, कम्युनिष्ट, जासुसी जस्ता आगन्तुक शब्दको प्रयोग गरीएको छ ।

### ४.२ 'कसले जतन गरीदेला यी मेरा किताबहरू' कथाको विश्लेशण तथा मूल्याङ्कन

कथाकार ग्रुरुङ्ग रामप्रकाश समथिङको 'याक्सा भित्रका कथाहरू' कथा संग्रहको दोस्रो कथाका रूपमा 'कसले जतन गरीदेलन यी मेरा किताबहरू' कथालाई राखिएको छ । यस कथामा प्रकाश घले नामक एक गरीब साहित्यकारको जीवनका उतारचढाबहरूलाई विषयवस्तुका रूपमा लिइएको छ । यस कथाको प्रमुख पात्र प्रकाश घले, सहायक पात्र श्रीमती, छोरा बुहारी, र गौण तथा सूच्य पात्रको उपस्थितिमा कथानक अघि बढेको छ । यस कथालाई यहाँ प्रसंगानुसार विविध कोण तथा सन्दर्भबाट विश्लेशण गर्ने प्रयास गरीएको छ ।

### ४.२.१ संरचना पक्षका आधारमा 'कसले जतन गरीदेला यी मेरा किताबहरू' कथाको विवेचना

यो कथा कथानक प्रधान भन्दा पनि चरित्र प्रधान रहेको छ । एक गरीब साहित्यकारले परिवारबाट पाएको हेला, उपेक्षाका कारण उसको मनमा उत्पन्न आन्तरिक द्वन्द्वलाइ यस कथामा मार्मिक रूपले प्रस्तुत गरीएको छ । यो कथा विभाजनलाई हेर्दा बाह्र पृष्ठको बाह्य संरचनामा संरचित छ । यसमा लामा छोटा गरी सत्ताइस अनुच्छेद रहेका छन् । कथाको शीर्षक प्रश्नात्मक जस्तो देखिएतापनि प्रश्न चिन्ह (?) नभएका कारण प्रमुख पात्रको सोचमग्न स्थितिलाई प्रस्तुत गर्न खोजिएको आभाश पाइन्छ ।

आन्तरिक संरचनाको दृष्टिकोणले कथाबस्तु त्यति प्रभावकारी नभएपनि पात्रको चरित्र चित्रणमा बढी केन्द्रित भएको पाइन्छ । यहाँ प्रमुख पात्रको मनोविज्ञानको विश्लेशण गरीएको छ । सामाजिक विकृति र विसंगतिको समेत उजागर गर्ने कार्य भएको छ । यहा प्रमुख पात्रको रूपमा प्रकाश घलेलाई लिइएको छ भने उसको जीवनमा घटेका घटनाहरूको सेरोफेरोमा कथाको संरचना अडिएको छ ।

#### ४.२.१.१ कथाबस्तु

गरीब परिवारमा जन्म लिएका र जेनतेन पाँच कक्षा सम्म पढेका प्रकाश घले साहित्यमा रुचि राख्छन् । उनले थुप्रै स्तरीय कथा, कविताहरू लेखेका छन् । तर उनीसँग प्रकाशन गराउने पैसा छैन । उनकी श्रीमती, छोरा बुहारी कसैले पनि उनको लेखन कार्यमा सहयोग गर्दैनन् । उनकी श्रीमतीको मृत्यु भएको केहि वर्ष पछि उनी पनि बृद्ध हुन्छन् । उनीसँग प्रशस्त पैसा नभएका कारण जाडोमा लगाउन न्याना कपडाहरू छैनन् । माघको घाममा प्रकाश घले आफ्ना पुराना किताबहरू बाहिर निकालेर सुकाउँछन् । छोराछोरीलाई किताबहरूको जतन गर र सुरक्षित राखिदेओ भन्दा कसैले पनि वास्ता गर्दैनन् । समय सँगै प्रकाश घलेको मृत्यु हुन्छ ।

प्रकाश घलेको 'गरीबीको पीडा' कथा संग्रहको एउटा साहित्यिक कार्यक्रममा निकै चर्चा हुन्छ । प्रकाशले निकै स्तरीय कृतिहरू लेख्ने गरेको त्यहाँ उपस्थित साहित्यकारहरूले बताए पछि लेखकलाई रोयल्टी तिरेर उक्त कथा संग्रह दश हजार प्रति छाप्ने निर्णय गरी प्रकाशक टोली प्रकाशलाई खोज्दै उनको घर पुग्छन् । प्रकाशको मृत्यु भैसकेको हुनाले उनका छोरालाई एक लाख रूपैया तिरेर पुस्तक लिन खोज्छन् तर उनको परिवारको बेवास्ताका कारण मकिएर, केटाकेटीले च्यातेर फ्याकेकाले पुस्तक भेटिदैन । पुस्तकको जतन नभएका कारण हातमा आएको एक लाख रूपयाँ गुमाउनु पर्दा उनीहरू पछुतो मान्छन् । त्यस बेलामात्र बाबुको लेखन कार्यमा साथ नदिएको र साहित्यको महत्व नबुझेकोमा उनीहरूलाई ग्लानि हुन्छ ।

यसरी यस कथामा साहित्य सृजनाको महत्व दर्साइएको छ । ग्रमीण परिवेशको चित्रण गरीएको उक्त कथामा आर्थिक समस्याका कारण प्रतिभा भएर पनि प्रकाशन गर्न नसकी ओझेलमा पर्ने लेखकहरूको प्रतिनिधि पात्रको रूपमा प्रकाश घलेलाई उभ्याइएको छ । तृतीय पुरुषीय दृष्टिविन्दुको प्रयोग गरी लेखिएको यस कथामा वर्णनात्मक तथा संवादात्मक शैलीको मिश्रण पाउन सकिन्छ ।

**४.२.१.२ पात्र विधान**

चरित्र प्रधान कथाका रूपमा यस कथालाई लिन सकिन्छ । प्रकाश घलेको माध्यमबाट ती सम्पूर्ण गरीव साहित्यकारहरूको जीवनमा के कस्तो पीडा आइपर्छ भन्ने कुराको झल्को यस कथामा दिइएको छ । यहाँ सामाजिक, पारिवारीक, आर्थिक तथा मनोवैज्ञानिक पीडा, व्यथा, विकृति र विसंगतिलाई उजागर गर्ने प्रयास गएिको छ । यस कथाको प्रमुख पात्रका रूपमा प्रबाश घले बर्गीय पात्रको प्रतिनिधित्व गर्दै उभिएको छन् भने सहायक पात्रका रूपमा उनकी श्रीमती छोरा बुहारी तथा नाति नातिना उपस्थित भएका छन् । यस कथामा गौण र केहि सूच्य पात्रहरूको पनि प्रयोग भएको पाइन्छ जसका कारणले कथानक विकास र त्यसको प्रभावकारितामा सहजता थपिएको छ ।

शैली बैज्ञानिक दृष्टिले पात्रहरूको कार्य भूमिका, प्रवृति, जीवनचेतना, आसन्नता, अवद्धताका दृष्टिले पात्रीय अवस्थालाई हेर्दा यसरी वर्गीकरण गरेर यस कथाको पात्रहरूलाई हेर्न सकिन्छ ।

| **क.स.** | **पात्र** | **कार्य भूमिका** | **प्रवृति** | **स्वभाव** | **जीवन चेतना** | **लिङ्ग** | **आसान्नता** | **आवद्धता** |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रकाश घले | प्रमुख | अनुकूल | गतिशील | वर्गीय | पुरुष | मञ्चीय | बद्ध |
| २ | श्रीमती | सहायक | प्रतिकूल | स्थिर | व्यक्तिगत | महिला | मञ्चीय | बद्ध |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | छोरा | सहायक | प्रतिकूल | गतिशील | व्यक्तिगत | पुरुष | मञ्चीय | बद्ध |
| ४ | बुहारी | सहायक | प्रतिकूल | गतिशील | व्यक्तिगत | महिला | मञ्चीय | बद्ध |
| ५ | प्रकाशक | गौण | अनुकूल | गतिशील | वर्गीय | | मञ्चीय | बद्ध |
| ६ | नाति | गौण | प्रतिकूल | स्थिर | व्यक्तिगत | पुरुष | मञ्चीय | वद्ध |
| ७ | नातिनी | गौण | प्रतिकूल | स्थिर | व्यक्तिगत | महिला | मञ्चीय | बद्ध |
| ८ | साहु | सूच्य | अनुकूल | स्थिर | वर्गीय | पुरुष | नेपथ्य | मुक्त |
| ९ | चेलिबेटी | सूच्य | अनुकूल | स्थिर | व्यक्तिगत | महिला | नेपथ्य | मुक्त |
| १० | छोरी | सूच्य | अनुकूल | स्थिर | व्यक्तिगत | महिला | नेपथ्य | मुक्त |
| ११ | बाबु | सूच्य | अनुकूल | स्थिर | व्यक्तिगत | पुरुष | नेपथ्य | मुक्त |

❖ **प्रमुख पात्र**

**प्रकाश घले**

प्रकाश घले गाउँमा सामान्य गरीब परिवारमा जन्मिएका साहित्यमा रुचि राख्ने व्यक्तित्व हुन् । उनी सामान्य पढलेख गर्न जान्ने हुन्छन् । साहित्यमा रुचि भएका कारण उनी कथा, कविता, उपन्यास, संसमरण इत्यादि लेख्ने गर्छन र विभिन्न साहित्यिक कार्यक्रमहरूमा भाग लिने गर्दछन् । आफ्नो रहरले केहि पुस्तकहरू पनि प्रकाशन गरेका घलेको परिवारबाट भने उनलाई सहयोग मिलेको देखिदैन । गरीबीमा बाँच्नुपर्ने बाध्यता भएका कारण अर्काको घरमा गएर बनिबुतो गरेर छाक टार्नुपर्ने अवस्था हुन्छ । अर्काका पुराना कपडाहरू सिलाएर लगाएर आङ ढाक्नुपर्ने बाध्यता उनका परिवारको रहेको छ ।

सरल र हसिलो स्वभावका उनी सबैलाई हसाँउने र सबैसँग रमाइलो गर्ने स्वभावका छन् तर गरीव भएका कारण उनलाई समाजले त्यति वास्ता गरेको छैन । उनी प्रतिभावान् लेखक भएता पनि उनको प्रतिभाको कुनै कदर भएको पाइदैन । उनले छोरा, बुहारी, नाति, नातिनालाई आफ्ना किताबहरू जतन गरी राखिदिनका लागि आग्रह गर्छन तर कसैले वास्ता गरीदिदैनन् । उनी विरामी भएर थला परेको अवस्थामा भने उनको हिनताग्रन्थीले काम गरेको छ । उनी अफूले साहित्यिक किताबहरू लेखेर छपाएकामा दु:ख र पछुतो मान्छन् । आफू विरामी हुदा उपचारका लागि पैसा नभएको कारण उनी चिन्तित भएका छन् । त्यस समयमा उनी भित्रको आन्तरीक द्वन्द्व चरम अवस्थामा पुगेको छ । उनी ती किताबहरूलाई हेरेर अतितका विभिन्न घटनाहरूका बारेमा सोचीरहन्छन् । परिवारले दिएको हेला र उपेक्षाका बारेमा सम्झन्छन् । उनलाई नेपालको

साहित्यिक समाज प्रति पनि झर्को लाग्छ । यसरी गरीबीको पीडामा बाचेका प्रकाश घलेको आन्तरीक द्वन्द्व र हिनता ग्रन्थीको सिकार हुदाहुदै देहान्त भएको छ ।

वास्तवमा प्रकाश घले यस कथामा वर्गिय पात्र भएर उभिएका छन् । नेपाली साहित्यका लागि धेरै योगदान दिएका तर सरकार पक्षबाट केहि राहत नपाएका सम्पूर्ण साहित्यकारहरूको प्रतिनिधि व्यक्तिका रूपमा प्रकाश कथामा आएका छन् । जीवनको अन्तिम समयमा उनी केहि प्रतिकूल देखिएता पनि यसलाई उनको हिनता ग्रन्थीले काम गरेको हो भन्न सकिन्छ ।

❖ **सहायम पात्र**

**श्रीमती**

प्रकाश घलेकी श्रीमती यस कथाकी प्रतिकूल पात्र हुन् । गरीब परिवारकी गृहिणी बनेकी उनी श्रीमानको घरमा काम नगरी विविध साहित्यिक कार्यक्रममा हिड्ने बानीले हैरान छिन् । सामान्य पढलेख गर्न पनि नजान्ने उनी श्रीमानको कामलाई कहिल्यै समर्थन गर्दिनन् । विना पैसा डुल्ने र घुम्ने गर्नु भन्दा बरु केहि पैसा आउने ठाउँमा काम गर्नुपर्ने ठान्ने उनको विचारलाई त्यस अवस्थामा सामान्य मान्नुपर्ने हुन्छ । किनकी विहान खायो बेलुका के खाउँ र बेलुका खायो विहान के खाउँ भएको अवस्थामा आफू र छोराछोरीलाई राम्रो खान लाउन नदिइकन श्रीमान त्यतिकै डुलेको त्यति राम्रो देखिदैन् । उनमा पढाइ लेखाइ र साहित्य भनेको के हो भन्ने चेतना छैन । उनका श्रीमानले पनि उनलाई यो कुरा बुझाउन सकेका छैनन् । उनी श्रीमानलाई अन्य केटीहरू सँग आँखा लगाउने गर्छिन् । यसलाई उनको हीनताग्रन्थीले काम गरेको भन्न सकिन्छ । वास्तवमा प्रकाश घलेकी श्रीमती पनि गरीबी र आन्तरीक मनोबैज्ञानिक द्वन्द्धले पिडित देखिन्छिन् ।

**छोरा**

प्रकाश घलेका छोरा गरीब परिवारमा हुर्किएता पनि एस्.एल.सी सम्म पढेका छन् । उनी गाउँमै खेतीपाती गरेर बस्छन् । पढेका भएतापनि उनी साहित्यतर्फ सचेत देखिदैनन् । बाबुको प्रतिभालाई सम्मान गर्न नसक्ने उनी बाबुले लेखेका कविताहरूको जतन गर्न जान्दैनन् । यही कारणले हातमा आएको पैसा गुमाउदा पछुतो मानेका छन् ।

**बुहारी**

उनी यस कथाकी प्रतिकूल पात्र हुन् । ससुराको आज्ञा नमान्ने तथा स्यहार सुसार नगर्ने उनी पढलेख गर्न जान्दिनन् । ससुराले किताब जतन गर भन्दा मुख फर्काउने उनी उग्र स्वभावकी देखिन्छिन तर प्रकाशक टीम आउदा किताब नभेटीएर हातमा आएको पैसा गुमेपछि भने उनी पछुताएकी छिन र बुबाको कितावको महत्व बुझेकि छिन् ।

❖ **गौण पात्र**

यस कथामा कथानकको विकासमा गौण पात्रहरूको भूमिका उल्लेखनिय रहेको छ । प्रकाश घलेका नाति नातिनीले हजुरबुबाको कुरा नसुनेका कारण पछुताउनु परेको छ । उनीहरू

यस कथाको प्रतिकूल पात्र हुन् । त्यस्तै प्रकाश घलेको वास्तविक तथा साहित्यकारिताको महत्व सम्झाउन काठमाण्डौबाट आएका प्रकाशक टीमको भूमिका पनि भुल्न सकिन्न । त्यस्तै अन्य पात्रमा प्रकाश घलेका बुबा, छोरी, गाउँका चेलीबेटी तथा साहूहरूले पनि कथानकको विकास र रोचकतामा इँटा थप्ने काम गरेका छन् ।

### ४.२.१.३ परिवेश

प्रस्तुत 'कसले जतन गरीदेला यी मेरा किताबहरू' कथामा ग्रामीण परिवेशको प्रयोग भएको छ । सदरमुकाम देखि हिडेर एक दिनमा पुगिने प्रकाश घलेको गाउँ यस कथाको मूख्य परिवेश हो । हलो जोत्ने, खेतीको काम गर्ने, डोको नाम्लो बुन्ने इत्यादि कामको कथामा वर्णन भएको छ । यी सबै कुराले पहाडी क्षेत्रको परिवेशलाई जनाएको छ । माइत आएका तथा घर फर्केका चेलीबेटीहरूको नानीहरू नथा कोसेली भारी बोकिदिन जानुपर्ने भएकाले यो कुनैपनि यातायातको सुविधा नपुगेको एकदमै दुर्गम गाउँ हो भन्न सकिन्छ । यहाँ कहिलेकाही सदरमुकामको साहित्य सम्मेलनको सूच्य रूपमा वर्णन गरीएको छ ।

समयगत परिवेशका दृष्टिले हेर्दा स्पष्ट रूपमा समय नतोकिएको भएता पनि प्रकाश घलेको जन्मदेखिको कथा जोडिएको छ तर मुख्य घटना भने उनी सत्तरी बर्षको भएदेखि नमरुन्जेल सम्मको आन्दाजि चार-पाँच महिनाको समय छ । अन्य विगतका कुराहरू भने उनले सम्झिएका घटनाहरू मात्र रहेका छन् ।

### ४.२.१.४ उद्देश्य

गरीब परिवारमा जन्म लिएका प्रकाश घलेको साहित्यप्रतिको रुचि र समर्पण तथा उनको जिन्दगीका दु:खदायी यात्रहरू यस कथामा देखाइएको छ । उनी आफू गरीब भएकै कारण साहित्यमा लगनशील भएर समय दिन सकेका छैनन् । परिवारलाई वनी गरेर पाल्नुपर्ने अवस्थाका वावजुत पनि उनी साहित्यिक सम्मेलनहरूमा भाग लिन पुग्छन् । श्रीमतीले आफू र आफ्नो कामलाई जति उपेक्षा गरेपनि, जतिसुकै अरुसँग आँखा लगाएर दुर्वाच्य बोलेपनि, गाउँलेहरूले जतिसुकै कवि भनी गिज्याएपनि उनी सहिरहन्छन् । यस कुराबाट उनको सहनशील स्वभाव र धैर्यतालाई देखाउन खोजिएको छ ।

यस कथामा प्रकाश घलेलाई एक वर्गीय पात्र बनाइ उभ्याइएको छ । आफूसग छपाउने तथा विक्री वितरणका लागि आयश्रोतका बाटाहरू नभएका तमाम नेपाली लेखकहरूको प्रतिनिधित्व गरी प्रकाश यस कथामा उभिएका छन् । उनी लेखकको विचारलाई पाठक समक्ष पुऱ्याउने मुखपात्र हुन् । उनका माध्यमबाट नेपाली साहित्यको खस्किदो अवस्थालाई देखाइएको छ । कला र प्रतिभा हुने मानिसको सम्मान गर्न नजान्ने नेपाली साहित्य समाजप्रति आक्रोश पोखिएको छ । साथै व्यङ्ग्य गरीएको छ । वास्तवमा नेपालमा लेखकहरूको स्तरोन्नती तथा

पारिश्रमिकको बारेमा राम्रोसग आवाज उठाउन सकिएको छैन । साहित्य लेखेर परिवार पाल्न सक्ने अवस्था छैन । विरामी पर्दा उपचार गर्न लेखकको हकहितमा बोल्ने संघसस्थाहरूको अभाव छ । त्यसमाथी पनि पिछडिएको गाउँमा बस्ने निम्न आर्थिक अवस्था भएको लेखकहरूको आवाज कसले सुनिदेओस् ? यी विभिन्न मार्मिक यथार्थहरू अवगत गराउने चेष्टा कथामा गरीएको छ ।

यसरी सबै तिरबाट पिडित लेखकको कहानीलाई कथानकको स्वरूप दिएर लेखिएको यस कथामा नेपाली साहित्यकारहरूको दयनिय स्थितिलाई प्रस्तुत गरीएको छ । जीन्दगीभर नेपाली साहित्यको बृद्धि र विकासका लागि परिवार तथा सामाजसँग संघर्ष गर्ने व्यक्तिहरू उपचार तथा थोरै सहयोगको अभावमा ज्यान गुमाउने गर्दछन् । जिउँदो हुदा कसैले वास्ता गर्दैनन् तर मरिसकेपछि महत्व देखाउन र सहानुभुति दर्शाउन पछि नहट्ने नेपाली साहित्यप्रेमीहरू तर्फ पनि लेखकले व्यङ्ग्य दृष्टि प्रस्तुत गरेका छन् । त्यसकारण नेपाली साहित्यको माया गरी लेखन क्षेत्रमा लाग्ने प्रतिभाहरूको सम्मान र स्तर वृद्धि तथा क्षमता अभिवृद्धिका लागि आवज उठाउनु नै यस कथाको मुख्य उद्देश्य हो ।

### ४.२.१.५ भाषाशैली

नेपाली व्याकरण तथा पदसंगतिका हिसाबले लेखक केहि ठाउँमा चुकेको पाइन्छ स्थानीय जनजिब्रोमा झुण्डिएको भाषा प्रयोग गर्दागर्दै पनि शुद्धतामा पनि कतिपय स्थानमा ध्यान पुऱ्याउन नसकेको पाइन्छ । प्रकाश घलेको मनोविश्लेषणात्मक रूपमा यथार्थ स्थितिको चित्रण गर्दै प्रशस्त संवादहरूको प्रयोग गरीएको छ । संवादमा स्वभाविकता र संछिप्तता पाइन्छ । वर्गभेदपूर्ण नेपाली समाजको पृष्ठभूमिमा प्रगतिवादी विचार प्रस्तुत गर्न स्वभाविक यथार्थ र मार्मिक घटनालाई आधार बनाइएको छ । प्रकाश घलेको यथार्थ पीडाबाट कारुणिकता झल्किएको छ । गाउँमा बोलिने कथ्य निकट भाषाले स्वभाविकतालाई बचाएको  छ । कथामा स्थानीय भाषाको बढी प्रयोग भएको पाइन्छ । कथामा आदरार्थी भाषाको प्रयोग नगरी मातृभाषालाई नै बढी देखाउन खोजिएको छ । कथा सहज सरल भाषामा लेखिएकोले पाठकलाई बुझ्न सहज भएको छ । सामान्य शिक्षित पाठकले समेत कथालाई सजिलै बुझ्न सक्ने खालको छ । तृतीय पुरुषीय दृष्टिविन्दुको प्रयोग भएको यस कथामा आलङ्कारिक अभिव्यक्तिलाई समेत प्रयोग गरीएको छ । कथामा घुमाउरो भाषाको प्रयोग नभई सोझो रूपमा अभिधा अर्थको प्रयोग भएको छ ।

### ४.२.१.६ दृष्टिबिन्दु

प्रकाश घले यस कथामा कथाकारको विचार र दर्शन प्रस्तुत गर्ने मुख्य पात्र हुन् । उनकै केन्द्रियतामा कथानक विकास भएको छ । उनको जीवनको सम्पूर्ण घटनाहरू तृतिय पुरुषको माध्यमबाट वर्णन गरीएको छ । यसकारण तृतीय पुरुषीय वाह्य दृष्टिकेन्द्रको प्रयोग यस कथामा भएको पाइन्छ । कतै कतै संवादको प्रयोग भएको छ । मुख्य पात्रको अन्तरमनमा द्वन्द्वहरू भने

स्वयम्‌का माध्यमबाट नै प्रस्तुत गरीएको छ  तर अन्य सम्पूर्ण घटनाक्रमहरू सुरुदेखि अन्त्य सम्म नै तृतीय पुरुषको माध्यमबाट प्रस्तुत छ । यसकारण प्रमुख पात्र (प्रकाश घले) स्वयम् आफ्नो कथा भन्न नसक्ने पात्रका रूपमा देखिएका छन् ।

**४.२.१.७ शीर्षक सार्थकता**

यस कथाको शीर्षक 'कसले जतन गरीदेला यी मेरा किताबहरू' रहेको छ । सरसरती हेर्दा प्रश्नात्मक जस्तो देखिएपनि यो वाक्य प्रमुख पात्रको चिन्ता जनाउने वाक्यका रूपमा आएको छ । आफूले दु:ख गरेर लेखेका किताबहरूलाई कसैले जतन र माया नगरीदिएपछि लेखकले चिन्ता व्यक्त गरेका छन् । यस मार्फत कथाकारले ती सम्पूर्ण नेपाली लेखकहरूको स्थिती र चिन्तालाई व्यक्त गर्न खोजेका छन् । जसको प्रतिभाको कदर परिवार, समाज तथा राज्यबाट गरीएको छैन । त्यसकारण अभिधात्मक रूपमा यस कथाको शीर्षक सार्थक रहेको छ ।

**४.२.२ रचना विधानका आधारमा 'कसले जतन गरीदेला यी मेरा किताबहरू' कथाको विश्लेषण**

यस कथालाई रचना विधानका आधारमा विभिन्न शीर्षकहरूमा विभाजन गरी अध्ययन गरीएको छ । जो निम्नानुसार रहेका छन् :

**४.२.२.१ रुचिक्षेत्र**

आर्थिक रूपमा विपन्न एक लेखको मानसिक द्वन्द्वको प्रस्तुतिकरण नै यस कथाको मुख्य रुचिक्षेत्र हो । परिवार, समाज तथा राष्ट्रले नै मूल्याङ्कन तथा सम्मान गर्न नसकेका आर्थिक रूपमा अत्यन्त विपन्न एक लेखकको मनोदशा यस कथामा प्रस्तुत गरीएको छ । वास्तवमा समाजले धनी र गरीब विचको वर्गीय खाडललाई यति गहिरो वनाएको हुन्छ कि आर्थिक रूपले विपन्न मानिसहरूको प्रतिभालाई चिन्न र सम्मान दिन हिच्किचाउछ । यस्तै पीडाबाट जीवन गुजार्न बाध्य एक आवाजविहीन लेखकको मनोदशालाई मार्मिक रूपले यस कथामा केलाईएको छ । यस्ता प्रतिभाहरूलाई सहयोग चाहिएको तर सहयोगका लागि कोहि कतै पनि तयार भएका छैनन् । कसैल सहयोग गर्न खोजेपनि त्यसका लागि अत्यन्त ढिलो भइसकेको हुन्छ । त्यसकारण यस्ता पिडित लेखकहरूको मनोदशा आन्तरिक द्वन्द्वको प्रस्तुतीकरणद्धारा नेपाली साहित्यलाई माया गर्ने सबै प्रति जागरुकता ल्याउनु यस कथाको रुचिक्षेत्र बनेको छ ।

**४.२.२.२ रीतिक्षेत्र**

यस कथामा सामाजिक र मनोबैज्ञानिक यथार्थलाई मुख्य रीतिक्षेत्र बनाइएको छ । आर्थिक रूपले विपन्न एक साहित्य साधकको जीवनमा आएका उतारचडावहरू यहाँ प्रस्तुत गरीएको छ । परिवार, समाज तथा राष्ट्रले सहयोग र सम्मान दिन नसक्दा उनको मनमा के कस्ता आन्तरीक द्वन्द्व चर्किन्छ भन्ने  कुरा यस कथामा प्रस्तुत गरीएको छ । नेपालमा यस्ता धेरै लेखकहरू छन् जो थोरै सहयोग नपाएका कारण अकालमा मृत्यु रोज्न बाध्य भएका छन् । साहित्य देशको सम्पती

भएता पनि ती सम्पती दाताहरूको स्तरोन्नतीका बारेमा राज्य अझै मौन छ । प्रकाश घलेका माध्यमबाट यी कुराहरूको मार्मिक प्रस्तुति यस कथामा गरीएको पाइन्छ ।

### ४.२.२.३ सारबस्तु

प्रकाश घले आर्थिक रूपले अत्यन्त विपन्न परिवारका छोरा तथा अभिभावक हुन् । उनी साहित्य लेखनमा रुचि राख्छन् तर परिवारमा कसैले पनि उनलाई सहयोग र समर्थन गरेको दैखिदैन । टाढा टाढाका साहित्यिक कार्यक्रमहरूमा भाग लिएर आउदा सधैंभरी श्रीमतीको गाली सुन्नुपर्ने बाध्यता उनको रहेको छ । श्रीमतीको मृत्युपछि उनी छोरा बुहारीसँग बसेका छन् तर कसैले पनि उनीप्रति तथा उनका किताबहरू प्रति चासो देखाएका छैनन् । उनको मनमा कैयौं आन्तरीक द्वन्द्धहरू खेलिरहेका हुन्छन् । आफूले पाएको दुःख सम्झेर आफुलाई धिक्कार्न पुग्छन् । बाचुन्जेल आफू साहित्य सेवामा लागेको तर बदलामा कसैले पनि आफूलाई केहि सहयोग नगरेको गुनासो उनी गर्छन् । छोरा, बुहारी, नाती नातिनालाई आफ्ना किताबहरू जतन गरी राखे भविष्यमा काम लाग्ने बताउछन् तर बुहारी, नाति नातिना त परै जाऊन एस.एल.सी.सम्म पढाएको छोराले समेत वास्ता नगर्दा उनी अत्यन्त निराश बन्न पुग्छन् ।

यसरी सोच्दा सोच्दै उनको हिनता ग्रन्थीले काम गर्दै जान्छ । उनी आफू साहित्य साधनामा लागेको र किताबहरू छपाएको कुराले आफैं दिक्क बन्छन् । आफू मर्ने बेला हुदासम्म पनि राज्यबाट केहि सहयोग नपाएका कारण आफ्नो साहित्य साधना देखिनै उनलाई पछुतो लाग्छ । उपचारको अभावमा रोगले च्यप्दै लान्छ र ती किताबरुहरू हेर्दाहेर्दै उनको मृत्यु हुनपुग्छ । यसको तीन वर्ष पछि काठमाण्डौबाट प्रकाशक टीम उनका किताब प्रकाशन गरीदिने भन्दै घर खोज्दै आउछन् तर प्रकाशको मृत्युको खबर पाएपछि उनका छोरालाई धेरै पैसा तिरेर आफुहरूले किताब  छपाइदिने भन्दै बाबुको किताब दिन आग्रह गर्छन् तर संरक्षणको अभावमा ती किताबहरू नभेटिएपछि सबैजना पछुताएका छन् ।

यसरी यस कथामा संरक्षणको अभावमा राज्यको अमूल्य सम्पती नष्ट भएको छ । जीवित हुदा प्रकाश घलेलाई कसैले सम्मान गर्न सकेको छैन । प्रकाश घलेले सम्पूर्ण नेपाली गरीब लेखकहरूको प्रतिनिधित्व गरेका छन् । यसकारण फेरी यस्ता घटनाहरू दोहोरीन नदिन समाज र देशले नै ध्यान पुऱ्याउनुपर्ने आवश्यत्ता देखिन्छ ।

### ४.२.२.४ कथानक ढाँचा

यस कथाको कथानक ढाँचा रैखिक रहेको छ । यस ढाँचामा कथा निश्चित र योजनाबद्ध रूपमा प्रस्तुत गरीएको छ । कथानक आदि, मध्य र अन्त्यमा क्रमबद्ध विकास भएको छ । यहाँ आदि भागमा कथानको उठान, मध्य भागमा कथानकको विकास र अन्त्य भागमा कथानकको निष्कर्ष दिइएको छ । यस कथाको प्रमुख पात्र प्रकाश घले हुन् । आर्थिक रूपमा पिछडीएका उनी

कथा, कविता, संस्मरण इत्यादि लेखेर साहित्य सभाहरूमा भाग लिने गर्दछन् । उनको जन्मदेखि कथानक सुरु भएको छ । उनको जन्म साहित्यमा प्रवेश, परिवारको असहयोग, श्रीमतीको मृत्यु, बुढेसकालमा उनको दुःखद मृत्यु, प्रकाशक टोलीको आगमन, किताब नभेटीनु, सबैले पछुतो मान्नु आदि घटनाहरू एक पछि अर्को क्रमिक रूपमा विकास भएको छ । यसमा दृष्यात्मक र संक्षेप पद्धतिको आनुपातिक प्रयोग भएको छ । दृश्य योजना हुनुका साथै उचित स्थानमा वर्णनको समेत प्रयोग भएको छ ।

### ४.२.२.५ अर्थ सापेक्ष

'कसले जतन गरीदेला यी मेरा किताबहरू' कथाको अर्थ सापेक्ष अभिधात्मक रहेको छ । नेपाली साहित्यमा लाग्ने सर्जकहरूप्रति समाज तथा राज्य पनि उतरदायी हुनुपर्ने कुरा यस कथामा प्रस्तुत गरीएको छ । धनी र गरीब विच वर्गीय भिन्नता रहेका कारण गरीबहरूको प्रतिभाको कुनै मुल्यांङकन भएको छैन तर उनीहरूको कलाको पनि उतिकै कदर र सम्मान हुनु पर्दछ । यस्ता लेखकहरूको स्तर वृद्धि र क्षमता विकासका लागि राज्यको तर्फबाट सहयोग हुनुपर्ने अन्यथा यस्ता प्रतिभा र साहित्य सर्जकहरू लोप भई राष्ट्रलाई ठूलो क्षति पुग्ने कुरा प्रकाश घलेको जीवनबाट अभिधात्मक अर्थकोटीमा कलात्मक ढंगले व्यक्त गरीएको छ । वर्णनात्मक शैलीमा प्रथम तृतीय पुरुषीय ढाँचामा लेखिएको यस कथाको दृष्टिविन्दु केन्द्रिय दृष्टिविन्दु रहेको छ । ग्रामीण जीवनको चित्रण गर्दै पात्रीय संवादलाई पात्रकै माध्यमबाट प्रस्तुत गरीएको छ ।

### ४.२.२.६ रूपविन्यास पक्ष

यस कथामा सरल भाषाको प्रयोग गरीएको छ । वाक्यगठन सवृत्त रहेको छ । यहाँ उखान टुक्काको प्रयोग गरीएको पाइदैन । शब्द चयन गर्दा कथाकारले सामान्य पाठकले समेत बुझ्न सक्ने खालका शब्दहरू छनोट गरेका छन् । भन्न खोजेको कुरालाई सोझै पात्रका माध्यमबाट व्यक्त गरीएको छ । कहिँ कतै कुनै व्यङ्ग्यको प्रयोग पाइदैन । बिभिन्न आगन्तुक शब्दहरूको प्रयोग पाइन्छ ।

## ४.३ 'रामबहादुरको प्यारो साथी रक्सी' कथाको विश्लेषण

साहित्यकार गुरुङ्ग राम पकाश समथिङको 'याक्सा भित्रका कथाहरू' भित्र तेस्रो कथाका रूपमा यस कथा समावेश गरीएको छ । पाँचथरको एउटा घरमा जन्मिएको रामबहादुरको जीवनका संघर्षहरूलाई यस कथाको बिषयवस्तुका रूपमा लिइएको छ । कथाको प्रमुख पात्र रामबहादुर र उसकी श्रीमती, सहायक पात्रका रूपमा रणबहादुर, रणबिर, रणकुमार, लाहुरे बा तथा अन्य विभिन्न गौण तथा सूच्य पात्रहरूको विशेष भूमिकाद्धारा कथालाई रोचक बनाउने प्रयास गरीएको छ । यस कथालाई यहाँ प्रसंगानुसार विभिन्न कोण तथा सन्दर्भबाट विश्लेषण गर्ने प्रयास गरीएको छ ।

### ४.३.१ संरचना पक्षका आधारमा 'रामबहानदुरको प्यारो साथी रक्सी' कथाको विवेचना

यस कथा घटना प्रधान कथाको रूपमा रहेको छ । सन्तानलाई पर्याप्त समय दिन नसक्दा उनीहरू कसरी कूलतमा फस्छन् र त्यसका कारण सुखमय रूपमा चलिरहेको घर संसार कसरी बर्बाद हुन्छ भन्ने कुरा यहाँ मार्मिक रूपमा प्रस्तुत गरीएको छ । यो कथाको बह्य संरचनालाई दृष्टिगत गर्दा कथामा जम्मा उन्नाइस पृष्ठ रहेका छन् । लामा छोटा गरी जम्मा उनन्चास अनुच्छेदको संयोजन रहेको छ । कथाको शीर्षकलाई हेर्दा यसमा अभिधात्मक अर्थ रहेको आभाश पाइन्छ भने यो कथा वृत्ताकारीय ढाँचामा संरचित रहेको देखिन्छ ।

#### ४.३.१.१ कथावस्तु

सामान्य गाउँमा हुर्केको रामबहादुर गरीब भए पनि असल र मेहनती छ । उसँग लाहुरेबाले दिएको फोटो खिच्ने क्यामेरा र धुलाउने मेसीन छ । गाउँ गाउँ डुलेर फोटो खिचेर कमाएको केही पैसाले सहरमा एउटा फोटो स्टुडियो खोलेर बसेको छ । स्टुडियोबाट राम्रो कमाइ भएपछि उसले विवाह गर्छ । विवाह पछि उसका तीन जना छोरा छन् र श्रीमतीलाई उसले होटल खोलिदिएको छ । केटाकेटी विद्यालय पठाएर उनीहरू आ-आफ्ना पसलमा काम गर्छन् । परिवारमा खुब मिलेमतो छ । समय सँगै उसले सहरमै जग्गा किनेर घर बनाउछ । यता छोराहरू पनि हुर्किंदै जान्छन् । छोराहरू ठूला भएपछि कुसंगतमा लाग्छन्, कूलतमा फस्छन् र चोर फटाहा भएर निस्कन्छन् । छोराहरूलाई जेलबाट छुटाउन रामबहादुरको प्रशस्त पैसा खर्च हुन्छ र उसलाई ऋण लाग्छ ।

रामबहादुरलाई सन्तानबाट बिरक्ति लाग्छ । ऋण माथि ऋण थपिन थालेपछि ऊ रक्सी पिउन थाल्छ । ऊ बिहान उठेदेखी आधारात सम्म साइलीको छाप्रे पसलमा रक्सी पिएर बस्छ । पहिलाको स्वर्ग जस्तो घर परिवार छोराहरूको कूलत र कुसंगत, रामबहादुर र उसकी श्रीमतीको रक्सी पिउने बानीका कारण नरक भएको छ ।

परिवेशका रूपमा गाउँ र सहर दुबै ठाउँको चित्रण गरीएको यस कथामा कूलतका कारण परिवारको बिचल्ली भएको अवस्था देखाइएको छ । यस कथाको मुख्य पात्र रामबहादुर र उसकी श्रीमती, सहायक पात्रका रूपमा तीन जना छोराहरू र लाहुरे बा तथा गौण पात्रका रूपमा रामबहादुरको परिवारका सदस्यहरू, होटल तथा स्टुडियोका ग्राहक, साइली, प्रहरीको आदिको प्रयोग गरीएको छ । यस कथामा सामान्य मानिसहरूको जनजिब्रोमा झुण्डिएको भाषाशैलीको प्रयोग गरीएको छ ।

#### ४.३.१.२ पात्र विधान

यस कथामा प्रमुख, सहायक र गौण तथा सूच्य पात्रहरूको प्रयोग गरीएको छ । यी विभिन्न प्रकारका पात्रहरूको जीवन्त प्रयोगले कथा रोचक र घटना प्रधान बन्न पुगेको छ । प्रमुख

पात्रको चरित्र तथा मनस्थीतिको वर्णन यस कथामा गरीएको छ । आन्तरीक र बाह्य द्वन्द्धको रोचक प्रयोग गरीएको छ । शैली वैज्ञानिक दृष्टिले पात्रहरूको कार्य भूमिका, प्रवृति, जीवन चेतना, आसन्नता र आवद्धताका दृष्टिले पात्रहरूको अवस्थालाई हेर्दा निम्नानुसार वर्गीकरण गरी प्रस्तुत गर्न सकिन्छ ।

| क्र.स. | पात्र | कार्य भूमिका | प्रवृति | स्वभाव | जीवन चेतना | लिङ्ग | आसान्नता | आवद्धता |
|---|---|---|---|---|---|---|---|---|
| १ | राम बहादुर | प्रमुख | अनुकूल | गतिशील | व्यक्तिगत | पुरुष | मञ्चीय | बद्ध |
| २ | श्रीमती | प्रमुख | अनुकूल | गतिशील | व्यक्तिगत | महिला | मञ्चीय | बद्ध |
| ३ | लाहुरे | सहायक | अनुकूल | स्थिर | वर्गीय | पुरुष | मञ्चीय | बद्ध |
| ४ | रण बहादुर | सहायक | प्रतिकूल | गतिशील | व्यक्तिगत | पुरुष | मञ्चीय | बद्ध |
| ५ | रण विर | सहायक | प्रतिकूल | गतिशील | व्यक्तिगत | पुरुष | मञ्चीय | बद्ध |
| ६ | रण कुमार | सहायक | प्रतिकूल | गतिशील | व्यक्तिगत | पुरुष | मञ्चीय | बद्ध |
| ७ | साइली | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | महिला | मञ्चीय | वद्ध |
| ८ | गाउँले प्रधान | गौण | अनुकूल | स्थिर | वर्गीय | पुरुष | मञ्चीय | बद्ध |
| ९ | टोली प्रमुख | गौण | अनुकूल | स्थिर | वर्गीय | पुरुष | मञ्चीय | बद्ध |
| १० | दाई | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | पुरुष | नेपथ्य | मुक्त |
| ११ | आमा | सूच्य | अनुकूल | स्थिर | व्यक्तिगत | महिला | नेपथ्य | मुक्त |
| १२ | बाबु | सूच्य | अनुकूल | स्थिर | व्यक्तिगत | पुरुष | नेपथ्य | मुक्त |
| १३ | ग्राहक | सूच्य | अनुकूल | गतिशील | वर्गीय | | नेपथ्य | मुक्त |
| १४ | पुलिस | सूच्य | अनुकूल | स्थिर | वर्गीय | पुरुष | मञ्चीय | बद्ध |

❖ **प्रमुख पात्र**

**रामबहादुर**

रामबहादुर गाउँको गरीब परिवारमा हुर्केको इमान्दार र मेहेनेती केटो हो । उसले यस कथामा गुरुङ्ग जातीको प्रतिनिधित्व गरेको छ । काम र पैसाको महत्व बुझ्ने किसिमको छ । अर्काले दिएको फोटो खिच्ने क्यामरा र धुलाउने मेसिनबाट उसले प्रशस्त आम्दानी गरेको छ । आफ्नो कामलाई जिम्मेवारीपुर्वक समयमै सम्पन्न गर्ने ऊ अरुलाई पनि छिट्टै प्रभाव पार्न सफल

देखिन्छ । उसको विवाहपछि सहरमा घडेरी किनेर घर पनि बनाएको छ । छोराहरूलाई ऊ एकदमै माया गर्छ र उनीहरूको सुन्दर भविष्यको कल्पना गर्छ तर उसको कल्पना कल्पनामै सिमित भएको छ । छोराहरूले सही बाटो लिन सकेका छैनन् । यसमा कहि न कहि राम बहादुर पनि जिम्मेवार देखिन्छ । दिनभर पसलमा फोटो खिच्ने र रातमा अवेरसम्म फोटो धुलाउने काममा व्यस्त हुने गरेका कारण उसले छोराहरूलाई पर्याप्त समय दिन सकेको छैन । छोराहरूको पढाइका बारेमा चासो लिने, साथी संगतका बारेमा बुझ्ने इत्यादि काममा ऊ सफल हुन सकेको छैन । यसका कारण छोराहरू नराम्रोसग बिग्रिएका छन् । रामबहादुर त पछि गएर आफ्नै छोराहरूसँग डराएको छ । छोराहरू जेलमा हुदा छुटाउन समेत गएको छ । जति पैसा माग्यो त्यतिनै छोराहरूलाई दिने गरेका कारण उसलाई ऋण माथि ऋण थपिएको छ । यस पीरबाट बच्न उसले रक्सीको साहारा लिएको छ ।

यसरी हेर्दा रामबहादुर गतिशील चरित्रको व्यक्ति हो । इमान्दार र मेहेनती हुँदा हुँदै पनि आन्तरीक र बाह्य परिस्थीतिका कारण आफ्नो घर व्यवहार विगार्न पुगेको छ । ऋण र चिन्ताबाट बच्न रक्सीको सहायता लिने ऊ आफ्नै सन्तानसँग डराउने र परिस्थतिसग लड्न नसक्ने कमजोर प्रवृत्तिको देखिन्छ ।

**श्रीमती**

रामबहादुरसँग गुरुङ्ग जातिगत परम्परा अन्तर्गत विवाह गरेर आएकी श्रीमती पनि इमान्दार र मेहेनती छे । श्रीमानले खोली दिएको होटल कुशलतापुर्वक सञ्चालन गरी घर व्यवहारमा मद्दत गर्न पुगेकी छे् । ग्राहकहरू सँग मिठो बोली बोल्ने स्वभावकी ऊ अरुलाई छिट्टै प्रभाव पार्न सफल देखिन्छे । उसबाट तीन छोराको जन्म भएको छ । उसले पनि छोराहरूको सुनौलो भविष्यको कल्पना गरेकी छे तर छोराहरूको पढाइमा भने समय दिन सकेकी छैन । आफ्नो धेरै समय होटल व्यवसायमा नै खर्च हुने हुदा छोराहरू लाई चोरीको आरोपमा प्रहरीले समातेर लैजादा मात्र ऊ झसङ्ग भएकी छे ।

यसरी इमान्दार तथा मेहेनती हुँदा हुँदै पनि ऋण बढ्दै गएपछि र छोराहरू गलत संगतमा परेपछि उनीहरूलाई सुधार्न असफल देखिएकी छे । आफ्ना सन्तानलाई सहि बाटोमा ल्याउन प्रयास गर्नुको सट्टा ऊ रक्सी पिउन थाल्छे जसका कारण घर व्यवहार नै लथालिङ्ग हुन पुगेको छ भने ऊ पनि मृत्युको मुखमा पुगेकी छे । यस कथामा प्रमुख पात्रका रूपमा उभिएकी श्रीमती अनुकूलबाट प्रतिकूल र गतिशील स्वभावकी देखिन्छे ।

❖ **सहायक पात्र**

**लाहुरे बा**

लाहुरे बा यस कथाका सहायक पात्र हुन् । जागरीबाट अवकाश पाएर गाउँ फर्किएका लाहुरे बा धनाढ्य तथा मनकारी पनि देखिन्छन् । उनी आफुले किनेर ल्याएको फोटो खिच्ने क्यामरा र धुलाउने मेसिन आफुले काम गर्न नसक्ने भएपछि रामबहादुर लाई दिन्छन् । यसबाट प्रमुख पात्रको जीविकोपार्जनमा ठूलो महत्व मिलेको छ । उनी सहयोगी र भलाद्मी देखिन्छन् । यस कथामा वर्गीय पात्रको प्रतिनिधित्व गर्दै उपस्थित भएका लाहुरे बा अनुकूल र स्थिर चरित्र भएका मञ्चीय पात्र हुन् ।

**रणबहादुर**

रणबहादुर रामबहादुरको जेठो सन्तान हो । ऊ सहरमा जन्मीएर हुर्कीएको र सम्पन्न परिवार भएको पुरुष पात्र हो । सानैदेखि पढाइमा कमजोर भएपनि उसले आफ्नो पढाइमा सुधार गर्नका लागि कुनै मेहेनत गरेको छैन । अझ ठूलो भएपछि गलत संगतमा फस्छ । रक्सी खाने, जुवातास खेल्ने, चोरी गर्ने इत्यादि गलत काम गर्छ । यसमा उसले आफ्ना भाइहरूलाई पनि संलग्न गराएको छ । यस कथाको कथानक दुःखान्त हुनका लागि उसको भूमिका महत्वपूर्ण रहेको छ । प्रतिकूल र स्थिर चरित्र भएको रणबहादुर यस कथामा मञ्चीय पात्रको रूपमा उपस्थित भएको छ ।

**रणविर**

रामबहादुरको माहिलो सन्तानका रूपमा जन्मीएको रणबिरको पढाइ सानैदेखि कमजोर छ । सानो छदा घरमा बा आमालाई काममा सहयोग गरेपनि ठूलो हुदै गएपछि ऊ गलत संगतमा फसेको छ । दाजुले गरेको गलत काममा ऊ पनि बराबरको भागिदार भएको छ । बा आमाको इज्जत नगर्ने, पैसाको लागि धम्की दिने र नदिएमा मार्छु भन्ने रणविर ठूलो भएर एक नामुद गुण्डा भएर निस्केको छ ।

**रण कुमार**

रामबहादुर र उसकी श्रीमतीको कान्छो छोराका रूपमा रण कुमारको जन्म भएको हो । ऊ पनि दाजुहरू जस्तै चोर र फटाहा भएको छ । पटक पटक प्रहरीले जेलमा राख्दा पनि ऊ सुध्रिएको छैन । दाजुहरू र साथी संगतका कारण कूलतमा फसेका रण कुमार प्रतिकूल र स्थिर चरित्र भएको मञ्चीय पात्र हो । कथानक दुःखान्तमा समाप्ति हुनमा उसको ठूलो भूमिका छ ।

❖ **गौण पात्र**

यस कथाको कथानक विकासमा गौण पात्रहरूको पनि ठूलो भूमिका रहेको छ । भट्टी चलाउने साइली, गाउँका प्रधान तथा टोली प्रमुखले आ-आफ्नो ठाउँमा भूमिका निर्वाह गरेका छन् । त्यस्तै रामबहादुरकी आमा, बाबु, दाई, पसल तथा होटलका ग्राहकहरू र प्रहरीलाई पनि भुल्न सकिदैन ।

**४.३.१.३ परिवेश**

प्रस्तुत 'रामबहादुरको प्यारी साथी रक्सी' कथामा ग्रामीण तथा सहरीया दुबै परिवेशको चित्रण गरीएको छ । रामबहादुरको जन्म भएको गाउँ, त्यस वरपरको वातावरण, गाउँले प्रमुखको आदेश मान्ने चलन, खेतीपाती तथा अर्काको घरमा काम गर्न जाने चलनले गाउँले परिवशको झल्को दिएको छ । त्यस्तै फिदिम बजार र त्यस वरपरको क्षेत्र, फोटो स्टुडीयो र होटलका ग्राहकहरू इत्यादि सहरीया परिवेशको झल्को दिने ठाउँहरू हुन् । बजारको घर विद्यालय त्यस्तै रामबहादुरका छोराहरूमा परेका गलत संगतको प्रभाव सहरीया परिवेशकै उपज हुन् । त्यस्तै यहाँ जेलको पनि वर्णन गरीएको छ । रामबहादुरको जीवनमा यी सम्पूर्ण वातावरणहरूको प्रत्यक्ष प्रभाव परेको छ । त्यस्तै बजारको एक कुनामा रहेको साइलीको भट्टी पसलको पनि यहाँ वर्णन गरीएको छ । यस कथामा सहरीया परिवेशको सकारात्मक भन्दा पनि बढी नकारात्मक पक्षहरूको असर देखिएको पाइन्छ ।

समयगत परिवेशको विश्लेषण गर्दा यो कथा रामबहादुरले भट्टीमा बस्दा सम्झिएको हो । त्यसकारण यहाँ एक दुई घण्टाको समय देखिन्छ तर उसले सम्झिएको जीवन कथा उसको बाल्यकाल देखि आजको स्थीति सम्मको छ । त्यसकारण यहाँ रामबहादुरको जीन्दगीको चालीस-पैतालिस वर्षको अवधिलाई पृष्टभुमिका रूपमा वर्णन गरीएको छ ।

**४.३.१.४ उद्देश्य**

यस कथामा रामबहादुर जस्तो गरीब परिवारमा जन्मीएको मानिसले पनि त्यतिका प्रगति गरी पुनः दुर्गतीमा आएको देखाइएको छ । उसले अर्काले दिएको एउटा क्यामरा र मेसिनबाट प्रशस्त आम्दानी गरेको छ । सहरमा स्टुडीयो खोलेर र होटल व्यावसाय गरेर इमान्दारीताका साथ जीविकोपार्जन गरेको छ । जीवनमा इमान्दार भएका काम गऱ्यो भने प्रगति गर्न सकिन्छ भन्ने कुरा यस कथाको माध्यमबाट प्रष्ट पारिएको छ ।

छोराहरू हुर्किदै गएपछि भने उसको सुखमय जीवन दुःखद बन्न पुगेको छ । वास्तवमा उसले र उसकी श्रीमतीले आ-आफ्नो कामका कारण छोराहरूलाई प्रशस्त समय दिन सकेका छैनन् । यहि कुरानै कथानक दुःखान्त बन्नुको मुख्य कारण हो । पैसा कमाउनका साथै सन्तानलाई बुबा आमाको समयको पनि जरुरत हुन्छ अन्यथा उनीहरू गलत संगतमा परी जीन्दगीनै बर्बाद हुन सक्छ भन्ने कुरा देखाउनु नै यस कथाको मुख्य उद्देश्य हो । परिवारको समय अभावले नै गर्दा तीनै जनाको पढाइ खस्कदै गएको छ । उनीहरू पढाइ छोडेर गलत संगतमा परेका छन् तर बाबु आमालाई यस कुराको धेरै ढिला भइसकेपछि मात्र जानकारी भएको छ । यस कथाको मुख्य घटना नै यहि हो । त्यसकारण सन्तानलाई सम्पती मात्र नभई रेखदेख लालन पालनका साथै पर्याप्त समयपनि दिनुपर्छ । यदि गलत कार्य भईहाले पनि सम्झाइ बुझाइ गरेर सहि बाटोतर्फ

ल्याउनुपर्छ । हार खाएर आफै कू बाटोमा लाग्नु समस्याको समाधन नभइ थप समस्यालाई निम्तो दिनु हो । यो कुरा 'रामबहादुरको प्यारो साथी रक्सी' कथाबाट प्रष्ट पारिएको छ ।

**४.३.१.५ भाषाशैली**

कथाकारले सवै कथामा सरल र सहज भाषाको प्रयोग गदै आएका छन् । उनका कथाहरू विद्धान् वर्गलाई भन्दा साधारण शिक्षित ग्रामीण पाठकले समेत सजिलै बुझ्न सक्ने खालको पाइन्छ । यस कथामा पनि धेरै स्थानमा मातृभाषाको प्रभाव परेको पाइन्छ । कतै छपाइमा समेत केही त्रुटी भएको पाइन्छ । स्थानीय बोलीचालीको भाषाको प्रयोग गरीएको छ । भाषामा तार्किकता पाइदैन । यहाँ रोचक संवादको प्रयोग गरीए पनि मुख्य पात्रको एकल संवादको बढी प्रयोग भएको पाइन्छ । कथा सरल, सहज, रोचक र प्रेरणादायक बनेको छ । वर्णनात्मक शैलीको प्रयोग गरीएको छ । विभिन्न उखान टुक्का, विम्ब, प्रतीक आदिको संयोजनले समेत कथामा सुन्दरता थपेको छ । यहाँ पात्रको स्तर अनुसारको भाषाको प्रयोग गरीएको छ । यसको कथानक वृत्ताकारीय देखिन्छ । कथानक वर्णनात्मक भए पनि दृष्यात्यक पनि देखिन्छ । कथाको विकासमा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

**४.३.१.६ दृष्टिविन्दु**

रामबहादुर कथाकार समथिङको दर्शन प्रस्तुत गर्न मुख्य पात्रको रूपमा आएको छ । त्यसैले कथाको सम्पूर्ण घटना रामबहादुरको रहेको छ । यस कथामा तृतीय पुरुषीय दृष्टिविन्दुको प्रयोग भएको सीमित दृष्टिकोणमा कथानक विकाश भएको छ । यहाँ रामबहादुरको विचार, भावना, सोचाइ संवेगात्मक प्रतिक्रिया आदिलाई व्यक्त गरीएको छ । यहाँ कथाको मुख्य पात्र रामबहादुरको जीवनमा आइपरेका प्रमुख मोडहरूलाई कथात्मक रूप दिन सफल भएको छ । समग्रमा रामबहादुरको केन्द्रीयतामा कथानक प्रस्तुत गरीएको छ ।

**४.३.१.७ शीर्षक सार्थकता**

यस कथाको शीर्षक 'रामबहादुरको प्यारो साथी रक्सी' रहेको छ । कथाको शीर्षकले नै कथाको मुख्य पात्र र उसको अवस्थाको वर्णन गर्न खोजेको छ । एक दुर्गम गाउँको गरीब परिवारमा जन्मीएको रामबहादुर ले आफ्नो मेहेनत र परिश्रमको भरमा धेरै प्रगति गरेको छ । यति हुँदा हुँदै पनि छोराहरू हुर्केर कूसंगतमा लागेका कारण रामबहादुर र उसकी श्रीमतीको रक्सी एकदमै मिल्ने साथी हुन पुगेको छ । यसो हुनुमा रामबहादुर र उसकी श्रीमतीको हेलचेक्राईले निकै ठूलो भूमिका खेलेको छ । जीवनमा आपत आइपर्दा त्यसको समाधान नगरी आफै कूलतमा फसेको कथा यहाँ प्रस्तुत छ । यसरी हेर्दा यस कथाको शीर्षक अभिधात्मक रूपमा सार्थक देखिन्छ ।

**४.३.२ रचना विधानका आधारमा 'रामबहादुरको प्यारो साथी रक्सी' कथाको अध्ययन**

यस कथालाई रचना विधानका आधारमा विभिन्न भागमा विभाजन गरी अध्ययन गरीएको छ। जो निम्नानुसार रहेका छन् :

### ४.३.२.१ रुचिक्षेत्र

यस कथाको रुचिक्षेत्र गरीब परिवारमा जन्मेको रामबहादुरले इमान्दारीता र मेहेनतको भरमा गरेको प्रगति र छोराहरूको कारणले भोग्नुपरेको दुर्गती प्रस्तुत गर्नु हो। अभिभावकको थोरै वेवास्ता अथवा थोरै पनि सन्तानको रेखदेखमा भएको हेलचेक्राईले भविष्यमा कस्तो भयावह अवस्था आउन सक्छ र कसरी एउटा सुखमय घर परिवारको विचल्नी हुन सक्छ भन्ने कुराको प्रस्तुतिकरण गर्नु हो। यस कुराको प्रस्तुतिकरणका लागि रामबहादुर र उसका छोराहरूलाई माध्यमका रूपमा लिइएको छ। आफूले दिनरात एक गरेर कमाएको सम्पती छोराहरूलाई जेलबाट छुटाउन र उनीहरूले गरेको चोरीको हर्जना तिर्नमा खर्च भई ऋण माथि ऋण थपिएका कारण रामबहादुर र उसकी श्रीमती दिनरात रक्सी पिएर बसीरहेका छन्। आफूले जन्माएर हुर्काएका छोराहरूले कुट्लान् र मार्लान् भन्ने पीर हरेक दिन खपेर बस्नु पर्दाको पीडा, उसको अतितको संझना र बर्तमानको लाचारीपनले देखाएको छ। यसरी यो कथा नाटकीय शैली र वृत्ताकारीय ढाँचामा रचना गरीएको छ। यहि नै यस कथाको मुख्य रुचिक्षेत्र रहको छ।

### ४.३.२.२ रीतिक्षेत्र

यस कथाको रीतिक्षेत्र सामाजिक यथार्थवाद रहेको छ। रामबहादुरले स्टुडीयो र होटलबाट मेहेनतका साथ प्रशस्त पैसा कमाएर आफ्नो गरीबीलाई पछि पार्न सफल भएको छ। छोराहरू ठूला भएपछि गलत संगतमा पर्छन र उसको सम्पती पनि सकिदै जान्छ। ऋण लागेको पीडा एकातिर छ भने छोराहरूले उसलाई दिनदिनै पैसा माग्ने र धम्काउने गरेका छन्। पैसा नदिए आफ्नै बाबुआमालाई पनि मार्न पछि नपर्ने यथार्थता थाहा पाएपछि उसलाई मानसिक रूपमा गहिरो चोट पर्न जान्छ। यसपछिको उसको मानसिक द्वन्द्वलाई कथामा प्रस्तुत गरीएको छ। सहर बजारमा बढ्दै गएको लागुओषधको प्रयोग, दुर्व्यसनी, चोरी डकैतीलाई यस कथामा रामबहादुरका परिवारका माध्यमबाट मार्मिक रूपमा प्रस्तुत गरीएको छ। त्यसैले यस कथाको मुख्य रीतिक्षेत्र सामाजिक यथार्थवाद बनेको छ।

### ४.३.२.३ सारबस्तु

एउटा सुखमय परिवारमा आएको उतारचढाव लाई विषयवस्तु बनाएर रचना गरीएको यस कथाको मुख्य पात्र रामबहादुर एक गरीब परिवारको छोरा हो। उसलाई गाउँकै लाहुर बा ले दिएको फोटो खिच्ने क्यामरा र धुलाउने मेसिनलाई सदुपयोग गरी सहरमा आएर फोटो स्टुडीयो खोलेको छ। विस्तारै उसले त्यहा काम गर्दै जादा विवाह गर्छ र श्रीमतीलाई पनि होटल खोलिदिन्छ। दुवै मिलेर खुव पैसा कमाएका छन् र सहरमै एउटा घडेरी किनेर घर पनि बनाएका छन्। यस वीचमा उनीहरूका तीन जना छोराहरू जन्मन्छन्। विस्तारै उनीहरू हुर्किदै गएपछि

पढाइमा ध्यान नदिने, स्कूलबाट भाग्ने काम गर्छन । अझ ठूला भएपछि त जाँड रक्सी खाने, चोरी डकैती गर्ने जस्ता कूलतमा लाग्छन् तर यो कुरा उनीहरूको बा आमा लाई थाहा नै हुदैन अथवा थाहा पाउने फुर्सद नै हुदैन । अचानक एक दिन आफ्ना तीनैजना छोराहरूलाई पुलिसले समातेपछि मात्र रामबहादुर र उनकी श्रीमतीले यो सत्यता थाहा पाउँछन् । त्यसपछि त झनै घर व्यवहार र छोराहरूको अवस्था विग्रदै जान्छ । दिन दिने पुलिसको पक्राउ र हर्जना तिर्दा रामबहादुरको सम्पती सकिदै जान्छ । अलि पछि त पैसा नदिए मारिदिने भन्दै छोराहरूले नै धम्काउन थाल्छन् । यस बाट रामबहादुर र उसकी श्रीमतीको मानसिक अवस्था दयनिय हुन पुग्छ । उनीहरू हरेक दिन रक्सीको साहारमा विताउन थाल्छन् ।

मेहेनतका साथ काम गर्ने हो भने तथा हातमा सिप हुने हो भने हामी आफ्नो गरीवी हटाउन सक्छौ तर पैसा कमाउने ध्यानमा आफ्ना सन्तानहरूलाई रेखदेख गर्न तथा सही बाटोमा हिडाउन भने विर्सनु हुदैन । सानैदेखि उनीहरूको पढाइ तथा साथी संगतमा विशेष ध्यान दिनुपर्छ । यदि यस्ता स-साना कुरामा ध्यान दिन नसक्ने हो भने पछि पछुताउनु सिवाय अरु केहिपनि उपाय हुदैन । धन भनेको हातका मैला हो तर सन्तानको सहि हेरविचार ले हाम्रो जीवन सुखमय बन्न सक्छ । नत्र भने अवस्था रामबहादुर र उसकी श्रीमतीको जस्तै हुन बेर छैन भन्ने कुरा यस कथाले प्रष्ट पारेको छ ।

### ४.३.२.४ कथानक ढाँचा

यस कथाको कथानक ढाँचा वृत्ताकारीय रहेको छ । साइलीको भट्टीमा रामबहादुरले रक्सी पिउँदै गरेको अवस्थमा रामबहादुर र साईलीको संवादबाट सुरु भएको कथा अन्त्यमा त्यहि भट्टी र त्यही अवस्थमा टुङ्गिएको छ । यस बीचमा रामबहादुरले आफ्नो पूा जीवनकथा स्मरण गरेको छ । रामबहादुर लाई लाहुरे बा ले क्यामरा र फोटो धुने मेसिन दिनु, उसले फोटा स्टुडीयो खोल्नु, विवाह गर्नु, होटल खोल्नु, छोराहरूको जन्म हुनु, घर बनाउनु, छोराहरू कूलतमा लाग्नु, कमाएको सबै सम्पती सकिनु, ऋण लाग्नु, रक्सी पिउनु जस्ता सम्पूर्ण घटना क्रमहरू एक पछि अर्को गर्दै रामबहादुरले भट्टी पसलमा रक्सी पिउदै सम्झेको मात्र हो । त्यसकारण यस कथाको कथानक ढाँचा वृत्ताकारीय रहेको छ भन्न सकिन्छ ।

यस कथामा पनि दृष्यात्मक र संक्षेपात्मक पद्धतीको अवलम्बन गरीएको छ । ठाउँ र परिस्थिती अनुसार यी दुबै पद्धतीको प्रयोग भएको पाइन्छ । यहाँ रामबहादुरको पारिवारीक अवस्था, छोराहरू लाहुरे बा, गाउँलेहरू, गाँउ प्रमुख र उनीहरूको जीवन शैलीमा आएको परिवर्तन इत्यादि घटनाक्रमहरूको संयोजन गरीएको छ । त्यस्तै आवश्यकताअनुसार संवादको समेत उपयोग गरीएको छ ।

### ४.३.२.५ अर्थ सापेक्ष

'रामबहादुरको प्यारो साथी रक्सी' कथाको अर्थ सापेक्ष अभिधात्मक रहेको छ । कथाको शीर्षकले नै यस कथाको अर्थ सापेक्षता प्रष्ट रूपमा भनीरहेको छ । गरीब परिवारमा जन्मिएको बालकले पनि अवसर पाउदा राम्रो काम गरी प्रगति गर्न सक्छ । मेहेनतकै कारण हिजोको गरीब रामबहादुर आज स्टुडीयो, होटल र आफ्नै घरको मालिक बन्न पुगेको छ । तर छोराहरू कूलत र दुर्व्यसनीमा लागेका कारण उनको सबै सम्पती सकिएर दिनरात रक्सी पिउने अवस्थामा पुगेको छ । आफ्नै छोराहरूसग डराएर बस्नु परेको छ । त्यसकारण छोराछोरीको पढाइलेखाई र साथी संगतमा सानै देखि ध्यान दिई सहि बाटोमा हिडाउने प्रयास गर्नु पर्छ । आफ्ना सन्तान भन्दा ठूलो सम्पती अरु केहि हुन सक्दैन । यदि उनीहरूले नै गलत बाटो अपनाए भने जीवनमा दुःख र पीडा मात्र हुन्छ । यसकारण यहा पनि रामबहादुर छोराहरूको कारणले दिनरात रक्सी पिएर बसेको र रक्सीनै उसको प्यारो साथी भएको यथार्थलाई सोझो रूपमा अभिधात्मक अर्थ कोटीमा कलात्मक ढंगले प्रस्तुत गरीएको छ ।

### ४.३.२.६ रूपविन्यास पक्ष

यस कथामा वृत्ताकारीय कथानक ढाँचाको प्रयोग गरीएको छ । मुख्य पात्रको संसमरणलाई कथाको विषयवस्तु बनाइएको छ । भाषिक सरलतालाई जोड दिइएको छ । सरल भएकै कारण सम्पूर्ण पाठकलाई बुझ्न सजिलो भएको छ । कथामा सरल शब्दको प्रयोग भएको छ । यस कथामा व्यङ्ग्यको प्रयोग खासै गरीएको छैन । यस कथामा क्यामरा, मेसिन, स्कूल आदि आगन्तुक शब्दको प्रयोग गरीएको छ र स्थानिय बोलीचालीको भाषा र गालीगलौजको भाषा समेत प्रयोग गरीएको छ ।

## ४.४ 'पुछारे कान्छाको कन्तविजोग' कथाको विश्लेषण मूल्याङ्कन

'याक्सा भित्रका कथाहरू' कथा संग्रह भित्र चौथो कथाका रूपमा यो कथा संग्रहित छ । बैदेशिक रोजगारीले समाजमा निम्त्याउदै गरेको विसंगतिलाई यस कथामा प्रस्तुत गरीएको छ । श्रीमती घरमै छोडेर श्रीमानहरू धेरै वर्षका लागि विदेशिने र यता श्रीमतीहरूले आफ्नो दवेर रहेको यौन इच्छालाई पुरा गर्न अर्कै श्रीमान खोज्ने त्यसका कारण घर परिवार र छोराछोरीहरूको विचल्नी हुने गरेको आजकलको सामाजिक यथथर्तलाई कथामा प्रस्तुत गरीएको छ । यस कथाको प्रमुख पात्र पुछारे कान्छा र कान्छी भाउजु हुन् भने सहायक पात्र सासु आमा र अन्य गौण पात्रहरू कथामा रहेका छन् । यो कथा नाटकीय रूपमा रचना गरीएको छ त्यसकारण कथामा बहुल पात्रको प्रयोग पाईन्छ । यस कथालाई विभिन्न कोण तथा सन्दर्भबाट अध्यन विश्लेषण गर्ने प्रयास गरीएको छ ।

### ४.४.१ संरचनाका आधारमा 'पुछारे कान्छाको कन्तविजोग' कथाको विवेचना

यस कथामा पात्रको चरित्रलाई नै प्रमुख रूपमा उपस्थित गरीएको छ । सामाजिक रूपमा कमजोर आर्थिक अवस्थालाई सुधार गर्न अनेक किसिमका संघर्ष गर्नुपर्ने बाध्यता हामी बीच रहेको छ । यसले समाजमा विकृति र विसंगतिलाई पनि भित्र्याउदै गइरहेको छ । श्रीमान् विदेशमा कठीन काम गर्ने तर श्रीमती भने घरमा मोजमस्ती गरेर हिड्ने प्रवृति दिन प्रतिदिन मौलाउदै गइरहेको छ ।

संरचना पक्षलाई हेर्दा यो कथा सत्र पृष्ठको बाह्य संरचनामा संरचित छ भने यसमा लामा छोटा गरी त्रिचालीस अनुच्छेद रहेका छन् । यस कथामा अत्यन्त छोटा पन्ध्र शब्दको एउटा वाक्यलाई पनि अनुच्छेदका रूपमा प्रयोग गरीएको छ । एक पछि अर्को घटनाको कौतुहलता पाठकलाई भइ नै रहन्छ । यस कथामा पनि कथानक केही क्षीण भएपनि चरित्र चित्रणमा नै केन्द्रित भएको पाइन्छ । यस कथामा पुछारेको जीवनमा आएको पीडालाई ब्यक्त गर्न कथानक प्रारम्भ, विकाश, उत्कर्ष र चरम अवस्थालाई संगठित रूपमा संयोजन गरीएको छ । सुरुमा कमाएर आर्थिक अवस्था केही सुधार भए पनि अन्त्यमा आफ्नो श्रीमतीको कारण बनाएर यस कथाको संरचना अगाडि बढेको छ ।

**४.४.१.१ कथावस्तु**

यस कथाको कथानक गाउँका मैया, कविता, शान्ति, तारा लगायतका केटीहरूको कुराकानीबाट अगाडि बढेको छ । उनीहरूले पुछारे कान्छा र उसकी कान्छी श्रीमतीको बारेमा कुरा गर्छन् । यसै कुराकानीबाट यस कथाको कथानक सुरु गरीएको छ । पुछारे कान्छाको विवाह पछि उसका दुई जना छोराछोरी जन्मन्छन् । परिवारको लालनपालनका लागि पैसा कमाउन कान्छा बिदेश जान्छ त्यही मौकामा दुइजना छोराछोरी छोडेर पठाएको पैसा लिएर श्रीमती पोइल जान्छे । त्यसपछि पुछारे कान्छाले दोस्रो विवाह गरेको छ । परिवारको संख्या थपिदै गएपछि उनीहरूलाई खानलाउनको समस्या हुन्छ । त्यसकारण पुछारे कान्छा पुनः विदेशतिर लाग्छ । त्यही समयमा कान्छी श्रीमती पनि एउटा काखको नानी छोडेर असीहजार लिएर पोइल गएको देखिन्छ ।

पुछारे कान्छा विदेशमा भएका कारण ती तीन जना नानीहरूको लालनपालन गर्ने जिम्मेवारी बुढेसकालका कारण बिरामी भइ ओच्छ्यान परेकी उनीहरूकी हजुरआमालाई आइपरेको छ । अर्कातर्फ ऋण गरेर विदेश गएर दुःख गरी पठाएको पैसा श्रीमतीले लिएर हिडेपछि फेरि कान्छालाई ऋण थपिएको छ ।

यस कथामा नेपालमा वैदेशिक रोजगारले निम्त्याएका राम्रा तथा नराम्रा प्रभावहरूलाई विश्लेषण गरीएको छ । एकातिर वैदेशिक रोजगारबाट आम्दानी हुने र त्यसले परिवारको आर्थिक अवस्था सुदृढ हुने आशा राखिएको छ भने अर्को तर्फ घरमा रहेका श्रीमतीहरूले श्रीमान्ले दुःख

गरेर कमाएको पैसाको दुरूपयोग गरी घर व्यवहार नै बिगारीदिने प्रबृति पनि विकसित भैरहेको पक्षलाई उजागर गरीएको छ ।

### ४.४.१.२ पात्र विधान

यस कथाको मुख्य पात्रका रूपमा पुछारे र उसकी श्रीमतीलाई लिन सकिन्छ । कथामा उनीहरूको जीवनको सेरोफेरोलाई आधार बनाइएको छ । सामाजिक यथार्थलाई प्रष्ट रूपमा कथाको माध्यमवाट देखाइएको छ । यस कथामा कथानक भन्दा पनि पात्र विधानलाई प्रभावकारी रूपमा देखाउन खोजिएको छ । यस कथामा उठान गरीएका समस्याहरूको समाधान गर्नका लागि समाजको आन्तरिक जीवन जगत्का पक्षहरूलाई खुलाउन, विश्लेषण गर्न, तीव्र यौन चाहनालाई वर्णन गर्न र समाजमा घट्ने घटनाहरूको चित्रण गर्न बढी केन्द्रित भएको पाइन्छ । गरीवीको कारणले आन्तरिक रोजगारीको अभावले गर्दा लाखौ नेपाली युवाहरूले विदेशी भूमिमा पसिना वगाउन जानु पर्ने बाध्यता छ भने आफ्नो इच्छा आकाक्षालाई पैसाले मात्र पूरा गर्न नसकेपछि धेरै विदेशिएका युवाका श्रीमतीहरू मोजमस्तीमा व्यस्त हुन पुगेको पाइन्छ । यहाँ नेपाली युवाको संघर्ष र महिलाको यौन उन्मादलाई चित्रण गर्न खोजिएको छ । यस कथामा बहुल पात्रको प्रयोग गरीएको छ । ग्रमिण वातावरणमा भएको भेला जम्मा तथा भिडभाडका कारण पनि यस्तो भएको हो । यस कथाका प्रमुख पात्र पुछारे कान्छा र कान्छी भाउजु दुवै प्रत्यक्ष रूपमा कथामा उपस्थित छैनन् । कथामा उनीहरूको बारेमा वर्णन गरीएको छ । सहायक पात्रका रूपमा पुछारेकी आमा रहेकी छिन भने अन्य थुप्रै गौण तथा सूच्य पात्रको प्रयोग कथामा गरीएको पाइन्छ ।

**❖ प्रमुख पात्र**

**पुछारे कान्छा**

यस कथाको प्रमुख पात्रको रूपमा पुछारे कान्छालाई लिइएको छ । तर ऊ कथामा स्वयम् उपस्थित भने छैन । वास्तविक नाम अर्कै भएता पनि बारीको पुछारमा घर बनाएर बसेको हुनाले उसलाई सबैले पुछारे भनेर बोलाउने गरेका छन् । सरल इमान्दार र कर्मठ व्यक्तिका रूपमा पुछारेलाई चिनिन्छ । ऊ अरुको कुरामा झट्ट विश्वास गर्ने खालको छ । परिवारको कान्छो छोरा भएकाले आमा र नानीहरूको लालन पालनमा बनिबुतो गरेर भएपनि उसले सहयोग गरेको छ । सामान्य पढलेख गरी शिक्षित बनेको पुछारे श्रीमतीको कुरालाई धेरै विशवास गर्छ । पहिलो श्रीमती विवाह गरेर काम र दामको खोजीमा विदेश गएको पुछारे श्रीमती पोइल गएपछि घर फर्केर आउँछ । सधैं आफ्नो परिवार र भविष्यको बारेमा चिन्ता लिने पुछारे परिवारको लालन पालनका लागि दोस्रो विवाह गरेर एउटा बच्चाको जन्म पछि फेरी साहुसँग घर खेत बन्धकी राखेर विदेशी भूमिमा रोजगारीका लागी जान्छ । कर्मठ व्यक्ति भएकै कारण आठ घण्टाको सट्टामा बाह्र चौध घण्टा सम्म दुःख गरेर पैसा कमाउँछ । दुःख गरेर घरमा पठाएको पैसा श्रीमतीले फजुल

खर्च गरेर सखाप पारिदिन्छिन् । उसको पसिनाको मूल्यलाई अरुले बुझ्न सकेका छैनन् । त्यसैले साहुबाट लिएको ऋण तिर्न सकिरहेको छैन । आफूले कमाएको सम्पतीलाई ऊ धेरै माया गर्छ । खाइ नखाइ भएपनि परिवारलाई सुखी राख्न खोज्छ । आफूले कमाएर पठाएको पैसा श्रीमतीले मोजमस्तीमा सकेकी र अरुसग हिमचिम बढाएको कुरालाई पुछारेले कहिल्यै बुझ्न सक्दैन । सोहि कारणले गर्दा आफ्नो श्रीमती ऊ आउनु भन्दा अगाडि नै भागेर अर्कै केटासग गएकी छे । यी विविध कारणहरूले पुछारे कान्छा दुःख र दरिद्रताको भुमरीमा फस्दै गएको छ । लामो समय सम्म विदेशमा बसेर कमाएको पैसा श्रीमतीले सबै लिएर हिडेपछि पुछारेको सुखमय जीवनको सपना अधुरै रहेको छ । बेलैमा बुद्धि नपुऱ्याई श्रीमतीको विश्वास गरेकै कारण पुछारेको जीन्दगीमा अन्धकार छाएको छ ।

**पुछारघरे कान्छी भाउजु**

पुछारघरे कान्छी भाउजुलाई प्रमुख पात्रको रूपमा लिइएको छ तर उनीपनि प्रत्यक्ष रूपमा कथामा उपस्थित भएकी छैनन् । उनी अत्यन्तै राम्री देखिने हुनाले सबैले मन पराउछन् । सुरुमा उनी इमान्दार र कर्मठ व्यक्तिका रूपमा देखा परेकी छिन । आफ्नो आर्थिक अवस्था कमजोर भएको देखेर पैसा कमाउनका लागि श्रीमानलाई विदेश पठाएकी छिन् । श्रीमान विदेश गएपछि सुरुसुरुमा त उनी इमान्दार भएर नानीहरू र सासुको स्याहार गर्दै बसेको पाइन्छ । पछिल्लो समयमा जब कान्छी भाउजुको हातमा मोवाइल र पैसा पर्न थाल्छ तब उनको बाहिरी मानिसहरू सग सम्पर्क बढ्दै जान्छ । पठाएको पैसा पनि सबै खर्च गर्न थाल्छिन् । उनी आफ्नो इच्छा पुरा गर्नका लागि परिवार र आफ्नै सन्तानलाई पनि छोडेर जान सक्ने निर्दयी नारीका रूपमा कथामा उपस्थित छिन् ।

यस कथामा कान्छी भाउजुको चरित्र सुरुमा अनुकूल देखिएपनि मुलतः उनको भूमिका प्रतिकूल नै देखिन्छ । अर्काको कमाइमा मोजमस्ती गर्ने व्यवहारले उनी आलोचित भएकी छिन् । यहाँ उनी खराब पात्रका रूपमा देखा परेकी छिन् ।

**❖ सहायक पात्र**

**आमा**

यस कथाको प्रमुख पात्र पुछारे कान्छाकी आमा र कान्छी भाउजुकी सासुका रूपमा आमाको उपस्थिती रहेको छ । उनी बुढेसकालका कारण विरामी भएर आछ्यान परेकी छिन् । उनी सोझो स्वभावकी देखिन्छिन् । गाउँलेहरूले बुहारी पोइल गएको खबर सुनाउदा समेत बुहारीको केहि नराम्रो कुरा गर्दिनन् । बरु नाती नातिनाको बारेमा चिन्तित देखिन्छिन् । यसरी हेर्दा आमा सरल र ममतामयी भएर कथामा उपस्थित भएकी छिन् ।

**❖ गौण पात्र**

यस कथामा थुप्रै गौण तथा सूच्य पात्रको प्रयोग गरीएको छ । उनीहरूको आ-आफ्नो ठाउँमा कथानक विकासका लागि महत्वपूर्ण भुमिका रहेको छ । लाहुरे कान्छा र गाउँले बुढा आमा र नानीहरूको अवस्था देखेर सहानुभुति देखाउछन् । धाराघरे साइलाले बुढी आमा र नानीहरूलाई खाना खुवाएको छ । टार घरे जेठी बुहारीले कान्छी भाउजु भागेर गएको आधिकारीक जानकारी ल्याएकी छिन् । कथामा प्रयोग भएका अन्य पात्रहरूमा जेठा र माहिला दाई, पुछारे जेठी भाउजु, छोरा, छोरी तथा मैया, कविता लगायतका साथीहरू रहेका छन् ।

यस कथामा प्रयोग भएका पात्रहरूको शैली वैज्ञानिक दृष्टिले कार्य, भूमिका, प्रवृत्ति, जीवन चेतना, स्वभाव, लिङ्ग आसन्नता, आवद्धता आदिको पात्रीय अवस्था, स्थिति र यथार्थलाई हेर्दा निम्न अनुसार तालिकामा वर्गीकृत गरेर यस कथाको पात्र विधालाई हेर्न सकिन्छ ।

| **क्र.स.** | **पात्र** | **कार्य भूमिका** | **प्रवृति** | **स्वभाव** | **जीवन चेतना** | **लिङ्ग** | **आसान्नता** | **आवद्धता** |
|---|---|---|---|---|---|---|---|---|
| १ | कान्छी भाउजु | प्रमुख | प्रतिकूल | गतिशील | व्यक्तिगत | महिला | नेपथ्य | मुक्त |
| २ | पुछारे कान्छा | प्रमुख | अनुकूल | स्थिर | व्यक्तिगत | पुरुष | नेपथ्य | मुक्त |
| ३ | सासर | सहायक | अनुकूल | स्थिर | व्यक्तिगत | महिला | मञ्चीय | बद्ध |
| ४ | टारघरे भाउजु | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | महिला | मञ्चीय | बद्ध |
| ५ | लाहुरे कान्छा | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | पुरुष | मञ्चीय | बद्ध |
| ६ | गाउँले बुढा | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | पुरुष | मञ्चीय | बद्ध |
| ७ | जेठा दाई | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | पुरुष | मञ्चीय | बद्ध |
| ८ | माहिला दाई | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | पुरुष | मञ्चीय | बद्ध |
| ९ | पुछारे जेठी भाउजु | गौण | प्रतिकूल | गतिशील | व्यक्तिगत | महिला | नेपथ्य | मुक्त |
| १० | धाराघरे साईला | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | पुरुष | मञ्चीय | बद्ध |
| ११ | मैया | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | महिला | मञ्चीय | बद्ध |
| १२ | कविता | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | महिला | मञ्चीय | बद्ध |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १३ | विना | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | महिला | मञ्चीय | बद्ध |
| १४ | शान्ती | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | महिला | मञ्चीय | बद्ध |
| १५ | तारा | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | महिला | मञ्चीय | बद्ध |
| १६ | मिना | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | महिला | मञ्चीय | बद्ध |
| १७ | करुणा | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | महिला | मञ्चीय | बद्ध |
| १८ | प्रेमा | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | महिला | मञ्चीय | बद्ध |
| १९ | छोरा | सूच्य | अनुकूल | स्थिर | व्यक्तिगत | पुरुष | नेपथ्य | मुक्त |
| २० | छोरी | सूच्य | अनुकूल | स्थिर | व्यक्तिगत | महिला | नेपत्थ्य | मुक्त |

**४.४.१.३ परिवेश**

यस कथाको घटनाक्रममा निश्चित ठाउँ र समय नभए पनि गाउँ शहर र विदेशको परिवेश प्रस्तुत गरीएको छ । पुछारेको जीवनमा आइपर्ने गाँस, वास, कपासको लागि निरन्तर संघर्ष गर्नु पर्ने आवश्यता छ । यस कथमा समाजमा रहेको विकृति र विसंगतिलाई उजागर गर्न खोजिएको छ ।

समय र परिवेशलाई हेर्ने हो भने मुख्य रूपमा पुछारे र उसकी श्रीमतीको विवाहपछि पुछारेकी श्रीमती पोइल गए सम्मको अवधिलाई लिएको छ । स्थानलाई हेर्ने हो भने पुछारेको घर, खेतवारी, मेलापात गरेको स्थान, पानी पँधेरो, गाउँ, फिदिम, साउदी अरब, पुछारेले काम गर्ने स्थल, आदि स्थानमा घटेका कार्यहरू नै यस कथाको मुख्य परिवेश बन्न पुगेको छ । घरखेत बन्धकी राखेर विदेश गई कमाएको पैसा ऋण नतिरी आफ्नी श्रीमतीलाई पठाएको छ । जसले पुछारे बर्वादीको खाडलमा पुगेको छ भने परिवारको बिचल्ली भएको छ ।

**४.४.१.४ उद्देश्य**

यो कथा मूलतः नेपालमा देखिएको वेरोजगारीको समस्या हो । गाँस, वास, कपास उपलब्ध  गराउन रोजगारीकै आवश्यकता पर्दछ । दिनहुँ अर्काको घरमा वनीवुत्तो गरेर परिवार पाल्न धौ-धौ परिरहेको हुन्छ । जसको विकल्प वैदेशिक रोजगारी बन्न पुगेको छ । लाखौं पुरुषहरू रोजगारीका लागि लाखौ खर्च फसाएर विदेश भूमिमा पसिना बगाइरहेका छन् ।

यहाँ गरीव युवाहरू फसे पनि यहाँका साहु महाजनहरू भने  मोटाउदै गइरहेको छन् । ऋण दिएर सेवा गर्ने वा सहयोग गर्ने नाममा चर्को व्याज उठाउने गरेका छन् । राम्रा राम्रा घरखेत बन्धकी राखेर आफ्नो कब्जामा पार्न सफल भएका छन् । गरीवहरू सबैतिरवाट हेपिएर पेलिएर  बस्नुपर्ने बाध्यता विद्यमान रहेको छ ।

परिवारको एक सदस्य विदेश गएर कमाउन थालेपछि अन्य सदस्यहरू पैसाको माया नै नगरी खर्च गर्न अग्रसर हुन्छन् । लिएको ऋण तिर्नु भन्दा अन्य क्षेत्रमै खर्च गर्ने गरेका छन् । जसले गर्दा ऋणको पोको बढेर झन ठूलो हुदै गइरहेको छ । जसले गर्दा ऋण तिर्न नसकी समस्याको वाटोमा पुगेको पाइन्छ ।

श्रीमान् विदेशिएपछि उनीहरूका श्रीमतीको दिनचर्यामा पनि परिवर्तन हुदै गएको छ । उनीहरूलाई पनि पैसाको पर्याप्तता भएपछि सौन्दर्यता बढाउन, मोवाइलमा गफ गर्न, जिस्किन, रमाइलो गर्न बढी व्यस्त रहेका छन् । श्रीमान्को कठीन परिश्रमलाई  मोजमस्ति मै उडाउन सफल भएका छन् । यसको परिणाम परिवारमा झै-झगडाको सिर्जना भएको पाइन्छ । श्रीमान् विदेश गएपछि श्रीमतीको यौन चाहनाले उग्ररूप लिएपछि इज्जत मानसम्मन, धर्म, कर्तव्य आदि सबैलाई भूली यौन प्यास मेटाउन मै विदेशी कमाई खर्चिदै गइरहेका छन् । बजार बस्ने र शहरी वातावरणमा भुल्ने गरेर भविष्य अन्धकार बनाएका छन् । श्रीमान विदेश गएपछि श्रीमतीहरूले अन्य पुरुष्हरूसँग सम्बन्ध बढाउने र अन्य केटा सँग विवाह गर्ने प्रवृतिले गर्दा पुछारेका छोराछोरी र बुढी आमाको बिजोग भएको छ । यसले गर्दा एउटा सुन्दर परिवारमा भाडँभैलो मच्चिएको छ । यसले गर्दा पैसा, घरजग्गा सबै सखाव भएको छ । श्रीमान् र श्रीमती बीचमा मेल हुन नसक्दा टेक्ने न समाउने  हुनु पर्ने निश्चित छ । श्रीमतीको यौन चाहनालाई नियन्त्रण गर्न नसकेपछि निकै ठूलो समस्या उत्पन्न भएको छ ।

### ४.४.१.५ भाषाशैली

समथिङका धेरै जसो कथामा प्रयोग गरीएको सरल, सहज र सरस भाषाशैलीको प्रयोग यस कथामा पनि गरीएको पाइन्छ । ग्रामीण क्षेत्रमा बस्ने सामान्य पाठकले समेत सजिलै बुझ्ने खालको पाइन्छ । कथामा पात्रको स्तर र विषयवस्तु अनुकूल भाषाको प्रयोग गरीएको छ । यस कथामा वर्णनात्मक र व्याख्यात्मक भाषाशैलीको प्रयोग गरीएको छ । यस कथामा संवादात्मक शैलीको प्रयोग गरीएको छ । कथामा कतिपय नेपाली व्याकरण अनुसार पद संगतिको प्रयोग भएको पाइदैन (जस्तै बजु एकोहोरो रोइरहनु भाकी थी) यसलाई त्रुटी मान्नुपर्ने हुन्छ । उखान टुक्काहरू तथा प्रशस्त निपातको प्रयोगले संवाद कलात्मक बनेको छ ।

### ४.४.१.६ दृष्टिविन्दु

यस कथामा पुछारे कान्छा र उसकी श्रीमती प्रमुख पात्र भएपनि उनीहरू स्वयम् कथामा उपस्थित भएर घटना घटाएका छैनन् । उनीहरूको जीवनका घटना क्रमलाई अर्काको माध्यमबाट वर्णन गरीएका कारण यस कथामा तृतीय पुरुषीय बाह्य सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग गरीएको पाइन्छ ।

### ४.४.१.७ शीर्षक सार्थकता

यस कथाको शीर्षक 'पुछारे कान्छाको कन्तविजोग' रहेको छ । गरीबिका कारण नेपाली युवाहरू रोजगारका लागि विदेशी भूमिमा काम गर्न जनुपर्ने वाध्यता अहिलेको आम समस्या बन्न पुगेको छ । घरमा श्रीमती, छोराछोरी, आमाबाबु र आफन्तहरू लाई छोडेर जाँदा निकै समस्या आइपर्छ । विदेश गएर पुछारे कान्छाले कमाएको सम्पती सबै लिएर श्रीमती पोइल गएकी छिन् । त्यसकारण पुछारे कान्छा विदेश गएर पनि केहि उन्नति र प्रगति हुन सकेको छैन । अझ आमा र तीनजना बाल बच्चाहरूको घरमा विजोग भएको छ । श्रीमतीको चाल चलन ठिक नभएका कारण उसले कमाएका सबै पैसा बाकेर श्रीमती भागेर गएकी छिन् । विदेश गएर धेरै पैसा कमाउने लोभमा पुछारे कान्छाको उठिबास लागेको छ ।

उसको तथा उसको परिवारको विचल्नी भएको छ । त्यसकारण अभिधात्मक रूपमा 'पुछारे कान्छाको कन्तविजोग' शीर्षक सार्थक देखिन्छ ।

**४.४.२ रचना विधानका आधारमा 'पुछारे कान्छाको कन्तविजोग' कथाको विवेचना**

रचना विधानका आधारमा यस कथालाई विभिन्न शीर्षकमा विभाजन गरी अध्ययन गरीएको छ । जो निम्नानुसार रहेकका छन :

**४.४.२.१ रुचिक्षेत्र**

समाजमा रहेको यथार्थको साथै विकृति विसंगतिलाई उजागर गदै श्रीमान् विदेश गएपछि श्रीमतीको इच्छा आकाँक्षा पैसाले पूरा हुन नसके पछि अनेक कार्य गर्न पछि नपर्ने घटनालाई नै यस कथाको रुचिक्षेत्र मानिएको छ । पारिवारिक समस्याले पुछारे विदेश भएको छ । धेरै दुःख गरेर विदेशी भुमिमा काम गर्न गएको छ । पैसा देखेपछि पुछारेकी श्रीमतीको छोराछोरी तर्फ ध्यान नगइ आफ्नो यौन चाहना र मोजमस्ती तिर ध्यान गए पछि परिणाम भयाबह बन्दै जान्छ । समय वित्दै गएपछि श्रीमान्को पैसामा मात्रै माया देखाएर अर्कै केटासगं पोइला जान्छे । पुछारे विदेश गएपछि देखिएको परिणामनै यस कथाको मुख्य रुचिक्षेत्र बन्न पुगेको छ ।

**४.४.२.२ रीतिक्षेत्र**

यस कथामा वर्तमान समयमा देखापरेको समस्यालाई सामाजिक यथार्थबादको माद्यमद्धारा पस्तुत गरीएको छ । काम गर्न विदेश जानु, घरमा पैसा पठाएपछि लवाइ खुवाइमा परिवर्तन हुनु, श्रीमती श्रीमान्लाई विर्सिएर, छोराछोरीलाई वास्ता नगरी अर्कै केटासगं विवाह गरेर जानु यस कथाको सामाजिक यथार्थ हो । यहाँ समाजमा घटेका घटनाहरूलाई जस्ताको तस्तै उतार्न खोजिएको छ ।

**४.४.२.३ सारबस्तु**

यस कथाको कथाबस्तु आठ जना किसोरीहरूको कुराकानीबाट सुरु भएको छ । उनीहरू गाउँकै पुछारे कान्छाकी श्रीमतीको बारेमा कुरा गर्दै हुन्छन् । पुछारे कान्छाकी श्रीमती (कान्छी

भाउजु) श्रीमान लाई छोडेर अर्कै केटासँग दोस्रो विवाह गरेको गाउँभरी हल्ला चलेको हुन्छ । उनीहरू कुरा टुङ्गो नलागेसम्म हल्ला गर्न नहुने भन्दै आ-आफ्नो बाटो लाग्छन् तर एक कान दुइकान मैदान हुदै यो कुरा गाउँ भरी फैलन्छ । पुछारे कान्छाकी पहिलो श्रीमती पनि ऊ विदेश गएका बखत छोराछोरी छोडेर पोइल गएकी हुन्छे । अबकी कान्छी श्रीमती पनि एउटा सन्तान छोडि पोइल गइ भन्ने हल्ला चलेपछि गाउँका सबै चिन्तित हुन्छन् । सबै भन्दा बढी पीडामा त पुछारेकी आमा परेकी हुन्छिन् । आफू विरामी भएर ओछ्यान परेकी तथा छोरा पनि विदेशमा भएका कारण तीन जना नाती नातीना हुर्काउने जिम्मा कसरी पुरा गर्ने भनि उनी अलमलमा पर्छिन ।

पुछारे कान्छाको जन्म गरीव परिवारमा भएको हो । उसका दुई जना दाजुहरू अर्काको घरमा काम गर्न बसेका छन् भने ऊ पनि पहिला अर्काको घरमा गोठालो बसेको हुन्छ । बाबुको मृत्यु भए पछि ऊ विहे गरेर सानो झुप्रो बनाएर त्यसैमा सर्छ । जेठी श्रीमतीबाट दुई सन्तानको जन्म भएपछि परिवारको लागि आर्थिक अवस्था सुधार गर्न ऊ विदेश जान्छ । अलिअलि पैसा पठाउछ । अलि अलि ऋण तिरी सक्दा नसक्दै उसकी श्रीमतीले अर्को विहे गर्छिन । कान्छा विदेशबाट फर्कन्छ । केही समय घरमै बसेपछि आम्दानीको श्रोतको खोजीमा यताउता भौतारिन्छ । त्यसपछि केही काम पाउदैन र ऊ पुनः विदेश जाने निर्णयमा पुग्छ तर घरमा छोराछोरी र आमाको रेखदेख गर्नृ मान्छे नभएपछि उसले फेरी दोस्रो विवाह गर्छ र विदेश जान्छ । हाल आएर कान्छी श्रीमती पनि उसले पठाएको सबै पैसा लिएर अर्कै केटासग पोइल गएकी छ । गाउँकै मानिसलाई फोन गरेर उसले आफू अर्कै केटासग भागेर गएको समाचार छोडेकी छ । यसबाट पुछारे कान्छाको परिवारमा फेरी पीडा थपिएको छ । उसलाई ऋण माथि ऋण थपिएको छ । छोराछोरी र बुढी आमालाई स्याहार सुसार गर्ने मानिस नहुँदा उनीहरूको अवस्था दयनिय बन्न पुगेको छ ।

**४.४.२.४ कथानक ढाँचा**

प्रस्तुत कथाले वर्णनात्मक शैली अपनाउदै कथानकको आदि, मध्य र अन्त्यको योजना पूरा गरेको छ । यसको कथानक ढाँचा रैखिक रहेको छ । मानसिकताको प्रधानता र घटनाको गौणता यस कथामा फेला पर्दछ । पुछारे कान्छाकी श्रीमतीले दोस्रो विवाह गरेको खवर गाँउमा फैलनु, घरमा आमालाई बुहारी अर्कैसग भागेको खबर दिइनु, गाँउले सबै भेला जम्मा हुनु, बुढी आमा र नाति नातीनाको विचल्नी हुनु आदिले यस कथाको कथानक ढाँच निर्माण भएको छ ।

यस कथामा झिनो कथानकको प्रयोग गरीएको छ । वास्तवमा भन्ने हो भने (२४ घण्टाको) समयको गाँउघर तथा पुछारे कान्छाको घरमा भएको छलफल र घटनाहरूलाई कथामा प्रस्तुत गरीएको पाइन्छ । कथामा नाटकिय संवादात्मक शैलीको प्रयोग पाइन्छ । गाउँघरको

परिवेश कथामा प्रस्तुत छ भने बहुल पात्रको उपस्थिति रहेको छ । कतै कतै संक्षेप पद्धतिको प्रयोग गरीएको छ ।

#### ४.४.२.५ अर्थ सापेक्ष

'पुछारे कान्छाको कन्तविजोग' कथाको अर्थ सापेक्ष अभिधात्मक रहेको छ । मान्छेले आफ्नो बुद्धि पुऱ्याएर गर्नु पर्ने कार्यलाई यहाँ प्रस्तुत गरीएको छ । यहाँ पुछारे कान्छा पैसा कमाउन, सुखी र सम्पन्न पारिवार बनाउने सपनाका साथ श्रीमतीको सल्लाह अनुसार नै विदेश गएको छ । विदेशमा दुःख गरेर पैसा कमाएर घरमा पठाइदिएको छ । साहुको ऋण तिरिएको छैन । श्रीमती फिदिम आएर अर्को केटा सँग अवैध सम्बन्ध राख्ने गरेपछि घरमा छोराछोरी र बुढी आमाको पनि कुनै वास्ता राखेकी छैन र अन्त्यमा त्यहि केटा सँग छोराछोरी समेत छोडेर पोइल गएकी छे । यी बिभिन्न घटनाक्रमले गर्दा कथाको अर्थ सापेक्ष अभिधात्मक रहेको छ ।

#### ४.४.२.६ रूपविन्यास पक्ष

यस कथामा अभिधात्मक अर्थभावलाई प्रस्तुत गरीएको छ । शब्द चयन सरल किसिमका छन् । उखानटुक्का र निपातको प्रयोग कथामा पाईन्छ । सरल ग्रामीण संवादको प्रयोग गरीएको छ । व्याकरणात्मक तथा पदसंगतिका त्रुटिहरू कथामा प्रशस्त मात्रामा देख्न सकिन्छ । कथालाई अगाडि बढाउनका लागि सवृत्त पक्षलाई जोड दिइ क्रमबद्ध रूपमा प्रस्तुत गरीएको छ ।

## ४.५ 'सन्तोष, सौतेनी आमा र मृत्यु' कथाको विश्लेषण र मूल्याङ्कन

'याक्सा भित्रका कथाहरू' कथा संङ्ग्रहभित्र पाँचौ कथाका रूपमा यस कथालाई समावेश गरीएको छ । आमाको मृत्युपछि टुहुरो बनेको बालक सन्तोषको अबोधपन, संघर्ष र मृत्युलाई यस कथाले आफ्नो विषयवस्तु बनाएको छ । एक बालकको जीवनमा आमाको महत्व कतिको हुन्छ भन्ने कुरालाई यस कथाले कारुणिक रूपमा प्रष्ट पारेको छ । यस कथाको मुख्य पात्रका रूपमा सन्तोष र उसकी सौतेनी आमा रहेका छन् भने सहायक पात्र सन्तोषका बाबु हुन् । कथामा अन्य गौण पात्रहरूको पनि प्रयोग गरीएको छ । यस कथालाई विभिन्न कोण तथा प्रसंगबाट व्याख्या एवम् विश्लेषण गरीएको छ ।

### ४.५.१ संरचना पक्षका आधारमा 'सन्तोष, सौतेनी आमा र मृत्यु' कथाको विवेचना

यस कथा सन्तोषको पारिवारिक पृष्ठभूमि र उसको मनोवैज्ञानिक अवस्था र सामाजिक यथार्थवादी दृष्टिकोणलाई आधार बनाइ रचना गरीएको छ । परिवारमा आमाको मृत्यु भएपछि परिवार नै मनोवैज्ञानिक रूपमा बेसाहारा बन्न पुग्छ भने एक दश वर्षिय बालकको अवस्था अत्यन्त दयनीय बन्न पुग्छ । यसपछि उक्त वालकले अनेक कष्ट बेहोर्नुपर्ने हुन्छ । सौतेनी आमाको प्रवेश पछि उसले पाएको पीडा, यातना र उसको दुःखद् अन्त्यलाई यस कथामा मार्मिक ढंगले

प्रस्तुत गरीएको छ । यस कथाको बाह्य संरचनात्मक पक्षलाई सरसर्ती हेर्दा जम्मा सत्र पृष्ठमा संरचित छ । यसमा लामा छोटा गरी अट्चालीस अनुच्छेद रहेका छन् ।

आन्तरिक संरचनाको दृष्टिले कथावस्तु प्रभावकारी नै देखिन्छ । यो कथा चरित्र चित्रणमा बढी केन्द्रित रहेको पाइन्छ । सामाजिक यथार्थलाई प्रस्तुत गरीएको छ । यहाँ प्रमुख पात्रको मनोवैज्ञानिक विश्लेषण गरी मनोवैज्ञानिक सिद्धान्तको उठान गरीएको छ । त्यस्तै समाजमा रहेको गरीवी र साहु महाजनले गर्ने गरेको व्यवहारलाई उठान गरीएको छ । यहाँ प्रमुख पात्रको रूपमा सन्तोषलाई लिइएको छ । उसकै जीवनमा घटेका घटनाहरूको सेरोफेरोमा यस कथाको संरचना अडिएको छ ।.

**४.५.१.१ कथावस्तु**

यस कथामा एउटा यस्तो बालकको चित्रण गरीएको छ जो आफ्नो आमाको मृत्यु पछि सानीआमा पर्ने सौतेनी आमाको निर्मम कुटपिट बाट ज्यान गुमाउन पुगेको छ । सन्तोषका बा गरीब भए पनि इमान्दार तथा मेहेनती छन् । उनको विवाह पछि पहिलो सन्तानका रूपमा सन्तोषको जन्म भएको थियो । बाबु आमा पढेलेखेका नभए पनि सन्तोषलाई उनीहरूले दुःख गरेर पढाइरहेका थिए । सन्तोषकी आमा बिरामी भएपछि आर्थिक अभावका कारण उपचार गराउन नसकेपछि उनको मृत्यु हुन्छ । सानै उमेरको भए पनि आमाको मृत्यु पछि सन्तोषले घर भित्रको काममा सघाउन थाल्छ । केही समय पछि उसकै सानीमा पर्ने केटीसँग सन्तोषका बाबुले दोस्रो विवाह गर्छन् र घरमा कान्छि आमाको प्रवेश हुन्छ । दिनहरू राम्रैसँग बितिरहेको हुन्छ तर कान्छी आमाको प्रथम सन्तान (सन्तोषको भाइ) जन्मिएपछि आमाको व्यवहारमा बिस्तारै परिवर्तन आउन थाल्छ ।

उनले सन्तोषलाई घरकै काममात्र गर्न लगाउने, स्कूल जान नदिने, कुटपिट गर्ने, राम्रोसँग खान पनि नदिने जस्ता व्यवहार गर्न थाल्छिन् । बाबु पन्ध्र दिनकोलगि घरबाट बाहिर गएको समयमा एक दिन सन्तोषले धेरै खेलेको भन्ने निहूँ पारेर उसलाई मरणासन्न हुने गरी पिट्छिन्, ऊ बेहोस हुन्छ । आमाले खाना केहि पनि खान दिनन् । पन्ध्र दिन पछि बाबु घर आउछन् । सन्तोषले बाबुलाई हातको इशाराले पानी खान माग्छ र पानी खाए पछि उसको मृत्यु हुन्छ ।

यस कथामा एउटी नारीको क्रूर तथा अमानवीय व्यवहारलाई चित्रण गरीएको छ । अर्काको सन्तानलाई माया नगरी अत्याचार गर्ने अमानवीय प्रबृतिको विश्लेषण यस कथामा गरीएको छ । यस्ता व्यवहारका उदाहरणहरू हाम्रै गाउँठाउँमा नदेखिएका होइनन् । त्यही समस्यालाई समथिङले यस कथामा उजागर गरेका छन् । एउटा टुहुरो बालकको पीडालाई यस कथाले विषयवस्तु बनाएको छ ।

यस कथाको मुख्य पात्र सन्तोष र सौतेनी आमा हुन् भने सहायक पात्रका रूपमा सन्तोषका बा, आमा र ससुरा रहेका छन् । गौण पात्रहरू सन्तोषका मामा, बाजे, घरपति आमै

रहेका छन् । ग्रामीण परिवेशलाई आधार बनाएर रचना गरीएको यस कथामा सरल भाषाशैलीको प्रयोग गरीएको पाइन्छ ।

### ४.५.१.२ पात्र विधान

यस कथामा पात्रको चारित्रिक अवस्थालाई कलात्मक ढंगले प्रस्तुत गरीएको पाईन्छ । समाजमा रहेका विकृति विसंगति तथा एक अवोध बालकको पीडा र एक नारीको मानसिक कुरूपता लाई यस कथामा प्रस्तुत गरीएको छ । पात्रीय भूमिकाका दृष्टिकोणले यस कथामा सन्तोष र उसकी सौतेनी आमा प्रमुख पात्रका रूपमा आएका छन् भने सहायक पात्रका रूपमा सन्तोषको बाबु र सन्तोषकी आमाको उपस्थिति रहेको छ । कथामा अन्य गौण पात्रको पनि महत्वपूर्ण भूमिका रहेको छ जसका कारण कथावस्तुको विकासमा सहजता र रोचकता थपिएको छ । यहाँ पात्रहरूको चिनारी र अवस्थालाई निम्नानुसार प्रस्तुत गरीएको छ ।

| क्र.स. | पात्र | कार्य भूमिका | प्रवृति | स्वभाव | जीवन चेतना | लिङ्ग | आसान्नता | आवद्धता |
|---|---|---|---|---|---|---|---|---|
| १ | सन्तोष | प्रमुख | अनुकूल | स्थिर | व्यक्तिगत | पुरुष | मञ्चीय | बद्ध |
| २ | सौतानी आमा | प्रमुख | प्रतिकूल | गतिशील | वर्गिय | महिला | मञ्चीय | बद्ध |
| ३ | आमा | सहायक | अनुकूल | स्थिर | व्यक्तिगत | महिला | नेपथ्य | मुक्त |
| ४ | बाबु | सहायक | अनुकूल | स्थिर | व्यक्तिगत | पुरुष | मञ्चीय | बद्ध |
| ५ | ससुरा | सहायक | अनुकूल | स्थिर | व्यक्तिगत | पुरुष | मञ्चीय | बद्ध |
| ६ | घरबेटी बज्यै | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | महिला | मञ्चीय | बद्ध |
| ७ | मामा | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | पुरुष | मञ्चीय | बद्ध |
| ८ | बाजे | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | पुरुष | मञ्चीय | बद्ध |
| ९ | सासु | सूच्य | अनुकूल | स्थिर | व्यक्तिगत | महिला | नेपथ्य | मुक्त |
| १० | सानिमा | सूच्य | अनुकूल | स्थिर | व्यक्तिगत | महिला | नेपथ्य | मुक्त |
| ११ | रामकी आमा | सूच्य | प्रतिकूल | स्थिर | व्यक्तिगत | महिला | नेपथ्य | मुक्त |
| १२ | भाई | सूच्य | अनुकूल | स्थिर | व्यक्तिगत | पुरुष | नेपथ्य | मुक्त |

❖ **प्रमुख पात्र**

**सन्तोष :**

यस कथामा सन्तोष प्रमुख पात्रको रूपमा उपस्थित भएको छ । ऊ दश वर्षिय बाल पात्र हो । सन्तोष पढाइमा मेहेनती र घरको काममा बाबु आमालाई सहयोग गर्ने खालको छ । ऊ दश

वर्षको हुदा आर्थिक अवस्था कमजोर भई उपचार अभावका कारण उसकी आमाको मृत्यु हुन पुग्छ । त्यस पछि उसले धेरै दुःख पाएको छ । घरमा सौतेनी आमाको प्रवेश पछि उसको बालसुलभ व्यवहारमा परिवर्तन ल्याइएको छ । घरमा  खाना पकाउनु भाडा मोल्नु, भाई हेर्नु जस्ता ठूलाले गर्ने कामहरू उसले चुपचाप गरेको छ । उसले आफ्नी सौतेनी आमालाई पनि आफ्नै आमा सरह माया गर्छ । घरको हरेका काममा सहयोग गर्छ जसबाट उसको पढाई पनि विचैमा रोकिएको छ ।

यसरी सौतेनी आमाको प्रताडना सहन बाध्य सन्तोषले विना गल्ती सौतेनी आमाको कुटाइ खान्छ । उसलाई कुनैपनि मानवता नदेखाई कुटिन्छ र धेरै दिन विच्छ्यौनामा थला परेर उसको मृत्यु हुन्छ । उसलाई विरामी हुदापनि खान दिइएको छैन । बाबु घरमा बस्न नभ्याउने हुँदा उसको ख्याल राख्ने मान्छे कोहि पनि भएको छैन । यसकारण ऊ हिंसाका शिकार भएको छ । यसरी हेर्दा सन्तोष ती तमाम बालकहरूको प्रतिनिधित्व गर्ने पात्र हो जो आफ्नी आमाको मृत्यु पछि सौतेनी आमाको हेला र तिरस्कारको शिकार भएका छन् । नेपालमा यस्ता घटनाहरू प्रशस्त सुन्न र देख्न पाइन्छ । नियालेर हेर्ने हो भने हाम्रै गाँउघरमा पनि यस्ता थुप्रै घटनाहरू घटिरहेका हुन्छन् । जसमा आफ्नै परिवारका सदस्यहरू द्धारा बालबालिकाहरू हिंसाको शिकार बन्न पुगेका छन् । जसका कारण उनीहरूको पढ्न पाउने, सहज वातावरणमा हुर्कन र बढ्न पाउने अधिकारहरू खोसिएका हुन्छन् । कतिपय त विनाकारण नै मृत्युको मुखमा पुग्न बाध्य पारिएका हुन्छन् । सन्तोषका माध्यमबाट कथामा त्यस्ता बालबालिकाको पीडा व्यक्त गर्न खोजिएको छ । कथामा बाल मनोविश्लेषण, आन्तरीक र बाह्य द्वन्द्वको बर्णन सटिक रूपमा गरीएको छ ।

**कान्छी आमा**

कान्छी आमा सन्तोषको सौतेनी आमा तथा मावलीको साइनोले उसकी सानीमा हुन् । आफ्नी दिदीको मृत्यु पछि पारिवारीक सहमतिमा उनी भिनाजुसग विवाह गरेर सन्तोषकी सौतेनी आमा बन्न पुगेकी छिन् । विवाहको समयमा सन्तोषलाई आफ्नै छोरासरह माया गर्ने र आफूले उसलाइ आमाको कमी हुन नदिने बाचा गरेर भित्रिएकी भएपनि उनले त्यो बाचा पुरा गर्न सकेकी छैनन् । विवाह पछि केहि दिन सन्तोषलाई राम्रो गरेको जस्तो गरेपनि त्यसपछि उसलाई पढ्न जान नदिएर घरको काममा लगाएकी छिन् । आफू दिनभर गाँउ गाँउ डुलेर  गफ गरेर दिन विताउँछिन् तर घरको सम्पूर्ण काम नाबालक सन्तोषले गर्नुपरेको छ । उनले सन्तोषलाई बासि चिसो खाना खान दिन्छिन् । छोराको जन्म पछि त झन घरको साथै भाई हेर्ने काम पनि सन्तोषले नै गर्नुपरेको छ । उनको बोली बचन पनि राम्रो देखिदैन । उनी सौतेनी छोरालाई बोलीपिछे बचन लगाउने तथा गाली गलौज गर्ने गर्छिन । श्रीमान घरमा नभएको मौका पारेर सन्तोषलाई

मरणासन्न हुनेगरी कुट्छिन् जसको कारणले सन्तोषको मृत्यु हुन पुग्छ । उनी आफैंले सन्तोषलाई मृत्युको मुखमा पुऱ्यएकी छिन् । कथानक दुःखान्त हुनमा सौतेनी आमाको मुख्य भूमिका रहेको छ ।

वास्तवमा कान्छी आमा ती सम्पुण नारीहरूको प्रतीक बन्न पुगेकी छिन् । जो नारी भएर पनि नारी सुलभ हृदय भएका छैनन् । आफ्नालाई काखा र अरुलाई पाखा गर्ने प्रवृति भएका छन् । बाल बालिकाहरूको पढ्न पाउने अधिकारलाई खोसेर उनीहरूलाई घरेलु हिंसाको सिकार बनाउन पुगेका छन् । यसरी यस कथामा सानी आमाको माध्यमबाट हाम्रा समाजमा घटित भइरहेका घटनाहरूलाई देखाउन खोजिएको छ । नारीहरू आफ्नो काम र कर्तव्य विर्सेर कत्तिको निष्ठुर बन्न सक्छन् भन्ने कुरा यहाँ प्रस्तुत गरीएको छ । समाजमा सानीआमा जस्ता नारीहरूले बाल हिंसालाई बढावा दिईरहेका छन् । सन्तोष जस्ता बालबालिकाहरू चुपचाप त्यो सहन बाध्य भईरहेका छन् । वास्तवमा सानीआमा सन्तोषको हत्यारा हुन् । उनले जानाजान कुटपिट गरी उसलाई मारेकी छिन तर श्रीमान घर आइसकेपछि भने उनले झुट बोलेकी छिन् । आफू गाँउमा भएको बेलामा केटाकेटीहरूसँग झगडा गरी सन्तोषको यस्तो अवस्था भएको हो भनी उनले ढाटेकी छिन् । यसरी हेर्दा मुखमा राम राम बगलीमा छुरा भन्ने उखान सौतेनी आमाको चरित्रमा मेल खाएको देखिन्छ ।

❖ **सहायक पात्र**

**बाबु**

यस कथामा सहायक पात्रको भूमिकामा उपस्थित भएका बाबु सन्तोषका पिता हुन् । उनी गरीब भएपनि असल स्वभावका देखिन्छन् । परिवारलाई अत्यन्त माया गर्ने बाबु सन्तोषलाई धेरै पढाउन चाहन्छन् । उनी अर्काको घरमा काम गर्ने, खेत जोत्ने, भारी बोक्ने इत्यादि काम गरेर जिविकोपार्जन गर्छन् । यति दुःख गरेपनि भविष्यमा सन्तोषले धेरै पढेर आफ्नो गरीवि मेटाउछ भन्ने आशामा रहेका छन् । आर्थिक अभावका कारण जेठी श्रीमतीको मृत्य भएपछि उनी अन्त्यन्त दुःखी बनेका छन् । वरपरका छिमेकीले दोस्रो विवाह गर्न सल्लाह दिदा पनि उनी मान्दैनन् । कान्छी श्रीमती आएपछि सन्तोषलाई हेला गर्ली भन्ने उनलाई चिन्ता छ ।

एक पटक ससुराली गएका बेलामा ससुरालीहरूको करकापमा परेर आफ्नै साली पर्नेसँग उनले विवाह गर्नु परेको छ । विवाहका लागि धेरै इन्कार गरेपनि अन्त्यमा ससुरालीको बचन काटेन सक्देनन् । बेहुलीसँग छोराको हेर विचार र माया ममता गर्ने बाचा लिएर मात्र उनले विवाह गरेका छन् । यस कुराबाट उनी अत्यन्त इमान्दार र परिवारप्रति पूर्ण जिम्मेवार भएको कुरा प्रष्ट बुझ्न सकिन्छ । दोस्रो श्रीमती विवाह गरेपछि पनि उनलाई कामको सिलसिलामा घर बाहिर गईरहनु पर्ने हुन्छ ।

त्यसका कारण सन्तोषलाई त्यति ध्यान दिन सक्दैनन् । विवाह पछि दोस्रो श्रीमतीलाई पूर्ण विश्वास गरी घरको तथा छोराको जिम्मेवारी दिन्छन् तर श्रीमतीले जिम्मेवारी पुरा गरे नगरेको बुझ्न सकेका छैनन् वा कार्य व्यस्तताका कारण ध्यान दिन पाएका छैनन् । एक पटक पन्ध्र दिनका लागि घरदेखि टाढा गएका बेलामा आफ्नी श्रीमतीले छोरालाई कुटेर छोराको मृत्यु भएका सपना देख्छन् तर घरबेटी आमैको विश्वास गरेर सपनाको कुरा त हो नी भनेर घर फर्कदैनन् । काम सकेर घर फर्कदा सन्तोष मृत्यको मुखमा पुगेको हुन्छ । श्रीमतीबाट गाँउका केटाकेटीले कुटेर यस्तो हालत थाहा पएपछि उनी गाँउका केटाकेटीसँग रिसाउँछन् । यतिकैमा सन्तोषको मृत्यु हुन्छ ।

यस कथाका पात्र बाबु असल र अनुकूल चरित्रका पात्र हुन् । उनी  कान्छी श्रीमतीको झुटको सिकार बन्न पुगेका छन् । कथामा सहायक र मञ्चीय पात्रका रूपमा उपस्थित बाबु स्थिर स्वभावका पात्र हुन् ।

**आमा**

यस कथाकी सहायक पात्र आमा सन्तोषकी जन्म दिने आमा हुन् । उनी सन्तोषलाई धेरै पढाएर असल मानिस बनाउन चाहान्छिन् । घर परिवारको रेखदेख गर्ने, श्रीमानलाई काममा सहयोग गर्ने तथा छोरालाई अत्यन्त माया गर्ने आमा साँच्चै नै नेपाली ग्रामीण नारीको प्रतीकका रूपमा कथामा उपस्थित भएकी छिन् । उनी आफ्नो परिवारप्रति कर्तव्यनिष्ठ छिन् । आर्थिक अवस्था कमजोर भएको कारण बिरामी हुदा उपचार अभाव भई उनको मृत्यु हुन पुग्छ । यसबाट उनका परिवारको खुसी उजाडिएको छ भने सन्तोष मातृवात्सल्य विहिन बन्न पुगेको छ । यसरी यस कथामा सहायक पात्रका रूपमा उपस्थित आमा अनुकूल पात्र हुन् । गरीबीका कारण उपचारको अभावमा ज्यान गुमाउन विवश तमाम गरीवहरूको प्रतिनिधि पात्रका रूपमा यस कथामा आमाको उपस्थिति भएको छ ।

**ससुरा**

यस कथाको सहायक पात्रको रूपमा उपस्थित ससुरा सन्तोषका मावलीका बाजे र सन्तोषका बाबुको ससुरा हुन् । ज्वाँई ससुराली आएका बेलामा उनैले ज्वाँईको दोस्रो विवाह गराईदिएका छन् । सन्तोषका बाबुले कति इन्कार गर्दा पनि उनी मानेका छैनन् । घर चलाउन र नातिको स्याहार सुसार गर्न पनि एउटी केटी चाहिन्छ भन्ने धारणा राख्ने उनले आफ्नै भाईकी छोरीलाई आफ्नी छोरीको ठाउँमा विवाह गरेर पठाएका छन् । वास्तवमा राम्रो सोचेर आफ्नै परिवार भित्रकी छोरी विवाह गराई दिएपनि उनले सोचे अनुसार सन्तोषले आमाको माया पाउन सकेको छैन । बरु यसकै कारण उसले बाल्यावस्थामै मृत्युवरण गर्नु परेको छ ।

❖ **गौण पात्र**

यस कथामा उपस्थित गौण पात्रहरूको पनि आ-आफ्नो ठाउमा निकै महत्वपूर्ण भूमिका रहेको छ । गौण पात्रमा पनि मामा र बाजेले सन्तोषका बाबुको विवाह गराउन महत्वपूर्ण भूमिका खेलेका छन् । त्यस्तै घरपति आमैले सन्तोषको बाबुलाई सम्झाउनमा सहयोग गरेकी छिन् । सन्तोषको भाई अबोध बालकको रूपमा उपस्थित छ । त्यस्तै यहाँ सूच्य पात्रका रूपमा सासु, सानिमा, रामकी आमा, गाँउका केटाकेटी तथा सन्तोषका बाबुका विवाहका लागि सल्लाह दिने गाँउले पात्रहरू आदि रहेका छन् । यीनीहरूले कथाको घटनाक्रमलाई अगाडि बढाउनमा सहयोग गरेका छन् ।

**४.५.१.३ परिवेश**

यस कथाको परिवेश ग्रामीण रहेको छ । नेपालको पूर्वी पहाडी क्षेत्रको कुनै एक गाँउमा भएको घटनालाई यहाँ उठान गरीएको छ । सन्तोषको घर, वरपरको गाँउघर, सन्तोषको मावलीमा भएको विवाह उत्सव, केटाकेटी खेल्न गरेका चौर, विद्यालय तथा सन्तोषको बाबु काम गर्न गएको ठाउँ इत्यादि स्थानगत परिवेशका रूपमा कथामा आएका छन् । त्यस्तै सन्तोषले मत्यु वरण गरेको अँध्यारो कोठा पनि यस कथाको महत्वपूर्ण स्थल बन्न पुगेको छ । समयगत परिवेशलाई हेर्ने हो भने सन्तोषकी आमाको मृत्युपछि सन्तोषको मृत्यु सम्म लगभग दुई वर्षको समयभित्र सन्तोषको जीवनमा घटेका घटनाहरूलाई कथामा प्रस्तुत गरीएको छ । आमाको मृत्यु पछि सौतेनी आमाको प्रवेश र उनले सन्तोषलाई दिएको यातनाले नेपाली समाजमा भइरहेको घटनाक्रम हरूको प्रतिनिधित्व गरेको छ । गरीवीका कारण अर्काको घरमा काम गर्न जानुपर्ने वाध्यता र सन्तान लाई समय दिन नसक्ने बाबुहरू तथा अर्काका सन्तानलाई जे गरेपनि हुन्छ भन्ने कमजोर मानसिकता भएका नारी पात्रहरूको वर्णन यस कथामा गरीएको छ ।

**४.५.१.४ उद्देश्य**

नेपाल जस्तो देशमा अधिकांस मानिसहरू गरीवीको रेखामुनी रहेका छन् । बिहान बेलुका हातमुख जोर्न र गाँस, बाँस, कपासको आधारभुत आवश्यकता पुरा गर्न घरका लोग्ने मानिसहरू धेरै दिनका लागि टाढा टाढा सम्म जानु पर्ने बाध्यता छ । त्यस अवस्थामा घरमा तथा घरका बालबालिका माथि के भइरहेको छ भन्ने ध्यान दिनु उनीहरूको कर्तव्य हुन आउछ । हेलचेक्राईंले होस् या बाध्यताले कतिपय अवस्थमा थोरै ध्यान पुऱ्याउन नसक्दा पनि विविध घटनाहरू घट्न पुगिरहेका हुन्छन् । अविभावकहरूको थोरै ध्यान हट्दा पनि बालबालिकाको जीवनमा हिंसाका घटनाहरू घटिरहेका हुन्छन् । आमा गुमाएका तथा घरमा सौतेनी आमा भएका बालबालिकाहरू धेरै अवस्थामा यातनाको शिकार भईरहेका हुन्छन् । यस्ता घटनाहरूका बारेमा अभिभावकहरूलाई सचेत गराउनु तथा परिवारको जिम्मेवारी बोध गराउनु यस कथाको उद्देश्य देखिन्छ ।

अर्काका छोराछोरी  लाई हेला र अपमान गरी आफ्ना छोराछोरीलाई मात्र माया गर्ने सदियौ देखि चलिआएको परम्परालाई यस कथामा उजागर गरीएको छ । यस कथामा नेपालमा

पुरुषहरूले पत्नीको मृत्यु पछि दोस्रो विवाह गर्न छुट दिइएको देखाइएको छ । अझ समाज र घर परिवारको करकापमा नै यस्ता विवाहहरू गराईन्छन् । यस बाट पहिलो श्रीमतीका बाल बच्चाहरूलाई हेला र यातनाको शिकार बनाइएका हुन्छन् । यसको विपरित श्रीमानको मृत्यु भएका महिलाहरूको दोस्रो विवाहका बारेमा भने समाजको नकारात्मक धारणा रहेको पाइन्छ । यस्ता विवाहहरूले कतिपय ठाँउमा सकारात्मक परिवर्तन पनि ल्याएका छन् । सौताका बच्चाहरूलाई पनि आफ्नै बालबच्चा सरह माया गरी लालनपालन गरेका कतिपय उदाहरणहरू देख्न पाइन्छ भने हाम्रै समाजमा सानीआमा जस्ता पात्रहरू पनि छन् जसले स-साना बालबालिकाहरू लाई घरेलु हिंसाको शिकार बनाइरहेका छन् । बाल अधिकार लाई कुण्ठित पारेर उनीहरूलाई घरको काममा सिमित पारिएको छ । उनीहरू ठुलाको रिस र आवेगको शिकार बनी अकालमा ज्यान गुमाउन बाध्य भइरहेका छन् । यस्ता कुरामा घर परिवार तथा समाजले ध्यान पुऱ्याउन आवश्यक छ । यस्ता घटनाहरूमा समाज मुकदर्शक नबनी बिरोध गर्नु आवश्यक छ । नत्र सन्तोष जस्ता भविष्यका कर्णधारहरू अकालमै मर्न बाध्य छन् । यस्ता विकृतिहरूलाई देखाएर समाजमा यस्ता घटनाहरू हुन नदिनु तथा भइरहेका ठाँउमा पनि रोक्नका लागि समाजलाई सोच्न बाध्य गराउनु यस कथाको मुख्य उद्देश्य रहेको छ ,।

**४.५.१.५ भाषाशैली**

यस कथामा पनि भाषिक कलाको विकाश गरीएको छ । यहाँ सन्तोषको मनोविज्ञानलाई चित्रण गर्न खोजिएको छ । सामाजिक, आर्थिक, साँस्कृतिक रूपमा यथार्थ स्थितिको चित्रण गरीएको छ । संवादमा आर्थिक अवस्थाको स्वभाविक कारुणिक र पीडाको वोध गराइएको छ । कथामा सरल र सहज भाषाको प्रयोग गरी रचना गरीएको छ । कथामा घुमाउरो र साहित्यिक भाषाको प्रयोग नगरी सोझो रूपमै अभिधा अर्थको प्रयोग गरीएको छ । त्यसैले यो कथा क्रमिक रूपमा आदि, मध्य र अन्त्यको क्रममा अगाडि बढेको छ । कथामा आगन्तुक भाषाको समेत प्रयोग गरीएको पाइन्छ । कतिपय ठाउँमा ग्रामीण गालीगलौजको भाषा प्रयोग गरीएको पाइन्छ । (जस्तै लाद्रो, घिच, सोकोटा, चोक्टा आदि)

**४.५.१.६ दृष्टिविन्दु**

यस कथामा प्रमुख पात्र तथा विचारको केन्द्र विन्दुका रूपमा बाल पात्र सन्तोषको उपस्थिति गराइएको छ । उसका पीडा, व्यथा, पारिवारिक तथा सामाजिक यथार्थलाई कथामा देखाउन खोजिएको छ । त्यस्तै उसको आन्तरीक द्वन्द्व तथा मनोविश्लेषण कथामा गरीएको छ । चरित्र चित्रण तथा घटनामक्रमहरूको वर्णनलाई हेने हो भने यस कथामा तृतीय पुरुष अन्तर्गत सर्वदर्शी दृष्टिविन्दुको प्रयोग भएको छ । यहाँ पात्रको विचार, भावना, प्रतिक्रिया आदि समाबेश गर्दै उनीहरूको आन्तरिक जीवनको चित्रण गरीएको छ ।

**४.५.१.७ शीर्षक सार्थकता**

यस कथाको शीर्षक 'सन्तोष, सौतेनी आमा र मृत्यु' रहेको छ । कथाको शीर्षकले नै वास्तवमा कथा कस्तो होला भन्ने कुराको सिलसिला वर्णन गरेको छ । यस कथाको मुख्य पात्र सन्तोषको आमाको मृत्यु पछि घरमा सौतेनी आमाको प्रवेश भएको छ । आफ्नालाई काखा र अर्काकालाई पाखा गर्ने सौतेनी आमाको यातनाको शिकार नाबालक सन्तोष बन्न पुगेको छ । दिनदिनैको सौतेनीपनको शिकार हुँदा हुँदै एक दिन मरणसन्न हुनेगरी पिटाई खाएर उनको मृत्यु हुन पुग्छ । यसप्रकार कथा कारुणिक र दुःखान्त बन्न पुगेको छ । यसरी कथाको समस्त घटनाक्रमलाई हेर्दा कथाको शीर्षक अभिधात्मक रूपमा सार्थक देखिन्छ ।

### ४.५.२. रचना विधानका आधारमा 'सन्तोष, सौतेनी आमा र मृत्यु' कथाको अध्ययन

रचना विधानका आधारमा यस कथालाई विभिन्न शीर्षकमा विभाजन गरी अध्यन गर्न सकिन्छ । जो निम्नानसार रहेका छन् :

#### ४.५.२.१ रुचिक्षेत्र

नेपालको पूर्वी पहाडी क्षेत्रको कुने एउटा परिवारमा भएको घटनालाई यस कथामा प्रस्तुत गरीएको छ । जन्मदिने आमाको महत्व सबै भन्दा धेरै हुन्छ किनकी उनी मातृवात्सल्य, माया र ममताकी खानी हुन्छीन् । ती आमाको नै मृत्यु भएपछि उनका सन्तान टुहुरा बन्न पुग्छन् । यसै कुराको उदाहरणका रूपमा सन्तोष रहेको छ । घरमा सौतेनी आमाको प्रवेश भएपछि उसले अत्यन्त पीडा र यातना पाएको छ । सौतेनी आमाको हिंसाको शिकार भएर सन्तोषको बाल्यावस्थामै मृत्यु भएको छ । सौताको जात कति गरेपनि आफ्नो हुदैन भन्ने ग्रामीण उक्तिलाई चरितार्थ गर्ने घटनाक्रमको प्रस्तुति नै यस कथाको रुचिक्षेत्र बनेको छ ।

#### ४.५.२.२ रीतिक्षेत्र

यस कथाले सामाजिक यथार्थवादलाई आफ्नो रीतिक्षेत्र बनाएको छ । समाजमा कुनैपनि पुरुषको श्रीमतीको मृत्यु पछि दोस्रो विवाह गर्ने चलन रहेको छ । घर परिवारको खुसियाली तथा प्रथम श्रीमतीको ठाँउमा दोस्रो श्रीमती भित्र्याएपनि त्यो ठाँउ कहिल्यै पुरा हुन सक्दैन । असकभ्mदार तथा घमण्डी नारीको प्रवेशले घर भ्mनै नरक बन्न पुग्छ । प्रथम श्रीमतीको सन्तान भ्mनै पिडित बन्न पुगेका हुन्छन् । सौतेनी आमाको पीडा र यातना सहन बाध्य भईरहेको हुन्छन् । कतिपय अवस्थामा त उनीहरू मृत्युको मुखमा समेत पुग्न बाध्य पारिन्छन् । समाज पनि यस्ता घटनाहरूमा अर्काको परिवार भित्रको कुरा हो भनी चुप लागेर बसिरहेको हुन्छ । सामाजिक यथार्थबादको धरातलमा रहेर यस्ता घटनाहरूको यथार्थ प्रस्तुति गर्नु नै यस कथाको मुख्य रीतीक्षेत्र हो ।

#### ४.५.२.३ सारवस्तु

परिवारको एक्लो छोराको रूपमा सबैको माया पाएको सन्तोष एकदमै आज्ञाकारी छ । ऊ दश वर्षिय बालक हो भने पाँच कक्षामा अध्ययनरत छ । बाबुले अर्काको घरमा बनिबुतो गरेर भएपनि उसलाई पढाएका छन् । अचानक सन्तोषकी आमाको उपचार अभावका कारण मृत्यु हुन्छ । त्यसपछि केहि समय त बाबुले विवाहको कुरा सोच्दैनन् । सन्तोषले पनि घरका स-साना काम गरेर स्कूल जाने गर्छ । एक पटक सन्तोषका बाबु ससुराली गएका बेलामा ससुराली पक्षको करकापमा परी दोस्रो विवाह गर्छन् र सन्तोषको घरमा सौतेनी आमाको प्रवेश हुन्छ । विवाहको केहि समय त ठिकै हुन्छ तर कान्छी आमाले विस्तारै सौतेनी व्यवहार देखाउन थाल्छिन् । आफू घरमा केहि काम नगर्ने र हरेक काम सन्तोषलाई लगाउने गर्न थाल्छिन् । त्यसपछि सन्तोषको भाईको जन्म हुन्छ । भाई हेर्ने कामले सन्तोष स्कूल जान पाउदैन । यति गर्दा पनि सौतेनी आमाले मिठो बोली बचन गर्दिनन् । उसले एकछाक पेटभरी राम्रो खान पनि पाउदैन । सन्तोषको बाबु कामको सिलसिलामा घर बाहिर गइरहने हुनाले यो कुरा थाहा हुन सक्दैन । एक पटक श्रीमान घरमा नभएको मौका पारी सन्तोषलाई सौतेनी आमाले मरणासन्न हुनेगरी कुट्छिन् र यहि कारणले सन्तोषको मृत्यु हुन पुग्छ । यो सत्यता उसका बाबुले थाहा पाउन सक्दैनन् । श्रीमतीको झुटमा विश्वास गरेर उनले आफ्नो छोरो गुमाएका छन् । यसरी सामाजिक यथार्थवादको सिद्धान्तमा रहेर रचना गरीएको यस कथामा नेपाली समाजमा घटिरहने घटनाको कारुणिक चित्रण गरीएको छ । सौतेनी आमाले गर्ने व्यवहार कतिसम्म निर्दयी हुन सक्छ र एउटी नारी कति सम्म माया ममता विहिन हुन सक्छे भन्ने कुरा यस कथामा देखाइएको छ । त्यस्तै सौतेनी आमाबाट प्रताडित सन्तोष जस्ता बालकहरू पढ्न पाउने कुरा त छोडौ हरेक पल यातना र हिंसाको सिकार बन्न बाध्य भईरहेको यथार्थलाई कथामा प्रस्तुत गरीएको छ । यस्ता घटनाहरू हुन नदिनका लागि परिवारका अन्य सदस्यहरूले ध्यान दिनुपर्ने हुन्छ ।

**४.५.२.४ कथानक ढाँचा**

यस कथाको कथानक ढाँचा रैखिक रहेको छ । कथा निश्चित र योजनावद्ध रूपमा अगाडि बढेको छ । यहाँ आदि भागमा कथानकको उठान, मध्य भागमा घटनाक्रमको विकास गरी अन्त्यमा कथानकको दुःखान्त र कारुणिक समापन गरीएको छ । कथानक आदि, मध्य र अन्त्यको सिलसिलावद्ध क्रममा अगाडि बढेको छ ।

यस कथामा प्रमुख पात्रको रूपमा सन्तोषलाई लिइएको छ । त्यस्तै सन्तोषका बाबु र सौतेनी आमा पनि यस कथामा महत्वपूर्ण पात्रका रूपमा उपस्थित रहेका छन् । सन्तोष सौतेनी आमाको यातनाबाट मृत्युको मुखमा पुग्न विवश पात्र हो । सन्तोषकी आमाको मृत्यु हुनु, घरमा सौतेनी आमाको प्रवेश हुनु, सन्तोषको पढाई रोकिनु, उसलाई घरको काममा लगाइनु, भाईको जन्म हुनु, बाबु कामका लागि घर बाहिर जानु, सौतेनी आमाले सन्तोषलाई मरणासन्न हुनेगरी कुट्नु र उसको मृत्यु हुनु इत्यादि घटनाक्रमहरू एकपछि अर्को गर्दै क्रमिक रूपमा कथामा आएका

छन् । यसकाकारण कथामा अब के होला भन्ने कौतुहलता उत्पन्न हुन पुगेको छ र कथानक रैखिक बन्न पुगेको छ ।

यस कथामा दृष्यात्मक तथा संक्षेप पद्धतिको प्रयोग गरीएको छ । कथामा प्रशस्त संवादको प्रयोग छ जसका कारण कथा रोचक बनेको छ । कतिपय ठाँउमा दृश्यहरूको संयोजन पाइन्छ । विशेष गरी सन्तोषकी आमाको मृत्यु, सन्तोषले यातना पाएको अवस्था र उसको मृत्युको अवस्थाको दृश्यहरू कारुणिक रूपमा वर्णन गरीएको छ । संवादमा पूर्वी पहाडी गाउँमा बसोबास गर्ने जनजातीहरूको लवज प्रष्ट रूपमा पाइन्छ । त्यस्तै उनीहरूले प्रयोग गर्ने गालीगलौजका भाषा कथामा प्रयुक्त छ जसका कारण कथा रोचक र नाटकीय बन्न पुगेको छ ।

### ४.५.२.५ अर्थ सापेक्ष

'सन्तोष, सौतेनी आमा र मृत्यु' कथाको अर्थ सापेक्ष अभिधात्मक रहेको छ । घरमा सौतेनी आमाको प्रवेश पछि बालबालिकाको अवस्था दयनीय हुन्छ । प्राय घटनाहरूमा सौतेनी आमाले बालबालीकाहरू लाई यातना दिने गरेको सुनिन्छ । थोरै मात्र यस्ता उदाहरणहरू हुन्छन् । जहाँ सौतेनी आमाले सौताका छोराछोरी लाई पनि आफ्ना छोराछोरी सरह माया गरेको होस् । यहाँ पनि एउटा यस्तै घटनाको वर्णन गरीएको छ । दश वर्षिय अबोध बालक सौतेनी आमाको यातनाबाट पिडित भएको छ । सौतेनी आमाको निर्मम कुटाइका कारण उक्त बालकको ज्यान गएको छ । यी सम्पूर्ण घटनाक्रमहरू लाई हेर्दा यस कथाको अर्थ सापेक्ष अभिधात्मक अर्थकोटीको रहेको छ ।

### ४.५.२.६ रूपविन्यास पक्ष

नेपाली समाजमा कही दिदी बहिनी अथवा दाजु भाई झगडा गरेको सुन्दा सौताको जात जनाएको भन्ने चलन रहेको छ । वास्तवमा यस कथामा उक्त भनाई चरितार्थ भएको पाईन्छ । सौतेनी पीडाले धेरै घरहरू बर्बाद भएका उदाहरण समाजमा प्रशस्त पाइन्छ । सौतेनी छोराछोरीलाई अमानवीय व्यवहार गर्ने शारीरिक र मानसिक यातना दिने गरेका घटनाहरू प्रशस्त भेटिन्छन् । यहाँ मानवीय पीडालाई कथाको माध्यमबाट पाठक समक्ष पुऱ्याइएको छ । कथानकले आदि, मध्य र अन्त्यको रैखिक बाटो अनुसरण गरेको छ । यसमा प्रशस्त उखान टुक्का र संवादको प्रयोग गरीएको छ । संवादमा स्थानीय बोलिचाली र गालीगलौजको भाषाको प्रयोग पाइन्छ । जसले कथामा सुनमा सुगन्ध थपेको छ । कथामा व्यङ्ग्यभाव त्यति पाइदैन । सरल भाषाको प्रयोगद्धारा कथानकको निर्माण गरीएको छ । यहाँ कथ्य भाषाको प्रयोग छ ।

## ४.६ 'जनयुद्धमा दाँते साइलाको सपना' कथाको विश्लेषण मूल्याङ्कन

रामप्रकाश समथिङ कुशल रूपमा मौलाउदै गरेका कथाकार हुन् । उनको 'याक्सा भित्रका कथाहरू' कथा संग्रहमा संग्रहित छैठौं कथाको रूपमा जनयुद्धमा दाँते साइलाको सपना' शीर्षकको कथालाई राखिएको छ ।

दाँते साइला एक दलित परिवारमा हुर्किएको हो । ऊ सानैदेखि जातीय भेदभावको विरुद्धमा सोचिरहन्थ्यो । सोझो र इमान्दार भई दलित वर्गको उत्थानका लागि जनयुद्धमा समावेश भएको थियो । ऊ जातिय भेदभावको अन्त्य गर्ने हरेक योजनामा समावेस भएको पाइन्छ । यस कथामा प्रयोग भएका अन्य पात्रहरू पुरेनी बजै, आमा, सार्की जेठा, नेता, भाईबहिनी आदि रहेका छन् । यस कथालाई विभिन्न क्षेत्रबाट अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्ने प्रयास गरीएको छ ।

**४.६.१ संरचना पक्षका आधारमा 'जनयुद्धमा दाँते साइलाको सपना' काथाको विवेचना**

यस कथामा कथानक भन्दा पात्रको चरित्र प्रमुख रूपमा देखाउन खोजिएको छ । दाँते साइलाको केन्द्रियतामा सामाजिक यथार्थवादी सिद्धान्तको प्रयोग गरीएको छ । समाजको यथार्थ घटनालाई यहाँ प्रस्तुत गरीएको छ । समाजमा रहेको जातिय भेदभावलाई अन्त्य गर्न जस्तो सुकै संघर्ष गरे पनि आखिरीमा सबैतिर धोकाकै खेती गरीने र इमान्दार सधै पछि परिरहने कार्यलाई यस कथामा देखाउन खोजिएको छ । यो कथा विभाजनलाई हेर्दा २५ पृष्ठको बाह्य संरचनामा संरचित छ । यस कथामा लामा छोटा गरी ६३ अनुच्छेद रहेका छन् ।

कथाको आन्तरिक संरचनाको दृष्टिमा कथावस्तु भन्दा चरित्र चित्रणमा बढी केन्द्रित रहेको पाइन्छ । कथानक समेत त्यति कमजोर रहेको पाइन्न । यहाँ प्रमुख पात्र दाँते साइलाको विद्रोही स्वभावका कारण जनयुद्धमा सहभागी भई जातीय भेदभावको अन्त्य गराउन निकै कठीन संघर्ष गरेको पाइन्छ । यस कथामा सामाजिक स्थिति र दाँते साइला जस्ता दलित परिवारको पीडालाई यहाँ देखाउन खोजिएको र यसैको सेरोफेरोमा कथाको संरचना रहेको छ ।

**४.६.१.१ कथावस्तु**

दाँते साइला एक दलित परिवारमा हुर्किएको ब्यक्ति हो । बाबुको मृत्यु भएपछि बुढी आमा र भाइ बहिनीको लालनपालन दुःखका साथ बनिबुतो गरेर दैनिक गुजारा चलाइरहेको हुन्छ । दाँतेलाई जातीय भेदभाव राम्रो लागेको हुदैन । ऊ जातीय भेदभावको अन्त्य गर्न चाहन्छ । राजनैतिक दलमा आबद्ध नभए पनि एउटा आमसभामा गएर भाषण सुनेपछि ऊ प्रभावित हुन्छ र आमाको सल्लाह समेत नमानी राती नै भागेर जनयुद्धमा होमिन्छ । लगनशील भएको कारणले पढाइ नभए पनि पार्टीमा महत्वपूर्ण जिम्मेवारी बहन गरी काम गर्छ । दाँते जनयुद्ध सफल बनाएर जातीय भेदभावको अन्त्य गर्न चाहन्छ । ऊ लडाकु मोर्चामा समावेश भइ बिभिन्न तालिम गर्छ । पछि त्यहि मोर्चाको कमाण्डर भएर साथीहरूलाई अगाडि बढाउछ । पार्टी भित्रै पनि जातीय रूपमा भेदभाव भएको देखेपछि उसलाइ धेरै दुःख लाग्छ तर पनि सक्रिय रूपमा काम गरीरहन्छ । युद्धकै

क्रममा एक पटक दाँते घर आउदा आफ्नी आमाले जातीय छुवाछुत र विभेद दलित-दलित बिचमानै भैरहेको हुन्छ भने दलित र गैर दलित बिचमा कायम रहेको भेदभावलाई अन्त्य गर्न समय पर्खनु पर्ने कुरा गरी युद्धमा नजान आग्रह गर्छिन् । ऊ मान्दैन र पुन युद्धमैदानमै फर्कन्छ । सरकारी संरचना र सैनिक प्रहरीका ब्यारेकहरूलाई ध्वस्त पर्दै उनीहरूको लडाइँ हुँदै गर्दा ऊ घाइते हुन पुग्छ । शान्ति वार्ता पछि दाँते साइला अपाङ्ग भएर बसेको छ । उसले सोचेजस्तो परिवर्तन नभएको तथा राजनैतिक नेताहरूको खराब आचरणलाई ऊ टुलुटुलु हेरेर बसिरहेको छ । दाँतेले जे सोचेर युद्धमा होमिएको थियो ती सबै कार्य र परिश्रम अर्थहिन भएको देखेर ऊ अत्यन्त दुःखी बनेको छ ।

यस कथामा नेपालको राजनैतिक अवस्थालाई चित्रण गर्न खोजिएको छ । दाँते जस्ता सोझा सिधा जनतालाई युद्धमा लगाएका नेताहरू आफ्नो स्वार्थ मात्र पुरा गरीरहेका छन् । समाजमा रहेको छुवाछुत, जातीय विभेद र राजनैतिक विकृतिलाई यहाँ प्रस्तुत गरीएको छ । नैतिक रूपमा कर्मशील र इमान्दार व्यक्तिहरूलाई पाखा लगाएर आफू अगाडि बढेर धन सम्पति कमाउन सक्रिय रहेका नेताहरूको बोली र व्यवहारको फरकपनलाई यस कथामा प्रष्ट रूपमा देखाइएको छ । यस कथाको प्रमुख पात्र दाँते साइला हो भने सहायक पात्रहरू पण्डितनी बजै, सार्की जेठा, आमा हुन् तथा गौण पात्रका रूपमा पण्डित बा, नेता, लडाकुहरू रहेका छन् ।

**४.६.१.२ पात्र विधान**

सामाजिक र सांस्कृतिक यथार्थलाई उजागर गर्न यस कथाको मूख्य पात्र दाँते साइलाको निकै ठूलो भूमिका रहेको छ । यसमा कथानकसंगै पात्र विधान पनि प्रभावकारी रूपमा आएको छ । कथामा उठान गरीएका समस्याहरूको समाधान गर्नका लागि समाजको आन्तरिक जीवन जगत्का पक्षलाई खुलाउन, विश्लेषण गर्न र घटनाको चित्रण गर्न बढी केन्द्रित भएको पाइन्छ । जातीय भेदभाव र हक अधिकारको लागि इमान्दारिता पूर्वक गरीने संघर्षलाई चित्रण गरीएको छ ।

पात्रीय भूमिकाका दृष्टिमा प्रमुख पात्रको रूपमा दाँते साइलालाई लिइएको छ । सहायक पात्रको रूपमा दाँते साइलाकी आमा, पुरेती बजै, सार्की जेठालाई लिन सकिन्छ । अन्य गौण पात्रको रूपमा प्रसंग अनुसार बाजे, बाबु, भाई, बहिनी, नेता, मखिया, मुखिनी, साथीहरूलाई लिइएको छ । यस कथामा प्रयोग भएका पात्रहरूको समान्य परिचय यहाँ दिइएको छ । यस कथामा प्रयोग भएका पात्रहरूलाई पनि निम्न ३ भागमा विभाजन गरी अध्ययन विश्लेषण गरीएको छ ।

**) प्रमुख पात्र**

**दाँते साइला**

यस कथाको प्रमुख पात्रको रूपमा दाँते साइलालाई लिइएको छ । वास्तविक नाम जे भए पनि सबैले बोलाउने नाम दाँते नै हो । सरल, इमान्दार र कर्तव्यनिष्ठ व्यक्तिको रूपमा दाँतेलाई चिनिन्छ । बाबुको मृत्यु भइसकेको आमा रोगी भई काम गर्न नसक्ने र भाईबहिनीलाई समेत पढाउने जिम्मेवारी उसको काधमा आएको छ । आफ्नो कार्यमा खटिरहे पनि काममा जादा साथीहरूसँग दलित भएकै कारणले भएको भेदभावले अति नै दुःखी हुने गर्छ । ऊ जातीय मुक्तिको बारेमा सोचिरहन्छ । यसैक्रममा जातीय मुक्तिको भाषण सुन्न कार्यक्रम स्थलमा जान्छ । भाषणको प्रभावले उसलाई पनि जनयुद्धमा लाग्न मन लाग्छ । सोही क्रममा साथीहरूसंगै घरबाट भागेर मोर्चामा जान्छ । मोर्चामा पनि ऊ इमान्दार भएर काम गर्छ । अह्राएको कार्यलाई जसरी भएपनि समाधान गरेरै छाड्छ । उसको चाहना जातीय भेदभावविहिन समुन्नत समाजको निर्माण गर्ने रहेको छ । सोही उद्धेश्य पूरा हुने आशामा जस्तोसुकै कठीन कार्य भएपनि निरन्तर लागिरहन्छ । युद्धको क्रममा सरकारी अखडा ध्वस्त पार्ने, सामन्ती समाजको अन्त्य गर्ने, भेदभाव मूक्त समाज बनाउने, पार्टीको निर्देशन कार्यन्वयन गर्ने आदि कार्य गर्दै जान्छ । पार्टीमा कमाण्डर भई काम गरीरहन्छ । आमाले युद्धमा नलाग्न आग्रह गर्दा समेत त्यसलाई नमानी आफ्नो लक्ष्य पूरा गर्ने कार्यमा लागिरहन्छ । युद्धकै क्रममा एक सदरमुकाम आक्रमण गर्ने क्रममा दाँतेको देब्रे हात र दाहिने खुट्टामा चोट लाग्छ । दाँतेलाई उपचारका लागि अस्पताल लगिन्छ तर हात र खुट्टा ठीक नभएपछि काटेर फालिन्छ । त्यसपछि अपाङ्ग भएर घर फर्कन्छ । आफूसंगैका साथीहरू सांसद र मन्त्री भइसकेका हुन्छन् तर उसलाई भने कसैले पनि वास्ता गर्दैनन् । संगैका साथीहरू सम्पन्न भए पनि दाँतेको अवस्था झन कठीन बन्न पुग्छ । उसको जीवन समेत वाबादीको अवस्थामा पुग्छ र दाँतेको सपना पनि अधुरै रहज्छ । दाँतेले जे सोचेर जनयुद्धमा सहभागी भई सक्रिय भूमिका खेलेको थियो त्यही कार्य पूरा हुन नसकेकोले उसको सपना चकनाचुर भएको छ ।

अनुकूल पात्रको रूपमा देखा परे पनि समय अनुसार दाँते साइला गतिशील बनेको छ । जातीय मुक्तिको जीवन चेतनालाई अगाडि बढाउन प्रयासरत छ । यस कथामा दाँते साइला मञ्चीय र बद्ध पात्र भई देखापरेको छ । यसरी दाँते साइला असल, इमान्दार, कर्तव्यनिष्ठ, कर्मठ भएपनि अरुको चिप्ला कुरामा भुलिएको छ ।

### ) सहायक पात्र

**आमा**

एक कुशल, दुरदर्शी र इमान्दार महिलाको रूपमा आमालाई लिइन्छ । उनि छोराको कुरामा पटक्कै बिश्वास गर्न नसकी सम्झाउन पुग्छिन् । आमा प्रवृतिका आधारमा स्थिर र जीवन चेतनाका आधारमा वर्गगत रहेकी छिन् । उनी मञ्चीय र बद्ध पात्र हुन् । उनी एक अनुभवी,

कुशल पात्रको रूपमा देखापरकी छिन् । उनको उपदेशलाई नमान्दा दाँते साइलाले पछुताउनु परेको छ । दलित र गैरदलित बीचको भेदभाव भन्दा पनि दलित दलित बीचको भेदभावलाई नै नहटाई जातीय मुक्तिको सपना देख्नु युक्तिसंगत देखिदैन । उनले गरेको वाणी सफल भएको छ । उनी भेदभाव भन्दा पनि कार्यमा बढी विश्वास गर्ने खालकी पात्रका रूपमा आएकी छिन् ।

**पुरेतनी बजै**

उनी यस कथामा बर्गीय पात्रका रूपमा उपस्थित भएकी छिन । उनि उच्च जातीकी प्रतिनीधि पात्र हुन् । दाँते साइलालाई दलित भएकै आधारमा उनले भेदभाव गरेकी छिन । खाजाखाने बेलामा अरु भन्दा छुट्टै बाहिर राखेर खान दिने, खाएको भाँडा आफै माझ्न लगाउने, गहूँतले घर चोख्याउने,  कथित तल्लो जातिलाई गालिगलौज गर्ने जस्ता भेदभावजन्य कार्य उनले गरेकी छिन । यसरी हेर्दा उनि प्रतिकूल, बर्गीय र मञ्चीय पात्र हुन् ।

**सार्की जेठा**

सार्की जेठा दलित जातिका प्रतिनीधि पात्र हुन् । दाँते साइलालाई जनयुद्धमा सामेल गराउन उनको ठूलो भूमिका छ । उनी शिक्षामा भन्दा पनि बन्दुक र शक्तिमा विश्वास गर्ने पात्र हुन् । पुरेतनी बजैको चुलामा जवर्जस्ती प्रवेश गरी खाना खाने, पुरेत बा लाई बन्दुकको आडमा पैसा माग्ने आदि कार्य उनले गरेका छन् । ठूला नेताहरूको चिल्लो कुरामा विश्वास गरी आफ्नो ज्यानको बाजी थापेर जनयुद्धमा होमिने सार्की जेठा प्रतिकूल, वर्गीय तथा मञ्चीय पात्र हुन ।

**) गौण पात्र**

कथामा प्रसंग अनुसार गौण पात्रहरूको उपस्थिति निकै रहेको पाइन्छ । पात्र विधानका आधारमा गौण पात्रहरूको भूमिका समेत अत्यावश्यक छ । यहाँ प्रयोग गरीएका र भूमिकाका आधारमा गौण देखिएका पात्रहरूमा पुरेत बा, नेता, भाइ, छिमेकी दिदी आदि रहेका छन् । यीनीहरूले आ-आफ्नो स्थानमा आफ्नै किसिमको भूमिका निर्वाह गरेका छन् ।

शैली वैज्ञानिक दृष्टिले कार्य, भूमिका, प्रवृत्ति जीवन चेतना, स्वभाव, लिङ्ग आसन्नता, आबद्धता आदिका दृघिले पात्रीय अवस्था, स्थिति र यथार्थलाई हेर्दा निम्न अनुसार वर्गीकृत गरेर यस कथाको पात्र विधानलाई यसरी हेर्न सकिन्छ ।

| क्र.स. | पात्र | कार्य भूमिका | प्रवृति | स्वभाव | जीवन चेतना | लिङ्ग | आसान्नता | आवद्धता |
|---|---|---|---|---|---|---|---|---|
| १ | दाँते साइला | प्रमुख | अनुकूल | गतिशील | वर्गगत | पुरुष | मञ्चीय | बद्ध |
| २ | आमा | सहायक | अनुकूल | स्थिर | वर्गगत | महिला | मञ्चीय | बद्ध |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | पुरेतनी बज्यै | सहायक | प्रतिकूल | स्थिर | वर्गगत | पहिला | मञ्चीय | बद्ध |
| ४ | सार्की जेठा | सहायक | प्रतिकूल | स्थिर | वर्गगत | पुरुष | मञ्चीय | बद्ध |
| ५ | पुरेत बा | गौण | प्रतिकूल | स्थिर | वर्गगत | पुरुष | मञ्चीय | बद्ध |
| ६ | नेता | गौण | अनुकूल | स्थिर | वर्गगत | पुरुष | मञ्चीय | बद्ध |
| ७ | भाई | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | पुरुष | नेपथ्य | मुक्त |
| ८ | छमिकी दिदी | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | महिला | मञ्चीय | बद्ध |
| ९ | बहिनी | सूच्य | अनुकूल | स्थिर | व्यक्तिगत | महिला | नेपथ्य | मुक्त |

### ४.६.१.३ परिवेश

प्रस्तुत 'जनयुद्धमा दाँते साइलाको सपना' कथाको मुख्य परिवेश ग्रामीण क्षेत्रलाई लिइएको छ । यस कथाको घटनाक्रममा निश्चित समय रहेको छ । वि.सं. २०५२ सालदेखि नेपालमा शुरु भएको माओवादी जनयुद्धबाट वि.स. २०६२ सालको सरकार माओवादी शान्तीवार्तासम्मको अवधिलाई लिइएको छ । नेता, राजनैतिक उतारचढाव र स्वार्थीपनलाई पनि कथाको परिवेश बनाइएको छ । यस कथामा नेपालको पूर्वदेखि सुदुर पश्चिमसम्मको विभिन्न स्थानमा कथानकको विकाश भएको छ । जनयुद्धको क्रममा दाँतेले नेतृत्व गरेको टोली जहाँ जहाँ पुग्छ सोही स्थान विशेष परिवेशलाई कथामा प्रयोग गरीएको छ । दाँतेको आफ्नै घर छिमेक आदिलाई समेत कथाले समेटेको छ ।

समय र परिवेशका दृष्टिले समथिङको यो कथामा स्पष्ट समय तोकिएको छ । दाँते टुहुरो भएपनि आमाको माया ममतासंगै रोगी आमा, भाई, बहिनीलाई हुर्काउने र शिक्षादिक्षा समेत दिनुपर्ने जिम्मेवारी थपिएको छ । जिविकोपार्जनका लागि कठीन कार्य गर्नु पर्ने बाध्यता उसमा भएपनि जनयुद्धमा होमिन पुगेको छ । यस कथामा जातीय रूपमा विभेदमा परेका दलित जातीको उत्थान र विकाश गर्नका लागि दाँतेको प्रयासलाई समेत यस कथाको परिवेश बनाइएको छ । दाँते समाजमा रहेको दलित र गैरदलित बीचको भेदभावको अन्त्य गर्न चाहन्छ । यही भेदभावपूर्ण व्यवहारलाई सहन नसकेर युद्ध मैदानको परिवेशलाई यस कथामा समेटिएको छ ।

### ४.६.१.४. उद्देश्य

नेपाली समाजमा धेरै अगाडिदेखि आफ्नो स्वार्थसिद्ध गर्न समाजको सामन्ती वर्गले दलित र गैरदलित भनी विभाजन गरीदिए । यसले मान्छे मान्छे बीचमा भेदभावको विकाश हुदै आएको

छ । मान्छेले मान्छेलाई नै तल्लो र माथिल्लो जात भनेर विभाजन गर्नु युक्तिसंगत देखिदैन । संगै काम गरे पनि खाने बेलामा छुट्टिनु पर्ने, खाना खाने बेलामा गैर दलित भित्र बसेर सम्मान साथ खाना खान पाए पनि दलितहरूले आगन, सिकुवा पेटी आदि स्थानमा रहेर अपमानित भई खाना खानुपर्ने विडम्बना समाजमा विद्यमान रहेको छ । दलितहरूलाई कुकुर विरालो भन्दा पनि तल्लो स्तरमा राखी भेदभाव गरीन्छ । जसले गर्दा सयौ नेपाली दलित युवायुवतीहरू जातीय मुक्तिको लागि आफ्नो ज्यान दिन समेत तयार भएका छन् ।

एकातिर जातीय भेदभावको विरुद्ध आन्दोलन गरीरहेछन् भने अर्कोतिर दलित दलित बीचमै भेदभाव नहटाई आन्दोलन गर्न कठीन रहेको महसुस पनि सर्वत्र हुदै आएको छ । यहाँ जातीय भेदभावको अन्त्य गर्न धेरै संघ सस्था, राजनैतिक दल आदि खोलिए पनि सबैले दलितको हकहितका लागि भन्दा पनि दलितलाई देखाएर आफ्नै पेट भर्ने कार्य गरीरहेका छन् । जसले गर्दा कतिपय राम्रो कार्य भए पनि जनविश्वास घट्दै गएको छ ।

जातीय भेदभावको अन्त्य गर्ने र समुन्नत समाजको निर्माण गर्ने सोचका साथ खोलिएका राजनैतिक दलले सोझा सिधा जनतालाई चिल्ला र मीठो कुरामा भुलाएर आफ्नो फाइदा लुटिरहेका छन् । आफ्नो सपनालाई पूरा गर्ने मीठो आश्वासन पाएर दाँते जस्ता धेरै युवाहरू जनयुद्ध जस्तो कठीन कार्यमा लागेर बन्दुकसम्म उठाउन पछि परेका छैनन् । राजनैतिक दललाई कठीन अवस्थामा साथ र सहयोग गर्दै गएपनि परिस्थिती सहज भएपछि तिनै युवाहरूलाई बेवास्ता गरी आफू भने सत्तामा गएर मोज गरीररहेका छन् । जातीय मुक्तिको लागि भाषणमा जति मीठा कुरा गरेपनि व्यवहारमा ल्याउने बेलामा पछि हटी स्वार्थी कार्य गर्न यहाँका राजनैतिक दलहरू लागिपरेका छन् । एउटा जातीय मुक्तिको सपना देखेर युद्ध मैदानमा ज्यानको वाजी थापेर होमिएको युवा मृत्यूको मुखवाट बचेर आएपनि अपाङ्ग जीवन बिताउन बाँध्य भएपनि यथार्थमा जातीय मुक्ति भने जस्ताको तस्तै रहेको छ ।

नेपालमा जातीय भेदभावको अन्त्य गर्न डर र धम्किले काम गर्न सक्दैन । कानून मात्र बनाएर पनि सफल हुदैन । जातीय भेदभावको अन्त्यका लागि समाजमा चेतना बढाउँदै क्रमिक रूपमा सुधार गर्दै लैजानु पर्दछ । समाज परिवर्तन गर्न चेतना फैलाउनु पर्छ । कुनै पनि युवाले अरुको लहैलहैमा नलागी वास्तविकतालाई बुझेर काम गर्नुपर्छ । जसले गर्दा जीवन भरी पछुताएर बाँच्नु नपरोस् भन्ने यस कथाको उद्देश्य रहेको छ ।

**४.६.१.५. भाषाशैली**

यस कथामा भाषिक कलाको विकाश भएको छ । दाँतेको मनोविश्लेषण, सामाजिक र साँस्कृतिक रूपमा यथार्थ स्थितिको चित्रण गर्दै प्रशस्त संवादहरूको प्रयोग गरीएको छ । संवादमा स्वभाविकता, कारुणिकता र पीडाको बोध गराइरहेको छ । सरल र सहज भाषाको प्रयोग गरी

कथा रचना गरीएको छ । स्थानीय स्तरका सामान्य पाठकले समेत बुझ्न सक्ने भाषाको प्रयोग भएको छ। कथ्यमा आदरार्थी भाषाको कमै प्रयोग भएको छ। भाषिक शुद्धतालाई भने त्यति ध्यान दिएको पाइदैन । सायद त्यो मातृभाषाको पनि प्रभाव हुनसक्छ । कथामा घुमाउरो र साहित्यिक भाषाको प्रयोग नगरी सोझो रूपमा अभिधात्मक अर्थको प्रयोग गरीएको छ । रैखिक शैली अपनाइएको यस कथाको कथानक क्रमिक रूपमा रहेको छ । यहाँ तृतीय पुरुषीय दृष्टिविन्दुको प्रयोग भएको छ । यस कथामा स्थानीय कथ्यभाषाका साथै आगन्तुक शब्दहरूको समेत प्रयोग भएको पाइन्छ ।

**४.६.१.६ दृष्टिविन्दु**

दाँते यस कथाको मुख्य पात्र हो । कथाकारको विचारलाई बोकेर दाँते कथामा उपस्थित भएको छ। यहाँ दाँतेको अधुरो सपनालाई कथाको माध्यमवाट सामाजिक यथार्थलाई बाहिर ल्याउन खोजिएको छ । पात्रीय संवादलाई जोड दिइएको छ । कथाले चरित्रचित्रण र घटनाक्रम विकसित गराएपनि मूलतः तृतीय पुरुष अन्तर्गत सीमित दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ । यहाँ दाँते आफ्नो कुरालाई आफै गर्न नसक्ने भएपनि कथाकारले बताइदिएर घटनाक्रमको विकाश गराएका छन् ।

**४.६.१.७ शीर्षक सार्थकता**

यस कथाको शीर्षक 'जनयुद्धमा दाँते साइलाको सपना' रहेको छ । कथाकार समथिङका हरेक कथाको शीर्षकबाटै घटनाको सार बुझ्न सकिन्छ । यस कथामा विगतमा भएको दश वर्षे जनयुद्धमा सहभागी भएको दाँतेले जातीय मुक्ति र मान्छे मान्छे बीचमा भएको भेदभावको अन्त्य गर्ने सपना लिएर युद्ध मैदानमा गइ कठीन संघर्ष गरेपनि त्यो केवल आदर्श मात्र भएको छ । सिंगो घर परिवारलाई समेत वेवास्ता गरी हिडेको दाँते जव शान्तीवार्ता हुन्छ त्यस पछाडि नेताको स्वार्थ पूरा भएपनि दाँतेजस्ता पिछडिएका दलितहरूको अवस्था भने जस्ताको तस्तै रहेको छ। त्यसैले 'जनयुद्धमा दाँते साइलाको सपना' शीर्षक सार्थक रहेको छ ।

**४.६.२. रचना विधानका आधारमा 'जनयुद्धमा दाँते साइलाको सपना' कथाको अध्ययन**

यस कथालाई पनि रचना विधानको आधारमा विभिन्न भागमा विभाजन गरी अध्ययन गरीएको छ जसको विश्लेषण निन्न अनुसार गरीएको छ :

**४.६.२.१ रुचिक्षेत्र**

यस कथामा दाँते एउटा दलित परिवारमा जन्मिएको व्यक्ति हो जसका माध्यमद्वारा नेपाली समाजमा देखिएको दलित र गैर दलित बीचमा रहेको छुवाछुत, भेदभावमुक्त समाज निर्माण गर्नु खोज्नु नै यस कथाको मुख्य रुचिक्षेत्र हो । साथै नेपालमा खोलिएका संघ संस्था र

राजनैतिक दलहरूले दलित जातिको मुक्ति गर्ने र समुन्नत समाजको निर्माण गर्ने मार्गमा सोझासिधा जनतालाई मैदानमा लडाएर नेता भनौदाहरू आफ्नै फाइदाका लागि लागेको कुरालाई समेत यस कथाको रुचिक्षेत्र मानिएको छ । यस कथाको अर्को रुचिक्षेत्र भनेको दलित र गैर दलित वीचमा भन्दा पहिला दलित-दलित बीचकै भेद भावलाई पहिला अन्त्य गर्नु पर्ने अनिमात्र दलित र गैरदलित बीचको भेदभाव रोक्न लाग्नु पर्ने रहेको छ । यहाँ समाजलाई परिवर्तन गर्न समाजका हरेक सदस्यलाई चेतना मूलक कार्यक्रम सञ्चालन गर्नुपर्छ । आवेगमा आएर अरुको लहलहैमा लागेर कुनै कार्य गर्नुभन्दा अरुको सल्लाह अनुसार सोच विचार गरेर मात्रै काम गर्नु पर्ने यथार्थलाई यस कथाको रुचिक्षेत्र बनाइएको छ ।

**४.६.२.२.रीतिक्षेत्र**

यस कथाको मुख्य रीतिक्षेत्रको रूपमा समाजिक यथार्थवादसगै सामाजबादलाई लिइएको छ । समाजमा रहेको जातीय भेदभावलाई अन्त्य गर्न संघ संस्था र राजनैतिक दलले दाँते जस्ता सोझा लाखौं युवालाई फकाएर आफ्नो फाइदा लिई धेरैलाई बर्बाद पारेका छन् । चिप्ला कुरामा लागेर लाखौं नेपाली युवायुवती फसिरहेका छन् । उनीहरूको सपना अधुरै रहेको पाइन्छ ।

**४.६.२.३ सारवस्तु**

दाँते एक दलित परिवारमा हुर्किएको व्यक्ति हो । बाबुको मृत्यु भईसकेपछि बुढी रोगी आमा र भाई बहिनीको दूःख साथ बनीबुत्तो गरेर दैनिक गुजारा चलाइरहेको छ । दाँतेलाई जातीय भेदभाव भएको राम्रो लागेको हँदैन । ऊ जातीय भेदभावको अन्त्य गर्न चाहन्छ र राजनैतिक पाटीमा आबद्ध नभए एउटा भाषण सुनेपछि ऊ प्रभावित हुन्छ र आमाको सल्लाह समेत नमानी राती नै भागेर जनयुद्धमा होमिन्छ । लगनशील भएको कारणले पढाइ कम भएपनि पाटीमा महत्वपूर्ण, जिम्मेवारी बहन गरी काम गर्छ । दाँते जनयुद्ध सफल बनाएर जातीय भेदभावको अन्त्य गर्न चाहन्छ । दाँते लडाकु मोर्चामा समावेश भई विभिन्न किसिमका तालिम गर्दै आएको छ । पछि त्यस मोर्चाको कमाण्डर भएर साथीहरूलाई अगाडि बढाउँछ । पाटीमा पनि जातीय रूपमा भेदभाव भएको पाएपछि उसलाई दुःख लाग्छ तै पनि सक्रिय रूपमा लागिरहन्छ । युद्धकै क्रममा घरमा दाँते आउँदा आफ्नी आमाले जातीय छुवाछुत दलित-दलित बीचमा नै भइरहेको हुन्छ भने गैरदलित बीचमा रहेको भेदभावलाई अन्त्य गर्न पर्खनु पर्ने कुरा बताए पनि ऊ मान्दैन र पुन युद्ध मैदानमा फर्कन्छ । सरकारी संरचनालाई ध्वस्त गर्दै खाइ नखाइ लडाइ गर्दै जाँदा ऊ घाइते हुन पुग्छ । युद्धको घाउ ताजै रहन्छ । उसको देव्रेहात र दाहिने खुट्टा काटेर फालेपछि पहिलाको दाँते आज अपाङ्ग भएर बसेको छ । उसले सोचेजस्तो परिवर्तन नभएको आफू भन्दा तल्लो दर्जाका व्यक्तिहरू सांसद र मन्त्री भएका आदि घटनालाई टुलुटुलु हेरेर बसिरहेको छ । दाँतेले जे सोचेर युद्धमा होमिएको थियो त्यो सबै कार्य अर्थहिन भएको देखेर अत्यन्त दुःखी बन्दछ ।

यस कथामा नेपालको राजनैतिक अवस्थालाई चित्रण गर्न खोजिएको छ । दाँतेजस्ता सोझा सिधा जनतालाई युद्धमा लगाएर नेताहरू आफ्नो स्वार्थ पूरा गर्न मात्र लागिपरेको पाइन्छ । समाजमा रहेको छुवाछुत, जातीय भेदभाव र राजनैतिक विकृति आदिलाई यस कथामा प्रस्तुत गरीएको छ । नैतिक रूपमा कर्मशील व्यक्तिहरू पाखा लगाएर आफू अगाडि बढी धनसम्पति कमाउन सक्रिय रहने नेताहरूको बोलीलाई देखाइएको छ । एउटा बोल्ने तर काम भने अर्कै गर्ने कार्यलाई यस कथामा प्रष्ट रूपमा चित्रण गरीएको छ । दाँतेको सपनालाई केन्द्रित गरेर यस कथाको निर्माण भएको छ ।

**४.६.२.४ कथानक ढाँचा**

यस कथाको कथानक ढाँचा रैखिक रहेको रहि ठाउँ र परिस्थिति अनुसार कथानक अगाडि बढेको छ । निश्चित र योजनाबद्ध प्रस्तुति नै यस कथाको मुख्य ढाँचा हो । कथानक आदि, मध्य र अन्त्यको क्रमवद्ध विकास भएको छ । यस कथामा पनि आदि भागमा  कथानकको उठान मध्य भागमा विकास र्र अन्त्य भागमा कथानकको  निष्कर्ष दिइएको छ ।

कथामा प्रमुख पात्रको रूपमा दाँते आएको छ । आमा रोगी भएको कारणले परिवारको पालन पोषण गर्न निकै धौधौ हुनु, जग्गाको अभाव हुनु, अरुको घरमा काम गर्न जानु, खाना खाने बेलामा अरुवाट छुट्याएर अलग्गै राख्नु, जातीय छुवाछुत मन नपर्नु, साथीहरूले भाषण सुन्न जान आग्रह गर्नु भाषण सुन्न जानु, भाषण चित्त बुझ्दो हुनु, आमालाई जनयुद्धमा जाने कुरा गर्नु, आमाले छोराको कुरा अस्वीकार गर्नु, कमाण्डर हुनु, मोर्चाको नेतृत्व गर्नु, घर फर्किएको बेलामा आमाले फेरी सम्झाउनु, मोर्चा सुदुर पश्चिम जानु, सरकारी सेनासंग आक्रमण हुनु, आक्रमणमा दाँतेलाई गोली लाग्नु, दब्रे हात र दाहिने खुट्टा  विग्रनु, उपचार गर्न लैजानु, हात खुट्टा काम नलाग्ने भएपछि फ्याक्नु, शान्तिवार्ता हुनु, संगैका साथीहरू मन्त्री, सांसद हुनु, साथीहरू धनी हुनु, सदरमुकाममा घर बनाउनु, दाँते घर फर्कनु, गाउँमा बस्नु, छुवाछुतको अन्त्य नहुनु, आदि घटनाक्रमको बिकाश क्रमिक रूपमा घट्दै गइ रैखिक ढाँचा बन्न पुगेको छ ।

यसमा विभिन्न दृश्य योजनाको कलात्मक संयोजन गरीएको छ र दाँतेको जातीय भेदभावका पीडाहरू जनयुद्धपछिको समुन्नत समाजको सोचाइहरू, परिस्थिति अनुसार युद्धमैदानमा भएका घटनाहरू शान्तिवार्ता पछाडिका कार्यहरू दृश्यात्मक रूपमा प्रस्तुत गरीएको छ । कथामा संक्षेप पद्धतिको वर्णानात्मकताको निर्वाह पनि भएको छ । यसरी यस कथामा दृश्य र संक्षेप दुवै पद्धतिको निर्वाह भएको छ । कथाको गति तिव्र रहेको छ र कथा रोचक बन्न पुगेको छ ।

**४.६.२.५ अर्थ सापेक्ष**

यस कथाको अर्थ सापेक्ष अभिधात्मक रहेको छ । शीर्षक घटनाक्रमको परिणतीमा राखिएको छ । विषयवस्तु अनुरूप शीर्षक सार्थक छ । कथा पढ्दा अभिधात्मक अर्थ कोटी कै प्रयोग

भएको भटिन्छ । यो कथा पाठकले सजिलै र सोभ्रो रूपमा बुभ्न सक्ने खालको बनेको छ । यसमा निश्चित पात्र र सुहाउँदो घटनाक्रमको संयोजन गरेर कथावस्तुलाई प्रत्यक्ष रूपमा बुभ्ने गरी अभिधात्मक अर्थको कोटिमा कलात्मक ढंगले  प्रस्तुत गरीएको छ ।

जातीय भेदभाव मुक्त समाजको निर्माण गर्न दलवल भन्दा पनि चेतनाको विकाश गराउनु पर्छ । जे बोलिन्छ त्यो पूरा गर्न सक्रिय हुनु पर्छ । कुरा भन्दा काम बढी गरेर देखाउनु पर्छ । अनि मात्र नेपाली समाजमा परिवर्तनको आभाश दिन सकिन्छ भन्ने कार्यलाई यस कथामा  कलात्मक ढंगले प्रस्तुत गरीएको छ ।

**४.६.२.६ रूपविन्यास पक्ष**

यस कथामा पनि सवृत्त पक्षलाई जोड दिइएको छ । भाषिक सरलतालाई जोड दिइएको छ । यस कथामा क्रान्ति, युद्ध, फेसन जस्ता आगन्तुक शब्दको समेत प्रयोग गरीएको छ । यसमा भने समाजको परिवर्तनलाई देखाउन राजनैतिक व्यङ्ग्यलाई प्रयोग गरीएको पाइन्छ ।

**४.७ 'जनयुद्धले उपहार दिएको जिन्दगी' कथाको विश्लेषण मूल्याङ्कन**

गुरुङ्ग राम प्रकाश समथिङ कुसल रूपमा नेपाली साहित्यमा अगाडि बढ्दै गएका व्यक्तित्व हुन् । उनको 'याक्सा भित्रका कथाहरू' कथा संङ्ग्रहमा संग्रहित सातौं तथा अन्तिम कथाका रूपमा यस कथालाई समावेश गरीएको छ । रेजिना एक गरीब दलित परिवारमा जन्मेर हुर्केकी केटी हो । उनका बाबु हात हतियार र भाँडाकुँडा बनाउने काम गर्छन् । उनकै जीवनको सेरोफेरोमा आधारित भएर यस कथाके कथा वस्तु निर्माण गरीएको छ । यस कथाका अन्य पात्रहरूमा हजुरबुबा, मुखिया, चट्टान, आशा आदि रहेका छन् । यस कथालाई विभिन्न कोणबाट अध्ययन तथा विश्लेषण गर्ने प्रयास गरीएको छ ।

**४.७.१  संरचना पक्षका आधारमा 'जनयुद्धले उपहार दिएको जिन्दगी' कथाको विवेचना**

सामजिक यथार्थवादी सिद्धान्तमा आधारीत भई रचना गरीएको यो कथा घटना प्रधान रहेको छ । नेपाली समाजमा हुने गरेको जातिय भेदभाव, धनी र गरीब विचको असमानता आदि पक्षलाई लिएर यस कथाको रचना भएको छ । विशेष गरी नेपालको दश वर्षे जनयुद्धमा बालबालिका को अवस्था र त्यस जनयुद्धले एउटी किशोरीको जीवनमा आएको परिवर्तनलाई कथाले आफ्नो विषयवस्तु बनाएको छ । युद्धको भरमा समाजमा व्याप्त रहेको कुसंस्कार लाई परिवर्तन गर्न गाह्रो हुन्छ बरु यसका लागि त जनचेतना र शिक्षाको खाचो छ  भन्ने कुराको सन्देश यस कथामा प्रस्तुत गरीएको छ । कथाको बाह्य संरचना पक्षलाई हेर्दा यसमा अट्ठाइस पृष्ठ रहेका छन् भने लामा छोटा गरी एकसय छ वटा अनुच्छेदहरू रहेका छन् । तुलनात्मक रूपमा अन्य कथाहरू भन्दा यो कथा निकै लामो देखिन्छ ।

कथाको आन्तरिक संरचनाको दृष्टिमा कथावस्तु भन्दा र घटनामा  बढी केन्द्रित रहेको पाइन्छ । कथानक बलियो रहेको पाइन्छ । यहाँ प्रमुख पात्र रेजिना र भानुको विद्रोही स्वभावका कारण जनयुद्धमा सहभागी भई जातीय भेदभावको अन्त्य गराउन निकै कठीन संघर्ष गरेको पाइन्छ । यस कथामा सामाजिक स्थिति र रेजिनाजस्ता दलित परिवारको पीडालाई  देखाउदै यसैको सेरोफेरोमा कथाको संरचना अगाडि बढेको छ ।

**४.७.१.१ कथावस्तु**

रेजिना एक गरीब दलित परिवारमा जन्मिएकी छोरी हो । ऊ रूपमा राम्री, बुद्धिमानी, बाठी, पढाइमा पनि जेहेन्दार छे । घरको काम, स्कूल र फूर्सदको समय निकालेर सामाजिक कार्यमा समेत सक्रिय छे । एक दिन माओबादी पार्टीका कार्यकताले उसलाई अपहरण गरेर लैजान्छन् । त्यसपछि बाध्यताले नै भए पनि ऊ पाटीको काममा सक्रिय भएर लाग्छे । पार्टीमै भएको बखतमा उसको ब्राम्हणका छोरा त्यस पार्टीकै सक्रिय कार्यकर्ता भानुसँग प्रेम विवाह हुन्छ र उनीहरू बाट एक छोरा र एक छोरी गरी दुई सन्तानको जन्म हुन्छ ।

पार्टी शान्ति प्रकृयामा गएपछि रेजिना र भानु पनि घर फर्कन्छन् तर छोराले दलितकी छोरी विवाह गरेर ल्याएको भन्दै भानुका घरमा कसैले पनि उनीहरूलाई स्वीकार्दैनन् । त्यसपछि घरकै छेउमा एउटा छाप्रो हाली भानु र रेजिना छुट्टिएर बस्छन् । युद्धको बेलामा गोली लागेको घाउ बल्भिmएर भानुको मृत्यु हुन्छ । रेजिनाले अर्काको घरमा काम गरेर नाबालक छोराछोरी पाल्दै हुन्छे तर भानुकी आमा र बहिनी राति राति आएर रेजिना तथा छोराछोरीलाई कुटपिट गर्ने, घरका सामान फ्याकिदिने, गालीगलौज गर्ने गर्छन् । रेजिनाले न्याय खोज्दा गाउँलेहरू कसैले पनि न्याय दिन सक्दैनन् । त्यसकारण दलित भएकै कारण आफ्नै परिवारको अन्याय र अत्याचार सहेर बाँच्न बाध्य भएकी छ रेजिना ।

यो कथा त्यस्ता तमाम दलितहरूको पिडा हो जो कथित ठूला जात भनिएकाहरूको अन्याय र अत्याचार सहन विवश छन् । पढ्न मन हुँदाहुँदै पनि जवर्जस्ती जनयुद्धमा होमिनु परेको बाध्यता तथा न्याय नपाउनुको पीडाका बीचमा रेजिनाको जीवन अल्भिmएको छ । यस कथाले नेपालको राजनीतिक अवस्थाको यथार्थता बोकेको छ । कुरा गर्ने र काम गर्न नसक्ने सरकारी प्रवृतिको यहाँ भण्डाफोर गरीएको छ । नेपालको दश वर्षे जनयुद्धमा भएका अन्याय र त्यसमा बालबालिका तथा जो कोहिलाई पनि इच्छा विपरित बन्दुकको आडमा धम्क्याएर युद्धमा सामेल गराउने परिपाटीको विकास त्यस समयमा भएको थियो, जसका कारण हजारौं मानिसको ज्यान गयो, कैयौं बेपत्ता भए । यस्तै द्वन्द्वपीडितका रूपमा रेजिनाको दर्दनाक पीडा यस कथामा ब्यक्त गरीएको छ ।

यस कथाका मुख्य पात्रका रूपमा रेजिना र भानु रहेका छन् भने सहायक पात्रका रूपमा धनबहादुर, आशा र भानुकी आमा रहेका छन् । गौण पात्रहरू रेजिनाका हजुरबा, गाउँले, कमरेड चट्टान, लडाकुहरू र भानुकी बहिनी रहेका छन् ।

### ४.७.१.२ पात्र विधान

सामाजिक र सास्कृतिक यथार्थलाई उजागर गर्न यस कथाका प्रमुख पात्रहरू रेजिना र भानुको निकै ठुलो महत्व रहेको छ । कथामा पात्र विधान प्रभावकारी रूपमा गरीएको छ । कथामा उठान गरीएका घटनाक्रमका लागि उनीहरूको आन्तरीक जीवन जगतका पक्षहरूलाई विश्लेषण गरीएको छ । जातिय भेदभावको अन्त्यका लागि आ-आफ्नो क्षेत्रबाट गरीएको प्रयासलाई यहा प्रस्तुत गरीएको छ । पात्रको प्रमुख भुमिकामा रेजिना र भानु उपस्थित छन् भने उनीहरूको जीवनको संघर्षलाई कथाको विषयवस्तु बनाइएको छ । त्यस्तै सहायक पात्रका रूपमा धनबहादुर, आशा, पुरेतनी आमा इत्यादि रहेका छन् । कथामा प्रशस्त गौण र सूच्य पात्रहरूको प्रयोग गरीएको छ ।

❖ **प्रमुख पात्र**

**रेजिना**

रेजिना एक गरीब दलित परिवारमा हुर्केकी केटी हो । ऊ पढाइमा अब्बल छे । गाँउमा दलित र गैर दलित विचमा भएको भेदभाव उसलाई कतिपनि मन पर्दैन । सानैदेखि ऊ यस्ता कुरामा चिन्तनशील देखिन्छे । हेर्नमा राम्री, नाचगानमा निपूर्ण र सामाजिक कार्यमा सक्रिय छे । त्यसकारण उसलाई गाँउमा सबैले राम्रो मान्छन् । ऊ सामाजिक भेदभावको विरुद्धमा बोल्छे र आफ्नो परिवारलाई पनि सम्भ्फाउछे । कक्षा आठ को परिक्षा पछि ऊ जबरजस्ती जनयुद्धमा सामेल हुन पुग्छे । उसलाई अभ्फ पढेर अगाडि बढ्ने रहर हुन्छ तर जनयुद्धका लडाकुद्धारा आफु अपहरित भएपछि उसको रहर अधुरो हुन पुगेको छ । पार्टीमा सामेल भएपछि ऊ भ्फन यस्ता जातिय र वर्गीय विभेदको विरुद्धमा काम गर्ने अठोट लिन्छे । आफूलाई दिएको जिम्मेवारी इमान्दारीताका साथ पुरा गरी आफ्नो व्यक्तित्वले सबैलाई प्रभाव पार्न सफल भएकी छे । यसै क्रममा आफू भन्दा माथिल्लो जातको भानुसँग उसको प्रेम विवाह हुन्छ र उसबाट दुई सन्तानको जन्म पनि हुन्छ । जनयुद्धको समाप्ति भएपछि उनीहरू घर फर्किन्छन् तर दलितकी छोरी भएका कारण सासु ससुराले उसलाई बुहारी स्वीकार गर्दैनन् । अभ्फ श्रीमानको मृत्यु भएपछित रेजिना आफ्नै परिवारको यातनाको शिकार बन्न पुगेकी छ ।, दुई छोराछोरीको लालनपालन दुःख गरेर गरेता पनि हरेक दिन उसले दलित भएकै करण सासुको हात बाट शारीरिक र मानसिक यातना भोग्नु परेको छ । यसरी अव के गर्ने भन्ने अन्यौलकै अवस्थामा कथानकको समाप्ति भएको छ ।

यस कथाकी प्रमुख पात्र रेजिना अनुकूल प्रवृति भएकी असल केटी हो । उसले नेपाली समाजमा सदियौ देखि चल्दै आएको जातिय विभेदको शिकार हुनुपरेको छ । कथित उच्च जाति

भनिनेहरू ले निम्न जातिका मानिसहरू लाई दिने गरेको यानता र गर्ने गरेको र्दुव्यवहारको प्रतिनिधि पात्रका रूपमा रेजिनाको कथामा उपस्थिति रहेको छ । पार्टीमा रहदा विभेद नरहे पनि समाजमा आई सकेपछि उसको जीवन पीडादायी बन्न पुगेको छ । उसको आवाजलाई दमन गरीएको छ । यस्ता हजारौं आवज विहिनहरूको मुख पात्र भएर रेजिना कथामा आएकी छ । मेहेनती र इमान्दार भए पनि उसको मेहेनतको कदर हुन सकेको छैन । पढाईलाई निरन्तरता दिन मन हुँदा हुँदै जबरजस्ती पार्टीमा ल्याइएकी उसले युद्धको समयमा जबरजस्ती बाल अधिकारको हनन् गर्ने गरेको यथार्थलाई प्रस्तुत गरेकी छे । यसरी हेर्दा कथामा रेजिना मुख्य, अनुकूल र नारी पात्रको भुमिकामा उपस्थित भएकी छे ।

**भानु**

सामाजिक रूपमा उच्च कुलिन परिवारको छोराको रूपमा कथामा भानुको उपस्थिति छ । उसलाई पनि अपहरण गरी पार्टीमा समावेश गराइएको छ । रेजिनाको आसपासमा रहदा उसको रूप र सुन्दरतादेखि प्रभावित हुन्छ र रेजिनासँग विवाह गर्छ । उसले यस विवाह पछिको परिणामका बारेमा सोच्न सकेको छैन । दुई छोराछोरीको जन्मका समयमा रेजिना र छोराछोरीको राम्रोसग ख्याल राखेको छ ।

जनयुद्धको समाप्ति पछि परिवार सहित घर फर्केको भानुलाई तल्लो जातको श्रीमती ल्याएका भन्दै बाबु आमाले घरमा बस्न दिदैनन् । यो समयमा ऊ मौन बसेको छ र जातिय विभेदको विरुद्धमा बाबु आमालाई सम्झाउन सकेको छैन । घर बाट निकालिएपछि ऊ चुपचाप बारीमा कटेरो बनाई छुटिएर बस्छ यसको परिणाम स्वरूप उसको मृत्युपछि रेजिनाले हरेक दिन यातनाको शिकार हुनु परेको छ ।

यसरी हेर्दा भानुका निकै चारित्रिक कमजोरीहरू देखिन्छन् । आफूले दलितकी छोरी विवाह गरेर पनि बाबु आमालाई यस अन्धविश्वासको बारेमा सम्झाउन नसक्नु उसको ठूलो कमजोरी हो । आफु जिउँदो हुँदा परिवार र समाजको भनाई चुपचाप सहे पनि श्रीमती र छोराछोरीको भविष्य सुरक्षित गर्न सकेको छैन । कथामा प्रमुख र मञ्चीय रूपमा उपस्थित भएको भानु उच्च जातीको प्रतिनिधि पात्र हो । ऊ जातीय विभेदको विरुद्धमा संघर्ष गर्न चाहन्छ तर यसमा सफल हुन सकेको छैन । अझ उसले त श्रीमती र छोराछोरीहरूको भविष्य अन्धकारतर्फ धकेलेको छ ।

❖ **सहायक पात्र**

**धनबहादुर**

धनबहादुर रेजिनाको बाबु हो । ऊ दलित जातको प्रतिनिधित्व गर्ने पात्रको रूपमा कथामा उपस्थित छ । फलामका हातहतियार बनाउने र हलुङ्गेको भाँडाकुँडा बनाएको भरमा उसको जीविका चलेको छ । ऊ पाँच जना छोरीहरूको बाबु हो । समाजको विभेद र थिचोमिचोलाई चुपचाप सहन बाध्य पात्रको रूपमा धनबहादुरलाई लिन सकिन्छ । आफुले नपढे पनि छोरीहरूलाई

पढाउनुपर्छ भन्ने सोचाई उसको रहेको छ । एक इमान्दार र कर्तव्यनिष्ठ अभिभावकको रूपमा कथामा धनबहादुरको उपस्थिति भएको छ ।

**आशा**

पार्टीमा कर्तव्यनिष्ठ भएर लागेकी आशा यस कथाकी सहायक पात्र हो । रेजिनालाई अपहरण गरी लैजाने योजनाकारका रूपमा आशा कथामा उपस्थित भएकी छे । रेजिनाले पार्टीमा लाग्न नमान्दा अपहरण गरी कमाण्डरका सामु उपस्थित गराउछे । रेजिना पार्टीमा रहदा उसले अभिभावकको जिम्मेवारी निर्वाह गरेकी छे । हरेक समयमा रेजिनालाई आफूसगैं राखेर पार्टीको काम सिकाई काममा निपूर्ण बनाएकी छे । रेजिना र भानुको विवाहमा पनि उसले महत्वपूर्ण भुमिका निर्वाह गर्छे । यसरी हेर्दा सुरुमा प्रतिकूल देखिए पनि आशा अनुकूल सहायक नारी पात्र हो ।

**पुरेतनी आमै**

समाजमा उच्च जाति भनिनेहरूको प्रतिनिधि पात्रका रूपमा कथामा उपस्थित पुरेतनी आमै भानुकी आमा तथा रेजिनाकी सासु हुन् । उनी पुरातन सोचाई राख्ने नारी पात्र हुन् । छोराले दलितकी छोरी विवाह गरेर ल्याउदा गहुतले घर चोख्याउने पुरेतनी आमै कठोर मन भएकी छिन् । श्रीमानले ज्यूदो छोराको श्राद्ध गर्दा पनि उनी केहि भन्दिनन् । छोरा मरेको समयमा छोराको लाश हेर्न पनि उनी गएकी छैनन् । रेजिनालाई बोक्सीको आरोप लगाएर हरेक दिन शारीरिक र मानसिक यातना दिएकी छिन् । आफ्ना नाति नातिनाहरूको लागि पनि उनको कुनै माया ममता छैन । उनी ती अबोध बाल बालिकाहरू लाई पनि कुट्न पछि पर्दिनन् । यसरी हेर्दा पुरेतनी आमै एक कट्टर ब्रम्हण परिवारकी एक निर्दयी आमा, खराब सासु र ममता विहिन हजुरआमाका रूपमा कथामा उपस्थित छिन् ।

**❖ गौण पात्र**

कथामा प्रसङ्ग अनुसार थुप्रै गौण पात्रको उपस्थिति भएको छ । कथानकलाई अगाडि बढाउनका लागि गौण पात्रहरूको निकै ठूलो भूमिका रहेको छ । छोराले दलित केटी ल्यायो भनि ज्युदो छोराको किरीया गर्ने पुरेत बा, बाटोमा दलित लाई देख्दा साइत विग्रन्छ भनि छिःछि र र्दुदुर गर्ने मुखिया बा, श्रीमानलाई घरको काममा सहयोग गरी छोराछोरीको लालनपाल गर्ने रेजिनाकी आमा, रेजिना पार्टीमा समावेश भएको खबर ल्याउने रामेश र महेश आदि यस कथाका गौण पात्रहरू हुन् । त्यस्तै मिरा, संघर्ष, रन्जना, संम्भना, विपना, कल्पना आदि सूच्य पात्रहरूको पनि कथामा प्रयोग गरीएको छ । यीनीहरूले आ-आफ्नै ठाउँमा भूमिका निर्वाह गरेका छन् ।

शैली वैज्ञानिक दृष्टिले कार्य, भूमिका, प्रवृक्ति जीवन चेतना, स्वभाव, लिङ्ग आसन्नता, आबद्धता आदिका दृघिले पात्रीय अवस्था, स्थिति र यथार्गलाई हेर्दा निम्न अनुसार वर्गीकृत गरेर यस कथाको पात्र विधानलाई यसरी हेर्न सकिन्छ ।

| क.स. | पात्र | कार्य भूमिका | प्रवृति | स्वभाव | जीवन चेतना | लिङ्ग | आसान्नता | आवद्धता |
|---|---|---|---|---|---|---|---|---|
| १ | रेजिना | प्रमुख | अनुकूल | स्थिर | वर्गिय | महिला | मञ्चीय | बद्ध |
| २ | भानु | प्रमुख | अनुकूल | स्थिर | वर्गिय | पुरुष | मञ्चीय | बद्ध |
| ३ | धन बहादु | सहायक | अनुकूल | स्थिर | वर्गिय | पुरुष | मञ्चीय | बद्ध |
| ४ | आशा | सहायक | अनुकूल | स्थिर | वर्गिय | महिला | मञ्चीय | बद्ध |
| ५ | पुरेतनी आमा | सहायक | प्रतिकूल | स्थिर | वर्गिय | महिला | मञ्चीय | बद्ध |
| ६ | हजुरबुबा | गौण | अनुकूल | स्थिर | वर्गिय | पुरुष | मञ्चीय | वद्ध |
| ७ | चट्टान | गौण | प्रतिकूल | स्थिर | वर्गिय | पुरुष | मञ्चीय | बद्ध |
| ८ | पुरेत बा | गौण | प्रतिकूल | स्थिर | वर्गिय | पुरुष | मञ्चीय | बद्ध |
| ९ | मुखिया | गौण | प्रतिकूल | स्थिर | वर्गिय | पुरुष | मञ्चीय | बद्ध |
| १० | आमा | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | महिला | नेपथ्य | मुक्त |
| ११ | महेश | गौण | अनुकूल | स्थिर | वर्गिय | पुरुष | मञ्चीय | बद्ध |
| १२ | रामेस | गौण | अनुकूल | स्थिर | वर्गिय | पुरुष | मञ्चीय | बद्ध |
| १३ | संघर्ष | सूच्य | अनुकूल | स्थिर | व्यक्तिगत | पुरुष | नेपथ्य | मुक्त |
| १४ | मिरा | सूच्य | अनुकूल | स्थिर | व्यक्तिगत | महिला | नेपथ्य | मुक्त |
| १५ | रञ्जना | सूच्य | अनुकूल | स्थिर | व्यक्तिगत | महिला | नेपथ्य | मुक्त |
| १६ | सम्झना | सूच्य | अनुकूल | स्थिर | व्यक्तिगत | महिला | नेपथ्य | मुक्त |
| १७ | विपना | सूच्य | अनुकूल | स्थिर | व्यक्तिगत | महिला | नेपथ्य | मुक्त |
| १८ | कल्पना | सूच्य | अनुकूल | स्थिर | व्यक्तिगत | महिला | नेपथ्य | मुक्त |

### ४.७.१.३ परिवेश

प्रस्तुत 'जनयुद्धले उपहार दिएको जिन्दगी' कथाको मुख्य परिवेश ग्रामीण क्षेत्रलाई लिइएको छ । यस कथाको घटनाक्रममा निश्चित समय रहेको छ । रेजिनाको जन्म र वि.सं. २०५२ सालदेखि नेपालमा शुरु भएको माओवादी जनयुद्धबाट वि.स. २०६२ सालको सरकार माओवादी शान्तीवार्तासम्मको अवधिलाई लिइएको छ। राजनैतिक उतारचढाव र स्वार्थपनलाई पनि कथाको परिवेश बनाइएको छ । यस कथामा नेपालको पूर्वदेखि सुदुर पश्चिमसम्मको विभिन्न

स्थानमा कथानकको विकाश भएको छ । जनयुद्धको क्रममा रेजिना र भानुले नेतृत्व गरेको टोली जहाँ जहाँ पुग्छ सोही स्थान विशेष परिवेशलाई कथामा प्रयोग गरीएको छ । रेजिनाको माइतीघर, भानुको घर, रेजिनाको घर, संघर्ष र मीरा जन्मेको ठाउँ, सांस्कृतिक कार्यक्रम भएको ठाउँ, धनबहादुरको गाउँ, विद्यालय र छिमेक आदिलाई समेत कथाले समेटेको छ ।

समय र परिस्थितिको दृष्टिले यस  कथामा स्पष्ट समय तोकिएको छ । रेजिनाको जन्मदेखि लिएर ऊ आठ कक्षा पढ्ने भएपछि जनयुद्धमा लाग्नु, दश वर्ष जनयुद्धकालिन समय र शान्ति वार्ता पछिको करिब एक वर्षको समयको यस कथामा वर्णन गरीएको छ । नेपाली समाजमा रहेको जातिय छुवाछुतलाई अन्त्य गर्न रेजिना र भानुले गरेको संघर्ष लाई पनि यस कथाको परिवेश बनाइएको छ । समयले दिएको वाध्यतालाई स्वीकार  गरी रेजिनाले आफ्ना बाल बच्चाको पालन पोषणमा गरेको संघर्ष र पाएको यातना कथामा समावेश गरीएको छ ।

**४.७.१.४ उद्देश्य**

नेपाली समाजमा धेरै अगाडिदेखि आफ्नो स्वार्थसिद्ध गर्न समाजको सामन्ती वर्गले दलित र गैरदलित भनी विभाजन गरीदिए । यसले मान्छे मान्छे बीचमा भेदभावको विकाश हुदै आएको छ । मान्छेले मान्छेलाई नै तल्लो र माथिल्लो जात भनेर विभाजन गर्नु युक्तिसंगत देखिदैन । संगै काम गरे पनि खाने बेलामा छुट्टिनु पर्ने, दलित हरूले बनाएको भाँडामा खान हुने तर खाना खाने बेलामा गैर दलित भित्र बसेर सम्मान साथ खाना खान पाए पनि दलितहरूले आगन, सिकुवा पेटी आदि स्थानमा रहेर अपमानित भई खाना खानुपर्ने विडम्बना समाजमा विद्यमान रहेको छ । दलितहरूलाई कुकुर विरालो भन्दा पनि तल्लो स्तरमा राखी भेदभाव गरीन्छ । जसले गर्दा सयौ नेपाली दलित युवायुवतीले जातीय मुक्तिको लागि आफ्नो ज्यान दिन समेत तयार भएका छन् ।

एकातिर जातीय भेदभावको विरुद्ध आन्दोलन गरीरहेछन् भने अर्कोतिर रेजिना र भानु जस्ता युवाहरू छुवाछुतको भेदभावमा आफ्नो जीवन विताउन बाध्य भैरहेका छन् । यहाँ जातीय भेदभावको अन्त्य गर्न धेरै संघ सस्था, राजनैतिक दल आदि खोलिए पनि सबैले दलितको हकहितका लागि भन्दा पनि दलितलाई देखाएर आफ्नै पेट भर्ने गरीरहेका छन् । जसले गर्दा राम्रो कार्य भए पनि जनविश्वास घट्दै गएको छ ।

यस कथामा जातीय भेदभावको अन्त्य गर्न डर र धम्किले काम गर्न सक्दैन । कानून मात्र बनाएर पनि सफल हुदैन । जातीय भेदभावको अन्त्यका लागि समाजमा चेतना बढाउँदै क्रमिक रूपमा सुधार गर्दै लैजानु पर्दछ । समाज परिवर्तन गर्न चेतना फैलाउनु पर्छ । कुनै पनि युवाले अरुको लहैलहैमा नलागी वास्तविकतालाई बुझ्रेर काम गर्नुपर्छ । जसले गर्दा जीवन भरी पछुताएर बाँच्नु नपरोस् भन्ने यस कथाको उद्देश्य रहेको छ ।

#### ४.७.१.५ भाषाशैली

यस कथामा भाषिक कलाको विकाश भएको छ । रेजिनाको मनोविश्लेषण, सामाजिक र साँस्कृतिक रूपमा यथार्थ स्थितिको चित्रण गर्दै प्रशस्त संवादहरूको प्रयोग गरीएको छ । संवादमा स्वभाविकता, कारुणिकता र पीडाको बोध गराइरहेको छ । सरल र सहज भाषाको प्रयोग गरी कथा रचना गरीएको छ । स्थानीय स्तरका सामान्य पाठकले समेत बुझ्न सक्ने भाषाको प्रयोग भएको छ। कथ्यमा आदरार्थी भाषाको कमै प्रयोग भएको छ। भाषिक शुद्धतालाई भने त्यति ध्यान दिएको पाइदैन । सायद त्यो मातृभाषाको पनि प्रभाव हुनसक्छ । कथामा घुमाउरो र साहित्यिक भाषाको प्रयोग नगरी सोझो रूपमा अभिधात्मक अर्थको प्रयोग गरीएको छ । रैखिक शैली अपनाइएको यस कथाको कथानक क्रमिक रूपमा रहेको छ । यहाँ तृतीय पुरुषीय दृष्टिविन्दुको प्रयोग भएको छ । यस कथामा स्थानीय कथ्यभाषा को साथै आगन्तुक शब्दहरूको समेत प्रयोग भएको पाइन्छ ।

#### ४.७.१.६ दृष्टिविन्दु

रेजिना र भानु यस कथाका मुख्य पात्र हुन् । कथाकारको विचारलाई बोकेर रेजिना कथामा उपस्थित भएको छे । यहाँ रेजिनाले भोगेको जातिय छुवाछुतको् पीडालाई कथाको माध्यमवाट सामाजिक यथार्थलाई बाहिर ल्याउन खोजिएको छ । पात्रीय संवादलाई कथामा चरित्रचित्रण र घटनाक्रमको विकसित भएपनि मूलतः तृतीय पुरुष दृष्टिविन्दु अन्तर्गत सर्वदर्शी दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ । यहाँ रेजिना आफ्नो कुरालाई आफै गर्न नसक्ने भएपनि कथाकारले बताइदिएर घटनाक्रमको विकाश गराएका छन् । रेजिनाको जीवनका संघर्ष र पिडाहरूलाई कथामा सामाजिक यथार्थका माध्यमबाट प्रस्तुत गर्न खोजिएको छ ।

#### ४.७.१.७ शीर्षक सार्थकता

यस कथाको शीर्षक 'जनयुद्धले उपहार दिएको जिन्दगी' रहेको छ । कथाको शीर्षक लक्ष्यणत्मक रहेको देखिन्छ । कथा आठ कक्षामा पढ्दै गरेकी रेजिनालाई अपहरणद्धारा युद्धमा सामेल गराईनु, पार्टीमा रहदा उच्च जातको युवकसग विवाह हुनु, शान्ति प्रकृया पछि घर फर्कदा घरमा अस्वीकार गरीनु र श्रीमानको मृत्युपछि यातनामा वित्नु जस्ता घटनाक्रमहरू कथामा रहेका छन् । जातिय विभेदका लागि रेजिना र भानुले संघर्ष गरेता पनि उनीहरू यस कार्यमा सफल हुन सकेका छैनन् । जनयुद्धको कारण उनीहरूको पढाई पनि पुरा हुन सकेको छैन । जसका कारण राम्रो काम पाउन सकेका छैनन् । यी सम्पूर्ण घटनाक्रमहरू लाई नियाल्दा रेजिनाले आफ्नो जिन्दगी बर्बाद हुनका कारण जनयुद्धलाई सम्झेकी छे । यसरी हेर्दा कथाको शीर्षक लक्ष्यणत्मक रूपमा सार्थक देखिन्छ ।

### ४.७.२ रचना विधानका आधारमा 'जनयुद्धले उपहार दिएको जिन्दगी' कथाको अध्ययन

रचना विधानका आधारमा यस कथालाई विभिन्न शीर्षकमा राखेर अध्ययन तथा विश्लेषण गर्न सकिन्छ । जो निम्नानुसार रहेका छन् ।

#### ४.७.२.१ रुचिक्षेत्र

यस कथामा रेजिना एउटा दलित परिवारमा जन्मिएकी केटी हो । जसले नेपाली समाजमा देखिएको दलित र गैर दलित बीचमा रहेको छुवाछुत, भेदभावमुक्त समाज निर्माण गर्नु खोज्नु नै यस कथाको मुख्य रुचिक्षेत्र हो । साथै नेपालमा खोलिएका संघ संस्था र राजनैतिक दलहरूले दलित जातिको मुक्ति गर्ने र समुन्नत समाजको निर्माण गर्ने मार्गमा सोझासिधा जनतालाई मैदानमा लडाएर नेता भनौदाहरू आफ्नै फाइदाका लागि लागेको कुरालाई समेत यस कथाको रुचिक्षेत्र मानिएको छ । यहाँ समाजलाई परिवर्तन गर्न समाजका हरेक सदस्यलाई चेतना मूलक कार्यक्रम सञ्चालन गर्नुपर्छ । आवेगमा आएर अरुको लहलहैमा लागेर कुनै कार्य गर्नुभन्दा अरुको सल्लाह अनुरूप सोच विचार गरेर मात्रै काम गर्नु पर्ने यथार्थलाई यस कथाको रुचिक्षेत्र बनाइएको छ ।

#### ४.७.२.२ रीतिक्षेत्र

यस कथाको मुख्य रीति क्षेत्रका रूपमा सामाजिक यथार्थवादलाई लिइएको छ । विश्वले यत्तिका प्रगति गरीसक्दा पनि हाम्रो देशमा रहेको जातिय भेदभाव अझै अन्त्य हुन सकेको छैन । यस्ता भेदभाव अन्त्यका लागि खोलिएका राजनैतिक दल तथा संघ संस्थाहरूले पनि रेजिना जस्ता सोशित पिडित जनताका लागि कुनै पनि न्याय दिन सकेका छैनन् । अझ समाजले यस्ता पिडितहरूको आवाजलाई दबाईरहेको छ । नेता तथा पार्टीले यस्ता कुरामा ध्यान दिन सकेको छैन । अझ यीनीहरूको भनाईमा लागेर धेरै युवा युवतीहरूको भविष्य अन्धकार तर्फ धकेलिएको छ । न त उनीहरूले पढ्न नै पाएका छन् त न समाजले उनीहरूको सम्मानजनक जीवन यापनमा सहयोग नै गरेको छ । सामाजिक यथार्थवादी सिद्धान्तलाई लिएर यस्ता घटनाहरूको प्रस्तुतिकरण गर्नु यस कथाको रीतिक्षेत्र बनेको छ ।

#### ४.७.२.३ सारबस्तु

रेजिना एक गरीब दलित परिवारमा हुर्केकी किशोरी हो । ऊ जातिय भेदभावको अन्त्यका लागि केहि गर्न चाहन्छे । सामाजिक कार्य, नाचगान र पढाइ जस्ता हरेक क्षेत्रमा ऊ अगाडि छे । कक्षा आठको परिक्षा पछि उसलाई अपहरण गरी माओवादी पार्टीमा समावेश गराईन्छ । जसका कारण उसको पढाई विचैमा रोकिन्छ । पार्टीमा लागेपछि पनि ऊ सक्रिय रूपमा आफ्नो जिम्मेवारी पुरा गर्दै हुन्छे । यस बिचमा ब्राम्हण पुरोहितका छोरा भानुसँग उसको विवाह हुन्छ । विवाह पछि उनीहरू बाट दुई सन्तानको जन्म हुन्छ उनीहरू छोराछोरीको लालनपालनमा पनि खुब ध्यान दिन्छन् । दश वर्षको कठिन संघर्ष पछि माओवादी पार्टीले शान्ति सम्झौतामा हस्ताक्षर गर्छ र

सबैले शान्तिको सास फेर्छन् । रेजिना र भानु पनि छोराछोरीलाई साथ लिएर घर फर्कन्छन् तर छोराले दलितकी छोरी विवाह गरेको भन्दै भानुका परिवारले छोरा बुहारी र नाति नातिनालाई घर भित्र पस्न दिदैंनन् । अझ भानुका बाबुले त छोरा ज्युँदो हुदाहुदै छोराको किरीया गर्छन् । त्यसपछि भानुको परिवार आफ्नै बारीको छेउमा बाँसको कटेरो बनाएर बस्न थाल्छ । केहि समय पछि जनयुद्धको क्रममा गोली लागेको घाउ बल्भ्मेर भानुको मृत्यु हुन्छ त्यस पछि त रेजिनाको जीवन असहाय बन्न पुग्छ । दिनभर अर्काको घरमा काम गरेर ऊ छोराछोरी पाल्न थाल्छे तर उसकी सासुले हरेक दिन आएर कुटपिट गर्ने र गालीगलौज गर्ने गर्न थाल्छिन । गाँउका छिमेकीहरू पनि कसैले केहि बोल्देनन् । यसरी रेजिनाको जिन्दगी हरेक दिन शारीरिक र मानसिक यातना सहदै वित्ने गरेको छ ।

**४.७.२.४ कथानक ढाँचा**

यस कथाको ढाँचा रैखिक रहेको छ । ठाउँ र परिस्थिति अनुसार कथानक अगाडि बढेको छ । निश्चित र योजनाबद्ध प्रस्तुति नै यस कथाको मुख्य ढाँचा हो । कथानक आदि, मध्य र अन्त्यको क्रमवद्ध विकास भएको छ । यस कथामा पनि आदि भागमा  कथानकको उठान मध्य भागमा विकास र अन्त्य भागमा कथानकको  निष्कर्ष दिइएको छ ।

यस कथाको प्रमुख पात्रका रूपमा रेजिना र भानु आएका छन् । गरीब परिवारमा रेजिनाको जन्म हुनु, उनी पढाई तथा अन्य काममा अब्बल हुनु, पढाई पुरा गर्न नपाउँदै माओवादीद्धारा अपहरित हुनु, पार्टीमा इमान्दार भइ काम गर्नु, भानु र रेजिनाको विवाह हुनु, छोराछोरीको जन्म हुनु, शान्ति प्रकृया पछि परिवार सहित घर फर्कनु, घरमा अस्वीकृत हुनु , भानुको मृत्य् हुनु, रेजिनाले हरेकदिन शारीरिक र मानसिक यातना पाउनु आदि यस कथाका मुख्य घटनाक्रमहरू हुन् । कथामा यी विविध घटनाक्रमहरूको क्रमिक विकासले कथानक ढाँचा रैखिक हुन पुगेको छ ।  यसमा विभिन्न दृष्यहरूको कलात्मक संयोजन रहेको छ । रेजिना तथा उसको परिवारका जातिय भेदभावका पीडाहरू, रेजिनाको अपहरणको दृष्य, रेजिना र भानु घर फर्केपछि उनीहरूलाई गरीएको हेला तथा भानुको मृत्यु पछि रेजिनाले पाएको शारीरिक र मानसिक यातनाका घटनाहरूको वर्णनका दृष्यहरू कलात्मक र यथार्थ रहेका छन् ,। यी घटनाक्रमहरूको संयोजनले पाठकलाई सोच्न बाध्य पारेका छन् । यस कथामा संक्षेप पद्धतीको पनि ठाँउ ठाँउमा प्रयोग गरीएको छ ।

**४.७.२.५ अर्थ सापेक्ष**

यस कथाको अर्थ सापेक्ष लक्षणात्मक रहेको छ । कथाको शीर्षक पढिरहदा कथाभित्र के होला भन्ने कौतुहलता पाठकमा परेको छ । जातीय भेदभावमुक्त समाजको निर्माण गर्न दलवल भन्दा पनि चेतनाको विकाश गराउनुपर्छ । जे बोलिन्छ त्यो पूरा गर्न सक्रिय हुनु पर्छ । कुरा भन्दा

काम बढी गरेर देखाउनु पर्छ । अनि मात्र नेपाली समाजमा परिवर्तनको आभाश दिन सकिन्छ भन्ने कार्यलाई यस कथामा  कलात्मक ढंगले प्रस्तुत गरीएको छ ।

### ४.७.२.६ **रूपविन्यास पक्ष**

यस कथामा पनि सवृत्त पक्षलाई जोड दिइएको छ । भाषिक सरलतालाई जोड दिइएको छ । यसमा भने समाजको परिवर्तनलाई देखाउन राजनैतिक व्यङ्ग्यलाई प्रयोग गरीएको पाइन्छ । कथाको भाषा सरल छ । कथानक आदिदेखि अन्त्यसम्म विन रोकटोक अगाडि बेढेको छ । कथामा प्रशस्त उखान ट्क्का तथा ग्रामीण बासिन्दाहरूले प्रयोग गर्ने बोलीचालीको भाषा प्रयुक्त  छ । कहि कहि गालीगलौजका शब्दहरू पनि प्रयोग गरीएको छ तर ती शब्दहरू अश्लिल नभई कथानकमा मिल्ने प्रकारका छन् । निपातको प्रशस्त प्रयोग कथामा पाइन्छ ।

*

# परिच्छेद पाँच
# उपसंहार तथा निष्कर्ष

वि.स.२०४८ सालदेखि साहित्यिक यात्रामा पाइला चालेका रामप्रकाश समथिङसंग धेरै किसिमका अनुभव र अनुभुतिहरू छन् । विभिन्न संघ संस्थामा सक्रिय रूपमा लागि पर्ने व्यक्तिको रूपमा समथिङलाई चिनिन्छ । तिनलाई विस्तार-विस्तार साहित्यिक अभिव्यक्ति दिने प्रेरणा र प्रोत्साहन दिनु आवश्यक छ । समथिङ विनम्र, शिष्ट र उदार चरित्र भएका व्यक्ति छन् । उनलाई अन्याय, अत्याचार, शोषण, दमन र भ्रष्टचार गरी अकुत सम्पति जोडेको पटकै मन पर्दैन । त्यसैले उनले आफ्ना कृतिहरूमा यी कुराहरूलाई चित्र खिचे झैँ यथार्थ प्रस्तुत गर्ने कोशिष गरेका छन् । कविता, कथा, मुक्तक, लेख, संस्मरण, उपन्यास र अन्य थुप्रै खोजमुलक तथा अनुसन्धानमुलक कृतिहरूमा कलम चलाउने यस्ता व्यक्तिको रूपमा रामप्रकाश समथिङलाई लिइन्छ । उनले हालसालै एकै पटक बाइस बटा उपन्यासहरू एकसाथ प्रकाशित गरेका छन् । यहि कुरालाई लिएर गिनिज बुक अफ वल्ड रेकर्डमा आफ्नो नाम लेखाउने तयारीमा रहेका छन् । काठमाडौ लगायत देशका चर्चित ठाउँमा बसेर आफ्नो लेखन कार्यलाई निरन्तरता दिने साहित्यिकार नभइ आफ्नै गाउँ घरमा विभिन्न संघ संस्थामा काम गर्दै जनसेवामा निरन्तर खटिदै भएपनि थोरै समयलाई साहित्य लेखनमा केन्द्रित गरेर पाँचथरमा नै बसेर साहित्य लेखन र प्रकाशनका दृष्टिले कृति प्रकाशन गर्ने मध्येका प्रथम व्यक्तित्वका रूपमा समथिङलाई मान्दा कुनै फरक नपर्ला । उनका खोजमुलक र अनुसन्धानमुलक कृतिहरूलाई विविध विषयमा अध्ययन र अनुसन्धानकर्ताहरूलाई गतिलो श्रोतका रूपमा लिइन्छ । उनका अनुसन्धानमा विभिन्न जातजाति, भेषभुषा, समाज र संस्कृतिको अवस्था आदिको बारेमा अध्ययन गरीको पाइन्छ । ग्रामीण स्थानमा लुकेर रहेको प्रतिभालाई हामीले खोजेर देश विदेशसम्म समथिङलाई चिनाउनु हामी सबैको दायित्वभित्र पर्दछ । नैतिक रूपमा पतित कार्यको घृणा र मानसिक रूपमा पोख्त कार्यको प्रशंसा गर्दै लैजानु पनि आजको आवश्यकता हो । यस शोधपत्रको मूख्य विषयका रूपमा रहेको 'याक्सा भित्रका कथाहरू' कथा संग्रहलाई लिइएको छ । यसमा समाजमा रहेको बिकृति र विसंगतिलाई टिपिएको छ । मान्छेका लागि असिमित आवश्यकताहरू रहेका छन् । जसलाई पूरा गर्न असम्भव जस्तै देखिन्छ । असम्भवसँगै सम्भावनालाई विकाश गराउँदै लैजानु पर्दछ । कथाकार समथिङका सबै कृतिहरूले सामजिक सुधारको कार्य गर्दै लैजानु पर्ने कामना व्यक्त गरीएको छ । मान्छेको जीवन संघर्षशील छ । उसले धेरै पीडा, व्याथा सहेर बसिरहेको छ । 'याक्सा भित्रका कथाहरू' कथा संग्रहमा अधिकांश कथाहरू आर्थिक अवस्थाले कमजोर पात्रलाई लिइएको छ । आर्थिक अवस्था कमजोर भएपछि पुरुषहरू कामको खोजीमा देश परदेश जाने र अर्थ आर्जन गर्न प्रयासरत छन् भने महिला पात्रहरू यौन पीडाले पिडित भएका छन् । यौन चाहनाले बढी सताएपछि आफ्नो यौन

आकाक्षालाई पूरा गर्न अन्य केटाहरूसँग लसपस गरेर आफ्नो श्रीमान्ले दु:ख गरेर कमाएको पैसालाई समेत स्वाहा पार्ने खालका पात्रको प्रयोग गरीएको छ । यहाँ 'पुछारे कान्छाको कन्तबिजोगँ' भन्ने कथामा नारी यौन चाहना र स्वार्थी प्रवृतीले गर्दा आफ्नो श्रीमान र शन्तानलाई समेत छोडेर जान पछि नपर्ने आजकल मौलाउदै गरेको विकृतिलाई पस्तुत गरीएको छ । यहाँ धन सम्पत्ती नहुँदा मान्छेको मान, मर्यादा र इज्जतमा समेत फरक परेको कुरालाई कथामा देखाइएको छ ।

स्थानीय स्तरमा बसेर कथा लेखन कार्यमा निरन्तर लागि रहेका कथाकारको कथा लेखन कार्य हाल पनि निरन्तर चलिरहेको छ । यस्ता महान कथाकार समथिङका कथाहरूको अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्नु आवश्यक छ । यहाँ समथिङको 'याक्सा भित्रका कथाहरू' कथा संग्रहको अध्ययन विश्लेषण र मूल्याङ्कन गरी कृतिभित्र रहेका विविध कुराहरूलाई बाहिर ल्याइदिएर लेखकलाई हौसला र पाठकलाई प्रेरणा प्राप्त गराउदै सकारात्मक सोचको विकास गर्न सहयोग पु¥याइएको छ ।

उनका प्रकाशित कृतिहरू मध्येको दोस्रो कथा संग्रह तथा चौबिसौँ कृतिको रूपमा 'याक्सा भित्रका कथाहरू'(कथा संग्रह) लाई लिइएको छ । यस कथा संग्रहमा विविध विषय वस्तुलाई लिएर सात वटा कथाहरू संग्रहित गरीएको छ । समथिङका उत्कृष्ट कथाहरूको संगालोका रूपमा 'याक्सा भित्रका कथाहरू' लाई लिइन्छ । यसमा समाजमा रहेको सामाजिक समस्या, पीडा, व्यथा, आँशु, रोदन आदिलाई कथाको रूपमा व्यक्त गरीएको छ । यस कथा संग्रहको अध्ययन पश्चात मानवमा रहेको वेदनालाई पोखिदिने काम गर्दछ । यस कथा संग्रहमा मानिसको मनोविज्ञान र समाजको विकृति विसंगतिलाई प्रस्तुत गरीएको छ । यस कथा संङ्ग्रहमा संङ्ग्रहित पहिलो कथा 'हरि सर पार्टी यातना र मृत्यु' मा माओवादी जनयुद्धकालिन समयमा कसरी जबरजस्ती पार्टीमा सामेल गराईन्थ्यो र त्यस समयमा मानिसहरू लाई दिइएको निर्मम यातना र पशुवत व्यवहार लाई प्रस्तुत गरीएको छ । बन्दुकको धम्कीको भरमा गरीने अपहरण, यातना मृत्युको खेल जस्ता पक्षहरू यस कथामा समावेश गरीएको छ । त्यस्तै दोस्रो तथा 'कसले जतन गरीदेला यी मेरा किताबहरू' मा ग्रामीण क्षेत्रमा बसेर साहित्य साधना गर्ने एक गरीब साहित्यकारको यथार्थ पीडालाई विषयवस्तुको रूपमा लिइएको छ । गास बास र कपासको आवश्यक्ता पुरा गर्नको लागि हरेक दिन संघर्ष गनुएपर्ने व्यक्तिका लागि साहित्यमा रुचि वरदान तथा अभिशाप दुबै बन्न सक्छ । अझ परिवारका सहयोग र सहमति नहुदा जीवन झनै कष्टकर बन्न सक्छ भन्ने कुरा यस कथामा प्रस्तुत छ । 'रामबहादुरको प्यारो साथी रक्सी' कथामा रात दिन परिश्रम गरी बनाएको इज्जत, प्रतिष्ठा र सम्पती छोराहरूको कारण नष्ट हुदाँ रामबहादुरको परिवारको विचल्नी भएको र उसले दिन विताउनका लागि रक्सीको साहारा लिनु परेको यथार्थता प्रस्तुत छ । सम्पती कमाई आफ्नो

जीवन स्तर सुधार्नमा तल्लीन रहदा छोराहरूको उचित रेखदेख र मार्गदर्शन हुन नसकेको तथा तीनै छोरा ठूला भएपछि कूलतमा फसेर परिवारकै विचल्ली भएको कुरालाई यस कथाले आफ्नो विषयवस्तु बनाएको छ । चौथो कथाका रूपमा रहेको 'पुछारे कान्छाको कन्तविजोग' मा आफ्नो यौन आवेगलाई सहन गर्न नसकी परिवार तथा बाल बच्चा छोडेर पर पुरुष सग पोइल गएको देखाइएको छ । यसले समाजमा विकृति बढाउदै लगेको तथा विदेशमा श्रीमानको र घरमा बाल बच्चाको विजोग भएको अवस्था देखाइएको छ । 'सन्तोष, सौतेनी आमा र मृत्यु' कथामा हाम्रो समाजमा रहेको सौतेनीपनलाई सामाजिक यथार्थवादका माध्यमबाट प्रष्ट पारिएको छ । बाल्यकालमै आमा गुमाएर सौतेनी आमाको प्रवेश भएपछि हरेक दिन यातनाको शिकार भएर मृत्युवरण गर्नु परेको बालक सन्तोषको उदाहरण दिएर हाम्रो समाजमा भइरहेको बाल शोषण र हिसा छर्लग पारिएको छ । त्यस्ते छैठौं 'जानयुद्धमा दाते साईलाको सपना' र सातौ 'जनयुद्धले उपहार दिएको जिन्दगी' दुइवटा कथामा नेपालमा व्याप्त रहेको जातिय भेदभाव र त्यसलाई अन्त्य गर्न नेपाली दलित युवा युवतीले गरेको सर्घषलाई प्रस्तुत गरीएको छ । बन्दुकको आडमा यस्ता विभेदहरू अन्त्य नभई यीनीहरूले झनै चरम रूप लिने र यस्ता विभेद अन्त्यका लागि जनचेतना र शिक्षाको खाचो रहेको निश्कर्ष यी दुई कथाहरूले प्रस्तुत गरेका छन् ।

प्रस्तुत शोधपत्रको पहिलो परिच्छेदमा शोधपरिचय प्रस्तुत गरीएको छ । यस क्रममा शोधशीर्षक, उद्देश्य, समस्याकथन, शोधपत्रको औचित्य र महत्व, पूर्वकार्यको समीक्षा, सीमा, सामग्री सङकलन, शोधपत्रको रूपरेखा आदिका बारेमा चर्चा गरीएको छ ।

दोस्रो परिच्छेदमा सहित्यकार गुरुङ रामप्रकाश समथिङको जीवनी, व्यक्तित्व र साहित्यिक यात्राको बारेमा चर्चा गरीएको छ । जसमा गुरुङ रामप्रकाश समथिङको सङ्क्षिप्त जीवनी, गुरुङका व्यक्तित्वका अध्ययन, उनको साहित्यिक यात्राको बारेमा चर्चा र उनका कथागत प्रवृत्तिहरूबारेमा जानकारी दिइएको छ ।

तेस्रो परिच्छेदमा कथाको सैद्धान्तिक पक्ष (पृष्ठभूमि, कथाको परिभाषा, तत्वहरू, विकासक्रम र वर्गिकरणको आधारमा) अन्तर्गत कथाको पृष्ठभूमि, कथाको परिभाषा, कथाका संरचनागत तत्वहरू जसमा कथावस्तु, चरित्रचित्रण, परिवेश, उद्देश्य, कथनपद्धति, दृष्टिबिन्दू, भाषाशैली, शीर्षकको प्रस्तुत गरीएको छ । कथाको विकासक्रम जसमा पृष्ठभूमि, प्राथमिक काल (वि.सं. १८२७-१९५७ सम्म), माध्यमिक काल (वि.सं. १९५८-१९९१ सम्म), आधुनिक नेपाली कथाको विकासक्रम (वि.सं. १९९२-हालसम्म) रहेका छन् । आधुनिक काललाई पनि तीन चरणमा विभाजन गरी अध्ययन गरीएको छ । जसमा प्रथम चरण (वि.सं. १०९२-२०१९), द्वितीय चरण (वि.सं. २०२०-२०३९ सम्म), तृतीय चरण (वि.सं. २०४०-हालसम्म) आदिको चर्चा गरीएको छ । त्यस्तै कथाको वर्गीकरणको आधारमा कथा र अन्य विधाको सम्बन्धको बारेमा र कथाको विश्लेषण सिद्धान्तको समेत यस शोधपत्रमा चर्चा गरीएको छ ।

चौंथो परिच्छेदमा गुरुङ्ग रामप्रकाश समथिङको 'याक्सा भित्रका कथाहरू' कथा सङ्ग्रहको विस्तृत रूपमा अध्ययन, विश्लेषण गरीएको छ । यस अन्तर्गत 'याक्सा भित्रका कथाहरू' कथा सङ्ग्रहको प्रथम कथाको रूपमा 'हरि सर, पार्थी, यातना र मृत्यु' शीर्षकको कथाको विश्लेषण मूल्याङ्कन गरीएको छ । विभिन्न कोणबाट यस सङ्ग्रहमा सङ्गहीत कथाको छुट्टछुट्टै रूपमा विश्लेषण गरीएको छ । यहाँ विश्लेषण गरीएका कथाहरू- 'हरि सर, पार्टी, यातना र मृत्य, कसले जतन गरीदेला यी मेरा किताबहरू, रामबहादुरको प्यारो साथी–रक्सी, पुछारे कान्छाको कन्तविजोग, सन्तोश, सौतेनी आमार मृत्यु, जनयुद्धमा दाँते साइलाको सपना र जनयुद्धले उपहार दिएको जिन्दगी गरी सात वटा कथाको अध्ययन विश्लेषण गरीएको छ । यहाँ प्रस्तुत गरीएका सवै कथाहरूलाई छुट्टा छुट्टै शीर्षक राखी तीनीहरूलाई पनि २ भागमा विभाजन गरी अध्ययन विश्लेषण गरीएको छ । जसमा संरचना पक्ष र रचना विधानलाई आधार बनाइएको छ । संरचना पक्षको आधारमा कथा विश्लेषण गर्दा कथाबस्तु, पात्र विधान, परिवेश, उद्देश्य, भाषशैली, दृष्टिविन्दु र शीर्षक सार्थकतामा विभाजन गरी विश्लेषण गरीएको छ । जसमा पात्र विधानलाई प्रमुख, साहयक र गौण गरी तीन भागमा विभाजन गरेर कथामा खेलेको भुमिकाको आधारमा छुट्याएर विशलेषण गरीएको छ । रचना विधानको आधारमा प्रत्येक कथालाई रुचिक्षेत्र, रीतिक्षेत्र, सारवस्तु, कथानक ढाँचा, अर्थसापेक्ष र रूपविन्यास पक्षमा केन्द्रित गरेर अध्ययन विश्लेषण गरीएको छ । पाँचौ परिच्छेद प्रस्तावित सवै परिच्छेदमा गरीएको अध्ययन र विश्लेषणको निश्कर्ष प्रस्तुत गरी प्रस्तुत शोध पत्रको अध्ययनको शिलसिलामा प्रयोग गरीएका सामाग्रीलाई सान्दर्भग्रन्थ सूचीमा समावेश गरीएको छ ।

*

## ५.१ सम्भवित शोधशीर्षकहरू

रामप्रकाश समथिङका विभिन्न कृतिहरूका सन्दर्भमा निम्नलिखित सम्भावित शोध शीर्षकहरू रहेका छन् :

क. समथिङका काव्यकारिताको अध्ययन

ख. समथिङका उपन्यासकारिताको अध्ययन

ग. समथिङका जातीय कृतिहरूको अध्ययन

घ. समथिङका कथाहरूमा नारीपत्रको अध्ययन

ङ. समथिङका कथाहरूमा बर्गीय चेतनाको अध्ययन

च. समथिङका सामाजिक उपन्यासहरूको अध्ययन

# सन्दर्भसामग्री


अधिकारी, रेणुकृष्ण (२०६६), *साहित्यकार रामप्रकाश समथिङको जिवनी, व्यक्तित्व र कृतित्वको अध्ययन र विश्लेषण,* (अप्रकाशित शोधपत्र) धरान : म.र.व. क्याम्पस ।

अवस्थी, महादेव (२०५५), *नेपाली कथा भाग दुई,* ललितपुर : साझा प्रकाशन, पुलचोक ।

आचार्य नरहरि र अन्य, (२०५०), *नेपाली कथा भाग दुई (दो.सं.),* पुलचोक ललितपुर : साझा प्रकाशन ।

कडेल, श्रीप्रसाद (२०६८), *साहित्यशास्त्र नेपाली समालोचना र शोध विधि,* शुभकामना प्रकाशन : काठमाण्डौ ।

चम्लागाई, नरेन्द्रप्रसाद, (२०७१), *साहित्यकार गुरुङ रामप्रकाश समथिङको 'मान्छेको पिडा' कथा संग्रहको अध्ययन तथा विश्लेषण,* (अप्रकाशित शोधपत्र) इलाम : म.र.व. क्याम्पस ।

तमू, गौरी (२०७३/०७४), *'मोफसलमा चम्किरहेका नक्षत्र समथिङ',* तमू संसार त्रैमासिक पत्रिका, (वर्ष १६, अंक ६१ बैशाख २०, पृ ७) ।

तावा, भवानी (२०६६/०६७), *'जड्याहा लोग्ने र दिनचर्या', बिस्फोटन चौमासिक* साहित्यिक पत्रिका, (बर्ष ३, अंक ६ साउन १०, पृ ५) ।

पोखरेल, बालकृष्ण र अन्य, (२०५२), *नेपाली बृहत् शब्दकोश,* काठमाण्डौ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

बस्नेत, डुलुराज (२०६६), *पाँचथर शिक्षा दर्पण,* पाँचथर : पाँचथर शिक्षक संगठन ।

भण्डारी, एकराज पूर्वेली (२०६६), *'मेरो मात्रै भनेकोत उसको पनि बुढी त उस्तै पो रैछे', बिस्पोटन* साहित्यिक पत्रिका, (वर्ष ३, अंक ६,मंसीर ५, पृ ९) ।

शर्मा मोहनराज (२०४९), *शैली विज्ञान (दो.सं.),* काठमाण्डौ : ने.रा.प्र.प्र. ।

शर्मा मोहनराज र खगेन्द्र प्रसाद (२०५२), *शोधविधि,* ललितपुर : साझा प्रकाशन ।

शर्मा मोहनराज र खगेन्द्र प्रसाद लुइँटेल, (२०६५), *शोध विधि (दो.सं.),* पुलचोक ललितपुर : साझा प्रकाशन ।

शेर्मा, लक्ष्मी पापो, (२०६८), *'समथिङ–कविता संग्रह नियालेर हेर्दा', बिहानी किरण* चौमासिक साहित्यिक पत्रिका, (बर्ष १९, अंक ४ चैत्र १०, पृ ३) ।

श्रेष्ठ दयाराम, (२०५७), *नेपाली कथा भाग ४,* पुलचोक ललितपुर : साझा प्रकाशन, ।

श्रेष्ठ दयाराम, (२०६८), *नेपाली कथा भाग ४,* (पा.सं.) पुलचोक ललितपुर : साझा प्रकाशन ।

समथिङ, गुरुङ रामप्रकाश, (२०६६), *लभलेटरको लागि अचार,* विराटनगर : अरनिको अफसेट प्रेस ।

समथिङ, गुरुङ रामप्रकाश, (२०६९), *मान्छेको पिडा,* विराटनगर : अरनिको अफसेट प्रेस ।

समथिङ, गुरुङ रामप्रकाश, (२०७३), *याक्सा भित्रका कथाहरु,* विराटनगर : अरनिको अफसेट प्रेस ।

समथिङ, गुरुङ रामप्रकाश, (२०७४), *दुर्दशा,* विराटनगर : अरनिको अफसेट प्रेस ।

समथिङ, गुरुङ रामप्रकाश, (२०७४), *बेसहारा,* विराटनगर : अरनिको अफसेट प्रेस ।

समथिङ, गुरुङ रामप्रकाश, (२०७४), *मृत्यु,* विराटनगर : अरनिको अफसेट प्रेस ।

समथिङ, गुरुङ रामप्रकाश, (२०७४), *सौतेनी आमा,* विराटनगर : अरनिको अफसेट प्रेस ।

समथिङ, गुरुङ रामप्रकाश, (२०७४), *जित्या,* विराटनगर : अरनिको अफसेट प्रेस ।

समथिङ, गुरुङ रामप्रकाश, (२०७४), *साहसी आमा,* विराटनगर : अरनिको अफसेट प्रेस ।